नेपाल सरकार समक्ष पेश गरिएको

# त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन

# २०८१



**प्रतिवेदनकर्ता**


| | |
|---|---|
| महेन्द्र कुमार थापा | संयोजक |
| जानकी बल्लभ अधिकारी | सदस्य |
| प्रा.डा. प्रेमसागर चापागाई | सदस्य |
| सुशीला अधिकारी | सदस्य सचिव |


२०८१ साल मार्ग १४

# मन्तब्य

ज्ञानको अक्षय, अविरल श्रोतास्विनीका रूपमा रहेको, प्राज्ञिक उन्नयनको उच्च बौद्धिक विमर्श, बहस एवं चिन्तनको श्रृङ्खलाबद्ध अभ्यास गर्ने केन्द्र, जसले राष्ट्रिय र अन्तर्राष्ट्रिय पहिचान कायम गरेको, राष्ट्रिय मानवपुँजी निर्माणमा उल्लेखनीय योगदान गरेको जेठो प्रतिष्ठित विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालयको नाममा विभिन्न स्थानमा रहेका जग्गा जमिनको विषयमा अध्ययन, अनुसन्धान र खोजबिन एवं छानबिन लगायत जग्गा जमिनको संरक्षण, उपयोग र व्यवस्थापनका लागि आवश्यक सुझाव सहितको सिफारिश गर्ने पवित्र, उच्च एवं ऐतिहासिक कार्य सम्पन्न गर्ने कार्यमा योगदान गर्ने अवसर समेत दिई हामीलाई जिम्मेवारी सुम्पिएकोमा नेपाल सरकार, मन्त्रिपरिषद्मा कृतज्ञता सहित आभार प्रकट गर्दछौं।

जग्गा जमिन फैलाउन बढाउन नसकिने तर सबैलाई चासो भएको, सबैको आँखा पर्ने, अतृप्त लोभलालचको मारमा परेको जटिल प्रकृतिको र धेरै निकायहरूको निरन्तरको प्रयास, समन्वय र योगदान आवश्यक रहने विषयवस्तुमा अध्ययन, अनुसन्धान र खोजबिन/छानबिनको कार्य जिम्मेवारी आफैंमा गहन, संवेदनशील र जटिल प्रकृतिको रहेकोमा खोजबिन समितिको दृढ संकल्प सहितको मेहनत र निरन्तरको प्रयास स्वरूप यस प्रतिवेदनलाई नेपाल सरकार समक्ष प्रस्तुत गर्न सकिएको छ।

जग्गा जमिनको खोजबिन सम्बन्धी अध्ययनका विभिन्न चरणमा आवश्यक सर-सहयोग र प्रेरणा दिनुहुने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय विद्या भट्टराई र तत्कालिन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय सुमना श्रेष्ठ प्रति पनि हृदयदेखि धन्यवाद सहित आभार प्रकट गर्दछौं। यसैगरी, शिक्षा सचिव डा. दिपक काफ्लेज्यूबाट प्राप्त सहयोग र समन्वयका लागि आभारसहित धन्यवाद व्यक्त गर्दछौं। यसका साथै, त्रि.वि.का उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, सामान्य प्रशासन महाशाखाका प्रमुख, विश्वविद्यालय क्याम्पसका प्रमुख, सबैमा वहाँहरूको सहयोग र समन्वयका लागि कृतज्ञतासहित धन्यवाद प्रकट गर्दछौं। त्रि.वि.का पूर्व उपकुलपति र रजिष्ट्रारहरू सबैमा वहाँहरूको सहयोगका लागि समिति हृदयदेखि आभार सहित धन्यबाद प्रकट गर्दछ; जसले समितिको कामका लागि आफ्नो अमुल्य समय र अनुभव प्रदान गर्नुभयो। खोजबिनका क्रममा भेटघाट गरिएका कीर्तिपुर नगरपालिकाका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा अन्य कर्मचारी र भूमिसुधार तथा मालपोत कार्यालयका र नापी कार्यालयका प्रमुखहरू तथा त्रि.वि.का काठमाडौं उपत्यकाका सबै क्याम्पस प्रमुखहरूबाट प्राप्त सहयोगका लागि सबैमा समिति धन्यवाद व्यक्त गर्दछ। यसैगरी, अध्ययन र खोजबिनका क्रममा भेटघाट,

छलफल र सहयोग उपलब्ध गराउनु हुने सम्पूर्ण व्यक्ति एवं पत्रकारहरूमा समिति हार्दिक आभार प्रकट गर्दछ।

समितिको कार्यसम्पादनमा निरन्तरको मेहनत, इमान्दारीता, सक्रियता सहित मन्त्रालयको तर्फबाट पूर्ण समय दिई कार्य गर्न सघाउ पुऱ्याउनु हुने श्री देवीराम आचार्य, श्री विवेक राई र श्री टंक बहादुर सुवेदीलाई हृदयदेखि धन्यवाद व्यक्त गर्दछौं।

त्रि.वि.को दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यलाई साकार बनाउने दिशामा त्रि.वि.लाई परिमाणात्मक दृष्टिले समर्थवान र गुणात्मक रूपमा सबल बनाउन त्रि.वि.को जग्गा जमिनको संरक्षण र उपयोगलाई प्रभावकारी र व्यवस्थित बनाउने कार्यमा यस प्रतिवेदनले अर्थपूर्ण योगदान पुऱ्याउने छ भन्ने हामीले विश्वास लिएका छौं।

| सुशीला अधिकारी | प्रा.डा. प्रेमसागर चापागाईं | जानकी बल्लभ अधिकारी | महेन्द्र कुमार थापा |
|---|---|---|---|
| सदस्य सचिव | सदस्य | सदस्य | संयोजक |

# विषय सूचीः

परिच्छेदः एक

**प्रारम्भिक**


१.१. पृष्ठभूमि ........................................................................................ १

१.२. छानबिन समितिको गठन ........................................................................ ४

१.३. समितिको कार्यक्षेत्र, कार्यविधि र जिम्मेवारी........................................................ ४

१.४ समितिको कार्य अवधि र सचिवालय.......................................................... ५

१.५. समितिले अवलम्बन गरेको कार्यविधि........................................................ ५

१.६. खोजबिन कार्य प्रारम्भ........................................................................ ७

१.७. तथ्य सूचना तथा विवरण संकलन एवं विश्लेषण............................................ ७

१.८. समितिको कार्य सम्पादन विवरण.............................................................. ८

१.९. समितिको कार्यसीमा ........................................................................... १०


परिच्छेदः दुई

**जग्गा जमिन तथा अचल सम्पत्तिको विद्यमान अवस्था**


२.१. त्रिभुवन विश्वविद्यालय........................................................................ १२

२.१.१. विश्वविद्यालय स्थापनार्थ जग्गा अधिग्रहण ................................................ १२

२.१.२. मुआब्जा वितरण ............................................................................ १३

२.२. जग्गा जमिन र भवनको विवरण ............................................................ १५

२.२.१. त्रि.वि. कीर्तिपुर परिसरमा रहेको जग्गा जमिन.......................................... १५

२.२.२. त्रि.वि. कीर्तिपुर स्वयंले प्रयोग गरेका विवरण............................................ १५

त्रि.वि. परिसर कीर्तिपुरमा रहेका भवनहरू.................................................... १५

त्रि.वि.सँग सम्झौता गरी बनेका त्रि.वि. बाहेक अन्य निकायहरूको प्रयोगमा रहेका भवनहरू ....... १५

२.३. जग्गा, जमिन र भवनहरूको अवस्था र व्यवस्थापन......................................... १६

२.३.१. जग्गा जमिनको विद्यमान अवस्था .......................................................... १६

२.३.१.१. कीर्तिपुर परिसरभित्रको जग्गा उपयोगको विद्यमान अवस्था.............................. १६

क. साबिकको ल्याब स्कूल (शिक्षण सिकाई स्कुल) हालको लेबोरेटरी माध्यमिक विद्यालयद्वारा उपभोग गरिरहेको करीब १०९ रोपनी जग्गा ........................................................ १९

ख. राधास्वामी सत्संग ब्यास नेपालले उपयोग गरेको जग्गा........................................ ३५

ग. नेपाल प्राध्यापक संघले भोगचलन गरेको जग्गा................................................ ३८

घ. त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघले उपभोग गरेको जग्गा........................................ ४१

ङ. त्रि.वि. कर्मचारी संघले उपभोग गरेको जग्गा........................................................ ४२

च. वि.पि. कोइराला मेमोरियल प्लानेटोरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्राहलय विकास समितिले उपभोग गरेको जग्गा.......................................................................................... ४४

छ. आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रले उपभोग गरेको जग्गा..................................... ४५

ज. नेपाल नेत्रज्योती संघले उपभोग गरेको जग्गा ...................................................... ४६

झ. नेपाल बैंक  लिमिटेडले उपभोग गरेको जग्गा........................................................ ४७

ञ. ग्लोबल आइ.एम.ई. बैंकले उपभोग गरेको जग्गा ................................................... ४८

ट. प्रहरी वृत्त बल्खु/कालिमाटी काठमाडौंले उपभोग गरेको जग्गा..................................... ४९

ठ. महानगरिय प्रहरी वृत्त कीर्तिपुरले उपभोग गरेको जग्गा .............................................. ४९

ड. रक्तसञ्चार केन्द्र (लायन्स क्लव इन्टरनेशनल) ले उपभोग गरेको जग्गा.......................... ५०

ढ. नेपाल क्रिकेट संघले उपभोग गरेको जग्गा..........................................................५१

ण. त्रि.वि. कभर्डहलले उपभोग गरेको जग्गा ............................................................५३

त. काठमाडौं खानेपानी बोर्ड, र खानेपानी तथा ढल निकास समितिले उपभोग गरेको जग्गा....... ५४

थ. कृषि बागबानी केन्द्रले उपभोग गरेको जग्गा.......................................................... ५८

द. कीर्तिपुर न.पा.द्वारा उपभोग गरेको जग्गा ............................................................. ६०

ध. गिट्टी बालुवा डिपोले उपभोग गरेको जग्गा............................................................ ६३

न. नेपाल विद्युत प्राधिकरण, कीर्तिपुर वितरण केन्द्रले उपभोग गरेको जग्गा.......................... ६४

प. त्रि.वि. कीर्तिपुर परिसरभित्रको जग्गामा अतिक्रमण भएका थप विषयहरू..........................६५

२.३.१.२. कीर्तिपुर परिसरभन्दा बाहिरको जग्गाको विद्यमान अवस्था .......................................६६

(क) काठमाडौं म.न.पा. वडा नं. डिल्लीबजारमा रहेको जग्गा ...........................................६६

(ख) काठमाडौं म.न.पा. वडा नं. त्रिपुरेश्वरमा रहेको जग्गा.................................................६६

(ग) काठमाडौं म.न.पा. वडा नं. जमलमा रहेको जग्गा.......................................................६७

(घ) हनुमानढोका वसन्तपुर क्षेत्र .....................................................................................६७

(ङ) त्रि.वि., प्राकृतिक विज्ञान संग्रहालय, स्वयंम्भुको जग्गा.................................................६७

(ज) IOM ले प्रयोग गर्दै रहेको चौताराको जग्गा ........................................................... ६८

२.३.१.३. त्रि.वि.लाई विभिन्न महानुभावहरूद्वारा विभिन्न समयमा प्राप्त भएको जग्गा ..................... ७०

(क) तत्कालीन श्री ५ मुमा बडामहारानी कान्ति राज्यलक्ष्मी देवी शाह र श्री ५ मुमा बडामहारानी इश्वरी राज्यलक्ष्मी देवी शाहबाट दान प्राप्त भएको ललितपुर लुभु इलाकाको जग्गा............. ७०

(ख) विद्धेत शिरोमणी हेमराज शर्माको स्मृतिमा श्री केशरीराज पाण्डे र बुहारी किरण कुमारी पाण्डेद्वारा दान प्राप्त भएको काठमाडौं जिल्ला कपन गा.वि.स. मा पर्ने जग्गा ................................७१

२.३.१.४. त्रि.वि.को जग्गा खरीद-बिक्री.......................................................................७२

परिच्छेदः तीन

**<u>त्रिभुवन विश्वविद्यालयको जग्गा संरक्षण र प्रयोगका सम्बन्धमा अदालतबाट भएका फैसला र कार्यदलका प्रतिवेदनहरूको कार्यान्वयनको अवस्था</u>**

३.१. त्रि.वि.लाई बडाकाजी पुष्पराज राजभण्डारीले अर्पण गरेको नयाँ नैकाप भञ्याङ्ग गा.पं.को जग्गाका सम्बन्धमा जोडिएको विषयमा सर्वोच्च अदालतबाट वि.सं. २०७४ भाद्र ७ गते भएको फैसला र फैसलाद्वारा निर्देशित विषयमा भएको कार्यान्वयनको सम्बन्धमाः....................................७३

३.१.१. पत्रपत्रिकामा प्रकाशित समाचार.........................................................................७३

३.१.२. समितिलाई प्राप्त भएको तथ्यगत सूचना तथा विवरण ........................................... ७४

३.१.३. अदालतबाट भएका फैसलाहरू र त्यस उपरको कारबाहीको अवस्था........................ ७७

३.१.४. समितिको विश्लेषण........................................................................................ ७९

३.१.५. समितिको निष्कर्ष र सुझाव.............................................................................. ८१

३.१.६ कारबाहीको सिफारिसः...................................................................................... ८३

३.२. त्रि.वि.बाट २०७२/१२/०४ मा प्रा. अनुप कुमार श्रेष्ठको संयोजकत्वमा गठित त्रि.वि. सम्पत्ति, संकलन, संरक्षण तथा व्यवस्थापन समितिको प्रतिवेदनः .............................................८४

३.३. लेबोरेटरी उच्च माध्यमिक विद्यालयलयले चर्चेको त्रि.वि.को नाममा रहेको जग्गा र घरहरूको सम्बन्धमा अध्ययन गरी २०६७ मा त्रि.वि.लाई बुझाएको प्रतिवेदनः............................ ८५

३.४. अन्य विषयः...................................................................................................... ८६

परिच्छेदः चार

**<u>त्रि.वि. अन्तर्गतका आंगिक क्याम्पसहरूको जग्गा जमिन तथा भवनको विद्यमान अवस्था</u>**

४.१. त्रिभुवन विश्वविद्यालयका आंगिक क्याम्पस............................................................ ८७

४.२. काठमाडौं उपत्यकामा रहेका क्याम्पसहरूको जग्गा जमिन तथा भवनहरूको अवस्था............ ८७

१. अमृत क्याम्पस, लैनचौर, काठमाडौं...............................................................८८

२. आयुर्वेद क्याम्पस..........................................................................................८९

३. जनप्रशासन क्याम्पस ..................... ९०
४. थापाथली क्याम्पस ..................... ९०
५. नेपाल ल क्याम्पस ..................... ९१
६. नेपाल कमर्स क्याम्पस, मिनभवन, काठमाडौं ..................... ९२
७. पद्मकन्या बहुमुखी क्याम्पस ..................... ९४
८. पब्लिक युथ क्याम्पस ..................... ९५
९. पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुर ..................... ९७
१०. पुल्चोक क्याम्पस, पुल्चोक, ललितपुर (इन्जिनियरिङ्ग अध्ययन संस्थान) ..................... १०१
११. विश्वभाषा क्याम्पस, काठमाडौं ..................... १०२
१२. भक्तपुर बहुमुखी क्याम्पस, दुधपाटी, भक्तपुर ..................... १०३
१३. महाराजगञ्ज नर्सिङ क्याम्पस, महाराजगञ्ज, काठमाडौं ..................... १०४
१४. महाराजगंज चिकित्सा क्याम्पसः ..................... १०५
१५. महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौं ..................... १०७
१६. रत्न राज्यलक्ष्मी क्याम्पस ..................... १११
१७. ललितकला क्याम्पस, काठमाडौं ..................... ११२
१८. सरस्वती बहुमुखी क्याम्पस ..................... ११२
१९. सानोठिमी क्याम्पस ..................... ११३
२०. शंकरदेव क्याम्पस ..................... ११६
२१. त्रि-चन्द्र बहुमुखी क्याम्पस, काठमाडौं ..................... ११७
४.३. जग्गा जमिनको विद्यमान अवस्था (उपत्यका बाहिर) ..................... ११८

परिच्छेदः पाँच

**जग्गा जमिनको संरक्षण, उपयोग र व्यवस्थापन**

५.१. त्रिभुवन विश्वविद्यालय र भूमि ..................... ११९
५.२. विद्यमान नीतिगत कानूनी र संस्थागत व्यवस्था ..................... १२०
५.२.१. नीतिगत व्यवस्था ..................... १२०
५.२.२. गुरूयोजना ..................... १२१
५.२.३. कानूनी व्यवस्था ..................... १२१
५.२.३ संस्थागत व्यवस्था ..................... १२८
५.३. जग्गा जमिनको संरक्षण, उपयोग र व्यवस्थापनका प्रयासहरू ..................... १२८
५.३.१. त्रि.वि.ले गरेका प्रयासहरूका सम्बन्धमा प्राप्त तथ्य सूचना र विवरण ..................... १२८

५.३.२. त्रिभुवन विश्वविद्यालयका जग्गा संरक्षण हुन नसक्नुका कारण र विश्लेषण ................ १३०
५.४. तत्कालीन र दीर्घकालीन सुधारका लागि आवश्यक सुझावहरू ................................... १३७
(क) नीति, रणनीति र कार्यक्रम ........................................................................ १३९
(ख) जग्गा जमिन तथा सम्पत्तिको अद्यावधिक अभिलेख व्यवस्थापन ................................ १४०
(ग) जग्गा जमिनको भौतिक रुपले संरक्षण तथा सुरक्षा .................................................. १४१
(घ) जग्गा जमिनको उपयोग ............................................................................ १४२
(ङ) विविध कार्यहरू ....................................................................................... १४३
(च) अन्य निकायबाट सम्पादन हुनुपर्ने कार्यहरू ......................................................... १४४

परिच्छेदः छ

## निष्कर्ष, सुझाव एवं सिफारिश

६.१. निष्कर्ष ........................................................................................... १४५
६.२. सुझाव तथा सिफारिसहरू ........................................................................ १५९

सन्दर्भ सामाग्री .......................................................................................... १७४
अनुसूची अनुक्रमणिका ................................................................................. १७६

परिच्छेदः एक

# प्रारम्भिक

## १.१. पृष्ठभूमि

१. विश्वविद्यालय उच्च बौद्धिक चिन्तन, बहस, अध्ययन, अध्यापन र अनुसन्धानको चौतारी हुनुको साथै प्राज्ञिक उन्नयनको अभ्यासको निरन्तरताको केन्द्र हो। विश्वविद्यालय आदर्श, चरित्रवान, सभ्य र सुसंस्कृत मानव पुँजीको निर्माण गर्ने संस्था पनि हो।समाज, राष्ट्र र स्वयं व्यक्तिको समृद्धि र समुन्नतीका लागि शिक्षा लिने, दिने सरस्वतीको मन्दिरका रूपमा विश्वविद्यालयलाई लिईन्छ। यसैगरी, विश्वविद्यालय ज्ञानभूमि, अनुसन्धान र आविष्कारको प्रयोगशाला पनि हो। मर्यादित, परिष्कृत, सभ्य र सम्मानित मानव जीवन बनाउने, रोजगारीका अवसर सिर्जना गरी उद्यमको विकास गर्ने आधारशिला नै विश्वविद्यालय र विश्वविद्यालयले दिने शिक्षा नै हो। विश्वविद्यालयलाई देशको पहिचान, मानव सभ्यताको विकासको सूचक, प्रविधिको विकास तथा बिस्तार गर्ने गराउने थलो र समष्टिमा राष्ट्रको सर्वाङ्गिण विकासको उन्नयनको मन्दिरको रूपमा मानिदै आएको पाईन्छ।

२. राष्ट्रको दिगो शान्ति र समृद्धिको लागि ज्ञानमा आधारित समाजको निर्माण गर्ने कार्यमा योगदान गर्ने भएकोले शिक्षालाई समग्र विकासको महत्वपूर्ण माध्यमका रूपमा स्वीकार गरिँदै आएको छ। शिक्षाले नै मानवको दृष्टिमा सही दिशा दिएर आलोकित गर्ने, मानवको चेतनाको आभा मण्डललाई व्यापक बिस्तार गर्ने र सृष्टिको विकासलाई अग्रगमनमा लैजाने कार्य गर्न सम्भव हुन्छ। शिक्षाले मानवीय सोचमा सकारात्मकता, चेतनामा व्यापकता, ज्ञानमा विशिष्टता, कार्यकौशलयुक्त कार्यउत्प्रेरित व्यक्तिगत आनीबानी व्यवहारमा सदाचारिता, आत्मविश्वासी एवं आत्माअनुशासित हुँदै मर्यादा र हार्दिकता सहितको सम्बन्ध विस्तारमा सूमधुरता आर्जन गरी गराई मानवीय पूँजीको निर्माण गर्दै राष्ट्रको आर्थिक, सामाजिक एवं भौतिक समृद्धिका लागि आधार खडा गर्दछ । विश्वविद्यालय शिक्षाले राष्ट्रिय जीवनको आधुनिकिकरण, समृद्धिको स्तरीयकरण र कार्य पद्धति एवं प्रणालीमा प्रविधिकरण गर्ने कार्य समेत गर्न अमूल्य योगदान गर्दछ। शिक्षित एवं दीक्षित व्यक्तिले समाज र राष्ट्रका लागि पनि अतुलनीय, चामत्कारिक एवं दिव्य योगदान दिन सक्ने भएकाले शिक्षा मानवीय पूँजी निर्माण, विकास र बिस्तारको आधारभूत तत्व मानिन्छ। यस प्रकारले परिवर्तन एवं सुधारका सबै विषय शिक्षासँग जोडिएका हुन्छन्। त्यसैले, शिक्षा समृद्धिको सारथी भएकाले यसलाई "**पूर्वाधारको पनि पूर्वाधार** " भनिन्छ। यस प्रकारको शिक्षा औपचारिक रूपमा दिने, मानिस दिक्षित हुने उच्च स्थान नै विश्वविद्यालय हो।

३. व्यक्तिभित्र लुकेको दिव्यतामा अपार उर्जा दिई सत्यसम्म पुऱ्याउने, सिंचन गर्ने, जगेर्ना गर्ने र उक्त शक्तिलाई राष्ट्रको समृद्धिमा लगानी गरी मानवीय जीवनका साथसाथै राष्ट्रिय जीवनमा उल्लेखनीय कार्यसञ्चालन गर्न विश्वभर शताब्दीको प्रारम्भदेखि नै विद्यालय, महाविद्यालय र विश्वविद्यालय स्थापना गर्ने कार्यहरू हुँदै आएको र यसै सन्दर्भमा नेपालमा पनि वि.सं. २००५ देखि नै विश्वविद्यालय

स्थापना गरी शिक्षाको संस्थागत विकास गर्न केही प्रयासहरू भए तापनि सरदार रूद्रराज पाण्डेको अध्यक्षतामा गठित नेपाल राष्ट्रिय शिक्षा आयोगले उन्नत साहित्य र विज्ञान, कृषि र वन, शिक्षक/शिक्षण, ऐन कानून, परिचर्या, औषधी र दन्त विद्या, गृह विज्ञान, विविध कला र आवश्यकता अनुसार अन्य क्षेत्रहरूका महाविद्यालयहरूले युक्त एउटा राष्ट्रिय विश्वविद्यालयको तत्काल स्थापना गर्न वि.सं. २०११ मा गरेको सिफारिसबाट विश्वविद्यालयको स्थापना गर्ने विषयले साकार रूप लिएको थियो (पंगेनी, भवेश्वर २०७६)। यसैगरी, वि.सं. २०१३ सालसम्ममा हालको त्रिभुवन विश्वविद्यालय स्थापना गर्न थप आवश्यक कार्यहरू सम्पन्न गरी विश्वविद्यालयको स्थापनाका लागि भौतिक एवं प्राज्ञिक पूर्वाधारहरू तयार हुँदै गएको देखिन्छ।

४. विश्वविद्यालयको आवश्यकता एवं महत्वलाई मनन् गरी स्व. श्री ५ त्रिभुवनको बार्षिक श्राद्धको पूण्य तिथी पारेर वहाँकै स्मृतिमा तत्कालीन श्री ५ मुमावडामहारानी द्वय (श्री ५ कान्ति राज्य लक्ष्मी देवी शाह र श्री ५ ईश्वरी राज्य लक्ष्मी देवी शाह) बाट वि.सं. २०१२ साल चैत्र १८ मा त्रिभुवन विश्वविद्यालय स्थापना गर्ने घोषणा गरी त्यसको आवश्यक व्यवस्था गर्ने कार्य अगाडि बढाएको देखिन्छ। (पंगेनी, भवेश्वर, २०७६, पाना ५३)। सोही क्रममा लुभु, महाराजगंज, स्वयंम्भु, कीर्तिपुर, नगरकोट क्षेत्रमा जग्गा खोजिएकोमा त्रिभुवन विश्वविद्यालयको स्थापनाका लागि उपयुक्त ठहऱ्याईएको कीर्तिपुर क्षेत्रमा रहेको जग्गा अधिग्रहण गर्ने निर्णय अनुसार जग्गा अधिग्रहण गरेको सूचना नेपाल गजेटमा मिति २०१३ मार्ग १८ मा प्रकाशन भएको पाईन्छ । यसैगरी, त्रिभुवन विश्वविद्यालयका लागि २०३३ साल वैशाख ७ गते समेत थप अरू जग्गाहरू अधिग्रहण भएको देखिन्छ। यसैगरी, २०४१ साल वैशाख १५ गते प्रकाशित गोरखापत्रको सूचना अनुसार थप अरू जग्गा अधिग्रहण भएको देखिन्छ।

५. त्रिभुवन विश्वविद्यालय ऐन, २०१६(वि.सं. २०१६ जेष्ठ १३ गते बुधबार सरकारबाट लालमोहर लागेको) जारी भएपछि मात्र विधिवत् रूपमा त्रिभुवन विश्वविद्यालयको स्थापना गर्ने कार्य शुभारम्भ भएको देखिन्छ । उक्त ऐनको प्रस्तावना अनुसार नेपालको सर्वाङ्गीण विकासका लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न, स्तरयुक्त उच्च शिक्षा प्रदान गर्न, विविध पक्षमा अनुसन्धान गर्न, राष्ट्रिय संस्कृति र परम्पराको संरक्षण र विकास गर्न, कला विज्ञान, प्रविधि तथा व्यावसायिक क्षेत्रको ज्ञान र अनुसन्धानलाई व्यापक एवं व्यावहारिक र समय सापेक्ष बनाउनु विश्वविद्यालयको उद्देश्यहरू उल्लेख भएको देखिन्छ। भौतिक व्यवस्थापनको लागि उक्त ऐनको दफा २१ (छ) र (ज) बमोजिम विश्वविद्यालयको तर्फबाट चल र अचल सम्पत्तिको प्राप्ति संरक्षण, रेखदेख र नामसारी गरिदिने कार्यको जिम्मेवारी तत्कालीन त्रि.वि.को सिण्डिकेटमा हुने कुरा उल्लेख रहेको छ।

६. साबिकको त्रिभुवन विश्वविद्यालय ऐन, २०१६ लाई खारेज गरी वि.सं. २०२८/०६/०६ मा त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ आएको देखिन्छ। उक्त ऐनले पनि प्राज्ञिक, शैक्षिक कार्य लगायत विश्वविद्यालयको जग्गा तथा सम्पत्तिको संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यलाई पनि व्यवस्थित गर्न खोजेको पाइन्छ। त्रि.वि. ऐन, २०२८ को दफा ३ को उपदफा (२) मा

विश्वविद्यालयले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न, धितोबन्धक राख्न र बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ भन्ने व्यवस्था गरी विश्वविद्यालयलाई स्वायत्त कानूनी संस्थाको रूपमा स्वीकार गरेको देखिन्छ । यी सबै कार्य गर्न ऐनको दफा १३ मा रहेको प्राविधिक समितिको सिफारिसमा सिनेटले गर्ने भन्ने व्यवस्था पनि रहेको देखिन्छ । यसैगरी त्रि.वि. ऐन, २०२८ लाई विस्थापित (खारेज) गरी नयाँ ऐनको रूपमा त्रि.वि. ऐन, २०४९ लागु भयो। उक्त ऐनको दफा १४ (ग) र (ङ) मा विश्वविद्यालयले चलअचल सम्पत्तिको सञ्चालन, संरक्षण, रेखदेख, चलअचल सम्पत्तिको हक हस्तान्तरण गर्ने, कुनै सम्झौताहरू करार वा ठेक्का पट्टा गरि लिने दिने कार्य गर्ने अधिकार र जिम्मेवारी कार्यकारी परिषद्मा प्रदान गरेको देखिन्छ। यसका साथै त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० को नियम १७४ (७) मा विश्वविद्यालयको सम्पत्तिको व्यवस्था, संरक्षण र सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने काम, कर्तव्य र अधिकार रजिष्ट्रारको हुनेछ भनिएको छ।

७. विश्वविद्यालयको भौतिक सम्पत्ति अर्थात जग्गा जमिन तथा भवन समेत अचल सम्पत्तिको व्यवस्थापन, संरक्षण उपयोगको लागि नीतिगत, कानूनी एवं संस्थागत/सङ्गठनात्मक व्यवस्थाका बाबजुद पनि त्रिभुवन विश्वविद्यालयको नाममा कीर्तिपुर क्षेत्रको साथै देशका विभिन्न ठाउँमा रहेको आंगिक क्याम्पसहरूको समेत विभिन्न ठाउँमा रहेको जग्गा, भवन तथा अन्य सम्पत्तिहरूको उपयोग, संरक्षण, व्यवस्थापन सम्बन्धमा समेत समस्या देखा परेको, कतिपय जग्गा अतिक्रमणमा परेको, अतिक्रमित जग्गा फिर्ता गर्ने सम्बन्धी सम्मानित अदालतबाट भएको फैसला कार्यान्वयन समेत नभएको, विश्वविद्यालयले भाडामा लगाएको जग्गाबाट नियमित रूपमा आउनु पर्ने आम्दानी उठ्न नसकेको, विश्वविद्यालयले पाउनुपर्ने कुत तथा भाडा नउठेको, कतिपय जग्गा भोगचलनमा रहेको भए तापनि पूर्ण स्वामित्वमा नल्याएको, जग्गा व्यवस्थापनमा वैज्ञानिक आधार कायम नभएको भन्ने लगायतका विषयमा विभिन्न गुनासा तथा समाचारहरू पत्रपत्रिकामा प्रकाशन भएको अवस्था रहेको छ। यसैबिच सम्मानित अदालतबाट अतिक्रमित जग्गा फिर्ता सम्बन्धी मुद्दाहरूमा गरेका फैसलाको कार्यान्वयन एवं त्रि.वि.जग्गा विवाद लगायत यावत् समस्याहरूका विषयहरूमा प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छलफल भएको समेत देखिन्छ।

८. माथि उल्लिखित त्रिभुवन विश्वविद्यालय र अन्तर्गतका आंगिक क्याम्पस तथा अन्य निकायहरूका स्वामित्वमा रहेका विविध प्रकारका जग्गा जमिनसँग सम्बन्धित विविध प्रकारका समस्या पहिचान गरी सो को समाधान गर्ने सम्बन्धमा अध्ययन, अनुसन्धान र खोजबिन गरी प्रतिवेदन प्राप्त गर्नका लागि नेपाल सरकारबाट एक अधिकार सम्पन्न उच्चस्तरीय अध्ययन, अनुसन्धान तथा छानबिन समिति गठन गर्ने विषयमा आवश्यक निर्णयका लागि त्रिभुवन विश्वविद्यालय, उपकुलपतिको कार्यालयबाट मिति २०८१/०१/३१ मा लेखी आएको र अर्थ मन्त्रालयको मिति २०८१/०२/०९ को पत्रबाट सहमति समेत प्राप्त भएको सन्दर्भमा त्रिभुवन विश्वविद्यालयको जग्गा तथा सम्पत्तिको अध्ययन तथा खोजबिन हुनुपर्ने अवस्था देखिएको हुँदा त्रिभुवन विश्वविद्यालयको

जग्गा तथा अन्य अचल सम्पत्तिको खोज तथा लगत सङ्कलन, संरक्षण, उपयोग, व्यवस्थापन र आवश्यक अध्ययन, खोजबिन तथा छानबिन गर्न आवश्यक देखिएको भन्ने व्यहोरा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले महशुस गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा नेपाल सरकार, (मं.प.) मा पेश भए बमोजिम मिति २०८१/०२/१७ मा त्रि.वि.को जग्गा जमिन तथा अचल सम्पत्ति खोजबिन समिति गठन भएको।

## १.२. छानबिन समितिको गठन

१. त्रिभुवन विश्वविद्यालयको नाममा विभिन्न ठाउँमा रहेको जग्गा मध्ये प्रारम्भिक चरणमा काठमाडौं उपत्यकाभित्रको जग्गाको अध्ययन, अनुसन्धान तथा छानबिन एवं भवन लगायत अन्य अचल सम्पत्तिको खोज तथा लगत संकलन, संरक्षण, उपयोग, व्यवस्थापन र आवश्यक अन्य कार्यको लागि अध्ययन गरी ठोस प्रतिवेदन पेश गर्न नेपाल सरकार (म.प.) को मिति २०८१/०२/१७ को निर्णयानुसार देहाय बमोजिमको समिति गठन गरिएको (अनुसूची १.१)।

**त्रिभुवन विश्वविद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन समिति**

| | | |
|---|---|---|
| श्री शारदाप्रसाद त्रिताल | पूर्वसचिव, नेपाल सरकार | संयोजक |
| श्री महेन्द्रकुमार थापा | पूर्वसहसचिव, नेपाल सरकार | सदस्य |
| श्री जानकी बल्लभ अधिकारी | पूर्वसहसचिव, नेपाल सरकार | सदस्य |
| डा. प्रेमसागर चापागाईं | प्राध्यापक, त्रिभुवन विश्वविद्यालय | सदस्य |
| श्री सुशीला अधिकारी | उपसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य सचिव |

२. समितिलाई प्राप्त भएको कार्यदेश बमोजिमको समितिको कार्य अवधि मिति २०८१/०५/३० गते समाप्त भएकोमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१/०६/०२ को निर्णयानुसार २०८१/०५/३१ देखि लागु हुने गरी २ महिना थप गर्ने र समितिको बाँकी कामको लागि समितिका सदस्य महेन्द्र कुमार थापालाई समितिको संयोजक तोक्ने निर्णय भएको। साथै नेपाल सरकार (मं.प.) को मिति २०८१/०८/१३ निर्णयानुसार समितिको म्याद २०८१ मार्ग १५ सम्म थपिएको (अनुसूची १.२ र १.३)।

## १.३. समितिको कार्यक्षेत्र, कार्यविधि र जिम्मेवारी

१. त्रिभुवन विश्वविद्यालयको जग्गा तथा भवन लगायतको सम्पत्तिको लगत, उपयोग, संरक्षण र व्यवस्थापन सम्बन्धमा विद्यमान अवस्था पहिचान गर्ने।

२. विगतमा त्रिभुवन विश्वविद्यालयको जग्गा संरक्षण र प्रयोग सम्बन्धमा अदालतबाट भए गरेका फैसला/आदेश र यस अघि कुनै अध्ययन कार्यदल वा समिति वा कसैबाट कुनै अध्ययन भएको भए सोको कार्यान्वयनको अवस्था अध्ययन गर्ने।

३. अध्ययनका क्रममा जग्गा, भवन लगायतका सम्पत्ति हिनामिना भएको देखिन आएमा वा पाईएमा सत्यतथ्य प्रमाणसहित आवश्यक कारबाहीका लागि सिफारिस गर्ने।

४. क्रम संख्या १ देखि ३ सम्मको अध्ययनका आधारमा त्रिभुवन विश्वविद्यालयको जग्गा संरक्षण, प्रयोग, व्यवस्थापन, उपयोग र पूर्वाधार निर्माणका सम्बन्धमा गर्नुपर्ने तत्कालीन तथा दीर्घकालीन रूपमा गर्नुपर्ने कार्यहरूको बारेमा सुझाव दिने।

५. समितिको कार्यविधि समिति आफैले निर्धारण गर्न सक्ने।

६. समितिको कार्य अवधि समितिको पहिलो बैठक बसेको मितिले तीन महिनाको हुनेछ।

## १.४ समितिको कार्य अवधि र सचिवालय

समितिलाई प्राप्त कार्यादेश (TOR) अनुसार समितिको कार्य अवधि पहिलो बैठक बसेको मितिले तीन महिनाको हुनेछ। समितिको म्याद थपको विवरण प्रकरण १.२ र १.३ मा उल्लेख छ। समितिको सचिवालय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालमा रहने र सचिवालयमा आवश्यक पर्ने कर्मचारी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उपलब्ध गराउनेछ।

## १.५. समितिले अवलम्बन गरेको कार्यविधि

१. नेपाल सरकार (म.पं.) को मिति २०८१।०२।१७ को निर्णयानुसारको समितिलाई प्राप्त कार्यादेशको बुँदा नं. ६ मा उल्लेख भएबमोजिमको कार्यसम्पादन गरी सत्य तथ्य पत्ता लगाई प्रतिवेदन पेश गर्न समितिको बैठकमा छलफल गरी तयार भएको देहाय बमोजिमको कार्यविधिलाई अवलम्वन गरी खोजबिन तथा छानबिन गर्ने गरी समितिले **त्रिभुवन विश्वविद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन समितिको कार्यविधि, २०८१** समितिको मिति २०८१ जेष्ठ ३१ गते बसेको पहिलो बैठकको सर्वसम्मत निर्णयद्वारा निर्धारण गरेकोछ (अनुसूची १.४)।

१. **बैठकको कार्यविधिः** समितिका हरेक निर्णय बैठक प्रणाली मार्फत गरिनेछ। बैठकको निर्णय सामान्यतयाः सहमति पद्धतिबाट गरिनेछन्।

२. **समितिबाट हुने पत्राचारः** समितिको बैठकबाट निर्णय भएका विषयमा पत्राचार गर्दा सामान्यतयाः सदस्य सचिवले गर्नेछ।

३. **सार्वजनिक सूचना प्रकाशन गर्नेः** समितिको कार्यादेशसँग सम्बन्धित विषयमा सर्वसाधारण तथा सम्बन्धित निकाय र जानकारहरूसँग आवश्यक सूचना एवं जानकारी माग गर्न राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्ने र त्यस्तो सूचना रेडियो तथा टेलिभिजनबाट पनि प्रसारण गर्न सकिनेछ ।

४. **अन्य माध्यमबाट प्राप्त विषयमा छानबिन गर्न सक्नेः** सञ्चार माध्यम लगायत अन्य माध्यमबाट प्राप्त भएका सूचना वा जानकारीलाई समेत औचित्यता हेरी समितिको बैठकमा छलफल गरी अनुसन्धान गर्नुपर्ने वा नपर्ने सम्बन्धमा समितिले आवश्यक छलफल/विश्लेषण गर्दा छानबिन तथा खोजबिनका लागि अनुसन्धान गर्नुपर्ने भएमा सो विषयमा पनि समितिले छानबिन गर्नेछ ।

५. **प्रमाणहरू सङ्कलन गर्ने:** समितिलाई प्राप्त कार्यादेश बमोजिम सरोकारवाला निकाय, संघ, संस्था वा व्यक्तिहरूसँग सम्पर्क गरी वा समितिमा बोलाई आवश्यक कागजात तथा प्रमाणहरू सङ्कलन गरिनेछ ।

६. **विगतका प्रतिवेदनको अध्ययन गर्ने:** आवश्यक देखिएमा भूमि व्यबस्थाका विषयमा गठित श्री राम बहादुर रावलको आयोग र त्यस्तै अन्य आयोगका प्रतिवेदनहरू प्राप्त गरी अध्ययन गर्न सकिनेछ ।

७. **छानबिनका लागि आवश्यक कागजात झिकाउने:** समितिलाई प्राप्त कार्यादेश बमोजिम अध्ययन वा प्रमाणका लागि त्रिभुवन विश्वविद्यालय सहितका अन्य निकायहरू सम्बन्धित क्याम्पसहरू सरकारी कार्यालय, मन्त्रालय वा अदालत, सरोकारवाला सार्वजनिक कार्यालय तथा संस्थाहरूबाट आवश्यक लिखत वा नक्कल झिकाएर अध्ययन गर्न सकिनेछ । सरकारी कार्यालयहरू विशेषगरी भूमिसुधार तथा मालपोत कार्यालय, कलङ्की, (काठमाडौं), भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार, (काठमाडौं), मालपोत कार्यालय ललितपुर, नापी कार्यालय, काठमाडौं र ललितपुर, गुठी संस्थान केन्द्रीय कार्यालय, गुठी संस्थान काठमाडौं र ललितपुर कार्यालय र यस्तै अन्य सम्बन्धित कार्यालयलाई पत्राचार गरी आवश्यकता बमोजिमको विवरण एवं कागजातहरू, सरकारी अभिलेख प्राप्त गर्ने र आवश्यकता अनुसार स्थलगत भ्रमण गरी अभिलेखको सक्कल दस्तावेज अध्ययन गर्न सकिनेछ ।

८. **छलफलका लागि बोलाउने:** समितिलाई प्राप्त कार्यादेश बमोजिम समितिले आवश्यक ठानेका सम्बन्धित जो कोहीलाई छलफलको लागि समय तोकी समितिमा आमन्त्रण गरी छलफल गर्न गराउन सकिनेछ । यसका लागि खासगरी भूमिसुधार तथा मालपोत कार्यालय, कलकी, डिल्लीबजार र ललितपुरका कार्यालयसँग विशेष सम्बन्ध राख्ने विषय भएकोले जग्गा प्रशासन र निर्णय निर्माणका विषयमा भूमिसुधार तथा ब्यवस्था विभागका महानिर्देशक र मालपोत कार्यालय कलङ्की, डिल्लीबजार र भूमिसुधार तथा ललितपुरका प्रमुखलाई समितिमा बोलाई छलफल गर्न सकिनेछ। उक्त छलफल समितिको कम्तिमा तीन जना सदस्यको उपस्थितिमा गराउनु पर्नेछ।

९. **सोधपुछ गर्न सकिने:** समितिले आफ्नो कार्यक्षेत्रभित्रको कुनै विषयमा कुनै पदाधिकारी, व्यक्ति, विशेषज्ञ एवं सम्बन्धित व्यक्तिसँग सोधपुछ एवं छलफल गरी यथार्थ बुझ्न सक्नेछ। विशेषत गुठी जग्गाका विषयमा गुठी संस्थान, केन्द्रीय कार्यालय र गुठी संस्थान, काठमाडौं र ललितपुर कार्यालयका पदाधिकारी कर्मचारीसँग छलफल गर्न र जानकारी लिन सकिनेछ।

१०. **बयान लिन सक्ने:** समितिलाई प्राप्त कार्यादेशका सम्बन्धमा समितिले आवश्यक देखेका बहालवाला पदाधिकारी/कर्मचारीलाई समितिको सचिवालयमा बोलाई बयान लिन सकिनेछ। साथै, समितिलाई प्राप्त कार्यादेशका सम्बन्धमा पूर्व पदाधिकारी/कर्मचारीलाई समितिको सचिवालयमा बोलाई छलफल गर्न र आवश्यक परे बयान लिन सकिनेछ ।

११. **छलफल वा परामर्श लिन सकिनेः** समितिले आफ्नो कार्यक्षेत्रका विषयमा सम्बद्ध क्षेत्रका विज्ञ, दक्ष कर्मचारी एवं सरोकारवालासँग सचिवालयमा छलफलका लागि आमन्त्रण गरी राय परामर्श लिन सक्नेछ । सम्बद्ध स्थानीय निकायका पदाधिकारी वा कर्मचारीहरूसँग छलफल गर्न सकिनेछ ।

१२. **स्थलगत भ्रमण र निरीक्षण गर्नेः** समितिले आवश्यकता अनुसार समितिका कुनै पदाधिकारी वा कर्मचारीबाट यथार्थता यकीन गर्न स्थलगत अध्ययन एवं निरीक्षण गर्न गराउन सक्नेछ।

१३. **कागजात, प्रमाण र दस्तावेजको अध्ययनः** समितिमा प्राप्त सबै सूचना, जानकारी, प्रमाण लगायतका सबै कागजातको अध्ययन विश्लेषण गर्न सक्नेछ ।

१४. **प्रतिवेदन पेश गर्नेः** समितिबाट खोजबिन, छानबिन तथा अनुसन्धान गर्ने कार्य सम्पन्न भईसकेको कुनै खास विषय एवं क्षेत्रको प्रतिवेदन कार्यसम्पन्न हुनासाथ छुट्टाछुट्टै पेश गर्न सकिनेछ । समितिलाई प्राप्त कायदिश बमोजिमको अन्तिम प्रतिवेदन कार्याविधिभित्र नेपाल सरकार समक्ष पेश गरिने छ ।

१५. **आचरसंहिताः** समितिको खोजबिन वा छानबिन गरेको सत्य तथ्यबारे अन्तिम प्रतिवेदन नेपाल सरकारसमक्ष पेश गर्नुअघि गोप्य राखिनेछ। मिडियाकर्मीहरूसँग समितिले सामूहिक छलफल गर्ने र सूचना प्राप्त गर्न सक्नेछ। तर समितिले गरेका निर्णयहरू गोप्य राखिनेछ ।

१६. **विविध कार्यहरुः** समितिले प्रचलिन कानूनको परिधिभित्र रहेर छानबिनका क्रममा अन्य आवश्यक थप कार्यविधि अवलम्वन गर्न सक्नेछ ।

## १.६. खोजबिन कार्य प्रारम्भ

समितिले २०८१ साल जेठ ३१ गते पहिलो बैठक बसी कार्य प्रारम्भ गरेको छ।

## १.७. तथ्य सूचना तथा विवरण संकलन एवं विश्लेषण

समितिलाई दिइएको कायदिश बमोजिम कार्य सम्पादन गर्न प्रारम्भिक रूपमा निम्न विषयहरूमा केन्द्रित रहि सूचना, तथ्य एवं विवरणहरू संकलन गरिएको र तिनको विश्लेषण गरी प्रचलित कानूनलाई आधार मानी निष्कर्षमा पुगि समाधानका लागि नेपाल सरकार (मं.प.) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, त्रि.वि. अन्तर्गत आंगिक क्याम्पस, नगरपालिका लगायत विभिन्न निकायहरूले गर्नुपर्ने कार्य र निर्वाह गर्नुपर्ने जिम्मेवारी, दायित्व एवं भूमिकाका विषय समेत समेटी प्रतिवेदन तयार गरिएको छ।

१. विश्वविद्यालयका लागि आवश्यक पर्ने जग्गा अधिग्रहण सम्बन्धी राजपत्रमा प्रकाशित सूचना सम्बन्धमा।

२. अधिग्रहण गरिएको जग्गाहरूको विषय।

३. जग्गा जमिन तथा अचल सम्पत्तिको संरक्षण र उपयोग सम्बन्धमा।

४. त्रि.वि. आफैंले उपभोग गरेको, विभिन्न संघसंस्थालाई कार्यकारी परिषद्को निर्णयबाट भोगचलन गर्न दिइएको जग्गा जमिन एवं भवन समेतको विवरण।
५. त्रि.वि.को जग्गा जमिन, भवन तथा अचल सम्पत्तिको अतिक्रमण, हिनामिनाका सम्बन्धमा आम सञ्चार माध्यमले प्रकाशन गरेको विषयहरू।
६. त्रि.वि.को स्वीकृति विना जग्गा जमिन भोगचलन गरेको जग्गाको विषय।
७. जग्गाको संरक्षण, उपयोग र व्यवस्थापनका लागि त्रि.वि.बाट गरिएका नीतिगत, कानूनी र संस्थागत प्रयासहरू।
८. जग्गाको संरक्षण र प्रयोगका विषयमा सम्मानित अदालतको फैसला एवं आदेश।
९. विभिन्न सरकारी कार्यालयहरूमा विभिन्न समयमा परेको मुद्दा, मामिला एवं विवादमा भएको आदेश र निर्णयहरू।
१०. त्रि.वि. किर्तिपुर परिसर, त्रि.वि. अन्तर्गतका आंगिक क्याम्पसहरूको (काठमाडौं उपत्यका) जग्गा जमिनको सम्बन्धमा हिनामिना भएको विषय।
११. त्रि.वि.का आंगिक क्याम्पसहरू (काठमाडौंभित्र र बाहिर) का जग्गाजमिन तथा भवन सम्बन्धी विवरण र तिनको संरक्षण एवं उपयोग सम्बन्धी विवरण।
१२. त्रि.वि.लाई दाताहरूले विभिन्न समयमा विभिन्न स्थानमा दिइएको जग्गा जमिन विषय।
१३. जग्गा जमिनको विषयमा सम्बन्धित कार्यालयहरूबाट प्राप्त गर्नुपर्ने कागजात/अभिलेख।
१४. जग्गाको संरक्षण, उपयोग र व्यवस्थापनका सन्दर्भमा त्रि.वि.को गुरूयोजना, दीर्घकालिन नीति तथा कानून सम्बन्धी विषय।
१५. जग्गा जमिनको संरक्षण, उपयोग र व्यवस्थापनका सन्दर्भमा देखिएका समस्याहरू र तिनको समाधानको लागि विभिन्न समयमा गठीत समितिको प्रतिवेदन र कार्यान्वयनको अवस्था सम्बन्धमा।

## १.८. समितिको कार्य सम्पादन विवरण

समिति गठन भए पश्चात् समितिले २०८१ जेष्ठ ३१ गते पहिलो बैठक बसी समितिको कार्य प्रारम्भ गरेको हो। उक्त मिति देखि आज मिति २०८१ मार्ग १५ गते सम्म समितिले देहाय बमोजिम कार्य सम्पादन गरेको छ।

१. समितिलाई प्राप्त भएको कार्यादेश तथा कार्य जिम्मेवारी बमोजिम आफ्नो कार्यविधि आफैं बनाई कार्य प्रारम्भ गरेको छ। उक्त कार्यविधि परिच्छेद १ को १.५ मा समितिले अबलम्बन गरेको कार्यविधि खण्डमा उल्लेख गरिएको छ।
२. समितिले आफ्नो कार्यविधिमा उल्लेख भए अनुसार समितिको कार्यादेशसँग सम्बन्धित विषयमा त्रि.वि.को जग्गा जमिन, भवन तथा अन्य अचल सम्पत्तिको हिनामिना भए गरेको सम्बन्धमा समितिलाई जानकारी, सूचना उपलब्ध गराउन सर्वसाधारण नागरिक, जानकारी प्राप्त गर्ने नागरिक तथा सम्बन्धित निकायहरूका लागि मिति २०८१/०३/०५ गो.प.मा सूचना प्रकाशित गरिएको। (अनुसूची १.५)

३. समितिले नेपाल सरकारका समिति गठन भएको र समितिलाई आवश्यक सूचना एवं जानकारी उपलब्ध सहयोग समन्वय र सहजीकरण गरी दिनुको लागि गराई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत गृह मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा परिपत्र गरिएको थियो।

४. समितिले पारित गरेको कार्यविधिका आधारमा खोजबिनका लागि नेपाल सरकारबाट समितिलाई प्राप्त कार्यादेशका विषयसँग सम्बन्धित आवश्यक विवरण, कागजातहरू तथा अभिलेख, सूचना प्राप्त गर्न विभिन्न सरोकारवाला निकायहरूमा पत्राचार गरी अनुरोध गरेर तथ्य, सूचना, विवरण एवं सम्बन्धित अभिलेखहरू प्राप्त गरिएको छ। तथापी तत् तत् निकायहरूबाट पूर्ण रूपमा नभएता पनि केहि न केही कागजातहरू प्राप्त भएको र प्राप्त तथ्य, सूचना र विवरणका कागजातहरू तथा अभिलेखहरूलाई लिपिबद्ध गरी सोही आधारमा विश्लेषण गरी प्रतिवेदन तयार गर्ने कार्यमा उपयोग गरिएको छ।

५. कार्यादेश बमोजिमको कार्यसम्पादन गर्न विभिन्न मितिमा सम्बन्धित विभिन्न व्यक्तिहरूलाई समितिको सचिवालयमा आमन्त्रण गरी तथा सचिवालय बाहिर वहाँहरूकै कार्यालयमा पुगि भेटघाट र छलफल गरिएको (अनुसूची १.६)।

६. त्रि.वि.का विगत र वर्तमानका उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार र अन्यसँग पदाधिकारीहरू, कर्मचारीहरूसँग भएको जानकारी मुलक अनुभव उपयुक्त हुने भएकाले समितिलाई तोकिएको कार्यादेशमा उल्लेखित विषयमा आवश्यक जानकारी लिन पर्ने भएकाले एकल र समुहमा भेटघाट गरिएको थियो (अनुसूची १.७)।

७. समितिका सदस्यहरूबाट विभिन्न मितिमा त्रिभुवन विश्वविद्यालय परिसर कीर्तिपुर तथा उपत्यकाका विभिन्न आंगिक क्याम्पस र त्रि. वि.को जग्गा भएको भनिएको अन्य स्थानहरूको प्रारम्भिक स्थलगत अवलोकन गर्ने कार्य सम्पादन गरेको थियो (अनुसूची १.८)।

८. कार्यादेशसँग सम्बन्धित अभिलेख, सूचना, तथ्य तथ्याङ्क एवं जानकारी रहने राख्ने विभिन्न सरकारी कार्यालयमा गई सम्बन्धित फाइल, निर्णय तथा अभिलेख कागजपत्रहरूको अध्ययन एवं खोजबिन गरेको (अनुसूची १.९)।

९. समितिलाई तोकिएको जिम्मेवारी सम्पादन गर्ने सन्दर्भमा समितिका पदाधिकारीहरू विभिन्न कार्यालयहरूमा पुगी कार्यालयका प्रमुख तथा अन्य कर्मचारीहरूसँग समितिको कार्यादेशसँग सम्बन्धित विषयमा आवश्यक भएको सूचना, अभिलेख तथ्य तथ्याङ्क, प्रमाणकागजात उपलब्ध गराउन सहयोगका लागि अनुरोध गरिएको र त्यहाँबाट केही विवरण सूचनाहरू प्राप्त गर्ने कार्यमा अन्य निकायसँग समन्वय गर्ने कार्यपनि भएको छ।

१०. समितिलाई प्राप्त कार्यादेशसँग सम्बन्धित विषयमा आवश्यक पर्ने सूचना, जानकारी, तथ्य, तथ्याङ्कको खोजी विभिन्न समयमा त्रि.वि.बाट भएका निर्णय प्रकाशित पुस्तक, पत्र पत्रिका लेख रचना बुलेटिन मुखपत्र आदिको र विस्तृत खोजी अध्ययन गरिएको थियो।

११. समिति गठन हुनु अघि त्रि.वि.को जग्गा अतिक्रमण, हिनामिना आदि विषयसँग सम्बन्धित खोजमुलक समाचार प्रकाशन गर्ने कार्यमा संलग्न पत्रकार, सञ्चार माध्यम र त्यस्ता समाचार प्राप्त गर्ने संस्थाबाट थप प्रकाशित प्रसारित सूचना एवं जानकारी ग्रहण गरिएको थियो।

१२. त्रि.वि.को जग्गा जमिनसँग जोडिएका स्थानीय तह/नगरपालिकाहरूमा समेत भ्रमण गरी सम्बन्धित पदाधिकारी एवं कर्मचारीहरू छलफल गर्नका साथै जग्गा जमिनको अवस्था र प्रयोगबारे थप जानकारी लिईएको।

१३. समितिले कार्यप्रारम्भ गरेको दिन २०८१ जेष्ठ ३१ गते देखि मार्ग १५ सम्म तोकिएको कार्यदिन १७१ रहेकोमा ४० दिन सार्वजनिक विदा परेको, भेटघाट छलफल, कार्यालयमा कागजपत्र अध्ययन, स्थलगत अवलोकनका लागि ३८ दिन खर्चिएकोबाट बाँकी ९० दिन मात्र समितिको सचिवालयमा रही समितिका पदाधिकारीहरूले कार्यसम्पादन गरेको।

## १.९. समितिको कार्यसीमा

नेपाल सरकार (मं.प.) द्वारा सुम्पिएको जिम्मेवारी बहन गर्ने क्रममा देहाय बमोजिमको कार्यसम्पादन सिमा रहेको छ।

१. प्रारम्भिक चरणमा त्रिभुवन विश्वविद्यालयको काठमाडौं उपत्यकाभित्रको जग्गा जमिन तथा भवन र अन्य अचल सम्पत्तिको खोजबिन लगत संकलन एवं त्यसको संरक्षण, उपयोग र व्यवस्थापनका सम्बन्धमा सुझाव दिने कार्य जिम्मेवारी भएतापनि समिति त्रि.वि. कीर्तिपुर क्षेत्रको जग्गा, जमिन, भवन तथा नयाँ नैकाप काठमाडौंमा रहेको १२५ रोपनी जग्गाको खोजबिनमा केन्द्रित रही कागजात तथा अभिलेखहरू प्राप्त गर्ने र अध्ययन गर्ने विषयमा बढी केन्द्रित रहन पुग्यो ।

२. जग्गा जमिन र अचल सम्पत्तिको खोजबिन गर्दा धेरै बर्ष अगाडिदेखि (वि.सं. २०१३ देखि) को कागजपत्र प्राप्त गर्नुपर्ने भएको र त्यसमा उपयुक्त प्रमाणहरूको खोजी गर्नुपर्ने भएकाले अपेक्षाकृत बढी समय लाग्न गएको छ। खोजबिन गर्नुपर्ने कागजप्रमाण, अभिलेख खासगरी त्रि.वि., मालपोत र नापी कार्यालय लगायतका निकायहरूमा रहने र एकातिर, जग्गाजमिन सम्पत्ति खोजबिन गर्ने कार्य उक्त निकायहरूको प्राथमिकतामा नपरेको, दैनिक कार्यचापले सम्बन्धित कार्यालयबाट समयमा जवाफ पठाउने नगरेको, अर्को तर्फ सबै सरकारी निकायमा अभिलेख व्यवस्थापनको अवस्था कमजोर रहेको हुँदा समितिलाई आवश्यक पर्ने कागजात, विवरण एवं अभिलेख पटक पटकको ताकेता पछि धेरै ढिलो गरी प्राप्त हुन आउँदा र कतिपय विषयमा पूर्ण स्पष्ट नभएकाको हकमा पुनः पत्राचार गरी अनुरोध गर्दा मात्र प्राप्त हुन आएकोले समितिको कार्य सम्पादनको गति धिमा भएको विषयमा समितिले असहजता महशुस गर्यो। र कारबाहीको विषयमा किटानी साथ सिफारिस गर्न समेत सकिएन।

३. कार्यसम्पादन आवश्यक पर्ने पुराना अभिलेख, विवरण, प्रमाण कागजात, तथ्य, तथ्याङ्कको लागि त्रि.वि. लगायत अन्य विभिन्न सरकारी निकायहरू मालपोत, नापी र मन्त्रालय माथि नै भर पर्नुपर्ने भएको र उक्त निकायहरूबाट आवश्यक कागजातहरू पूर्ण रूपमा प्राप्त हुन नसकेकोले तोकिएको समयभित्र अपेक्षित रूपमा कार्यसम्पादन हुन सकेन।

४. समितिलाई दिइएको कार्यादेशमा जग्गा जमिन, भवन र अन्य अचल सम्पत्तिको खोजबिन, लगत संकलन गर्ने जिम्मेवारी दिइएको भए पनि जग्गा जमिनको नापजाँच लगायतका कार्यहरू सम्पादन गर्ने तत् क्षेत्रको विज्ञता भएका प्राविधिक कर्मचारी (मालपोत+नापी कार्यालयका प्राविधिकहरू)

समावेश गर्न कार्यदिशमा उल्लेख नभएकाले र समय पनि ज्यादै थोरै भएकाले आंशिक रूपमा मात्र कार्य सम्पादन गर्न सकिएको छ।

५. प्राप्त कागजात र प्रमाणहरू खोजबिन गर्न विभिन्न कार्यालयहरूमा स्थानीय ब्यक्तिहरूसँग सोधपुछ गर्नुपर्ने र जग्गा जमिन भएको स्थानमा भौतिक रूपमै उपस्थित भई समन्वय एवं अनुरोध गर्नुपर्ने सम्बन्धित स्थानमा गई स्थलगत अवलोकन गर्नुपर्ने तर समितिलाई कार्यालय समयमा सो कामको लागि सवारी साधनको व्यवस्था (बन्दोबस्त) मिलाउन समय लाग्ने गरेको कारणबाट पनि समयमा कार्य सम्पन्न गर्न कठिनाई परेको। ५ महिनाको समय हेर्दा धेरै देखिएतापनि कार्यसम्पादन गर्ने क्रममा खोजबिन गर्नुपर्ने विषयहरू र क्षेत्र थप हुन गएकाले अपेक्षाकृत कार्यहरू सम्पादन हुन सकेनन्। यी सबै कारणहरूबाट TOR मा उल्लेखित बुँदा मध्ये धेरैको हकमा पूर्णता दिन भ्याइएन भने त्रि.वि.को जग्गा जमिनको पूर्ण लगत संकलन गर्ने कार्य समेत पुरा हुन सकेन।

६. काठमाडौं उपत्यकाका क्याम्पस तथा उपत्यका बाहिरका क्याम्पसहरूको जग्गा जमिन र अन्य अचल सम्पत्तिहरूको बारेमा विस्तृत रूपमा प्रवेश गर्न क्याम्पसहरूमा लामो बिदा (दशैं र तिहार) भएकाले विवरण संकलनमा समयाभावले गर्दा सकिएन। यद्यपी यो प्रतिवेदनले त्रि.वि.को जग्गा जमिनका सम्बन्धी भएका समस्याहरूको चुरो कुरो पत्ता लगाई उजागर गरिदिएको छ; जसले थप छानबिन, खोजबिनलाई पर्याप्त आधार तयार हुने गरी प्रतिवेदन तयार गरी बुझाउन सकिएको छ।

७. त्रि.वि.का पदाधिकारी एवं आंगिक क्याम्पसका पदाधिकारीहरूको समिति प्रतिको बुझाई नै फरक भएको, समितिको TOR मा नै नभएको विषय जस्तैः धेरै समयदेखि नाप नक्सा नगराएकोलाई नापजाँच गरिदिने, सम्बन्धित निकायमा गई समिति तर्फबाटै फिल्डबुक, जग्गा धनी प्रमाणपूर्जा उपलब्ध गराइदिने, अतिक्रमण भएकोमा हटाईदिने, भोगाधिकारमा भएकोलाई स्वामित्व उपलब्ध गराईदिने, मं.प.बाट भएको त्रि.वि.को विरूद्धका निर्णय उपर कारबाही गरिदिने आदि कार्य सम्पन्न गरिदिनुपर्ने भन्ने बुझाई रहेको, निजहरूले समितिले छलफलको क्रममा क्याम्पसले उपभोग गरेको जग्गा जमिनको सम्बन्धमा श्रेष्ता पूर्जा, क्षेत्रफल, स्वामित्व अध्यावधिक गर्ने सन्दर्भमा दिएको सल्लाह सुझाव ग्रहण नगरेको मात्र होइन कागजातसमेत समयमा उपलब्ध नगराएकोले पनि समितिले तोकिएको समयमा अपेक्षाकृत नतिजा प्राप्त गर्न नसकेको।

८. त्रि.वि. र आंगिक क्याम्पसहरू समेत (काठमाडौं उपत्यका र बाहिर) को स्वामित्व, भोगाधिकारमा रहेका कतिपय जग्गा जमिनको श्रेष्ता अद्यावधिक गर्न बाँकी नै रहेको देखिँदा त्यस्ता अपूर्ण श्रेष्ता र तिनमा उल्लेखित जग्गाको क्षेत्रफल गोपनियताको दृष्टिले हाल प्रस्तुत प्रतिवेदनमा उल्लेख गर्न उपर्युक्त नहुने भएकाले सो विवरण उल्लेख गर्न सकिएन।

९. समितिको कार्यसम्पादन गर्ने सिलसिलामा केही विशेषज्ञ/विज्ञ व्यक्तिलाई आमन्त्रण गरी सुझाव लिन बैठक भत्ता/ यातायात खर्चको व्यवस्था नहुँदा आवश्यकता अनुसार विशेषज्ञ तथा विज्ञको सेवा लिन सकिएन।

परिच्छेदः दुई

# जग्गा जमिन तथा अचल सम्पत्तिको विद्यमान अवस्था

## २.१. त्रिभुवन विश्वविद्यालय

१. विधिवत् रूपमा वि.सं. २०१६ जेष्ठ २५ मा त्रिभुवन विश्वविद्यालय ऐन, २०१६ बमोजिम स्थापना भएको त्रिभुवन विश्वविद्यालय नेपालको सबैभन्दा जेठो र ठूलो केन्द्रीय विश्वविद्यालय, गरिमामय इतिहास बोकेको, विश्व चिनारी भएको, धरै विद्यार्थी भएको, जग्गा जमिन प्रसस्त भएको र पहुँच एवं विस्तारका दृष्टीले व्यापक रूपमा मुलुकभर फैलिएको र संरचनाका दृष्टिले संसार कै ठूला विश्वविद्यालय मध्येको विश्वविद्यालय हो। विश्वविद्यालय स्थापना गर्दा उच्च शिक्षा प्रदान गर्ने, राष्ट्रको सांस्कृतिक परम्पराको संरक्षण र विकास गर्ने, कला एवं विज्ञानका साथै व्यवसायिक क्षेत्रमा ज्ञान र अनुसन्धान वृद्धि गर्ने तथा नागरिकको असल चरित्र निर्माण गरी आदर्श, सभ्य र सुसंस्कृत नागरिकयुक्त समाज निर्माण गर्न शिक्षा प्रदान गर्ने र अन्तर्राष्ट्रिय विश्वविद्यालयहरूमा सम्बन्धन राख्ने उद्देश्यहरू राखिएको देखिन्छ ।

२. विश्वविद्यालयको स्थापना काल देखिनै उच्च शिक्षामा अग्रणी भूमिका निर्वाह गरेको यस विश्वविद्यालयमा हाल ६२ आंगिक (विश्वविद्यालय क्याम्पस, कीर्तिपुर समेत) क्याम्पस, ५२९ सामुदायिक क्याम्पस, ५४९ निजी क्याम्पस सम्बन्धनमा रहेका छन्। हाल त्रि.वि. अन्तर्गत ४२ वटा विभागहरू ५ वटा अध्ययन संस्थान, ४ वटा संकाय र ४ वटा अनुसन्धान केन्द्रहरू रहेका छन् भने त्रि.वि.का २०७९ को तथ्याङ्क अनुसार करिब ४ लाख विद्यार्थीहरूले अध्ययन गरिरहेको देखिन्छ। यसैगरी, शैक्षिक र प्राज्ञिक कार्यका लागि अध्यापन गराउने ७९६६ प्राध्यापकहरू र शैक्षिक, प्राज्ञिक एवं अनुसन्धानात्मक कार्यमा सहयोग गर्न ७२३० कर्मचारीहरू कार्यरत रहेका छन् (त्रि.वि.को सञ्चालन र व्यवस्थापन सम्बन्धी सोचपत्र, २०८१)।

३. यस विश्वविद्यालयबाट त्रिभुवन विश्वविद्यालय ऐन, २०१६, २०२८ र २०४९ बमोजिम शैक्षिक, प्राज्ञिक, अनुसन्धानात्मक कार्यका अतिरिक्त व्यवस्थापकीय कार्यहरू र विश्वविद्यालयको स्वामित्वमा रहेको अचल सम्पत्तिको संरक्षण, उपयोग र व्यवस्थापनका कार्यहरू समेत सम्पादन हुँदै आएको देखिन्छ। जग्गा, जमिन, चल अचल सम्पत्तिको स्वामित्व ग्रहण एवं हस्तान्तरण, संरक्षण, रेखदेख र व्यवस्थापन गर्ने सम्बन्धमा त्रि.वि.सँग सम्बन्धित ऐन, नियमावली एवं विनियमहरूमा आवश्यक व्यवस्थाहरू गरिएको देखिन्छ ।

### २.१.१. विश्वविद्यालय स्थापनार्थ जग्गा अधिग्रहण

१. नेपालमा विश्वविद्यालय स्थापना गर्ने पुनीत उद्देश्यले विश्वविद्यालय कमिशनले निरीक्षण तथा अवलोकन गरेका स्थानहरू लुभु, स्वयंम्भू छाउनी, महाराजगंज, नगरकोट र कीर्तिपुर क्षेत्रका जग्गाहरू मध्येमा उपयुक्त ठहर्याएको कीर्तिपुर क्षेत्रको ट्याङ्लाटारको जग्गा लिन त्रिभुवन

विश्वविद्यालय कमिशनका लागि कार्यरत अमेरिकी सल्लाहकारहरूको प्रतिवेदनमा उल्लेख भएको राय परामर्श एवं सिफारिस अनुसार तत्कालीन सरकारले जग्गा अधिग्रहण सम्बन्धमा गरेको निर्णयानुसार मन्त्रिपरिषद्को प्रधान राज्यव्यवस्था मन्त्रालयको सूचनाका रूपमा नेपाल गजेटमा वि.सं. २०१३ मार्ग १८ मा त्रि.वि.को जग्गा अधिग्रहण सम्बन्धी सूचना प्रकाशन भएको देखिन्छ। उक्त सूचना अनुसार त्रिभुवन विश्वविद्यालयको लागि बागमती नदीदेखि पश्चिम, बल्खु खोलादेखि दक्षिण, पाँगा जाने भाजंगल र नयाँ बाटो कीर्तिपुर जानेबाटो देखि उत्तर, र कीर्तिपुरबाट कालीमाटी जाने पुरानो मुलबाटो देखि पूर्वतर्फको चार किल्लाभित्रको कीर्तिपुर क्षेत्रको रैकर जग्गा मध्ये ५०० रोपनी अधिग्रहण गरिने उल्लेख भएको देखिन्छ (अनुसूची २.१)।

२. यसैगरी, जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी ऐ.ऐनको दफा ३(ख) अनुसार त्रिभुवन विश्वविद्यालयको केन्द्रीय कार्यालयको प्रशासकीय भवन र स्टाफ क्वाटर निर्माण समेतको लागि भनी बागमती अञ्चल काठमाडौं जिल्ला अन्तर्गत चिथुविहार वडा नं २ मा पर्ने विभिन्न कित्ता जग्गाहरू मध्ये क्षेत्रफल ३९-१४-० रोपनी (उनान्चालिस रोपनी चौध आना), कलङ्की पञ्चायत वडा नं ८ (क) मा पर्ने विभिन्न कित्ता जग्गाहरू मध्ये क्षेत्रफल ११२-११-१ रोपनी (एकसय बाह्र रोपनी एघार आना एक पैसा), कलङ्की पञ्चायत बडा नं. ८ (ख) मा पर्ने विभिन्न कित्ता जग्गाहरू मध्ये १४१-१३-२ रोपनी (एकसय एकचालिस रोपनी तेह्र आना दुई पैसा) कलङ्की पञ्चायत वडा नं ९(क) मा पर्ने विभिन्न कित्ता जग्गाहरू मध्ये ३४२-१-२ रोपनी (तीनसय बयालिस रोपनी एक आना दुई पैसा) र कलङ्की पञ्चायतको बडा नं ९(ग) मा पर्ने विभिन्न कित्ता जग्गाहरू मध्ये २४-१२-० रोपनी (चौबिस रोपनी बाह्र आना दुई पैसा) जग्गा गरी कूल ६६१-४-० रोपनी (छ सय एकसठ्ठी रोपनी चार आना मात्र) समेत जग्गा अधिग्रहण गर्ने गरी तत्कालीन श्री ५ को सरकार, शिक्षा मन्त्रालयद्वारा बि.सं. २०३३ साल वैशाख ७ गते नेपाल राजपत्रमा सूचना प्रकाशित भएको देखिन्छ । उक्त सूचनामा जग्गाको मोल र अरू नोक्सानी वापत क्षतिपूर्ति जग्गा प्राप्ति ऐन, २०१८ को दफा ३ र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम दिईने व्यहोरा समेत उल्लेख भएको देखिन्छ (अनुसूची २.२)।

३. यसैगरी, श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रालयको मिति २०३९/०७/१२ मा निर्णय भए अनुसार त्रि.वि. केन्द्रीय प्रशासन भवन निर्माण गर्न छुट भएको जग्गा भनी काठमाडौं जिल्ला चिथु विहार गा.पं. र कलङ्कीस्थान गा.पं. अन्तर्गतको ३५ कित्ता जग्गा अधिग्रहण गरिएको सूचना २०४१/०१/१५ को गो.प.मा प्रकाशन भएको देखिएको छ (अनुसूची २.३)।

### २.१.२. मुआब्जा वितरण

१. वि.सं. २०१३ साल मार्ग १८ को नेपाल गजेटमा प्रकाशित सूचना बमोजिम विश्वविद्यालयका लागि कीर्तिपुर क्षेत्रको ट्यांगलाटारको जग्गाको मुआब्जा वितरणका लागि प्रारम्भमा रैकर मोहीको ३००/- देखि ४००/- प्रतिरोपनी बिर्ता जमिनको प्रतिरोपनी रू ५००/- देखि रु ६००/- सम्म

विर्ताको मोहीलाई रैकर जमिनको मोही सरह दिने निर्णय भएको देखिन्छ । उपर्युक्त बमोजिमको दर अनुसार विर्ता फाँटबाट मुआब्जा वितरण भएको भनिएको छ।

२. कमिशनको कार्यकाल २०१६ आषाढ़ मसान्त सम्ममा जम्मा जम्मी रूपैयाँ रू १२,२६,५००/- (बाह्र लाख छब्बिस हजार पाँच सय) मुआब्जा वितरण गरेको उल्लेख छ (त्रि.वि. सिण्डिकेटको निर्णय अनुसूची २.३) त्रि.वि. कमिटीको मिति २०१९/०२/२३ गतेको बैठकको निर्णय उतार अनुसार त्रि.वि.लाई ३६/३८ सय रोपनी जग्गा चाहिने भई अधिग्रहण कार्य अघि बढाईएको र रू १६,०२,५५८।२४ रकम मुआब्जाका लागि चाहिने भनिएकोमा रू ७,२५,०४३/२४ लगत फाँटलाई वितरण गर्न उपलब्ध भएको भनी उल्लेख भएको देखिन्छ।

३. त्रि.वि. सिण्डिकेटको मिति २०२१ आषाढ १० गतेको १९ औं बैठकको निर्णय अनुसार उक्त क्षेत्रको मुआब्जा दिन समेत पर्ने जग्गाको सर्भे गर्दा २५५६ रोपनी देखिन आएकाले कमिशनले सो सबै जमिनको मुआब्जा तत्काले उपलब्ध गराउने निर्णय गरेको र लगत फाँटका अनुसार उक्त जग्गाका लागि रूपैयाँ १७,६६,४७३।३६ लाग्ने देखिएको तर श्री ५ को सरकारबाट पछि सोध भर्ना गर्ने गरी रू १०,७५,७५८।३६ प्राप्त गरेको र बाँकी रूपैयाँ ६,९०,७१५/- मुआब्जाका लागि पछि निकासा माग गर्ने भनी उल्लेख भएको देखिन्छ। वि.सं. २०१९ साल सम्ममा मुआब्जा वितरण गरी २५५६ रोपनी १२ आना जग्गाको त्रि.वि.को स्वामित्व तथा अधिनमा ल्याएको २०२१ आषाढ १० को सिण्डिकेट बैठकको निर्णयबाट देखिन्छ।

४. यसैगरी, वि.सं. २०३३ वैशाख ७ गते अधिग्रहण भएको थप जग्गाको मुआब्जा वितरण गर्ने कार्य जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मुआब्जा फाँटबाट भएको पाईन्छ। त्यसका केही उदाहरणका मुआब्जा फाँटका च.नं. ५६८ मिति २०३९/५/९, च.नं. ५९९ मिति २०३९/५/११ को पत्र उल्लेख भएको देखिएको।

५. यसैगरी, त्रि.वि. केन्द्रीय प्रशासन भवन निर्माण गर्न छुट भएको जग्गा चिथुविहार गा.पं. र कलङ्कीस्थान गा.पं. अन्तर्गत कि.नं. १ देखि ३५ सम्मको ३५ कित्ता जग्गा अधिग्रहण गरिएको सूचना मिति २०४१/०१/१५ को दैनिक गोरखापत्रमा प्रकाशन भएको र सो जग्गाको क्षतिपूर्ति बापत जि.प्र.का काठमाडौंबाट मिति २०४१/०३/२४ मा पनि मुआब्जा वितरण गर्ने निर्णय भएको देखिन्छ।

६. यी माथि उल्लेख भए बमोजिम सिण्डिकेटबाट भएका निर्णयका आधारमा हेर्दा विभिन्न मितिमा तत्कालिन मुआब्जा फाँट समेतबाट मुआब्जा वितरणका लागि रकम माग गरेको, प्राप्त गरेको र वितरण गरेको व्यहोरा उल्लेख भएको देखिए तापनि मुआब्जा वितरण कार्यसँग सम्बन्धित निकायहरू त्रि.वि., जिल्ला प्रशासन कार्यालय समेतबाट सो सम्बन्धी अद्यावधिक अभिलेख प्राप्त हुनमा ढिलाई भएकोले र समितिको म्याद सकिएकोले मुआब्जा वितरण सम्बन्धमा एकिन विवरण उल्लेख गर्न सकिएन ।

## २.२. जग्गा जमिन र भवनको विवरण

१. त्रिभुवन विश्वविद्यालय जग्गा जमिनका दृष्टिबाट प्रशस्त जग्गा भएको सम्पन्न विश्वविद्यालय हो। यसको कीर्तिपुर परिसर, कीर्तिपुर परिसर बाहिर डिल्लीबजार, त्रिपुरेश्वर, वसन्तपुर, नयाँ नैकाप, लुभु क्षेत्र, कपन क्षेत्र मा जग्गा जमिन रहेको देखिन्छ। यसै गरी, काठमाडौं उपत्यकामा सञ्चालनमा रहेका २२ वटा आंगिक क्याम्पसहरू (विश्वविद्यालय क्याम्पस समेत) र उपत्यका बाहिर मुलुकभर सञ्चालनमा रहेका ४० वटा गरी ६२ वटा आंगिक क्याम्पसहरूको आ-आफ्नो स्वामित्वमा रहेको र भोगाधिकार प्राप्त गरेको समेत जग्गा जमिन र अन्य अचल सम्पत्तिहरू मुलुकभर रहेको देखिन्छ।

२. समितिलाई छानबिनको क्रममा त्रि.वि. लगायत विभिन्न क्याम्पसहरूबाट जग्गा जमिन तथा भवन सम्बन्धी तथ्य, तथ्याङ्क र विवरणहरू प्राप्त भएको भएतापनि समितिको कार्यादेश (TOR) अनुसार समितिले कीर्तिपुर परिसर र काठमाडौं उपत्यकाभित्र रहेका क्याम्पसहरूको मात्र खोजबिन कार्य सम्पन्न गरेको छ। साथै काठमाडौं उपत्यका भन्दा बाहिर सञ्चालनमा रहेका क्याम्पसहरूको लगत पनि संकलन गरी त्यसलाई भने सूचीबद्ध मात्र गरिएको छ।

### २.२.१. त्रि.वि. कीर्तिपुर परिसरमा रहेको जग्गा जमिन

त्रिभुवन विश्वविद्यालयको कीर्तिपुर परिसरभित्र यस समितिलाई प्राप्त भएको विवरण अनुसार विश्वविद्यालय क्याम्पसको कीर्तिपुर बहुमुखी क्याम्पसका नाममा रहेको भनी यस समितिलाई उपलब्ध गराएको विवरण बमोजिम भएको जग्गा जमिनको क्षेत्रफल ५०५०-३-१-१ रोपनी रहेको देखिन्छ। विस्तृत विवरण अनुसूची २.४ मा रहेको छ।

### २.२.२. त्रि.वि. कीर्तिपुर स्वयंले प्रयोग गरेका विवरण

त्रि.वि. परिसर किर्तिपुरमा रहेको मध्ये त्रि.वि. स्वयंले प्रयोग गरेको र अन्य निकाय, संघ संस्थाहरूले प्रयोग गरेका समेत गरी निम्न बमोजिमको विवरण प्रस्तुत गरिएको छ।

#### त्रि.वि. परिसर कीर्तिपुरमा रहेका भवनहरू

त्रि.वि. कीर्तिपुरमा पठन पाठन, प्रशासन, अनुसन्धान, आदि विभिन्न प्रयोजनका लागि भवनहरू रहेको पाईन्छ। त्रि.वि. प्राचार्यको कार्यालयबाट मिति २०८१/०५/०९ मा प्राप्त विवरण अनुसार त्रि.वि. परिसरमा विश्वविद्यालयको मातहतमा जम्मा १२७ वटा साना ठूला भवनहरू रहेको देखिन्छ। भवनहरूको प्रयोगको अवस्था र संख्या विस्तृत रूपमा अनुसूची २.५ मा उल्लेख रहेको छ।

#### त्रि.वि.सँग सम्झौता गरी बनेका त्रि.वि. बाहेक अन्य निकायहरूको प्रयोगमा रहेका भवनहरू

माथि खण्ड (क) मा उल्लेखित भवनहरू बाहेक, त्रि.वि. परिसर कीर्तिपुरभित्रको जग्गामा त्रि.वि.सँग सम्झौता गरी जग्गा भोगाधिकार लिएर विभिन्न संघ संस्थाले आफ्ना भवनहरू बनाएका छन्। यस्ता

संस्थाहरूमा त्रि.वि. प्राध्यापक संघ, नेपाल प्राध्यापक संघ, त्रि.वि. कर्मचारी संघ, वि.पी. प्लानेटरियम, नेपाल बैंक लिमिटेड, नेपाल प्रहरी, आयुर्वेद अनुसन्धान केन्द्र आदि रहेका छन्। यसरी विभिन्न संघ संस्थाले बनाएका वा मातहतमा रहेको भवनहरूको संख्या १९ रहेको भनी त्रि.वि. केन्द्रीय कार्यालयबाट जानकारी हुन आएको छ।

## २.३. जग्गा, जमिन र भवनहरूको अवस्था र व्यवस्थापन

### २.३.१. जग्गा जमिनको विद्यमान अवस्था

कानूनको शासनलाई नेपालको संविधानले अंगीकार गरेको हुँदा विधि, प्रक्रिया र कानूनमा जे व्यवस्था उल्लेख छ। सोही बमोजिम हरेक कानूनी व्यक्तिहरूले पनि आफ्नो कार्यसम्पादन, काम कारबाही गर्नुपर्ने र कानून बमोजिम भएका निर्णयहरूको सम्मान गर्दै जानुपर्ने हुन्छ। यीनै विधिशास्त्रिय मान्यताहरू आत्मसात गरी त्रि.वि.को जग्गा जमिन तथा सम्पत्तिका बारेमा प्रस्तुत अध्ययन एवं खोजबिन तथा विश्लेषण कार्य सम्पादन गर्ने प्रयास गरिएको छ ।

यस समितिले विभिन्न मितिमा त्रि.वि. र विभिन्न सरकारी निकायहरूसँग पत्राचार गरी तथा सञ्चार माध्यम मार्फत त्रि.वि.को स्वामित्वमा रहेको जग्गा जमिन तथा भवनहरूको विषयमा थप जानकारी एवं तिनको प्रयोगको अवस्था तथा दुरूपयोग, अतिक्रमण हिनामिना भए गरेको सम्बन्धमा समेत जानकारी भए समितिमा उपलब्ध गराइदिन अनुरोध समेत गरी प्राप्त भएका कागजात, सूचना, जानकारी एवं अभिलेखहरू तथ्य, सूचना एवं विवरण/प्रमाणहरू अनुसार विश्लेषण गर्दा देखिन आएका तथ्यहरू देहाय बमोजिम प्रस्तुत गरिएको छ।

### २.३.१.१. कीर्तिपुर परिसर हाताभित्रको जग्गा उपयोगको विद्यमान अवस्था

**(क) समितिलाई प्राप्त सूचना एवं जानकारी**

१. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर परिसर र अन्यत्र रहेको जग्गा, जमिन एवं भवहरूका सम्बन्धमा त्रि.वि. पदाधिकारी र कर्मचारीको मिलेमतोमा त्रि.वि.को २ हजारभन्दा बढी रोपनी जग्गामा निजीदेखि धार्मिक सम्म गरी १८ वटा संघ संस्थाले रजाई गरिरहेको त्रिभुवन विश्वविद्यालयको पूर्ण स्वामित्वमा रहेको जमिन अपचलन श्रृंखलामा शैक्षिक माफियाको दादागिरी चलेको छ। त्रि.वि.को स्वामित्वमा रहेको कीर्तिपुर स्थिती झण्डै १ हजार ५ सय रोपनी जमिन भोगचलनका हिसावले विभिन्न संस्थाको मातहतमा गइसकेको छ। तीन हजार ६ सय १३ रोपनी जग्गाको लालपूर्जा त्रि.वि.सँग भए पनि मुस्किलले २ हजार ५ सय रोपनी जमिन त्रि.वि.ले भोगचलन गरेको छ भन्ने जस्ता समाचारहरू विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको।

२. महालेखा परीक्षकको ५८ औं बार्षिक प्रतिवेदनले विश्वविद्यालयको सम्बन्धमा कुत तथा भाडा नउठेको भोगचलनमा रहेतापनि पूर्ण स्वामित्वमा नल्याएको, विश्वविद्यालयको जग्गामा अन्य निकायबाट निर्माण गरेको भौतिक संरचनाको हकभोग हस्तान्तरण नभएको, निर्मित संरचनाको

स्वामित्व स्पष्ट नभएको अभिलेख व्यवस्थित नभएको, विभिन्न निकायबीच समन्वय नभएको भन्ने उल्लेख भएको।

३. सम्मानित अदालतबाट भएका न्यायिक निर्णयको सन्दर्भमा पनि विश्वविद्यालयका विभिन्न समयमा फेरिने पदाधिकारीहरूले दाताले अर्पण गरेको सम्पत्ति जुन तदारूकताका साथ संरक्षण र व्यवस्थापन गर्नुपर्ने थियो सो नगरेको, कारणबाट विडम्बना पूर्ण स्थिति (सम्पत्ति प्राप्ति, संरक्षण उपयोग एवं व्यवस्थापन सम्बन्धमा) उत्पन्न हुन गएको पाईयो। यसरी जिम्मेवारी बहन नगरी सुत्ने, आफ्नो जिम्मेवारी भुल्ने वा अख्तियारको दुरुपयोग गर्ने छुट कसैलाई नहुने भन्ने फैसला भएको देखियो।

**(ख) खोजबिन एवं तथ्यको संकलन**

समितिलाई अन्य माध्यमबाट प्राप्त उल्लेखित सूचना एवं जानकारीलाई समेत खोजबिनको प्रारम्भिक आधार मानी त्रि.वि.सँग जग्गा जमिनको विद्यमान अवस्थाका सम्बन्धमा विवरणहरू माग गर्दा निम्न अनुसारको विवरण जानकारी प्राप्त भयो।

१. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर परिसरभित्र रहेका जग्गाको लागि बि.सं. २०१३ सालदेखि विभिन्न समयमा अधिग्रहण भएको चारकिल्लाभित्रका जग्गा जमिनहरूमा मुआब्जा दिई त्रि.वि.को स्वामित्वमा रहेको भनी यस समितिको कार्य अवधिभित्र त्रि.वि.बाट उपलब्ध विवरण अनुसार जम्मा ५०५०-३-१-१ रोपनी क्षेत्रफल जग्गा रहेको, सो जग्गा मध्ये करीब ८४३ रोपनी १० आना ६ पैसा १ दाम जग्गा सरकारी निकाय र विभिन्न गैरसरकारी संघसंस्थाहरूले उपयोग गर्दै आएको देखिन्छ (त्रि.वि. रजिष्ट्रारको कार्यालय, सा.प्र. महाशाखाको च.नं. ९७८० मिति २०८१/०३/२१ को पत्र) (अनुसूची २.६)। त्यस मध्येमा धेरै जग्गाहरू सम्बन्धित संघसंस्थाहरूले त्रि.वि.मा अनुरोध (माग) गरेकोमा कार्यकारी परिषद्, सिण्डिकेट र त्रि.वि. कमिशनको निर्णयबाट स्वीकृति भएपछि विधिवत् उपभोग गरेको देखिएको छ भने केही जग्गा जमिन संघ संस्थाहरूले विना स्वीकृति कब्जा गरी उपभोग गरेको पनि देखिएको छ।

विभिन्न संघ संस्थाहरू एवं नेपाल सरकारको अनुरोधमा त्रि.वि. कार्यकारी परिषदको विभिन्न मितिको निर्णयबाट जग्गा उपलब्ध गराईएको कार्यकारी परिषद्को विभिन्न मितिको निर्णयबाट देखिन आएको छ। गणतन्त्र स्तम्भ निर्माणलाई ६० रोपनी, वि.पी. प्लानेटोरियम तथा अब्जरभेटरीलाई १६० रोपनी, कृषि बागबानी केन्द्रलाई २८१ रोपनी, आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रलाई २५ रोपनी, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई ८२+२५ रोपनी, जग्गा नेपाल सरकारको अनुरोधमा उपलब्ध गराईएको (कार्यकारी परिषद्को मिति २०७५/०७/२६ को निर्णय नं २१८ को निर्णयमा अभिलेखीकरण गरिएको) देखिन्छ। त्यसमध्ये गाङखेल क्षेत्रमा गणतन्त्र स्मारकका लागि भनी ६० रोपनी जग्गा नेपाल सरकारको अनुरोधमा २०६८/१२/१४ गते त्रि.वि. कुलपतिको तर्फबाट लेखिएको पत्रबाट उपलब्ध

गराईएको र पछि उक्त स्थानमा गणतन्त्र स्मारक निर्माण नगर्ने भएपछि त्रि.वि.लाई फिर्ता भएको भनी जानकारी हुन आएको। महानगरीय प्रहरी वृत्त (कीर्तिपुर) लाई ५ रोपनी, महानगरीय प्रहरी वृत्त (कालिमाटी) लाई ४ रोपनी, नेपाल प्राध्यापक संघलाई ६ रोपनी १२ आना, ग्लोबल आईएमई बैंक, लायन्स क्लब इन्टरनेसनलको रक्तसञ्चार केन्द्र, नेपाल क्रिकेट संघ (७६ रोपनी ४ आना ३ दाम), नेपाल बैंक लि. भवन आदिलाई समेत गरी जग्गा उपलब्ध गराएको देखिन्छ।

त्रि.वि.ले मिति २०८१/०३/२१ को पत्रद्वारा समितिलाई उपलब्ध गराएको विवरणका आधारमा अध्ययन गर्दा, त्रि.वि.को कुनै निर्णय तथा स्वीकृति, सम्झौता विना त्रि.वि.को नाप नक्सा एवं लालपूर्जा भएको करिब १५ रोपनी जग्गा वि.सं. २०४७/०४८ साल देखि राधास्वामी सत्संग व्यास नेपाल नामक संस्थाले अनधिकृत रूपमा प्रयोग गर्दै आएको छ। यसैगरी, कीर्तिपुर बहुमुखी क्याम्पसको नाममा नै ज.ध. दर्ता प्रमाणपूर्जा भएको कीर्तिपुर न.पा. वडा नं. १० को कि.नं. ३४ को १०८ रोपनी १४ आना २ पैसा ३ दाम जग्गा लेबोरेटरी माध्यमिक विद्यालयले अनधिकृत रूपमा जबरजस्ती कब्जा गरी उपयोग गरिरहेको पनि देखिन्छ।

त्यसैगरी, त्रि.वि. र नेपाल क्रिकेट संघ वीच मिति २०५४/०१/२० र २०५९/१/१ मा गरी २ पटक द्विपक्षीय सम्झौता बमोजिम त्रि.वि. क्रिकेट रंगशाला (त्रि.वि.को स्वामित्वमा रहेको कि.नं. ३२ को ७६-४-३-० रोपनी) जग्गा भाडामा दिइएको छ भने यस्तै नेत्रज्योती संघलाई मिति २०७२/३/२ गतेको सम्झौता बमोजिम २० वर्षका लागि १० रोपनी जग्गा भोगाधिकारमा दिइएको देखिन्छ।

नेपाल बैंक लिमिटेडलाई कहिले देखि जग्गा उपलब्ध गराइएको भन्ने विवरण "उपलब्ध नभएको" भनी उल्लेख भई आएको छ। तर नेपाल बैंकले समितिलाई उपलब्ध गराएको पत्रमा भने मिति २०२६/०८/२२ को त्रि.वि. रजिष्ट्रारको कार्यालयको पत्रका आधारमा जग्गामा भवन बनाई उपभोगमा ल्याउन सक्ने गरी स्वीकृति दिईएको भन्ने देखिन्छ।

विभिन्न निकायहरूले यी सबै जग्गा जमिनहरूको उपभोग गरेको सम्बन्धमा समितिले प्रारम्भिक रूपमा प्राप्त गरेको विवरण, सूचना, जानकारी र अभिलेखहरूका आधारमा विभिन्न माध्यमबाट थप विवरण, तथ्य र आधार प्रमाणको खोजी गरि प्राप्त विवरण, सूचना, प्रमाणहरूको विश्लेषण गरी सोही विश्लेषणका आधारमा समितिको निष्कर्ष र सुझाव अलग अलग खण्ड गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ।

## क. साबिकको ल्याब स्कूल (शिक्षण सिकाई स्कुल) हालको लेबोरेटरी माध्यमिक विद्यालयद्वारा उपभोग गरिरहेको करीब १०९ रोपनी जग्गा

### १. सञ्चार मिडियामा समाचार प्रकाशित उजुरी तथा गुनासोः

"राजनीतिक स्वार्थ समूहको संलग्नतामा त्रि.वि.को १०८ रोपनी जग्गा लेबोरेटरी स्कुलले फिर्ता गरेन" भन्ने शिर्षक समेत राखी तत्कालीन समयमा सरकारी शिक्षण संस्था कलेज अफ एजुकेशनको विद्यार्थी एवं शिक्षकका लागि प्रयोगात्मक क्रियाकलाप सञ्चालन गर्न स्थापना भएको लेबोरेटरी स्कूल (ल्याब स्कुल) को संरचना त्रि.वि.को जग्गामा छ। वि.सं. २०३४ सालसम्म सरकारी स्कूलका रूपमा रहेको विद्यालय पछि एकाएक निजी बनाएर त्रि.वि.को जग्गा र संरचना हडपिएको छ। राजनीतिक पहुँचका भरमा कब्जा जमाइएको सरकारी सम्पत्ति खाली गर्न त्रि.वि.ले अनेकौं पटक ताकेता गरे पनि स्कुलले फिर्ता नगरी अटेर गरिरहेको ..." भन्ने समेत समाचारहरू विभिन्न सञ्चार माध्यममा प्रकाशन भएको।

### २. समितिलाई प्राप्त भएको तथ्यगत सूचना र विवरणः

१. वि.सं. २०१३ मार्ग १८ गते नेपाल गजेटमा प्रकाशित त्रि.वि.को लागि अधिग्रहण गरिएको जग्गाको विषयको सूचनामा उल्लेखित चौहदीभित्र परेको र साबिक कीर्तिपुर न.पा. वडा नं. ३ हाल किर्तिपुर न.पा. वडा नं. १० कि.नं. ३४ को क्षेत्रफल १०८-१४-२-३ एक सय आठ रोपनी चौध आना दुई पैसा तीन दाम त्रि.वि.को नाममा नाप नक्सा भएको जग्गाधनी प्रमाणपूर्जाभित्रको जग्गामा अवस्थिति र साबिक त्रि.वि.को स्वामित्वको जमिनमा भवन बनाउन सम्मको लागि त्रि.वि.सँग स्वीकृति लिई कलेज अफ एजुकेशनको शिक्षण सिकाई स्कुल (ल्याब) का लागि तयार भएको भौतिक संरचनाहरू समेत हालको लेबोरेटरी माध्यमिक विद्यालयले त्रि.वि.को स्वीकृति एवं सम्झौता विना उपभोग गर्दै आएको देखिन्छ। अर्को तर्फ उक्त जग्गा त्रि.वि.को हक स्वामित्वभित्रको जग्गा नभएकाले जग्गा खाली गर्न बाध्य नहुने भन्ने लेबोरेटरी विद्यालयले त्रि.वि.लाई जानकारी दिँदै आएको र उक्त विद्यालयले भोगाधिकार दर्ता गर्न वि.सं. २०७१ सालमा मालपोत कार्यालय, कलङ्कीमा पत्राचार गरी राखेको जानकारी पाई त्रिभुवन विश्वविद्यालयले पटक पटक पत्राचार गरी जग्गा खाली गर्न अनुरोध गरेकोमा अटेर गरी कब्जा गरिरहेको भन्ने समेत यावत् विषयहरू एवं व्यहोराहरू त्रि.वि. तथा लेबोरेटरी स्कुलबिच भएका पत्राचार एवं समय समयमा सार्वजनिक भएका समाचारबाट जानकारी हुन आएको।

२. जग्गाको स्वामित्व वा उपयोगका विषयमा विश्लेषण तथा निक्यौंल गर्नु अघि ल्याब स्कुलको इतिहासका विषयमा पनि केही उल्लेख गर्नु आवश्यक एवं उचित देखिन्छ। कलेज अफ एजुकेशन र ल्याब स्कुलको ऐतिहासिक सम्बन्ध रहेको देखिन्छ। प्रचलित परम्परागत शिक्षण विधामा परिवर्तन ल्याउने र शिक्षकको पेशागत आचार, व्यवहार, गुणस्तरमा सकारात्मक सुधार

ल्याई आदर्श एवं दक्ष शिक्षक बनाउने अभिप्रायले सन् १९५४ जून २६ मा तत्कालीन श्री ५ को सरकार, संयुक्त राज्य अमेरिकी सरकारको USAID र ओरेगन विश्वविद्यालयको आर्थिक तथा प्राविधिक सहयोगका लागि भएको शिक्षक शिक्षण सम्बन्धी सम्झौता बमोजिम नेपाल सरकारले शिक्षा सचिवालय अन्तर्गत सञ्चालन गर्ने गरी एक कलेज अफ एजुकेशनको स्थापना २०१३ भाद्र २४ (तदनुसार १९५६ सेप्टेम्बर ८) मा भएको थियो (उपाध्याय, श्रीराम २०८०)। सम्झौता अनुसार राष्ट्रिय विश्वविद्यालय स्थापना भए पछि कलेज अफ एजुकेशनको साथसाथै ल्याब स्कूलका सुविधाहरू त्यही स्थानमा सर्नेछ भन्ने कुराहरू पनि सम्झौतामा उल्लेख गरिएको थियो। (नविन शिक्षा मासिक पत्रिका)

३. सन् १९५६ सेप्टेम्बर देखि कलेज अफ एजुकेशनमा शिक्षा व्यवसाय अपनाउन चाहने एस.एल.सी. उत्तीर्णहरूलाई चार वर्षे वि.एड. तथा वि.ए. वा सो सरह उत्तीर्णलाई एक वर्षे वि.एड. पूर्व स्नातक विद्यार्थीहरूलाई उदार कलाका पृष्ठभूमि प्रदान गर्ने, प्रभावोत्पादक शिक्षणको निम्ति चाहिएको स्थापित स्तर बमोजिम पूर्व स्नातक तथा स्नातक विद्यार्थीहरूलाई शिक्षण सम्बन्धी व्यवसायिक शिक्षा प्रदान गर्ने, राम्रोसँग स्पष्ट गरिएको शिक्षाको दर्शनको विकासद्वारा नेपालका वर्तमान शिक्षकहरूको व्यावसायिक दक्षताको स्तर उठाउने र प्राथमिक तथा माध्यमिक दुवै स्कुलहरूको निम्ति प्रशासकहरूलाई तालिम दिने र नर्मल स्कुलहरूको लागि शिक्षकहरूलाई तालिम दिने उद्देश्यहरू राखी स्थापना भएको र नेपालमा विश्वविद्यालय स्थापना भई कार्यक्रम सञ्चालन नहुँदा सम्मका लागि ब्याचलर अफ एजुकेशन डिग्री प्रदान गर्नका लागि अधिकृत (आधिकारीक संस्था) मानिएको देखिन्छ। (नविन शिक्षा मासिक, २०१५ वैशाख)

४. उक्त कलेज अफ एजुकेशनले, वि.सं. २०१३ सालमा काठमाडौंको लाजिम्पाटको चेतभवनमा शिक्षक शिक्षण तालिम केन्द्रको लागि डेमोन्सट्रेसन स्कूल (शिक्षक शिक्षणका लागि ल्याब स्कूल) का रुपमा अस्थायी कार्यालय राखेको देखिन्छ । कलेज अफ एजुकेशनको शिविर (स्थानभित्र) सँगै रहेको प्रयोगशाला स्कुल (डेमोन्सट्रेसन स्कूल) ले प्राथमिक शिक्षक तालिम तथा स्थानीय नर्मल स्कुलका युनिटको निम्ति शैक्षिक प्रयोगशालाको हकमा काम गरेको देखिन्छ।(नविन शिक्षा मासिक पत्रिका)

५. उक्त कलेज अफ एजुकेशन, सबै वि एड. तालिम दिईने देशभरिको एक मात्र शिक्षक शिक्षण कलेजका रुपमा थियो, यहि संस्था नै पछि शिक्षा महाविद्यालय (College of Education) का रुपमा परिणत भएको र यस अन्तर्गतका डेमोन्सट्रेसन स्कूल नै पछि ल्याब स्कूल (प्रयोगशाला स्कुल) को रूपमा परिणत भएको देखिन्छ। त्यही स्कूल नै लेबोरेटरी मा.वि.मा रूपान्तरण हुँदै आएको देखिन्छ। तर ल्याब स्कुल शिक्षा महाविद्यालयको अभिन्न अंग (Part and parcel) भएको र त्रि.वि.लाई कलेज अफ एजुकेशनसँगै USOM ले हस्तान्तरण गरेको र पछिसम्म त्रि.वि.ले नै तालिम कार्यक्रम सञ्चालन गर्दै आएकोमा कसरी नेपाल सरकारको स्वामित्वमा

गएको हो? सो सम्बन्धमा पनि थप छानबिन हुनुपर्छ भन्ने धारणा पूर्व उपकुलपति एवं रजिष्ट्रारको रहेको पाईयो।

६. त्रिभुवन विश्वविद्यालयको लागि वि.सं. २०१३ सालमा अधिग्रहण गरि मुआव्जा समेत दिई जग्गाधनी पुर्जा प्राप्त गरेको जग्गामा नै अमेरिकी सरकारको सहयोगमा नेपाल सरकार र संयुक्त राज्य अमेरिकी सरकारको USAID तथा ओरेगन विश्वविद्यालय बिच सन् १९५४ मा भएको सम्झौता बमोजिम नै कीर्तिपुर क्षेत्रमा कलेज अफ एजुकेशन (हालको शिक्षा शास्त्र संकाय) को भवनहरू र सो अन्तर्गतको शिक्षण सिकाई प्रयोगशाला स्कूल (ल्याब स्कूल) को भवनहरू एकै ठाउँमा एकै प्रकारको डिजाइन अनुरूप हुने गरी हालको ल्याब स्कुल रहेको स्थानमा उक्त शिक्षण सिकाईको प्रयोगशाला (ल्याब) स्कूलका लागि आवश्यक संरचनाहरू निर्माण भएको देखिन्छ (नविन शिक्षा मासिक पत्रिका, २०१५) र उक्त भवनहरू वि.सं. २०२४ मा तयार भएपछि दुवै संस्था कीर्तिपुरमा स्थानान्तरण भएको भन्ने उल्लेख भएको पाईन्छ।

७. वि.सं. २०१३ सालमा त्रिभुवन विश्वविद्यालयको लागि अधिग्रहण गरिएको जग्गाको चार किल्लाभित्र पर्ने जग्गा नियमानुसार जग्गाधनीलाई मुआब्जा दिई वि.सं. २०४० सालको नापी अनुसार साबिक कीर्तिपुर नगरपालिका वडा नं ३ हाल कीर्तिपुर नगरपालिका वडा नं. १० को कित्ता नं. ३४ को जग्गाधनी त्रिभुवन विश्वविद्यालय रहेको क्षेत्रफल १०८ रोपनी १४ आना २ पैसा ३ दाम जग्गा र सो भित्र निर्माण भएको USAID ले College of Education सँग त्रि.वि.लाई हस्तान्तरण गरेको त्रि.वि.को स्वामित्वमा रहेको भवन संरचनाहरू हाल निजी क्षेत्रद्वारा सञ्चालित लेबोरेटरी माध्यमिक विद्यालयले उपयोग गरिरहेको देखिन्छ। जग्गा र भवन संरचनाहरू समेतका सम्बन्धमा त्रिभुवन विश्वविद्यालयले आफ्नो उपयोगको लागि लेबोरेटरी मा.वि.लाई खाली गरिदिन पटक पटक पत्राचार गरी अनुरोध गरेको तर लेबोरेटरी मा.वि.ले उक्त जग्गा त्रि.वि.को होइन भन्ने र आफ्नो नाममा भोगाधिकार दर्ता गर्ने तथा जग्गा खाली गर्दिन भनी कब्जा गरी बसिरहने अवस्थाबाट विवाद सिर्जना भएको देखिन्छ।

८. उक्त विवादित जग्गा र विद्यालयको प्रकृति (सरकारी/निजी)को सम्बन्धमा विभिन्न स्रोतबाट समितिले प्राप्त गरेको तथ्य एवं सूचनाहरू देहाय बमोजिम रहेका छन्:

(क) कलेज अफ एजुकेशन अन्तर्गत प्राथमिक शिक्षण केन्द्रलाई प्रयोगात्मक कार्यको लागि आवश्यक रहेसम्मको लागि कलेज अफ एजुकेशनसँगैको १० (दश) रोपनी जग्गा उक्त शिक्षण केन्द्रलाई चलन गर्न अनुमति दिने गरी २०२५ श्रावण १२ को त्रि.वि.को सिण्डिकेट बैठकको निर्णय भएको देखिन्छ। यस तथ्यबाट प्रारम्भमा कलेज अफ एजुकेशनका लागि भवन निर्माण गरिएको र पछि प्रयोगात्मक प्राथमिक शिक्षण केन्द्र (ल्याब स्कुल) सञ्चालनार्थ १० रोपनी जग्गा दिइएकोमा सो भन्दा बढी करिब १०० रोपनी जग्गा ओगटेको देखिन्छ।

(ख) मिति २०३४।०६।२५ मा लेबोरेटरी माध्यमिक विद्यालयका प्रधानाध्यापकले त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारलाई सम्बोधन गरी क्षेत्रीय शिक्षा निर्देशनालय मध्यमाञ्चल, काठमाडौं र जिल्ला कार्यालय, शिक्षा शाखा गणबहाल, काठमाडौं समेतलाई बोधार्थ दिई लेखेको देहायको पत्रको अध्ययन गर्दा विद्यालयको नाममा ज.ध.प्र.पूर्जा नभएको र उक्त जग्गा त्रिभुवन विश्वविद्यालयको लागि अधिग्रहण गरेको क्षेत्रभित्र रहेको र विश्वविद्यालयको स्वामित्वको हो भन्ने देखिन आएको। (दर्ता मिति २०३४।०६।२६ (अनुसूची २.७)

> *"२०२४ सालमा यो विद्यालय लाजिम्पाट चेत भवन सञ्चालित थियो। २०२४ सालमा तत्कालीन कलेज अफ एजुकेशन सँगसँगै यो विद्यालय पनि हाल सञ्चालनमा रहेको स्थानमा सरेको हो। करीव ११ वर्ष देखि यस ठांउमा सञ्चालित भए पनि विद्यालयले चर्चेको जग्गा विद्यालयको नाममा दर्ता भएको छैन। जसले गर्दा यस विद्यालयको सम्पत्ति के कति हो, रेकर्ड गर्न अप्ठ्यारो परेको देखिन्छ।*
>
> *"............ यो जस्तो सार्वजनिक संस्था भएको विद्यालयले चर्चेको तथा यस्को कम्पाउण्डभित्र पर्ने जग्गा विश्वविद्यालयले अधिग्रहण गरेको क्षेत्रभित्र रहेको हुँदा सो जग्गा यस विद्यालयको नाममा दर्ता हुने व्यवस्था गरिदिनहुन................"*

(ग) कलेज अफ एजुकेशन, वि.सं. २०२८ सालमा लागु भएको शिक्षा ऐन, २०२८ मा आएको परिवर्तन र शिक्षा नीति, २०२८ तथा राष्ट्रिय शिक्षा पद्धतिको योजना बमोजिम प्राविधिक उच्च शिक्षा तर्फलाई २०२९ श्रावण देखि कलेज अफ एजुकेशन सहित त्रि.वि.को शिक्षा शास्त्र संकायमा गाभिएको देखिन्छ। यसरी कलेज अफ एजुकेशन गाभिएपछि कलेज अफ एजुकेशनसँग सँगै आएको शिक्षक शिक्षणका लागि खोलिएको सिकाई अभ्यास स्कूल (ल्याब स्कुल) पनि उक्त संकायमा गाभिएको हुनुपर्ने तर विद्यालय तर्फको व्यवस्था शिक्षा शास्त्र संकायमा नगाभिइ त्रि.वि. कै प्राध्यापकहरूको अध्यक्षतामा व्यवस्थापन समिति गठन भई सञ्चालन भै आएको भन्ने व्यहोरा शि.मं. २०६५/१०/२६ को टिप्पणी र आदेशमा उल्लेख भएको देखिन्छ। सोही क्रममा, वि.सं. २०३७ सालमा शिक्षा ऐन, २०२८ मा भएको संशोधन पश्चात् अर्थात् २०३८/०३/१४ भन्दा अगाडिसम्म जि.शि. शाखा काठमाडौंले आवासीय विद्यालयलाई सरकारी अनुदान प्राप्त नहुने भएको व्यहोरा जनाई लेबोरेटरी विद्यालयलाई पत्र लेख्नु अगाडिसम्म आवासीय माध्यमिक विद्यालयको रूपमा सञ्चालित भएको देखिन्छ।

(घ) त्रि.वि. कार्यकारी परिषद्को मिति २०६७/०२/२४ को निर्णय अनुसार प्रा. डा. प्रकाशमान श्रेष्ठको संयोजकत्वमा गठित समितिले "लेबोरेटरी उच्च माध्यमिक विद्यालयले चर्चेको त्रि.वि.को नाममा रहेको जग्गा र घरहरूको सम्बन्धमा" अध्ययन गरी २०६७ सालमा त्रि.वि.लाई बुझाएको प्रतिवेदनमा समेत-

*"तत्कालीन श्री ५ को सरकारले सन् १९५६ मा स्थापना गरेको कलेज अफ एजुकेशन (पछि सन् १९७१ मा शिक्षा शास्त्र अध्ययन संस्थानमा रुपान्तरण भएको) लाई उपलव्ध गराएको त्रिभुवन विश्वविद्यालयको पूर्ण स्वामित्वमा रहेको जग्गा र कलेज अफ एजुकेशनमा अध्ययन गर्ने विद्यार्थीहरूलाई शिक्षण अभ्यास गराउनका लागि सञ्चालित लेबोरेटरी माध्यमिक विद्यालय त्रि.वि. शिक्षा शास्त्र संकायको स्वामित्वमा आएको मान्नुपर्छ (प्रतिवेदनको पाना १४) भनी उल्लेख भएको पाईन्छ।*

(ङ) त्रि.वि. कार्यकारी परिषदको मिति २०७२/१२/०४ को निर्णय नं. ४१२ बमोजिम प्रा. डा. अनुप कुमार श्रेष्ठको संयोजकत्वमा त्रि.वि.द्वारा गठित समितिले मिति २०७४/१२/०७ मा त्रि.वि.मा बुझाएको प्रतिवेदन अनुसार पनि उक्त जग्गा विश्वविद्यालयको पूर्ण स्वामित्वमा रहेको भनी उल्लेख भएको छ। (प्रतिवेदन २०७४)।

**३. लेबोरेटरी माध्यमिक विद्यालयको व्यवस्थापन निजी क्षेत्रमा हस्तान्तरण:**

श्री ५ को सरकारबाट सरकारी सम्पत्तिको उपभोग गरी निजी स्रोतबाट सञ्चालित विद्यालयहरू संलग्न शर्तहरूको आधारमा त्यस्ता विद्यालयहरूको व्यवस्थापन पक्ष निश्चित समयावधी तोकी गैरसरकारी संस्थालाई मन्त्रालयले व्यवस्थापन पक्ष हस्तान्तरण गरी दिन सक्ने गरी २०५६/१०/१३ मा नीति तय भएकाले भनी व्यवस्थापन हस्तान्तरण गर्ने गरी तत्कालिन शिक्षा मन्त्रालयले गैरसरकारी संस्था "नेपाल शिक्षा समाज" सँग मिति २०५७/४/१३ मा लेबोरेटरी मा.वि. सञ्चालनका लागि २५ बर्षे व्यवस्थापन करार सम्झौता गरेको देखिन्छ।

यसरी विद्यालयको व्यवस्थापन निजी क्षेत्रको संस्थालाई जिम्मा लगाउनुको पछाडिको कारण र आधार निम्न बमोजिम भएको देखिन्छः

३.१. तत्कालिन सरकारद्वारा तयार भएको नवौं योजना र वार्षिक बजेट तथा कार्यक्रमका आधारमा रही विद्यालय व्यवस्थापन निजी क्षेत्रलाई हस्तान्तरण गर्न सकिने गरी नीति तय भएको देखिन्छ।

३.२. नवौ योजनामा " ... शैक्षिक व्यवस्थापन सुधार सम्बन्धमा विद्यालयहरूको व्यवस्थापनमा निजी क्षेत्र समेतको सहभागिता बढाईने छ ..." भन्ने कार्यक्रम रहेको ।

३.३. यसैगरी, आ. व. २०५६।०५७ को वजेट वक्तव्यमा "....... सरकारी विद्यालयसँग रहेका भौतिक पूर्वाधार, शिक्षक र विद्यार्थी सहितको दायित्व सम्हालेर निजी क्षेत्रले विद्यालय सञ्चालन गर्न चाहेमा लिजमा दिईने व्यवस्था मिलाईनेछ" भन्ने उल्लेख भएको देखिन्छ। (बुदा नं ८८)

३.४. जिल्ला कार्यालय शिक्षा शाखा, गणवहाल काठमाडौंको मिति २०३८।०३।१४ को लेबोरेटरी माध्यमिक विद्यालय, कीर्तिपुरलाई लेखेको पत्रमा "... शिक्षा (सातौ संशोधन) नियमावली, २०३७ को दफा ३७ (५) अनुसार पूर्वप्राथमिक विद्यालय, आवासीय विद्यालय

तथा निजी स्रोतबाट सञ्चालन हुने विद्यालयहरूलाई श्री ५ को सरकारबाट आर्थिक सहायता दिईने छैन भन्ने उल्लेख भएको र त्यो विद्यालय आवासीय विद्यालय भएकोले त्यसलाई सरकारी आर्थिक सहायता प्राप्त नहुने देखिएको हुँदा विद्यालयले आफ्नै स्रोतबाट सुव्यवस्थित ढंगले सुसञ्चालन गर्ने व्यवस्था गर्न हुन.. भनी पत्र लेखेको देखिन्छ। (अनुसूची २.८)

३.५. सरकारी सम्पत्तिको उपभोग गरी निजी स्रोतबाट सञ्चालित विद्यालयको व्यवस्थापन पक्ष गैर सरकारी संस्थालाई हस्तान्तरण गर्ने विषयको नीति तय गर्ने उद्देश्यले शिक्षा मन्त्रालयले २०५६।०८।१७ गते मं.प.मा प्रस्ताव पेश गरेकोमा (अनुसूची २.९) मं.प. को प.सं. ४९५।०५६ मिति २०५६।०८।२१ मा "प्रस्तावमा उल्लेख भए बमोजिम गर्न अर्थ मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालयको परामर्श उपलब्ध गराई दिने व्यवस्था भएमा प्रस्तावलाई निर्णयमा लैजान सजिलो पर्न जाने" भन्ने व्यहोरा उल्लेख गरी शिक्षा मन्त्रालयक्षाई पत्र पठाएको देखिन्छ। (अनुसूची २.१०)

३.६. सोहि बमोजिम शिक्षा मन्त्रालयले मिति २०५६/०९/०६ मा च.नं. ११०० बाट अर्थ मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई सोहि व्यहोराको उल्लेख गरी राय परामर्श उपलब्ध गराई दिन पत्र लेखि पठाएको पनि देखिन्छ । (अनुसूची २.११) तर उक्त दुवै मन्त्रालयहरूबाट पत्रको राय परामर्श प्राप्त नहुदै शिक्षा मन्त्रालयले आ.व. २०५६।०५७ को बजेट वक्तव्यमा सरकारी विद्यालयसँग रहेका भौतिक पूर्वाधार, शिक्षक र विद्यार्थी सहितको दायित्व सम्हालेर निजी क्षेत्रले विद्यालय सञ्चालन गर्न चाहेमा लिजमा दिईने व्यवस्था मिलाईनेछ भन्ने भएकाले सोहि अनुरुप उक्त विद्यालयको व्यवस्थापन पक्ष मात्र हस्तान्तरण गर्ने उद्देश्यले प्रस्ताव पेश भएको, यसबाट आर्थिक दायित्व नपर्ने एवं विद्यालयको जग्गाको हक हस्तान्तरण वा वेचविखन नगरिने हुँदा अर्थ मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालयको राय परामर्श प्रतिक्रिया आवश्यक नदेखिएको हुँदा म.पं.मा उक्त प्रस्ताव पेश हुन अनुरोध गर्दछु भनी शिक्षा मन्त्रालयका सचिवले म.पं. सचिवालयमा अनुरोध गरी पत्र लेखेको देखिन्छ (शिक्षा मन्त्रालयको च.नं. १४१०।२०५६।०५७ मिति २०५६/१०/१२ को पत्र (अनुसूची २.१२)।

३.७. सोही पत्रका आधारमा तत्कालीन श्री ५को सरकार, मन्त्रिपरिषद्को मिति २०५६।१०।१३ निर्णय भई उक्त नीति तय गरी शिक्षा मन्त्रालय - (विद्यालय प्रशासन शाखा) को च.नं. १६७४ मिति २०५६।११।२५ अनुसार नेपाल शिक्षा समाज र लेबोरेटरी माध्यमिक विद्यालय, कीर्तिपुरलाई लेखेको पत्रमा ब्यहोराबाट देखिन्छ। (अनुसूची २.१३) सो पत्र प्राप्त भएपछि विद्यालय व्यवस्थापन समिति व्यवस्थापन हस्तान्तरण गरि लिन राजी भएको देखिन्छ (अनुसूची २.१४)।

३.८. तत्कालीन श्री ५ को सरकारले विद्यालयको व्यवस्थापन पक्ष निजी संस्थालाई हस्तान्तरण गर्न सकिने नीति तय गर्नुभन्दा करीब ३ वर्ष अगाडि नै लेबोरेटरी मा.वि.को व्यवस्थापन

करार नेपाल शिक्षा समाजलाई हस्तान्तरण गर्ने विषयमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष केशर ब. विष्ट (स्मरणार्थ उनै केशर बहादुर बिष्ट नेपाल शिक्षा समाजका अध्यक्ष पनि) उल्लेख गरी दुवैको तर्फबाट मिति २०५३/११/१६मा शिक्षा मन्त्रालयमा अनुरोध गरेको देखिन्छ (अनुसूची २.१५)। त्यसैगरी, उक्त निवेदन प्राप्तिको करिब ३ वर्ष पछाडि २०५६/११/२५ मा नेपाल शिक्षा समाजलाई र विद्यालय व्यवस्थापन समितिलाई "श्री ५ को सरकारले सरकारी सम्पत्ति उपभोग गरी निजी स्रोतबाट सञ्चालित विद्यालयहरूलाई संलग्न शर्तहरूको आधारमा संस्थालाई त्यस विद्यालयहरूको व्यवस्थापन पक्ष निश्चित समयावधि तोकी मन्त्रालयले सम्झौता गरी हस्तान्तरण गर्न सकिने गरी नीति तय भएकोले विद्यालय सञ्चालन गर्न चाहेमा मन्त्रालयमा सम्पर्क राख्न भनी शिक्षा मन्त्रालयले विद्यालय र नेपाल शिक्षा समाजलाई पत्र पठाएको देखिन्छ।

३.९. श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय र नेपाल शिक्षा समाज बिच लेबोरेटरी मा.वि. कीर्तिपुरको व्यवस्थापन हस्तान्तरण गर्ने सम्बन्धमा मिति २०५७/०४/१३ मा सम्झौता भएको देखिन्छ (अनुसूची २.१६)।

३.१०. शिक्षा ऐन, २०२८ (सशोधन अनुसार) को दफा ७ (घ) र वि.सं. २०५९ मा आएको शिक्षा नियमावली, २०५९ को नियम ८ (क) मा भएको व्यवस्था बमोजिम "सार्वजनिक शैक्षिक गुठीबाट सञ्चालन रहेको छ" भन्ने लेबोरेटरी मा.वि.को पत्रमा उल्लेख भएको देखिन्छ। हाल लेबोरेटरी माध्यमिक विद्यालय गैरनाफामुलक सार्वजनिक शैक्षिक गुठीका रुपमा सञ्चालित छ। (लेबोरेटरी माध्यमिक विद्यालय को च.नं. ८७।०८१ मिति २०८१/०३/१२ को पत्र (अनुसूची २.१७)।

**४. लेबोरेटरी विद्यालयले त्रि.वि.को पूर्ण स्वामित्वको जग्गा भोगाधिकार दर्ता गराउन प्रयास गरेको र जग्गा खाली गर्न अटेर गरेको विषयः**

४.१. त्रि.वि. रजिष्ट्रारको कार्यालय, सामान्य प्रशासन महाशाखाको च.नं. २८(६)/०६४-६५ मिति २०६४/०९/१९ को लेबोरेटरी मा.वि. कीर्तिपुरलाई "त्रि.वि.को स्वामित्वमा रहेको जग्गा तथा भवनहरू त्रि.वि.को आफ्नै कार्यक्रम सञ्चालन गर्नका लागि अन्यन्त आवश्यक हुन गएको हुँदा यस शैक्षिक सत्र पश्चात् उक्त भवन तथा जग्गा विश्वविद्यालयलाई हस्तान्तरण गरिदिने" भनि पटक पटक पत्राचार भएको देखिएको तर लेबोरेटरीले उक्त जग्गा खाली गर्न अटेर गरेको। उक्त मा.वि.ले भोगचलन गरेको जग्गा खाली गर्न शिक्षा तथा खेलकुद मन्त्रालय, गृह मन्त्रालय समेतलाई सहयोग समन्वयका लागि पत्राचार गरेको देखिएको।

वि.सं २०८१/०३/१२ मा लेबोरेटरी माध्यमिक विद्यालयको च.नं. ८७।०८१ को श्री सामान्य प्रशासन महाशाखा, रजिष्ट्ररको कार्यालय त्रि.वि.वि लाई विद्यालयको प्रिन्सिपलद्वारा प्रेषित पत्रमा

*."......विद्यालय सञ्चालन प्रयोजनार्थ भोगचलन गरी आएको विद्यालय परिसरको जग्गा त्रिभुवन विश्वविद्यालयको हक स्वामीत्वभित्रको जग्गा नभएकोले खाली गर्न बाध्य नहुने भनी पटक पटक जानकारी गराउदै आएको....." जग्गा खाली गर्न नमिल्ने व्यहोरा उल्लेख गरिएको पत्र पठाएको देखिन्छ।*

- उक्त विद्यालयले आफूले भोगचलन गरेको (चर्चेको) त्रि.वि.को स्वामित्वको उक्त जग्गा त्रि.वि. को सहमति विना नै विद्यालयको नाउँमा दर्ता गर्न मालपोत कार्यालय, कलङ्कीमा निवेदन दिएको व्यहोरा सहितको जानकारी मालपोत कार्यालय कलङ्कीको च.नं. ४१४ मिति २०७१/०४/१८ को त्रि.वि.लाई पठाएको पत्रबाट मात्र त्रि.वि.को जग्गा अपचलन हुन लागेको भन्ने त्रि.वि.लाई जानकारी प्राप्त भएको देखिन्छ । (अनुसूची ४.१८)
- यस समितिको च.नं. १४१ प.सं. ०८१/०८२ मिति २०८१/०७/२१ पत्रद्वारा विद्यालयले भोगचलन गरेको जग्गा तथा भवनको स्वामित्व विद्यालयसँग छ/छैन? छ भने सो सम्बन्धी जग्गाधनी प्रमाणपूर्जा लगायत जग्गा र भवनको स्वामित्व दर्शाउने कागजातहरू र जग्गाको स्वामित्व भएको व्यक्ति वा संस्थासँग के कुन शर्तमा सम्झौताका आधारमा भोगचलन गरिआएको हो? सो एकिन विवरण समितिलाई उपलब्ध गराइदिन उक्त विद्यालयलाई पत्राचार गरेकोमा उक्त विद्यालयको च.नं. ०७/०८१ मिति २०८१/०७/१४ मा पत्र प्राप्त भएको छ। सो पत्रमा उक्त विद्यालयले मिति २०८१/०३/१२ र २०८१/०३/२० मा पठाएको पत्रबाट जग्गासम्बन्धी विवरण उल्लेख गरिसकेको भन्ने व्यहोरा उल्लेख गर्दै विद्यालयले उपभोग/भोगचलन गरेको जग्गा भौतिक संरचना अघिल्ला पत्रहरूमा उल्लेख गरेकै विवरण राखी प्रस्तुत गरेको देखिन्छ। विद्यालयका तर्फबाट प्रिन्सिपल डा. लाक्पा शेर्पाद्वारा प्रेषित उक्त पत्रमा ५८/५९ वर्ष भोगचलन गरेकोले भोगाधिकार एवं प्रतिकुल भोगाधिकारका मान्यता अनुसार विद्यालयको स्वामित्व स्थापित हुन जान्छ भन्ने जिकिर रहेको छ। (अनुसूची २.१९)

## ५. लेबोरेटरी मा.वि.को जग्गा त्रि.वि.को स्वामित्व भएको

त्रि.वि.बाट समितिलाई प्राप्त पत्रबाट उक्त विद्यालयलले भोगचलन गरेको कीर्तिपुर न.पा. वडा नं १० कि.नं. ३४ क्षेत्रफल १०८-१४-२-३ जग्गाको फिल्डबुक र ज.ध.प्र.पूर्जा कीर्तिपुर बहुमुखी क्याम्पसको नाममा कायम रहेको भनी सोको प्रतिलिपि उपलब्ध गराएको छ (अनुसूची २.२०)

## ६. समितिको विश्लेषणः

समितिलाई उपलब्ध भएको कागजपत्र एवं अभिलेखका आधार र प्रचलित कानूनका आधारमा समितिले देहाय बमोजिम विश्लेषण गरेको छः

६.१. नेपाल सरकार र नेपाल शिक्षा समाज बीच मिति २०५७/०४/१३ मा भएको विद्यालयको व्यवस्थापन हस्तान्तरण सम्वन्धी सम्झौताको अध्ययन गर्दा सरकारी भौतिक पूर्वाधारहरूको उपयोग गरी निजी स्रोतमा सञ्चालित संस्थागत आवासीय विद्यालयलाई सरकारी पक्षबाट निजी संस्थालाई व्यवस्थापन हस्तान्तरण गर्ने गरी मिति २०५६/१०/१३ मा नेपाल सरकारले तय गरेको नीति बमोजिम मिति २०५७/०४/१३ मा नेपाल सरकारले गरेको सम्झौता, लेबोरेटरी माध्यमिक विद्यालयको मिति २०३४/०६/२५ को पत्र र यस समितिलाई मिति २०८१/०३/१२ मा उपलब्ध गराएको पत्रमा उल्लेख भए अनुसार पनि उक्त विद्यालयले उपभोग गरेको जग्गा जमिन र भवन उक्त विद्यालयको स्वामित्वमा नभएको कुरालाई पुष्टि गरेको छ। साथै, उक्त विद्यालय वि.सं. २०३६ सालसम्म सरकारी विद्यालयका रूपमा सञ्चालन भएको भएपनि अहिले निजी स्रोतवाटै सञ्चालित भएको देखिन्छ। नेपाल सरकारको स्वामित्वमा रहेको भनी विद्यालयको व्यवस्थापन करार गरेको अवधि व्यतित नहुँदै सोही अवधिभित्र उक्त विद्यालयलाई सार्वजनिक शैक्षिक गुठीमा परिणत गरी सार्वजनिक शैक्षिक गुठीका रूपमा सञ्चालित भएको देखिन्छ भने अर्कोतिर शिक्षा मन्त्रालयबाट २०५७/०४/०१ मा भएको १५ वर्षे सम्झौताको अवधि २०७२/०९/१६ मा नै सकिएको र त्यसपछि नेपाल सरकारले के कस्तो निर्णय लिएको छ भन्ने सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई पत्राचार गरी जानकारी उपलब्ध गराउन अनुरोध गर्दा पनि कुनै जवाफ प्राप्त हुन नसकी थप स्पष्ट हुन सकिएन। मन्त्रालयसँग गरिएको उक्त सम्झौतामा उल्लेख भएका शर्तहरू वर्षैपिच्छे प्रगति प्रतिवेदन शिक्षा विभागमा बुझाउनुपर्ने, १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने, विद्यालयको भौतिक सम्पत्ति शैक्षिक, कार्यक्रममा मात्रै प्रयोग गर्नुपर्ने, विद्यालयको पाठ्यक्रम सरकारले निर्णय गरे बमोजिम हुने भन्ने समेत सम्झौताका शर्तहरू पालना भए भएनन भन्ने विषय पनि जानकारी हुन आएन। साथै, सरकारी स्वामित्वको सम्पत्ति कुन हिसावले गैरसरकारी संस्थालाई दिईयो र कुन हिसावले सार्वजनिक गुठीयारलाई दिईयो भन्ने विषयमा कुनै पनि सम्झौता भएको पाईएन। तत्सम्बन्धमा नेपाल सरकारबाट के कस्तो निर्देशन दिइएको थियो सो पनि कतैबाट प्राप्त भएन।

६.२. त्रि.वि. शिक्षा शास्त्र संकायसँग सम्बन्धित शिक्षक शिक्षण सिकाई गर्ने कार्यक्रम सञ्चालन गर्ने उक्त ल्याब स्कुल (हालको लेबोरेटरी मा.वि.) लाई त्रि.वि. शिक्षाशास्त्र संकायको परामर्श एवं स्वीकृति विना नै आवासीय माध्यमिक विद्यालय बनाईएको र आवासीय विद्यालयलाई सरकारका तर्फबाट आर्थिक सहायता नदिने व्यवस्था भएको ।

६.३. शिक्षा ऐन, २०२८ मा भएको सातौं संशोधनले विद्यालय भन्नाले "सामुदायिक र संस्थागत सम्झनुपर्छ" भनी दफा २ को (ङ) मा परिभाषा गरेको र शैक्षिक गुठीका रुपमा विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरिएको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ भनी उल्लेख गरेको तर शिक्षा नियमावली, २०५९ को दफा ११(२)

बमोजिम शैक्षिक गुठी, निजी र सार्वजनिक हुने शिक्षा ऐन, २०२८ को दफा ३ को उपदफा (६) उल्लेखित विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति स्विकृति दिइने छैन भन्ने उल्लेख भएको देखिन्छ। जसमा शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न निम्न शर्तहरू पुरा भएको हुनुपर्ने देखिन्छ।

- सरकारी वा सार्वजनिक भवन सञ्चालन भएको विद्यालय
- सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय
- कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय

माथि उल्लेख सार्वजनिक शैक्षिक गुठीबाट सञ्चालन भएको लेबोरेटरी स्कुल सरकारी वा सार्वजनिक भवन वा सरकारी वा सार्वजनिक जग्गा वा कुनै व्यक्ति वा संस्थाले दान दातव्य दिएको जग्गा वा भवनमा सञ्चालन हुन नहुने भन्ने स्पष्ट हुन आउँछ।

उक्त कानूनी व्यवस्था बमोजिम विद्यालयको नाममा आफ्नो जग्गा नभएकाले र त्रि.वि.का लागि अधिग्रहण गरिएको जग्गामा जग्गाधनीको स्वीकृति एवं सहमति विना नै सार्वजनिक शैक्षिक गुठीले त्रि.वि.को जग्गामा विद्यालय सञ्चालन गर्नु कानूनतः मिल्ने देखिएन।

६.४. सार्वजनिक शैक्षिक गुठीको विधान दर्ता गर्दा विधानमा उल्लेख भएको विद्यालय सञ्चालन गरिने स्थानको जग्गा र भवन त्रिभुवन विश्वविद्यालयको स्वामित्वको कीर्तिपुर परिसरको जग्गा जमिन विद्यालयले स्वामित्व भोगाधिकारमा छ छैन विचार नगरी एवं त्रि.वि.को कार्यकारी परिषद्को स्वीकृति/सहमति पत्र नभई उक्त स्थानमा सञ्चालन गर्न स्वीकृति दिने समेतका कार्यहरू कानून सम्मत भएको भन्न मिल्ने अवस्था देखिएन। शैक्षिक गुठीमा सञ्चालन गर्न विधान दर्ता गर्दा विद्यालयको आफ्नो नाममा जग्गा जमिन छ छैन वा भाडा/लिजमा लिएको भए जग्गाधनीसँगको सम्झौता वा उपभोगको स्वीकारोक्ति छ छैन सम्म पनि नहेरी सो समेत बुझ्ने कार्य नगरी दर्ता कार्य क्षेत्रिय शिक्षा निर्देशनालयबाट सम्पादन गरेको कार्य पनि त्रुटीपूर्ण देखिन्छ।

६.५. तत्कालीन शिक्षा मन्त्रालय र नेपाल शिक्षा समाजबीच विद्यालयको व्यवस्थापन हस्तान्तरण गर्ने सम्झौता गर्नु पूर्व उक्त विद्यालय आफ्नो स्वामित्वको जग्गा र भवनमा सञ्चालित छ छैन भनी बुझ्नुपर्ने कार्य भए गरेको पाईएन । यी विषयहरू तत्कालीन सरकार तथा शिक्षा मन्त्रालयलाई थाहा भएको अवस्था हो। "उक्त जग्गा त्रिभुवन विश्वविद्यालयको स्वामित्वको (नेपाल सरकारबाट अधिग्रहण गरी मुआब्जा बुझाई त्रि.वि.को नाममा लालपूर्जा प्राप्त भएको) जग्गा हो" भन्ने व्यहोरा तथा विषयमा जानकारी हुँदाहुँदै केवल "जग्गा जमिन बिक्री गर्न नपाउने" उल्लेख मात्र गर्नुका साथै र नीतितय हुँदा लिजमा दिने भनिएकोमा सो लिजको

विषयमा उल्लेख नै नगरी सम्झौता गरेको देखिँदा शिक्षा मन्त्रालयले गरेको सम्झौता समेत कानून सम्मत भएको भन्न सक्ने अवस्था देखिएन।

६.६. मन्त्रालयले पनि लिजमा दिने नीतिगत निर्णय गर्न पेश गर्नुपर्नेमा अन्यथा व्यहोरा उल्लेख गरी प्रस्ताव मं.प.मा पेश गरेको विषय उपर पनि शंका गर्ने ठाउँ देखिन्छ। त्रि.वि.को स्वामित्वको जग्गा तथा भवन त्रि.वि. कार्यकारी परिषद्को निर्णय तथा स्वीकृति विना कोही कसैलाई लिज वा भाडामा दिन सक्ने अधिकार त्रि.वि.सँग सम्बन्धित कानूनमा कसैलाई छैन। त्रि.वि. ऐन, २०४९ बमोजिम कानूनतः त्रि.वि. जस्तो स्वायत्त संस्थाको स्वामित्वमा रहेको जग्गालाई मन्त्रालयले विद्यालयकै स्वामित्वको जग्गा जस्तै गरी "जग्गा जमिन विक्रि गर्न नपाउने भनी तेस्रो पक्षसँगको सम्झौतामा उल्लेख गरी सम्झौता गर्न गरेको निर्णय कानून सम्मत देखिएन, तसर्थ उक्त निर्णय गर्ने गराउने पदाधिकारीहरू समेत दोषमुक्त हुन सक्ने अवस्था देखिँदैन।

६.७. जुन कामका लागि कानूनले जसलाई जे जस्तो अधिकार दिएको छ सो कार्य सोही निकाय वा अधिकारीले गर्नुपर्दछ। कानूनद्वारा अख्तियारी पाएका निकाय वा अधिकारीको क्षेत्राधिकारमा हस्तक्षेप गर्ने वा संकुचन हुने गरी अन्य कुनै निकायबाट वा पदाधिकारीबाट अधिकार प्रयोग गर्न पाइदैन र अधिकार विहिन निकायबाट गरिएको त्यस्तो काम कारबाहीले कानूनी मान्यता पाउन नसक्ने भनी सम्मानीत सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित भएको छ। (सर्वोच्च अदालतको निर्णय नं. ९८६६, नेपाल कानून पत्रिका, २०७४ मंसिर, पृष्ठ १४५९) उक्त प्रतिपादित कानूनी सिद्धान्त बमोजिम शिक्षा मन्त्रालयले त्रि.वि.को नाममा लालपूर्जा भएको जग्गामा निजी स्रोतबाट सञ्चालन हुने गरी त्रि.वि.को सहमति/स्वीकृती विना कुनै संस्थालाई उपभोग गर्न दिन सक्ने अधिकार रहेको देखिँदैन।शिक्षा मन्त्रालयको नाममा/स्वामित्वमा नभएको जग्गामा शिक्षा मन्त्रालयको अधिकार रहेको मान्न सकिएन तसर्थ, अधिकार नै नभएको विषयमा प्रवेश गरी त्रि.वि.को नामको जग्गा प्रयोग गर्न दिइएको विषय र कार्यलाई कानून बमोजिम उचित मान्न सकिएन।

६.८. विद्यालयको मिति २०८१/०७/१४ मा यस समितिमा उपलब्ध गराईएको पत्रमा उल्लेखित भोगाधिकार/प्रतिभोगाधिकारको अधिकार प्राप्त गर्न कारबाही अघि बढाएको भन्ने व्यहोराका सम्बन्धमा प्रचलित कानूनी व्यवस्थालाई हेर्दा भोगाधिकार र प्रतिकुल भोगाधिकारका सम्बन्धमा मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद २ मा स्वामित्व र भोगाधिकार सम्बन्धी व्यवस्था सम्बन्धमा उल्लेख गरिएको छ। उक्त परिच्छेदको दफा २६९ ले भोगाधिकार प्राप्त गर्न सकिने अवस्था सम्बन्धमा स्वामित्ववालाको हैसियतले अन्य व्यक्तिको स्वामित्वमा रहेको सम्पत्ति कानून बमोजिम प्राप्त गरेर, भोगाधिकार सहमति लिई र असल मनशाय, शान्तिपूर्ण वा खुला रूपमा प्राप्त गरेको भोगाधिकारले मात्र कानूनी रूपले भोगाधिकार प्राप्त गरेको मानिने छ

भन्ने उल्लेख गरेको छ। यस व्यवस्थालाई हेर्दा प्रस्तुत लेबोरेटरी मा.वि.ले भोगचलन गरेको भनेतापनि त्रि.वि.ले पटक पटक खाली गर्न पत्राचार गरेको देखिँदा कुनै सम्झौता समेत नभएको अवस्था भोगाधिकार प्राप्त गर्न सक्ने कानूनी हैसियत रहे भएको देखिएन। यसै गरी, उक्त विद्यालयले समितिलाई उपलब्ध गराएको पत्रमा उल्लेख गरे झैं **प्रतिकुल भोगाधिकार**को अधिकार स्थापित/प्राप्त हुन सक्छ भन्ने सम्बन्धमा पनि ऐ. संहिता, २०७४ को दफा २७३ को प्रतिबन्धात्मक वाक्यांशको (१) ले स्पष्ट रूपमा "सरकारी, सार्वजनिक, सामुदायिक वा गुठीको जग्गा जतिसुकै समयसम्म भोग गरेको भए तापनि प्रतिकुल भोगाधिकार प्राप्त हुने छैन" र प्रतिकुल भोगाधिकार सम्बन्धी व्यवस्थाको अवधि गणना गर्दा यो संहिता प्रारम्भ भएको मितिबाट गणना गरिनेछ भन्ने समेतको कानूनी व्यवस्था उल्लेख गरेबाट पनि त्रि.वि.को स्वामित्वको (सरकारी निकायको) जग्गामा उक्त विद्यालयको प्रतिकुल भोगाधिकार पनि प्राप्त हुन सक्ने कुनै कानूनी आधार र अवस्था देखिँदैन।

## ७. समितिको निष्कर्ष सुझाव

७.१. साबिक कीर्तिपुर नगरपालिका वडा नं ३ हाल कीर्तिपुर नगरपालिका वडा नं १० को कित्ता नं. ३४ को क्षेत्रफल १०८ रोपनी १४ आना २ पैसा ३ दाम जग्गा जमिन र सोभित्र निर्माण भएको सम्पूर्ण भवन/संरचनाहरू लेबोरेटरी माध्यमिक विद्यालयले उपयोग गरिरहेको स्थानको जग्गाधनी प्रमाणपूर्जामा संलग्न भए बमोजिम कीर्तिपुर बहुमुखी क्याम्पस, कीर्तिपुर, काठमाडौंको नाममा भएको, वि.सं. २०४० सालमा भएको नापी अनुसार तयार भएको फिल्डबुकको जग्गाधनीको महलमा त्रिभुवन विश्वविद्यालय जनिएको र उक्त विद्यालयको मिति २०३४/०६/२५ को पत्र समेत त्रि.वि.कै अधिग्रहणभित्रको जग्गा उल्लेख गरेको, हालै समितिले विद्यालयसँग जग्गाधनी प्रमाणपूर्जा लगायत आफूले उपभोग गरेको जमिनको स्वामित्व रहे भएको कागजात माग गर्दा जग्गाधनी प्रमाणपूर्जा नभएको भनी पेश गर्न नसकेको समेत हेर्दा उक्त जग्गा त्रिभुवन विश्वविद्यालय वाहेक अन्य कसैको हो भन्न सकिने अवस्था देखिएन। तसर्थ, उक्त विद्यालयले उपभोग गरेको जग्गाको जग्गाधनी निर्विवाद रूपमा त्रिभुवन विश्वविद्यालय नै भएको देखिन्छ ।

७.२. हालको लेबोरेटरी माध्यमिक विद्यालयले उपयोग गरिरहेको जग्गा जमिन त्रि.वि.को नाममा रहेको, उक्त जग्गा जमिनमा निर्माण गरेको भवनहरू मूल संस्था कलेज अफ एजुकेशन शिक्षा शास्त्र संकायमा गाभिए पछि गाभिनुअघि उक्त संस्थाले उपयोग गरिरहेका सेवा सुविधाहरू पनि अन्यथा निर्णय भएको अवस्थामा बाहेक सोही संकायको मान्नुपर्दछ ।

७.३. नेपाल सरकार, शिक्षा मन्त्रालय र नेपाल शिक्षा समाज बीच भएको सम्झौता अध्ययन गर्दा सरकारी भौतिक पूर्वाधारहरूको उपयोग गरी निजी स्रोतमा सञ्चालित संस्थागत/आवासीय विद्यालयलाई संस्थालाई व्यवस्थापन हस्तान्तरण गर्ने मिति २०५६/१०/१३ नेपाल सरकार (मं.प.)को निर्णयानुसार मिति २०५७/०४/१३ मा सम्झौता भएको देखिदा र लेबोरेटरी

माध्यमिक विद्यालयले मिति २०८१/०३/१२ मा समितिलाई लेखेको पत्रमा "शिक्षा मन्त्रालय अन्तर्गत सञ्चालित स्कुल... ...पछि सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालित..." भनि उल्लेख भएको देखिँदा हाल निजी स्रोतबाटै सञ्चालन भएको देखिन्छ। निजी स्रोतको विद्यालयले त्रि.वि.को हक स्वामित्व र ज.ध. प्रमाण पूर्जा भएको जग्गामा सञ्चालन भएको तर त्रि.वि.सँग सहमति नभएको अवस्थामा सरकारी विद्यालय नै हो भनेपनि त्रि.वि.को जग्गामा सञ्चालन गरिरहन मनासिव देखिएन। तसर्थ, सरकारले अन्यत्र कतै सञ्चालनको व्यवस्था गर्ने वा जग्गाधनी त्रि.वि.सँग समन्वय गरी सहमतिमा लिज वा भाडामा बस्ने बसाउने व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ।

७.४. कानूनी राज्यमा व्यक्ति वा कुनै संस्थाको शासन होइन, विधिको शासन हुने हुनाले विधिको प्रावधान सबैले (संस्था वा व्यक्ति) सम्मानपूर्वक पालना गर्नुपर्दछ। कानूनी आधार उल्लेख नगरी गरिएका निर्णय मात्र होईन, काम पनि कानून सम्मत मात्र सकिँदैन। तसर्थ, त्रि.वि.का लागि अधिग्रहण गरिएको र मुआब्जा दिई नापजाँच बमोजिम फिल्डबुक एवं जग्गाधनी दर्ता प्रमाणपूर्जा समेत भएको जग्गा त्रि.वि. बाहेक कुनै संस्थाले न त कब्जा गर्न मिल्दछ न त त्रि.वि.ले नै कानूनी प्रक्रिया नपुऱ्याई कसैलाई दिन मिल्ने देखिन्छ। तसर्थ, विद्यालयको आफ्नो हक स्वामित्व नभएको त्रि.वि.को हक स्वामित्व भएको जग्गाहरू जग्गाधनीले सहमति/स्वीकृति दिए गरेको अवस्थामा बाहेक जबरजस्ती कब्जा गरी, खाली नगरी अटेर गरी रहन कुनै पनि किसिम र तर्कबाट मिल्ने देखिएन। उक्त जग्गा एवं भवन खाली गरी त्रि.वि.लाई बुझाउनु नै उचित देखिन्छ।

७.५. समितिलाई प्राप्त भएको कागजातहरू अध्ययन गर्दा उक्त स्कूल सरकारी जस्तो देखिएको र सो सरकारी स्कूललाई निजीस्रोत भनी गैरसरकारी संस्था (नेपाल शिक्षा समाज) लाई व्यवस्थापन हस्तान्तरण गर्ने र तत्पश्चात् मिति २०६२/०९/१७ मा तत्कालीन क्षेत्रीय निर्देशनालय (मध्यमाञ्चल) ले श्री लेबोरेटरी स्कुल सार्वजनिक गुठी दर्ता गरेपछि सार्वजनिक शैक्षिक गुठीमा लैजाने कार्य कानूनसम्मत भएको हो होइन भन्ने शंकास्पद अवस्था श्रृजना भएको देखिँदा यस विषयमा सम्बन्धित निकायबाट थप अध्ययन एवं छानबिन हुनु पनि आवश्यक देखिन्छ।

७.६. उक्त जग्गा त्रि.वि.को भएकाले यथाशिघ्र उक्त विद्यालयले जग्गा त्रि.वि.लाई बुझाउने व्यवस्था गर्नुपर्ने र त्रि.वि.सँग भाडा सम्झौता गरी विद्यालय सञ्चालन गर्न सकिने अवस्था र अवसर जीवितै रहेको छ। तसर्थ, उक्त लेबोरेटरी मा.वि.ले सञ्चालन गरिआएका कार्यक्रम अगाडि सञ्चालन गर्ने विद्यालयको मनसुवा रहेमा त्रि.वि.सँग जि.प्र.का. काठमाडौंले निर्धारण गरेको वा त्रि.वि.सँग सम्बन्धित कानून वा प्रचलित कानून बमोजिमको भाडादररेट वा त्रि.वि. सँग गरिने सम्झौतामा उल्लेखित शर्तका आधारमा भाडामा वा लिजमा लिन दिन सम्झौता गर्नुपर्ने देखिन्छ।

७.७. उक्त विवादित जग्गा त्रि.वि.को नै भएको कारणबाट लेबोरेटरी माध्यमिक विद्यालय निजी क्षेत्रको संस्था नेपाल शिक्षा समाजले सञ्चालन गरेको मिति २०५७/४/१३ देखि पुनः त्रि.वि.सँग पहिले जुन मितिमा सम्झौता गर्न मञ्जुर गर्दछन् त्यस समयसम्मको भाडा रकम तत्काल प्रचलित दरभाउका आधारमा जि.प्र.का. काठमाडौंद्वारा निर्धारित भाडादर बमोजिम वा त्रि.वि.ले यसै समयमा आफ्नो परिसरमा अन्य संस्थासँग सम्झौता गरी लिज वा भाडामा लिएको भाडा वा लिजको दर अनुसार हुन आउने भाडा रकम एकमुष्ट रूपमा विद्यालय सञ्चालन गर्ने संस्थाले त्रि.वि.लाई बुझाउनु पर्ने देखिन्छ।

७.८. त्रि.वि.को स्वामित्व रहेको जग्गा र भवनमा कलेज अफ एजुकेशनसँगै शिक्षा शास्त्र संकायमा हस्तान्तरण भई केहि वर्ष त्रि.वि.ले नै Practice Teaching को रूपमा सञ्चालन गर्दै रहेको शिक्षण सिकाई (Lab School) नेपाल सरकारमा लगेको, मिति २०५६/१०/१३ को मं.प.को निर्णयले व्यवस्थापन पक्ष मात्र निजी क्षेत्रको सहभागिता बढाउने नीति तय गरेको र त्यसरी व्यवस्थापन करार गर्दा लिजमा गर्नुपर्ने आवधिक योजना तथा बार्षिक बजेट नीति विपरित प्रस्ताव तयार गरेको र मन्त्रालयले जग्गा जमिनको र लिजको विषय उल्लेख नगरी सम्झौता गरेको, क्षेत्रिय शिक्षा निर्देशनालयले तत्कालीन शिक्षा ऐन, २०२८ मा उल्लेख भएको वाध्यात्मक कानूनी व्यवस्था अनुसार सरकारी सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालयलाई शैक्षिक गुठीमा सञ्चालन गर्न दिइने छैन भन्ने कुरालाई बेवास्ता गरी विभिन्न चरणमा सरकारी विद्यालयलाई निजीकरण गर्ने प्रयास गरेको; निजी विद्यालय सञ्चालनलाई गुठीयारले भाडामा लगाइ उल्टै त्रि.वि.को जग्गा होइन भन्ने अनाधिकृत व्यहोराका कागज प्रमाण तयार गर्न लागेको देखिँदा यस्तो गैरकानूनी निर्णय प्रक्रियामा संलग्न शिक्षा मन्त्रालय, जिल्ला शिक्षा कार्यालय, क्षेत्रिय शिक्षा निर्देशनालय लगायतका तत्कालीन सबै पदाधिकारी, एवं कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका व्यक्तिहरू उपर अख्तियार दुरूपयोग अनुसन्धान आयोग र नेपाल प्रहरीको CIB ले थप छानबिन कारबाही अघि बढाउनु पर्ने देखिन्छ ।

७.९. त्रि.विको स्वामित्वको जग्गालाई निजी क्षेत्रको "नेपाल शिक्षा समाज" लाई विद्यालयको व्यवस्थापन हस्तान्तरण गरेपनि जग्गा भोगचलन गर्न दिइएको निर्णय गर्दा निर्णय गर्न सक्ने कानूनी अधिकार रहे भएको नदेखिदा र अख्तियार दुरुपयोग गरेको जानिने कार्य गरेको देखिँदा उक्त मिति २०५७/०४/१३ सँग सम्बन्धित सम्झौता गर्ने र निर्णय गर्ने सबै टिप्पणी पेश गर्ने, राय पेश गर्ने निर्णय गर्ने सबै कर्मचारीहरू उपर अ.दु.अ.आयोगबाट थप छानबिन एवं अनुसन्धान कारबाही अघि बढाउनुपर्ने देखिन्छ।

७.१०. त्रिभुवन विश्वविद्यालयको नाममा जग्गाधनी प्रमाणपूर्जा भएको उक्त कीर्तिपुर न.पा. वडा नं. १० कि.नं. ३४ को जग्गालाई लेबोरेटरी माध्यमिक विद्यालयले धेरै वर्ष देखि भोगचलन गर्दै आइरहेको कारणबाट भोगाधिकार जग्गा दर्ता प्रक्रियामा लैजान उक्त विद्यालयले मालपोत

कार्यालय, कलङ्कीमा हाल साविक र जग्गा दर्ता प्रक्रिया अगाडि बढाईएको व्यहोरा मालपोत कार्यालय कलङ्कीको च.नं. मु. २।ख ४१४ मिति २०७१/०४/१८ को त्रि.वि.लाई लेखेको पत्र र त्रि.वि. रजिष्ट्रारको कार्यालय सा.प्र. महाशाखाको च.नं. २३ मिति २०७१/४/३० मा मालपोत कार्यालय कलङ्कीलाई प्रतिक्रिया पठाएको पत्रबाट देखिँदा यसमा त्रिभुवन विश्वविद्यालयको स्वामित्व/ ज.ध. प्रमाण पूर्जा भएको जग्गा हडप्ने गलत मनशाय राखि विद्यालय व्यवस्थापन समिति, नेपाल शिक्षा समाज एवं सार्वजनिक शैक्षिक गुठीबाट समेत सरकारी जग्गा अपचलन गर्ने दुष्प्रयास भएको देखिँदा निजहरू उपर अधिकार प्राप्त निकाय नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो (CIB) तथा अख्तियारको दुरुपयोग सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट समेत थप अनुसन्धान एवं छानबिन गर्ने कार्य अघि बढाउनुपर्ने देखिन्छ।

७.११. मुलुकी देवानी संहिता, २०७४ ले असल मनसाय, शान्तिपूर्ण वा खुला रूपमा प्राप्त गरेको भोगाधिकारलाई मात्र कानूनी तवरले भोगाधिकार प्राप्त गरेको मानिने र कसैले जबरजस्ती बदनियतपूर्वक अन्यको जग्गा निजको मञ्जुरी बेगर भोगचलन गर्न नहुने र त्यसरी भोग गरेमा त्यस्तो सम्पत्ति भोग गर्दा प्राप्त गरेको लाभ र त्यस्तो सम्पत्ति सम्बन्धितलाई फिर्ता गर्नुपर्ने र उक्त अवधिको क्षतिपूर्ति सम्बन्धितलाई तिर्नुपर्ने कानूनी व्यवस्था गरेको छ। यसर्थ, त्रिभुवन विश्वविद्यालयको स्वामित्वमा रहेको जग्गा उपयोग गर्न कुनै सम्झौता पनि नभएको र उक्त जग्गा खाली गरिदिने दशकौंदेखि पत्राचार समेत गर्दै रहेकोबाट लेबोरेटरी स्कुलले असल मनसायमा शान्तिपूर्ण र खुलारूपमा जग्गावाला त्रि.वि.को मञ्जुरी सहित जग्गा तथा भवन उपभोग गरेको भन्नसक्ने अवस्था नहुँदा मुलुकी देवानी संहिता तथा अन्य प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट थप कारबाही हुनुपर्ने देखिन्छ।

७.१२. त्रि.वि.को लागि २०१३ सालमा अधिग्रहण गरेको चौहदीभित्र परेको र त्रि.वि.को स्वामित्व कायम रही जग्गा धनी प्रमाणपूर्जा समेत प्राप्त भएको कीर्तिपुर नगरपालिका वडा नं. ३ सिट नं. १०२-११८३-१० कि.नं. ३४ हाल १ नं. क्षेत्रफल १०८-१४-२-३ जग्गामा रहेको साबिकमा त्रि.वि.कै व्यवस्थापनमा सञ्चालनमा रहि नेपाल सरकारबाट व्यवस्थापन करारमा गैरसरकारी संस्थाले केही समय सञ्चालन गर्दै आएको हाल सामुदायिक गुठीमा दर्ता भई सञ्चालित लेबोरेटरी स्कूलले अनधिकृत रूपमा उक्त जग्गा आफ्नो नाममा कायम गरी पाउन मालपोत कार्यालयमा कारबाही चलिरहेको भन्ने जानकारी समितिलाई त्रि.वि.बाट समेत प्राप्त कागजातहरूबाट जानकारी हुन आएको (रजिष्ट्रारको कार्यालयको मिति २०७१/४/३० मा मालपोत कार्यालय कलङ्कीलाई लेखेको पत्र) हुँदा त्रि.वि. जस्तो सरकारी स्वामित्वको निकायको स्वामित्वमा रहेको सरकारी जग्गा अपचलन गरी त्रि.वि.लाई हानी नोक्सानी पुऱ्याउने कार्य गर्न लागेको हुँदा यस्तो दुष्प्रयास गैरकानूनी कार्यमा संलग्नहरू उपर पनि CIB तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट थप छानबिन हुनुपर्ने देखिन्छ।

७.१३. लेबोरेटरी विद्यालयसँग सम्बन्धित निम्न विषयमा पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट थप छानबिन हुनुपर्ने देखिन्छः

७.१३.१. नेपाल शिक्षा समाजलाई १५ वर्षे विद्यालय व्यवस्थापन सम्झौता गरी विद्यालय सञ्चालन गर्न दिएपछिका वर्षहरूमा के कसरी सञ्चालन भयो भएन के कस्ता कमी कमजोरीहरू भए र उक्त संस्थाले हालसम्म आफ्नो अस्तित्व राखेको छ छैन?

७.१३.२. १५ वर्षे सम्झौताको समय समाप्त भएपछि पुनः नेपाल सरकारले मूल्याङ्कन गरेको छ छैन के कसरी सञ्चालन गरि रहेको छ?

७.१३.३. १५ वर्षको सम्झौता अवधि नसकिदै नेपाल सरकारको विश्वविद्यालयलाई क्षेत्रीय शिक्षा निर्देशनालय मध्यमाञ्चलले २०६२/०९/१७ मा सार्वजनिक शैक्षिक गुठीमा कसरी दर्ता गरेको हो अर्थात् लेबोरेटरी स्कूल सार्वजनिक शैक्षिक गुठीको विधान २०५९ कसरी स्वीकृत गरेको हो?

७.१३.४. विद्यालयको स्वामित्व गुठीयारको हुने र गुठीयारको शेषपछि गुठीयारले तोकेको व्यक्तिलाई गुठीमा रिक्त रहेको गुठीयारको रूपमा नियुक्ति हुने र अनन्तकालसम्म विद्यालय र विद्यालयको चल अचल सम्पत्ति राख्न पाउने, हस्तान्तरण गर्न पाउने अविछिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुन मिल्ने की नमिल्ने?

७.१३.५. व्यवस्थापन सञ्चालनको लागि करार सम्झौता गरेको संस्था (ने.शि.स.) ले गुठीयार खडा गरी सार्वजनिक शैक्षिक गुठी दर्ता गरी विद्यालयको स्वामित्वमा नै विवाद सिर्जना गरेको हो होइन?

७.१३.६. आफ्नो कुनै लगानी नै नगरी गुठीयार बनी गुठी खडा गरी विद्यालयको सम्पत्ति हडप्ने र विद्यालयको सम्पत्ति धितोमा राखी बैंक वित्तीय संस्थाबाट ऋण लिई विद्यालयलाई ऋणको बोझ बोकाई सार्वजनिक सम्पत्तिलाई अपचलन गरे भएको छ छैन?

७.१४. नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको सार्वजनिक संस्थाको नाममा रहेको घर वा जग्गा सम्बन्धित निकाय वा सरकार समेतको पूर्व स्वीकृति विना दर्ता गरि वा नगरी आफ्नो बनाउन वा कुनै किसिमले कब्जा, अतिक्रमण गर्न वा त्यस्तो घर वा जग्गाको भोगचलन गर्नमा बाधा अवरोध गर्ने कार्य मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा १४७ ले राष्ट्रिय तथा सार्वजनिक सम्पदा विरूद्धको कसूर हुने र त्यसबापत सजाय हुने कानूनी व्यवस्था रहेको छ। प्रस्तुत लेबोरेटरी माध्यमिक विद्यालयले पनि आफ्नो अस्तित्व पूर्ण सरकारी नभई सामुदायिक गुठीको विद्यालयको रूपमा परिणत भईसकेको भनी जवाफ दिएको र समितिलाई उपलब्ध प्रमाण कागजातबाट त्रि.वि.को नाममा नापजाँच भई जग्गाधनी प्रमाणपूर्जा समेत भएको र त्रि.वि.सँग जग्गा तथा भवन प्रयोग उपभोग गर्ने सन्दर्भमा कुनै प्रकारको सम्झौता पनि नगरेको नभएको र त्रि.वि.ले आफैंले भोगचलन गर्नको

लागि अनेकौं पटक पत्राचार गर्दा पनि जबरजस्ती गरी बाधा अवरोध खडा गरी जग्गा कब्जा गरी राखेको देखिँदा मुलुकी अपराध (संहिता) ऐन, २०७४ बमोजिम कारबाही अघि बढाउन सकिने नै देखिँदा सम्बन्धित निकायले थप छानबिन गरी कारबाही अघि बढाउनु पर्ने देखिन्छ।

## ख. राधास्वामी सत्संग ब्यास नेपालले उपयोग गरेको जग्गा

### १. समाचार प्रकाशन र उजुरीः

विश्वविद्यालयसँग शुरूमा ४ आना जमिन माग्न गएको राधास्वामी सत्सङ्ग नामको धार्मिक केन्द्रले २०४७ सालदेखि विश्वविद्यालयको मूल परिसर बाहिर बागमती नदीतर्फको तटिय क्षेत्रमा १८ रोपनी जग्गा ओगटेर बसेको छ। त्रि.वि.कै स्वामित्वमा रहने गरी शुरूमा ४ आना जमिन लिएको यो संस्थाले अहिले उपभोग गरिरहेको जग्गा आफ्नै नाममा दर्ता गराउन प्रयत्न गरेपछि त्रि.वि. प्रशासनले जमिन छाड्न र संरचना भत्काउन पत्राचार समेत गरेको तर सरकारका उच्च तहमा आसिन व्यक्तिहरू समेतको धार्मिक आवद्धता रहेको कारण यो संस्थालाई त्रि.वि.ले हटाउन सकेन भन्ने समाचारहरू विभिन्न पत्रिका, अनलाईन विद्युतीय सञ्चार माध्यमहरूमा समेत प्रकाशन भएको अवस्था रहेको छ। साथै, पूर्व बागमती नदी सीमामा त्रि.वि.को लागि अधिग्रहण गरेको जग्गासँग जोडिएको नदी उकास जग्गामा धार्मिक सम्प्रदायको नाममा कब्जा गरेको व्यहोरा पटक पटक विभिन्न सञ्चार मिडियाहरू तथा समाचार पत्रहरूमा प्रकाशन भएको।

### २. समितिलाई प्राप्त भएको तथ्यगत सूचना र विवरणः

१. जि.प्र.का. काठमाडौंमा द.नं. ५०/०४६-०४७ मा संस्था दर्ता भई समाज कल्याण परिषदसँग आवद्ध रहेको राधास्वामी सत्संग व्यास नेपाल (केन्द्रीय कार्यालय टोखा न.पा. वडा नं १४ सामाखुसीमा रहेको छ) ले वि.सं. २०४७/४८ देखि बागमती नदी किनारमा त्रि.वि.को लागि वि.सं. २०१३ सालमा अधिग्रहण गरेको क्षेत्रभित्र रहेको तथा त्रि.वि.को स्वामित्वमा रहेको कि.नं. ४१ उत्तर दक्षिण लम्बिएर फैलिएको ३५-४-२-३ रोपनी जग्गासँग टाँसिएर, बागमती नदीले छाडेको "नदी उकास" क्षेत्र हो भनी केही जग्गा उक्त संस्थाले उपयोग गरिरहेको देखिन्छ।

२. समितिलाई प्राप्त विवरण अनुसार उक्त नदी उकास भनिएको जग्गा वि.सं. २०१३ मार्ग १८ गते विश्वविद्यालय स्थापनाका लागि (पछि हालको त्रिभुवन विश्वविद्यालय स्थापना भएको) जग्गा अधिग्रहण गर्ने सम्बन्धी नेपाल गजेटमा प्रकाशित सूचनामा तोकिएको चारकिल्लाभित्रको (बागमती नदी देखि पश्चिम, कीर्तिपुरबाट कालिमाटी पुग्ने बाटो देखि पूर्व, पाँगा जाने नयाँबाटो भाजंगल र कीर्तिपुर देखि उत्तर र बल्खु खोला देखि दक्षिण) प्रचलित कानून बमोजिम तोकिएको मुआब्जा वितरण भई सोही अनुसार नापजाँच भई त्रि.वि. कीर्तिपुर बहुमुखी क्याम्पस, कीर्तिपुर,

काठमाडौंका नाममा ज.ध. प्रमाण पूर्जा समेत प्राप्त भइसकेको देखिन्छ। अधिग्रहणको सूचनाको आधारमा बागमती नदी नै त्रि.वि. किर्तिपुर परिसरको पूर्वी सिमाना रहेको देखिन्छ।

३. वि.सं. २०५० सालतिर उक्त संस्थाले त्रिभुवन विश्वविद्यालयसँग सो जग्गा सशर्त भोगचलन गर्न स्वीकृतिको लागि अनुरोध गरेको व्यहोरा त्रि.वि. कार्यकारी परिषदको २०५० वैशाख १५ गते मंगलबार बसेको १०३ औं बैठकको निर्णयं नं. ७५७ मा उल्लेख रहेको छ ।

४. उक्त संस्थाले च.नं. ३५०/७२ मिति २०८१/०२/३१ मा श्री त्रि.वि. रजिष्ट्रारको कार्यालयलाई सम्बोधन गरी यस समितिलाई उपलब्ध गराएको बोधार्थ तथा कार्यार्थ पत्र बमोजिम साबिक कलङ्की गा.वि.स. वडा नं ३ हाल कीर्तिपुर न.पा. वडा नं. १४ मा रहेको नदी उकास जग्गा त्रि.वि. परिसरमा पर्ने भनी उल्लेख भएको र एक सामुदायिक भवन निर्माण गरेको व्यहोरा उल्लेख गरेको देखिन्छ। (अनुसूची २.२१)

५. यसैबीच, श्री राधास्वामी सत्संग व्यास नेपालले विना स्वीकृति भोगचलन गर्दै आएको उक्त १५ रोपनी जग्गा संस्थाकै नाममा जग्गा दर्ता गरी ज.ध. प्रमाण पूर्जा पाउन सम्माननीय प्रधानमन्त्री समक्ष निवेदन दिई मालपोत कार्यालय, कलङ्की एवं नापी कार्यालय कलङ्कीमा जग्गा दर्ताको प्रारम्भ गरेको देखिन्छ। तर आजसम्म उक्त विषयमा कारबाही किनारा लागेको र कहिँ कतै र कुनै जग्गाको स्वामित्व भएको निकायबाट भोगचलनको स्वीकृति पाएको देखिँदैन। साथै, उक्त संस्थाबाट यस समितिमा उपलब्ध गराएको कागजातहरूबाट पनि उक्त जग्गा संस्थाको नाममा रहे भएको कुनै कागजात पेश हुन सकेको देखिँदैन।

६. संस्थाले कब्जा गरी उपभोग गरेको उक्त जग्गा २०१३ सालको जग्गा अधिग्रहणको राजपत्रमा प्रकाशित सूचनामा उल्लेखित चार किल्लाभित्र रहेको र २०४० सालको नापीमा त्रि.वि.को नाममा नाप नक्सा भएकोले त्रि.वि.ले आफ्नो स्वामित्वको जग्गा हो भनी जग्गा खाली गर्न उक्त संस्थालाई पटक पटक अनुरोध गरेको र उक्त संस्थाले पनि त्रि.वि.सँग संस्थाको लागि जग्गा पाउन त्रि.वि.लाई पत्राचार गरेको देखिन्छ भने अर्कोतर्फ उक्त संस्थाले उपभोग गरेको जमिन "नदी उकासको हो" भनी त्रि.वि.को नाममा नाप नक्सा भएको जग्गाको भोगचलन गरेको मात्र नभई उल्टै जग्गाको स्वामित्व भएको निकाय स्वीकृति/मञ्जुरी विना नै कानूनी प्रक्रिया नपुर्याई कथित फिल्डबुक समेत तयार गरेको देखिन्छ (अनुसूची २.२२ विभिन्न कागजातहरू)।

## ३. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

१. त्रि.वि.को जग्गा भए त्रि.वि.सँग र सरकारी जग्गा हो भन्ने यकिन भए भोगचलन गर्नुपूर्व सम्बन्धित संस्था वा नेपाल सरकारबाट भोगचलन/भोगाधिकारको स्वीकृति लिनुपर्नेमा सो प्रक्रिया समेत पूरा नगरी अनाधिकृत रूपमा सरकारी जग्गा कब्जा/अतिक्रमण गरेको देखिन आयो।

२. यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसला प्रासांगिक देखिन्छ। उक्त फैसला अनुसार काठमाडौं जिल्ला कीर्तिपुर न.पा. वडा नं. १३ वस्ने देवी कटुवाल समेत विपक्षी

त्रिभुवन विश्वविद्यालय कीर्तिपुर बहुमुखी क्याम्पस भएको खिचोला मेटाई दर्ता बदर गरी हक कायम समेत भएको संवत् २०६२ सालको दे.पु.नं. ८५१२ मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसलामा त्रिभुवन विश्वविद्यालयका लागि २०१३ सालमा बागमती नदीदेखि पश्चिमको जग्गा तत्कालीन श्री ५ को सरकारद्वारा अधिग्रहण गरिएकोमा कुनै विवाद छैन। त्रिभुवन विश्वविद्यालयका लागि जग्गा अधिग्रहण भई सकेपछि त्यसमा कुनै व्यक्ति विशेष दर्तावालाको हक भएको पनि त्यो समाप्त भईसकेको मान्नुपर्ने हुन्छ। त्यस्तो अवस्थामा नापी कहिले हुन्छ? त्रिभुवन विश्वविद्यालयको नाममा सो जग्गा दर्ता कहिले हुन्छ? दर्ता प्रमाण पूर्जा कहिले प्राप्त हुन्छ? यी कुनै कुराले जग्गाको स्वामित्व सम्बन्धमा कुनै महत्व रहँदैन। यी सबै प्रक्रियागत कुराहरू हुन। नापी वा दर्ता अघि वा पछि हुनु वा दर्ता प्रमाण पूर्जा विलम्ब गरेर प्राप्त गरेबाट सो जग्गामा अन्यको हक सिर्जना हुन जान्छ भनी अनुमान गर्न वा अर्थ गर्न मिल्दैन। बागमती नदी नै विश्वविद्यालयको पूर्वपट्टीको सिमाना हो भन्नेमा विवाद देखिँदैन। भनी व्याख्या भईसकेकोबाट पनि हालै राधास्वामी सत्संग व्यास नेपाल भन्ने संस्थाको नाम नापीको समयमा विरह वा कैफियत महलमा उल्लेख गरी तयार भएको फिल्डबुकले आधिकारिकता पाउने अर्थात् जग्गाको स्वामित्व दर्शाउने अवस्था नदेखिँदा त्यस्तो कागजात तयार गरी त्रि.वि. वा नेपाल सरकारको स्वामित्व कायम भएको जमिन हडप्ने कार्य कानून सम्मत रहेको भन्न सकिने अवस्था देखिँदैन।

३. मालपोत ऐन, २०३४ को दफा २४ ले सरकारी, सार्वजनिक जग्गा नेपाल सरकारको स्वीकृति विना दर्ता वा आवाद गर्न गराउन हुँदैन र त्यसरी दर्ता भएको भए पनि स्वतः बदर हुन कानुनी व्यवस्था भएको देखिन्छ। साथै, मुलुकी देवानी संहिता, २०७४ ले पनि कसैले पनि सरकारी, सार्वजनिक सम्पत्ति आफ्नो नाममा दर्ता गर्न वा गराउन च्यापी घुसाई वा अन्य तवरले आफ्नो कब्जामा राख्न नहुने र गरे गराएमा स्वतः बदर हुने यस्तो कार्य भए गरेमा मालपोत कार्यालयले कारबाही गर्न सक्ने कानूनी व्यवस्था भएको देखिन्छ।

४. यसका अतिरिक्त साबिकको मुलुकी ऐन, २०२० जग्गा मिच्नेको २ नं. को कानूनी व्यवस्था अनुसार पनि साँधको नदीले आफ्नो बहाब बदली जग्गा नदी उकास भएमा जतापट्टी नदी उकास भएको छ उतै पट्टीको जग्गावालाले सो नदी उकास जग्गा भोगचलन गर्न पाउने देखिन्छ भन्ने व्यवस्था भएको देखिन्छ। साथै, मुलुकी देवानी संहिता ऐन, २०७४ अनुसार पनि नदी वा खोलाले कटान गरेमा नदी वा खोलाले छोडेपछि त्यस्तो जग्गा सम्बन्धित जग्गावालाको नै हुने र आवाद गर्न पाउने व्यवस्था भएको पाईन्छ।

५. त्यसैगरी, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार प्रदेश वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको सार्बजनिक संस्थाको नाममा रहेको घर वा जग्गा सम्बन्धित सरकार वा स्थानीय सरकार वा स्थानीय तहको पूर्व स्वीकृति विना दर्ता गरी वा नगरी आफ्नो बनाउन वा कुनै किसिमले कब्जा, आवाद वा अतिक्रमण गर्न वा त्यस्तो

घर वा जग्गाको भोगचलन गर्नमा बाधा अवरोध गर्ने कार्य मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १४७ ले राष्ट्रिय तथा सार्वजनिक सम्पदा विरूद्धको कसूर हुने त्यस वापत सजाय समेत हुने कानूनी व्यवस्था रहेको छ। प्रस्तुत केशमा त्रि.वि.ले पटक पटक जग्गा खाली गर्न अनुरोध गरेकोमा सरकारी निकायको स्वीकृति विना कब्जा, आवाद र अतिक्रमण गरी सरकारी जग्गाको भोगचलन गरेको देखियो। तसर्थ, यसमा अधिकार प्राप्त निकायले यस्तो गैरकानूनी तवरले उक्त जमिन कब्जामा लिई अतिक्रमण गर्ने र अनधिकृतरूपमा स्वामित्व हत्याउने कार्यमा संलग्न भएको देखिँदा गैरकानूनी कार्यमा संलग्न हुने सबै उपर सम्बन्धित निकायबाट थप आवश्यक छानबिन एवं अनुसन्धान गरी मुलुकी अपराध (संहिता) ऐन, २०७४ बमोजिम कारबाही अघि बढाउनुपर्ने देखिन्छ।

६. २०४० सालमा त्रि.वि.को नाममा नाप नक्सा भई कि.नं. ३ कायम भईसकेको जग्गालाई हाल नदी उकास जग्गा भनी स्वामित्व हिन अवस्था देखाई फिल्डबुकको विरह महलमा संस्थाको नाम उल्लेख गरेकै आधारमा संस्थाको नाममा नक्सा सिट तयार गरी जग्गाधनी प्रमाणपूर्जा तयार गर्ने गराउने जस्ता गैरकानूनी कारबाही अघि बढाएको भन्ने जानकारी हुन आएको हुँदा सो कार्यमा संलग्न उपर पनि सम्बन्धित निकायबाट थप छानबिन गरी कारबाही हुनुपर्ने देखिन्छ।

## ग. नेपाल प्राध्यापक संघले भोगचलन गरेको जग्गा

### १. समाचार प्रकाशन र सूचना/उजुरीः

त्रिभुवन विश्वविद्यालयमा पटक पटक आन्दोलन र अवरोध सिर्जना गरेर सिनेट बैठकलाई समेत प्रभावमा पारेर त्रि.वि. प्राध्यापक संघले ५० रोपनी भन्दा बढी बल्खु-दक्षिणकाली सडक खण्ड अन्तर्गत त्रि.वि. मुलगेट अगाडिको बहुमुल्य जग्गा तथा सोही जग्गामा बनाएको भवन सटर व्यापारिक प्रयोजनको लागि अनधिकृत रूपमा भाडामा लगाएर खाइरहेको भन्ने समाचारहरू विभिन्न सञ्चार माध्यममा प्रकाशित भएको।

### २. समितिलाई प्राप्त तथ्यगत सूचना एवं विवरणः

१. नेपाल प्राध्यापक संघले भवन निर्माणका लागि जग्गा माग गरे अनुसार त्रि.वि.कै स्वामित्व कायम हुने गरी भवन निर्माण गर्न स्वीकृति दिने गरी त्रि.वि. रजिष्ट्रारको कार्यालयबाट मिति २०४२/१२/२८ मा कीर्तिपुर क्याम्पसको गेट अगाडि खानेपानी ढल निकास समितिले ओगटेको जग्गा नजिकबाट भवन बनाउन पुग्ने जग्गा दिने भनी निर्णय भएकोमा पुनः मिति २०४३/०२/१५ को निर्णय अनुसार हाल ने.प्र.सं.लाई प्रदान गरिने जग्गा त्रि.वि. गेट अगाडि दक्षिणकाली जाने मुल सडक पिच रोडको किनारादेखि पूर्व तर्फ ७० मिटर र दक्षिणतर्फ खानेपानी ढल निकास समितिको कम्पाउण्ड सित जोडिएको बागमती जाने कच्ची बाटोसित समानान्तर हुने गरी उत्तर किनाराबाट उत्तरतर्फ ५० मिटर सम्म अर्थात् ७० मि. ५० मि. को क्षेत्रफल करिब ६ रोपनी १२ आना जति

कित्ता छुट्याई दिने भनी निर्णय भएको भन्ने समेत व्याहोराको पत्र रजिष्ट्रार कार्यालयले मिति २०४२/०२/१६ मा कीर्तिपुर बहुमुखी क्याम्पस त्रि.वि. कीर्तिपुरलाई लेखी नेपाल प्राध्यापक संघलाई बोधार्थ तथा कार्यार्थ दिएको देखिन्छ।

२. सोही विषयमा त्रि.वि. सभा तथा कार्यकारी परिषदको सचिवालयको च.नं. ७८९/०७३/०७४ मिति २०७४/१/२१ को पत्रमा कार्यकारी परिषद्को मिति २०७४/०१/२१ को निर्णय नं. १२४५ मा संघको भवन र जग्गा रहेको स्थानभन्दा उत्तरपट्टीको त्रि.वि. केन्द्रीय कार्यालयको मुलगेट अगाडिपट्टी सडकभन्दा पूर्वतर्फको जग्गाको (चार किल्ला-पूर्वतर्फ बागमती नदी, पश्चिमतर्फ मुल सडक, उत्तरतर्फ त्रि.वि.कै जग्गा र दक्षिणतर्फ प्राध्यापक संघको भवन र संघले पहिले प्राप्त गरेको ६५ फिटको जग्गा स्वामित्व कायम सडकको मोहडामा हाल कायम रहेको १५४ फिटमध्ये ७७ फिटमा नबढाई त्रि.वि.कै हुने गरी नेपाल प्राध्यापक संघलाई भवन निर्माण गर्न स्वीकृति दिने निर्णय भएकोले आवश्यक कार्यार्थ भनी सामान्य प्रशासन महाशाखालाई पठाएको देखिन्छ।

३. नेपाल प्राध्यापक संघले रजिष्ट्रारको कार्यालयलाई पठाएको मिति २०७५/१२/१८ को पत्रमा "कि.नं. ३८ को ४ रोपनी ६ आना १ पैसा २ दाम जग्गा (दक्षिणकाली जाने मुल सडक कालोपत्रे बाटोको किनारा देखि पूर्व तर्फ ७० मिटर र दक्षिण तर्फ खानेपानी तथा ढल निकास समितिको कम्पाउण्डसित जोडिएको बागमती जाने कच्ची बाटोसित समानान्तर हुने गरी उत्तर किनाराबाट उत्तर तर्फ ७० मि. ५० मि. को क्षेत्रफल ६ रोपनी १२ आना जग्गा छुट्याई दिने भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। साथै, उल्लिखित जग्गाको द. तर्फ चरणबद्ध रूपमा प्राध्यापक अतिथि गृह निर्माण गरी प्राध्यापकहरूलाई सहुलियत आवास सुविधा प्रदान गर्दै आएको भन्ने पनि उल्लेख रहेको।

४. त्रि.वि. कार्यकारी परिषद्को मिति २०७७/१०/२१ को निर्णय नं. ६६९ मा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको मुलगेट अगाडि रहेको विश्वविद्यालयको मिति २०४३/०२/१६ र मिति २०४७/०१/२१ को निर्णयबाट नेपाल प्राध्यापक संघलाई उपलब्ध गराइएकोमा उल्लेखित जग्गाको पूर्वपट्टी रहेको कीर्तिपुर न.पा. वडा नं. १० साविक वडा नं. ३ (सिट नं. १०२-११८३-१८) मा त्रिभुवन विश्वविद्यालयकै नाममा हाल साविक भई आएको बागमती नदीसम्मको विश्वविद्यालयको जग्गा तत्कालै संरक्षण नगरिएमा र त्यसमा अनधिकृत हस्तक्षेप हुन सक्ने स्थिति रहेको उल्लेख गर्दै उक्त जग्गाको संरक्षण गर्दै विश्वविद्यालयका आय प्राध्यापकको हितमा प्रयोग गर्न नेपाल प्राध्यापक संघले माग गरेको सम्बन्धमा छलफल हुँदा बागमती किनारासम्मको उक्त सबै जग्गा विश्वविद्यालयलाई आवश्यक परेको बेलामा जुनसुकै बेला विश्वविद्यालयले फिर्ता लिने गरी हाल त्यस्को संरक्षण गर्न र त्रिभुवन विश्वविद्यालयका प्राध्यापकको हितमा प्रयोग गर्न नेपाल प्राध्यापक संघलाई उपलब्ध गराउने भनी उल्लेख भएको देखिन्छ।

५. मिति २०८१/२/३१ गते समितिले स्थलगत अवलोकन गर्दा अतिथि गृहको तल्लो भुईतलामा रहेको सटरहरू भाडामा दिएको, मुख्य रूपमा नर्सरी संचालन गर्न दिएको र त्यसको पूर्वपट्टीको भागमा मार्बल बिक्रि वितरणका लागि जग्गा भाडामा दिइएको देखियो।

६. त्रि.वि.ले नेपाल प्राध्यापक संघको भवन बनाउनका लागि दिइएको उक्त जग्गामा धेरै भागमा नर्सरी प्रयोजनका लागि संचालन गर्न (मिति २०७३/०७/१८ मा श्री विमला तामाङ र नेपाल प्राध्यापक संघ विच भएको सम्झौता) दिइएको देखिन्छ (अनुसूची २.२३)। त्यसैगरी, मार्बल विक्री कार्यको पसल समेत राखी व्यापार व्यवसायका लागि भाडामा प्रयोग गरिएको देखिन्छ।

७. नेपाल प्राध्यापक संघको Ref No. १४०/०८१/०८२ मिति २०८१/०४/१० को पत्रमा त्रि.वि. मुलगेट अगाडि रहेको जग्गामा भोगाधिकार प्राप्त गरेको आधारमा नेपाल प्राध्यापक संघको कार्यालय भवन एवं प्राध्यापक अतिथिगृह संचालनार्थ कार्यालय भवनको तल्लो तल्लामा रहेका पसल सटरहरू व्यवस्थापन करारमा दिई आएको भन्ने समेत व्यहोरा उल्लेख भई आएको।

## ३. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

१. भवन बनाउनका लागि दिइएको जग्गामा भवन निर्माण बाहेक अन्य प्रयोजनको लागि तेस्रो पक्षलाई भाडामा लगाइएको (नर्सरी संचालन र मार्बल व्यवसाय) विषय सम्झौताका शर्त विपरित देखिँदा त्रि.वि.को सम्पत्ति तोकिएको उद्देश्य प्रयोजन विपरित त्रि.वि.को स्वामित्वमा रहेको सम्पत्तिलाई आफ्नै हो भन्ने दुरासय लिई त्रि.वि.को स्वीकृति सहमति विना अनधिकृत रूपमा भाडामा लगाई आर्थिक लाभ लिई त्रि.वि.लाई आर्थिक हानी नोक्सानी पुग्न गएको देखिन्छ। तसर्थ, हिनामिना गरेको देखिन आएकोले तुरुन्त हटाउनु पर्ने ।

२. त्रि.वि.ले शुरूमा उपलब्ध गराउने भनिएकोमा बढी जग्गा भोगचलन गरेको देखिन आएको र त्रि.वि. कार्यकारी परिषद्ले पनि मिति २०७७/१०/२१ को निर्णयमा पनि कूल क्षेत्रफल जग्गा कति के कुन शर्तमा उपलब्ध गराएको भन्ने खुलाएको पनि नदेखिँदा क्षेत्रफल एकिन गरी संघले बढी भोगचलन गरेको भन्ने सम्बन्धमा क्षेत्रफल एकिन गरी त्रि.वि.ले क्षेत्रफल कट्टा गरी अन्य उपयुक्त काममा प्रयोग गर्ने वा थप सम्झौता गर्ने वा भोगाधिकारमा दिने तर्फ आवश्यक कारबाही हुनुपर्ने देखिन्छ।

३. गैरकानुनी तथा अनाधिकृत रूपमा त्रि.वि.को स्वामित्वको जग्गालाई संघको स्वामित्व हो भन्ने झुठ्ठा व्यहोरा बनाई व्यापार व्यवसाय सञ्चालन गर्ने तेस्रो पक्षसँग सम्झौता गरी गैरकानुनी रूपमा बढी जग्गा उपभोग गर्ने गराउने र भाडामा लगाउने र लिने कार्यमा संलग्न नेपाल प्राध्यापक संघका पदाधिकारी समेत उपर ठगी तथा अन्य कसूरमा प्रचलित कानून बमोजिम केन्द्रीय अपराध अनुसन्धान ब्युरो (CIB) बाट थप छानबिन हुनुपर्ने देखिन्छ।

४. त्रि.वि.सँग सम्बन्धित ऐन नियम र विनियमावली बमोजिम त्रि.वि.का रजिष्ट्रार र सामान्य प्रशासन महाशाखाका प्रमुखबाट पनि जग्गा उपयोग र संरक्षणको महत्वपूर्ण जिम्मेवारी बहन नगरेको कारणबाट उक्त संस्थाले बर्षौंदेखि त्रि.वि.को जग्गा जमिनको सम्झौता विना त्रि.वि.को प्राज्ञिक

कार्यको लागि मुआब्जा दिई अधिग्रहण गरेको जग्गा जमिन सो उद्देश्य विपरित गैरकानूनी रूपमा आर्थिक लाभ हाँसिल गरिरहेकोबाट त्रि.वि.लाई आर्थिक हानी नोक्सानी पुग्न गएको देखिँदा यस अवधिमा तत् तत् पद र जिम्मेवारीमा रहेका पदाधिकारीहरू समेत उपर कानून बमोजिम विभागिय कारबाहीको भागिदार बनाउनुपर्ने देखिन्छ।

## घ. त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघले उपभोग गरेको जग्गा

### १. सञ्चार मिडियामा प्रकाशन भएको समाचार, उजुरी र गुनासोः

अस्पतालको लागि छुट्याइएको जग्गा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक संघले भोगचलन गर्दै आएको, संघको कार्यालय सञ्चालन गर्न त्रि.वि.ले भोगचलन गर्न दिएको जग्गामा कार्यालय पुस्तकालय वा अन्य कुनै अनुसन्धान केन्द्र बनाउनुको सट्टा प्राध्यापक संघले पार्किङ बनाउन मासिक २ लाख १० हजार भाडामा लगाएको, विश्वविद्यालयको जग्गा हडपेर पार्किङ सञ्चालन गरेर रकम असुले पनि त्यसबापत त्रि.वि.लाई कुनै रकम प्राप्त नभएको साथै बल्खु-दक्षिणकाली सडक खण्ड अन्तर्गत त्रि.वि. मुलगेट अगाडिको बहुमुल्य जग्गा त्रि.वि. प्राध्यापक संघ समेतले अनधिकृत रूपमा भाडा लगाएर मासिक भाडा उठाउँदै आएको, नर्सरी सञ्चालन गरी जग्गा भाडामा लगाएको भन्नेसमेत गुनासो र समाचारहरू प्रकाशन भएको देखिन्छ।

### २. समितिलाई प्राप्त भएको तथ्यगत सूचना विवरणः

१. कार्यकारी परिषद्को मिति २०६३/०१/२६ को बैठकको निर्णय नं. १९१३ बमोजिम त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघको भवन निर्माणको लागि व्यवस्थापन संकाय अन्तर्गत School of Management लाई छुट्याईएको बल्खुस्थित ५ रोपनी जग्गासँगैको ३ रोपनी जग्गा उपलब्ध गराउने निर्णय भएकोमा उक्त जग्गा त्रि.वि. प्राध्यापक संघ आफैंले प्रयोग नगरी तेस्रो पक्षलाई भाडामा लगाएको बुझिएकोले प्राज्ञिक प्रयोजनका लागि फिर्ता लिने र तेस्रो पक्षसँग भएको सम्झौता रद्द गरी जग्गा खाली गरीदिन समेतको लागि कार्यकारी परिषद्को मिति २०७७/०९/०२ को बैठकको निर्णय नं. ५४१ बाट निर्णय भएको प्राप्त कागजातहरूबाट देखिन आएको।

२. पुनः त्रि.वि.को २०७४/०९/०४ को कार्यकारी परिषद्को निर्णय नं. १६२८ बमोजिम त्रि.वि. गेटको नेपाल प्राध्यापक संघलाई दिईएको जग्गाबाट अन्दाजी ३ रोपनी प्राध्यापक संघको भवन निर्माण गर्न उपलब्ध गराउने निर्णय भएको। सोही बमोजिम प्राध्यापक संघले भोगचलन गर्दै आएको देखिन्छ।

३. त्रि.वि. प्राध्यापक संघको मिति २०८१/०४/११ को पत्रबाट बल्खुस्थित व्यवस्थापन संकाय अन्तर्गतको स्कुल अफ म्यानेजमेन्टसँगैको ३ रोपनी जग्गा त्रि.वि.को मिति २०७४/०९/०४ को कार्यकारी परिषद्को बैठकको निर्णयले फिर्ता भइसकेको र हाल त्रि.वि. गेट नजिकैको ३ रोपनी जग्गा मात्र भोगचनल गर्दै आएको भन्ने विवरण प्राप्त हुन आएको।

## ३. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

१. त्रि.वि. सरकारी निकाय भएको र यसको स्वामित्वमा रहेको जग्गा तोकिएको कार्य वा प्रयोजन विपरित प्राज्ञिक, शैक्षिक कार्यमा/प्रयोजनमा नलगाई त्रि.वि.को स्वामित्वमा रहेको जग्गा वा सम्पत्तिलाई मेरै/हाम्रै हो भन्ने झुठ्ठा ब्यहोरा बनाई तेस्रो पक्षसँग सम्झौता गरी गैरकानूनी रूपमा आर्थिक फाइदा लिई त्रि.वि. लाई हानी नोक्सानी पुग्न गएको कुरालाई कार्यकारी परिषद्को मिति २०७७/९/०२ को निर्णयले पुष्टी गरेको देखिँदा सरकारी जग्गा जमिनको अपचलन गरी अनधिकृत तथा गैरकानूनी रूपमा फाईदा लिएको; झूठ्ठा दावी एवं स्वामित्व देखाई सम्झौता गरेको गैरकानूनी रूपमा आर्थिक लाभ (भाडा) प्राप्त गरी त्रि.वि.लाई आर्थिक हानी नोक्सानी पुग्न गएको देखिएकोले सो समेत सम्बन्धित निर्णयकर्ताहरूबाट असूल उपर गर्न गराउन सो उपर सम्बन्धित थप अनुसन्धान गर्न समेत निकायबाट CIB बाट छानबिन हुन कारबाही अघि बढाउनुपर्ने।

२. त्रि.वि. प्राध्यापक संघको मिति २०८१/०४/११ को पत्रद्वारा संघ त्रि.वि. सभा सदस्य समेत रहेको व्यहोरा अवगत हुन आएको सन्दर्भमा त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ र अन्य त्रि.वि.सँग सम्बन्धित कानून अनुसार त्रि.वि. सभाले त्रि.वि.को अचल सम्पत्तिको स्वामित्व ग्रहण गर्ने, संरक्षण गर्ने, व्यवस्थापन गर्ने सम्बन्धमा स्वीकृती, निर्देशन, नियन्त्रण गर्ने दायित्व, जिम्मेवारी तोकिएको विषयलाई संघको तर्फबाट पनि ध्यानाकर्षण हुनुपर्ने देखिन्छ।

## ङ. त्रि.वि. कर्मचारी संघले उपभोग गरेको जग्गा

### १. समाचार प्रकाशन र उजुरीः

विश्वविद्यालय कर्मचारी संघले पनि त्रि.वि. गेट अगाडि झण्डै २० रोपनी जमिन लिएर आफू अनुकुल भाडामा लगाएको र ठेक्कापट्टाबाट आउने रकम सोझै संघको खातामा जाने गरेको, जस्ता समाचार प्रकाशनमा आएको र त्रि.वि. सामान्य प्रशासन शाखाबाट समेत जग्गा त्रि.वि. कर्मचारी संघले उपभोग गरिरहेको भन्ने अवस्था देखिन्छ।

### २. समितिलाई प्राप्त तथ्यगत सूचना र विवरणः

१. त्रि.वि. सभा तथा कार्यकारी परिषद् कार्यालयको मिति २०५०/०५/०३ को निर्णय नं. ८४१ अनुसार संघको भवन, गेष्टहाउस आदि निर्माणका लागि अनुरोध भएको सन्दर्भमा कीर्तिपुर स्थित नेपाल प्राध्यापक संघको भवनको उत्तरपट्टीको कि.नं. ३८ मध्येबाट जग्गाको स्वामित्व त्रि.वि. मै रहने गरी कर्मचारी संघ, केन्द्रीय समितिलाई भवन बनाउन जग्गा उपलब्ध गराउने निर्णय भएको र जग्गाको क्षेत्रफल र अन्य शर्तहरू उपर पछि विचार गर्ने भनी निर्णय भई सामान्य प्रशासन महाशाखालाई जानकारी पठाएको त्रि.वि. सभा तथा कार्यकारी परिषद्को कार्यालयको (मिति २०५०/०५/०६ को च.नं. (ज) ५९/५०५१ को पत्रबाट देखिन्छ।

२. त्रि.वि. कर्मचारी संघको च.नं. १०७/०७५/०७६ मिति २०७५/११/२९ को त्रि.वि. सामान्य प्रशासन शाखालाई लेखेको पत्र अनुसार कर्मचारी आवास गृह निर्माण गरेको उल्लेख भएको ।

३. त्रि.वि. कर्मचारी संघको प.सं. ०४/०८१/०८२ मिति २०८१/०५/१३ को यस समितिलाई लेखेको पत्रमा अतिथि गृह निर्माणका लागि जग्गा उपलब्ध गराईएको र भोगचलन गर्दै आएको साथै पेट्रोल पम्प राख्नको लागि तत्कालीन सामान्य प्रशासन महाशाखा प्रमुखले २०५५/०४/३१ मा आयल निगमलाई स्वीकृति दिएको साथै त्रि.वि.को स्वामित्वमा रहेको कि.नं. ३८ मध्येबाट ५-४-२-२ जग्गा संघलाई उपलब्ध गराईएको भन्ने व्यहोरा समेत उल्लेख भएको देखिन्छ (अनुसूची २.२४)।

४. कार्यकारी परिषद्को मिति २०५०/०५/०३ को निर्णय नं. ८४१ को कार्यकारी परिषद्को निर्णयमा कर्मचारी संघलाई कति क्षेत्रफल कुन शर्तमा उपलब्ध गराउने भन्ने विषयमा पछि विचार गरिनेछ मात्र भनिएकोमा परिषद्को निर्णय भन्दा बाहिर गई प्रशासन महाशाखा प्रमुखले नेपाल आयल निगमको पेट्रोल, डिजेल पम्प राख्न दिने स्वीकृति दिएको व्यहोरा पत्रमा उल्लेख गरेको देखिन आयो। यसैगरी, त्रि.वि.सँग उक्त कर्मचारी संघसँग भएको सम्झौता र जग्गाको क्षेत्रफल खुलाई भएको पछिल्लो कार्यकारी परिषद्को निर्णय भए उपलब्ध गराउन अनुरोध गर्दा त्रि.वि.बाट समितिलाई कुनै जवाफ तथा सम्झौताहरू प्राप्त हुन सकेन।

## ३. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

१. यसमा त्रि.वि.ले जग्गाको क्षेत्रफल यकिन नगरी विना सम्झौता जग्गा उपलब्ध गराएको देखिन्छ भने अर्कोतर्फ भवन निर्माण गरी अतिथि गृहको रूपमा प्रयोग गर्ने भनेकोमा व्यापारिक प्रयोजनमा लगाएको र पेट्रोल पम्प समेत राख्न त्रि.वि.को सामान्य प्रशासन महाशाखा प्रमुखबाट आयल निगमलाई पत्राचार भएको तर सो प्रयोजनको लागि कार्यकारी परिषद्बाट कुनै निर्णय भएको नभेटिएको र त्रि.वि. कर्मचारी संघलाई अतिथीगृह भवन बनाउन मात्र स्वीकृति दिने निर्णयमा टेकेर अधिकार प्राप्त नभएको व्यक्तिले आयल निगमको पेट्रोल पम्प राख्ने पत्राचार गरेको विषय अख्तियारको दुरूपयोग गरेको एवं नभएको अधिकार प्रयोग गरेको देखिन आयो। अर्को तर्फ, त्रि.वि.को उद्देश्य अनुरूप जग्गा जमिनको वितरण, उपयोग/ प्रयोग भए गरेको देखिन आएन। शिक्षा तथा प्राज्ञिक कार्यको लागि भनी मुआब्जा दिई स्थानीय जनतासँग अधिग्रहण गरि लिएको जमिन व्यापार, व्यवसाय सञ्चालनमा प्रयोग गर्नु नैतिक दृष्टीले पनि उपयुक्त नहुने भन्ने कीर्तिपुरबासीको डेलिगेसनद्वारा समितिमा मौखिक सुझाव/जानकारी प्राप्त हुन आएको।

२. त्रि.वि.सँग सम्बन्धित कानूनमा त्रि.वि.को जग्गा जमिन अन्य निकायलाई स्वामित्व हस्तान्तरण वा भोगाधिकार वा करार वा लिजमा दिँदा कार्यकारी परिषद्को स्वीकृति लिनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको देखिन्छ। परिषद्ले मिति २०५०/०५/०३ को निर्णयमा संघको भवन गेष्ट हाउस निर्माण गर्न दिन सकिने आसय व्यक्त गरेकोमा त्यसभन्दा बाहिर गई जग्गाको क्षेत्रफल तोक्ने, कुनै

शर्त सम्झौता नगर्ने र उल्टै कार्यकारी परिषद्को मनसाय विपरित त्रि.वि.को उद्देश्यभित्र नपर्ने पेट्रोल पम्प राख्न दिने सम्मको स्वीकृति दिने कार्य त्रि.वि.को उद्देश्य अनुकुल भए गरेको देखिएन।

३. तसर्थ, त्रि.वि. सरकारी निकाय भएको त्रि.वि.को स्वामित्वको जग्गा सरकारी नै हुने भएकोले र त्रि.वि.ले विशुद्ध रूपमा प्राज्ञिक उन्नयनको लागि प्रयोग गर्ने उद्देश्यले त्रि.वि.को लिज वा भाडा सम्बन्धी कानून तर्जुमा भई सोही बमोजिम जग्गा जमिन एवं भवन लिज वा भाडामा लगाउन सक्ने व्यवस्था भएकोमा त्रि.वि.को जग्गा जमिनलाई पेट्रोल पम्प र अन्य व्यापारिक प्रयोजनका लागि तेस्रो पक्षसँग सम्झौता गरी अन्य प्रयोजन एवं उद्देश्यका लागि प्रयोग गर्ने गरी उपलब्ध गराउने र त्यस्तो व्यापार व्यवसाय गर्न त्रि.वि.को कार्यकारी परिषद्को स्वीकृति विना तेस्रोपक्षसँग सम्झौता गर्ने जस्ता कार्यबाट त्रि.वि.लाई आर्थिक रूपमा पनि हानी नोक्सानी हुन गएको देखिँदा यसरी अनधिकृत रूपमा सरकारी जग्गा अपचलन तथा दुरूपयोग गरी गैरकानूनी लाभ हासिल गर्ने कार्यमा संलग्न पक्षहरू अर्थात् जमिनको दुरूपयोग गर्ने र उक्त कार्य गरेकोमा कुनै कारबाही नगरी वस्ने, अनधिकृत स्वीकृति सहमति दिने र कानूनी उत्तरदायित्व, जिम्मेवारी बहन नगर्ने त्रि.वि.का सम्बन्धित निकायका तत् तत् पदाधिकारी समेत उपर सम्बन्धित निकायबाट थप छानबिन एवं अनुसन्धान गरी त्रि.वि.लाई भएको आर्थिक हानी नोक्सानी भराउने समेत कारबाही हुनुपर्ने देखिन्छ।

## च. वि.पि. कोइराला मेमोरियल प्लानेटोरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्राहलय विकास समितिले उपभोग गरेको जग्गा

### १. समाचार प्रकाशन र उजुरीः

त्रि.वि.कै १७४ रोपनी जमिन वि.पि. कोइराला मेमोरियल विज्ञान संग्रहालयले भोगचलन गरेको छ। २०७१ साल असोजमा उद्घाटन भएको भवनमा अझै विज्ञान संग्रहालय आएको छैन भन्ने समेत समाचारहरू सञ्चार माध्यममा आएका।

### २. समितिलाई प्राप्त तथ्यगत सूचना र विवरणः

त्रि.वि.को कार्यकारी परिषद्को मिति २०५७/१२/१७ गते वसेको १२७ को बैठकको निर्णय नं. १३३४ बमोजिम वि.पी. कोइराला मेमोरियल प्लानेटोरियम अब्जरभेटरी तथा विज्ञान संग्रहालय स्थापनार्थ कीर्तिपुर स्थित त्रि.वि.को हाताभित्रको कित्ता नं. २७ बाट १५० रोपनी जग्गा देहायका शर्तहरूलाई ध्यानमा राखी तत्कालीन वातावरण विज्ञान तथा प्रविधी मन्त्रालयलाई उपयोग गर्न उपलब्ध गराउने....." भन्ने भएको। कार्यकारी परिषद्को मिति २०६४/११/१९ मा भएको अर्को निर्णय नं. २८९ बाट त्रि.वि.को स्वामित्वको जग्गा मध्ये कीर्तिपुर न.पा. वडा नं. १० को कि.नं. २७ बाट १४० मी. २१० मी. लम्बाइको जग्गा फुटबल मैदानलाई छाडी बाँकी रहेको जग्गा र ऐ.ऐ. कित्ता नं. १०, एवं कित्ता नं ११ को समेत जम्मै जग्गा गरी १५० रोपनी जग्गा उपयोग गर्न दिने गरी

भोगाधिकार सम्झौता भएको देखिन्छ। सो निर्णयमा प्रस्तावित सम्झौता राखिएको र सम्झौता गर्न श्री रजिष्ट्रारलाई तोकिएको देखिन्छ।

**३. समितिको विश्लेषण, निष्कर्ष र सुझावः**

१. कार्यकारी परिषद्को निर्णय र त्रि.वि.बाट प्राप्त संलग्न कागजातहरूबाट भने त्रि.वि.को आवश्यकता र अनुरोध बमोजिम उक्त संस्था त्रि.वि. परिसरमा स्थापना गरे भएको भन्ने पुष्टि हुँदैन साथै भोगाधिकारको समय पनि उल्लेख नभएको देखिँदा नेपाल सरकारको दवाव प्रभावमा उक्त निर्णय भएको हो भन्ने देखिएको छ। सम्झौतामा उक्त संस्था नचल्ने भएपछि त्रि.वि.को हुने भनेबाट त्रि.वि.ले नचल्ने संस्था लिएर आर्थिक फाइदा लिने पाउने भन्ने अवस्था रहने देखिँदैन।

२. यसमा वि.पि. कोइराला मेमोरियल प्लानेटोरियम तथा अब्जरभेटरी र विज्ञान संग्रहालय त्रि.वि.को लागि आवश्यक थियो थिएन, वा छ छैन भन्ने सम्बन्धमा यस समितिले सम्पर्क गरेका त्रि.वि.का वर्तमान र पूर्व पदाधिकारीहरू बिच मतभेद रहेको पाइएकोले समय सन्दर्भ र त्रि.वि.को Vision, Mission र उद्देश्य पूर्तिसँग सामञ्जस्य हुने गरी त्रि.वि.ले मूल्याङ्कन/समिक्षा गरी गराई पुनर्विचार गर्नुपर्ने देखिन्छ।

## छ. आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रले उपभोग गरेको जग्गा

**१. समाचार प्रकाशन र उजुरीः**

स्वास्थ्य मन्त्रालय अन्तर्गतको आयुर्वेद रिसर्च सेन्टरले विश्वविद्यालयको ३० रोपनी जमिन हत्याएको भन्ने आदि विषयमा विभिन्न समाचार प्रकाशन भएको।

**२. समितिलाई प्राप्त तथ्य, सूचना र विवरणः**

त्रि.वि. कार्यकारी परिषद्को मिति २०६२/१०/२० को कार्यकारी परिषद्को १३५ औं बैठकको निर्णय नं. १८०१ बमोजिम चिकित्सा शास्त्र अध्ययन संस्थान अन्तर्गत आयुर्वेद क्याम्पस कीर्तिपुरको लागि छुट्याईएको १०० रोपनी जग्गा मध्येबाट आयुर्वेद क्याम्पसको पठन पाठन र अनुसन्धान कार्यमा सहयोग पुन्याउने गरी त्रि.वि.को स्वामित्व रहने गरी ३० रोपनी जग्गा आयुर्वेद विभाग अन्तर्गतको राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रलाई भोगाधिकारमा उपलब्ध गराउने भन्ने निर्णय बमोजिम जग्गा उपभोग भईरहेको देखिन्छ ।

**३. समितिको विश्लेषण, निष्कर्ष र सुझावः**

१. हालसम्म समितिमा प्राप्त कागजजात/अभिलेखको अध्ययन गर्दा त्रि.वि. जस्तो स्वायत्त संस्थाको जग्गा उपलब्ध गराउन नेपाल सरकारबाट अनुरोध भए नभएको कार्यकारी परिषद्को निर्णय व्यहोरामा खुल्दैन भने अर्को तर्फ कति अवधिको लागि भोगाधिकारमा दिएको हो सो समेत

सम्झौता पत्रमा समेत प्रष्ट नभएको र नेपाल सरकारले भोगाधिकारमा दिएको जग्गा जमिनहरू तोकिएको अवधिभित्र लिजमा परिणत गर्नुपर्ने निर्णय गरिसकेको सन्दर्भमा असिमित अवधि सम्मको लागी वाह्य संस्था वा निकायहरूलाई भोगाधिकारमा दिई रहँदा त्रि.वि.को लागि आर्थिक र थप प्राज्ञिक उपयोगको कार्यमा समेत बाधा पर्न सक्ने देखिन्छ। यसबाट त्रि.वि.सँग सम्बन्धित भोगाधिकार एवं लिज बहालमा दिने विषयसँग सम्बन्धित कानूनी व्यवस्था बाध्यात्मक रूपमा पालना भए गरेको समेत देखिएन।

२. त्रि.वि.को स्वामित्वमा रहेको अचल सम्पत्ति जग्गा एवं भवन आदि लिज वा भोगाधिकारमा दिदा पालन गर्नुपर्ने त्रि.वि.सँग सम्बन्धित ऐन, नियमावली र विनियमावलीको बाध्यात्मक रूपमा पालना गर्नुपर्ने र सो को पालना भए नभएको अनुगमन गर्ने निकायले समयमा नै अनुगमन गर्नुपर्ने तथा सम्झौता उपर पुनर्विचार गर्नुपर्ने देखिन्छ।

## ज. नेपाल नेत्रज्योती संघले उपभोग गरेको जग्गा

### १. समाचार पत्रमा प्रकाशित गुनासोः

नेत्र ज्योती संघले विश्वविद्यालयकै १० रोपनी जग्गा निःशुल्क भोगचलन गरी रहेको भन्ने विषयमा विभिन्न समाचार पत्रपत्रिकामा प्रकाशित भएको।

### २. समितिलाई प्राप्त तथ्य, सूचना र विवरणः

१. त्रि.वि.ले नेपाल नेत्रज्योति संघ, त्रिपुरेश्वरलाई कीर्तिपुर परिसरमा एक सुविधा सम्पन्न आँखा अस्पताल स्थापना गर्न "त्रि.वि. कीर्तिपुर परिसरको पूर्वतर्फ प्राध्यापक आवास गृह, पश्चिमतर्फ खाली जग्गा, दक्षिणतर्फ कीर्तिपुर जाने मूल बाटो र उत्तरतर्फ व्वाइज होस्टेल (छात्राबास) पट्टी चार किल्लाभित्र पर्ने करीब १० (दश) रोपनी क्षेत्रफल जग्गा सम्झौतामा हस्ताक्षर भएको मितिबाट २० वर्षसम्मका लागि निर्णय अनुसार २०७२ आषाढ २ गते भएको सम्झौता पत्रको प्रतिलिपिबाट देखिन्छ ।

२. उक्त सम्झौता अनुसार १ वर्षभित्र अस्पताल तथा अध्ययन केन्द्रको निर्माण कार्य प्रारम्भ गरी सक्नुपर्नेमा पुनः कार्यकारी परिषद्को मिति २०७२/०४/०७ निर्णय नं. २४७० बाट कीर्तिपुरस्थित गणित विभाग रहेको भवन, पुरानो तथ्याङ्क विभाग पछि होष्टल रहेको भवन र ती दुई भवनको वीचमा रहेको टहरा पुरानो क्यान्टिन भवन रहेको भवन त्रि.वि. नेत्र ज्योती संघ आँखा अध्ययन केन्द्र तथा अस्पतालको भवन निर्माण नगरेसम्मको अवधिको लागि भाडावापत मर्मत गर्ने शर्तमा उपलब्ध गराउने भनी भवन उपभोग गर्न दिएको देखिन्छ।

### ३. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

१. नेत्र ज्योति संघलाई त्रि.वि.को के कुन बृहत्तर उद्देश्य पूर्ति गर्ने र कुन प्रयोजनको लागि भवन बनाउन दिइएको हो भन्ने कुरा प्राप्त सम्झौता पत्र समेतबाट खुल्न आउँदैन। साथै कार्यकारी परिषद्को निर्णय प्राप्त नभएकोले सो सम्बन्धमा थप जानकारी प्राप्त हुन सकेन।

२. पूर्ववत सम्झौता अनुरुप हालसम्म भवन निर्माण भएको समेत देखिएन । तसर्थ, त्रि.वि. कार्यकारी परिषदको मिति २०७२/४/७ को निर्णय नं. २४७० बाट नेत्रज्योति संघलाई त्रि.वि. नेत्र ज्योति संघ आँखा अध्ययन केन्द्र अस्पताल सञ्चालन गर्न भवन निर्माण नभएसम्मको लागि कीर्तिपुर स्थित त्रि.वि. परिसरका केही भवनहरू मर्मत संभार गर्ने शर्तमा दिईएकोमा त्रि.वि.सँग यस अघि गरेको सम्झौता अनुसारको समयसीमाभित्र भवन निर्माण तथा अस्पताल सञ्चालन नगरी सम्झौताको पालना नेत्र ज्योति संघले गरेको देखिन आएन।

३. साथै, सम्झौता पालना गर्ने गराउने तर्फ त्रि.वि, पनि निष्क्रिय रहेको देखिँदा त्रि.विका पदाधिकारी समेतको कारणले त्रि.वि.को सम्पत्तिको विवेकपूर्ण प्रयोग भए गरेको छ भन्ने अवस्था देखिन आएन ।

४. यस समितिले खोजबिनको क्रममा सम्पर्क गरेका पूर्व केही उपकुलपनि एवं अन्य पदाधिकारीहरूले पनि उक्त संस्था त्रि.वि. परिसरभित्र राख्नुको औचित्य माथि प्रश्न उठाएको पनि पाईयो।

५. समितिले खोजबिनको सन्दर्भमा सम्पर्क गरेका त्रि.वि.का वर्तमान र पूर्व पदाधिकारीहरू बीच उल्लेखित संस्था त्रि.वि. परिसरमा राख्न आवश्यक थियो थिएन वा छ छैन भन्ने मतभेद समेत रहेको पाईएकाले र उक्त संस्थाले सम्झौताको पालना पूर्ण रूपमा बहन नगरेको भन्ने सम्बन्धमा समेत त्रि.वि. कार्यकारी परिषद्ले मुल्याङ्कन एवं विश्लेषण गरी गराई गुरुयोजनासँग मेल खाने र प्राज्ञिक, शैक्षिक र आर्थिक लाभ स्पष्ट देखिने एवं गणना हुन सक्ने अवस्थामा मात्र जग्गा उपभोग गर्न विभिन्न संघ संस्थालाई दिनेतर्फ निर्णय लिन र नेत्र ज्योति संघको सन्दर्भमा मूल्याङ्कन एवं समिक्षा गरी पुनः विचार गर्नुपर्ने देखिन्छ।

## झ. नेपाल बैंक लिमिटेडले उपभोग गरेको जग्गा

### १. समाचार पत्रमा प्रकाशित गुनासोः

समितिमा हालसम्म कुनै उजुरी गुनासो प्राप्त हुन नआएको।

### २. समितिलाई प्राप्त तथ्य एवं विवरणः

त्रि.वि. कीर्तिपुर परिसरभित्र मिति २०२६/०८/२२ को रजिष्ट्रार कार्यालयको पत्रका आधारमा त्रि.वि.का सम्पूर्ण कार्यालय, प्राध्यापक, कर्मचारी, त्रि.वि. को निवृत्तिभरण भुक्तानीको सम्पूर्ण कार्य, विद्यार्थी लगायत अन्य सेवाग्राहीहरूलाई बैङ्किङ सेवा प्रवाह गर्ने प्रयोजनार्थ त्रिभुवन विश्वविद्यालयको जग्गा प्रयोग

गरेको र सो बापत हाल वार्षिक रु १६,२९६।- (सोह्र हजार दुई सय छ्यानब्बे मात्र) भाडा त्रि.वि.लाई बुझाउँदै आएको देखिन्छ ।

### ३. समितिको विश्लेषण र निष्कर्षः

जग्गा प्रयोगको विषय विधि सम्मत प्रक्रिया पुरा गरेर समय सापेक्ष प्रचलित बजार भाउ वा काठमाडौं जिल्ला प्रशासनद्वारा तोकिएको भाडादर कायम गर्दै जानुपर्ने देखिन्छ।

## ञ. ग्लोबल आइ.एम.ई. बैंकले उपभोग गरेको जग्गा

### १. समाचार पत्रमा प्रकाशित गुनासोः

समितिमा हालसम्म कुनै उजुरी गुनासो प्राप्त हुन नआएको।

### २. समितिलाई प्राप्त तथ्य, सूचना र विवरणः

१. त्रि.वि.बाट उपकुलपति कार्यालय अगाडिको १०० वर्गफीट क्षेत्रफल रहेको जमिन त्रि.वि. कार्यकारी परिषद्को २०६५/०४/२७ को निर्णयबाट (निर्णय ५४६) दुवै पक्षबिच सम्झौता गरी भाडामा दिईएको भनी त्रि.वि.बाट लेखि आएको।

२. त्रि.वि. कार्यकारी परिषदको मिति २०६५/०४/२७ निर्णय नं. ५४६ बमोजिम त्रि.वि.को स्वामित्वमा रहेको १००० वर्ग फिट जग्गा उपलब्ध भएको र बैंकले भवन निर्माण गरी मासिक १५०००/- पन्ध्र हजार (कर कट्टी बाहेक) भाडा बुझाउने गरी १० वर्षका लागि मिति २०६५/०६/०५ मा त्रि.वि.सँग सम्झौता गरेकोमा मिति २०७५ साल जेष्ठ १० मा पुनः अर्को सम्झौता गरी उत्तरतर्फको तत्कालीन समयमा गोदामको रुपमा विश्वविद्यालय क्याम्पसले प्रयोग गरिरहेको ५ वटा सटरहरू मध्ये १३५१.१३ वर्गफिटको ३ वटा सटर कवल मासिक रूपैया ४००००/- चालिस हजार रूपैयाँ मात्र (करकट्टीसहित), प्रत्येक २/२ वर्षमा दश प्रतिशतले वृद्धि हुने गरी २०७५ भाद्र ५ देखि लागु हुने गरी १० वर्षका लागि भाडामा दिने र भाडा रकम मध्ये आधा रकम त्रि.वि. केन्द्रीय कार्यालयको निवृत्तभरण कोषमा जम्मा गराउने भनी कार्यकारी परिषद्को मिति २०७५/०१/३१ निर्णय नं. १८८७ बाट स्वीकृत भएकोमा पुनः कारणबस नयाँ स्थानमा बैंक सञ्चालन गर्न अवरोध भएकोले कार्यकारी परिषद्को मिति २०७६/०६/१० निर्णय नं. २६८१ बाट पुनः साबिककै सम्झौताका अन्य शर्त बन्देज कायम हुने गरी मिति २०७६/६/३० बाट पुनः १० वर्षका लागि भाडा रकम रू २८५९०/- अट्ठाईस हजार पाँच सय नब्बे हुने गरी समायोजन भई मासिक भुक्तानी गर्दै आएको र बैंकले निरन्तर बैङ्किङ सेवा दिँदै आएको भन्ने उक्त संस्थाको मिति २०८१/०४/१० च.नं. GIBL/KRP/07/081/82 को समितिलाई प्राप्त पत्रमा देखिन्छ।

### ३. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

१. यसमा बैंकले त्रि.वि.लाई नियमित रूपमा भाडा रकम बुझाउदै आएको अवस्था रहेको र त्रि.वि.को कुनै गुनासो र उजुरीमा उल्लेख भए जस्तो विधिसम्मत नभएको नरहेको भन्ने देखिन नआएको।
२. त्रि.वि. आफैंले जिल्ला प्रशासन कार्यालयद्वारा निर्धारित भाडादर र उक्त क्षेत्रमा प्रचलित भाडादर बमोजिम पुनः मूल्याङ्कनका लागि निर्धारण गर्दा उपयुक्त हुने।

## ट. प्रहरी वृत्त बल्खु/कालिमाटी काठमाडौंले उपभोग गरेको जग्गा

### १. समाचार पत्रमा प्रकाशित गुनासोः

समितिमा हालसम्म कुनै उजुरी गुनासो प्राप्त हुन नआएको।

### २. समितिलाई प्राप्त तथ्य, सूचना र विवरणः

कार्यकारी परिषदको मिति २०७२/१२/०४ को निर्णय नं. ४१५ बमोजिम १ रोपनी जग्गामा नबढाई अस्थायी रूपमा प्रहरी कार्यालय युनिट राख्न जग्गा उपलब्ध गराईएको भनी त्रि.वि. सामान्य प्रशासन महाशाखाको च.नं. ९७८० मिति २०८१/०३/२१ को पत्रसाथ लेखि आएको। यसमा त्रि.वि.को आवश्यकता अनुसार विधि सम्मत रूपमा जग्गा उपलब्ध गराइएको भनी उल्लेख भएको छ।

### ३. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

त्रि.वि.को गुरुयोजना अनुरूप उपयुक्त स्थानमा जग्गा उपलब्ध गराउने निर्णय भए नभएको भन्ने सम्बन्धमा स्पष्ट हुन सकिएन। तसर्थ, अन्य विश्वविद्यालयले जस्तै गुरूयोजना तयार गरी सुरक्षा निकायको लागि उपयुक्त र आवश्यक स्थान तोकिनु उपयुक्त हुने देखिन्छ।

## ठ. महानगरिय प्रहरी वृत्त कीर्तिपुरले उपभोग गरेको जग्गा

### १. समाचारपत्रहरूमा प्रकाशित गुनासोः

नेपाल प्रहरीले झण्डै पाँच रोपनी जग्गामा सुन्दरीघाट नजिकै खोल्सापट्टी कीर्तिपुर प्रहरीका लागि आधुनिक कार्यालय भवन ब्यारेक, शौचालय, सडक तथा डिप बोरिङ जस्ता संरचना बनाइरहेको छ। विश्वविद्यालयकै बल्खुस्थित एक रोपनी जमिन प्रहरी वृत्त बल्खुको अस्थायी संरचना बनाएर बसिसकेको छ भन्ने समेत खबर विभिन्न समाचार पत्रमा प्रकाशित भएको।

### २. समितिलाई प्राप्त तथ्य, सूचना र विवरणः

त्रि.वि. कार्यकारी परिषद्को निर्णय नं २१२४ अनुसार निर्णय भएको कि.नं. ९९८८, ९९९९को जम्मा जग्गा मध्ये ५ रोपनी क्षेत्रफलमा भवन निर्माण गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएकोमा  कित्ता नं.

फरक परेको भनी पुनः त्रि.वि. कार्यकारी परिषदको मिति २०७३ मार्ग २२ गते बसेको बैठकको निर्णय नं. ९२५ बमोजिम पूर्वमा बागबानीको पर्खाल, पश्चिममा निर्माणाधिन भवनको जग्गा, उत्तरमा निर्माणाधिन ठूलो सडक र दक्षिण भाजङ्गल तर्फको खाली जग्गा तथा खोल्सोभित्र रहेको उक्त चारकिल्लाभित्रको ४ रोपनी जग्गा प्रहरी वृत्त कार्यालय भवन निर्माणका लागि त्रि.वि.को स्वामित्व यथावत रहने गरी स्वीकृति दिने निर्णय भएको र २ वटा भवन निर्माण भईसकेकोमा पुनः कार्यकारी परिषद्को मिति २०७७/१०/०६ निर्णय नं. ६२४ बाट उक्त भवन निर्माणको लागत रकम त्रि.वि. कृषि तथा पशु विज्ञान अध्ययन संस्थानले प्रहरी प्रधान कार्यालयलाई उपलब्ध गराउने र त्रि.वि. कार्यकारी परिषद्को मिति २०७१/१०/२९ को निर्णय नं. २१४३ बाट कृषि र पशु विज्ञान अध्ययन संस्थानलाई उपलब्ध गराईएको ६० रोपनी जग्गा मध्येबाट बल्खु-दक्षिणकाली सडकखण्डमा चार रोपनी (४-०-०) जमिन नेपाल प्रहरीलाई नयाँ भवन निर्माण गर्न उपलब्ध गराउने स्वीकृति दिएको देखिन्छ । सोही बमोजिम महानगरीय प्रहरी वृत्तले भवन बनाई सकेको देखिन्छ।

### ३. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

- त्रि.वि.को गुरुयोजना नै यस समितिमा प्राप्त हुन नसकेकाले गुरुयोजनामा मेलखाने गरी भयो भएन, आवश्यक थियो थिएन भन्ने विषयमा केही उल्लेख गर्न सकिने अवस्था रहेन। यसमा त्रिभुवन विश्वविद्यालयले जग्गा जमिनको उपयोग, संरक्षण र व्यवस्थापन सम्बन्धमा पनि गुरुयोजनामा (Master Plan) समावेश गरी सुरक्षाकर्मीको लागि स्थान र आवश्यकता तय हुनुपर्ने देखिन्छ।

## ड. रक्तसञ्चार केन्द्र (लायन्स क्लव इन्टरनेशनल) ले उपभोग गरेको जग्गा

### १. समाचारपत्रहरूमा प्रकाशित गुनासोः

लायन्स क्लबले २०७२ वैशाख २८ देखि ३ रोपनी जग्गा त्रि.वि.सँग सम्झौता नगरी कब्जा गरेको छ भन्ने समेत समाचार विभिन्न सञ्चार माध्यममा प्रकाशित भएको।

### २. समितिलाई प्राप्त तथ्य, सूचना र विवरणः

१. कार्यकारी परिषदको २०७१/०९/०१ को निर्यण नं. १९६९ बाट कीर्तिपुर परिसरमा रक्त सञ्चार केन्द्र (Blood Transfusion Center) लाई उपयुक्त स्थानमा क्षेत्रफल तोकी जग्गा उपलब्ध गराउने सैद्धान्तिक स्वीकृति दिइएको।

२. त्रि.वि.को स्वामित्वमा रहेको कीर्तिपुर नगरपालिकास्थित चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गत आयुर्वेद शिक्षण अस्पतालको दक्षिणतर्फ ऐ. अस्पतालको अगाडि उत्तर दक्षिण सडकको पश्चिमतर्फ राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रको पूर्वपट्टी कीर्तिपुर शहर जाने सडकको उत्तरपट्टीको आफ्नै खाली जग्गाको उत्तर खण्डतर्फ गरी यति चार किल्ला क्षेत्रभित्रको तीन रोपनी जग्गा त्रि.वि. लायन्स रक्त सञ्चार तथा अनुसन्धान केन्द्र स्थापना गर्न लायन्स एम.डि. ३२५ लाई उपलब्ध गराईनेछ भनी त्रि.वि.का उपकुलपति र लायन्स क्लब इन्टरनेशनल

मल्टिपल डिष्ट्रिक्ट ३२५ नेपालका चेयरपर्सन बिच मिति २०७२/०१/२८ मा सम्झौता भई सञ्चालनमा रहेको देखिन्छ।

३. समितिलाई प्राप्त भएको अभिलेखमा पुरक सम्झौता गर्नका लागि कार्यकारी परिषद्को निर्णय भएको व्यहोरा उल्लेख नहुँदा निर्णय नभई सम्झौता भएको देखियो। साथै, मिति २०७९/०१/२५ मा लायन्स क्लब इन्टरनेसनलले निर्माण गरेकै भवनबाट त्रि.वि.ले अन्यत्र स्थानान्तरण गर्दाको अवस्थामा प्रथम पक्षले दोस्रो पक्षलाई रकम शोधभर्ना गर्नुपर्ने जस्ता शर्तहरू राखी दुई पक्षबिच फरक सम्झौता भएको देखिन्छ।

### ३. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

१. रक्तसञ्चार केन्द्र त्रि.वि. परिसरमा राख्नुपर्ने आवश्यकता र औचित्य कार्यकारी परिषद्को निर्णय र सम्झौताबाट पनि प्रष्ट हुन सकेको छैन।

२. त्रि.वि.का पूर्व कुलपति एवं पदाधिकारीसँगको छलफलमा पनि कतिपय संस्थाहरूलाई त्रि.वि.का पदाधिकारीहरूको व्यक्तिगत सम्पर्क, प्रभाव, दवाव र स्वार्थ पूर्तिको लागि त्रि.वि.को जग्गा बाँडचुड गर्ने प्रवृत्ति देखिन्छ भन्ने विचार व्यक्त गर्नु भएको र आमसञ्चार माध्यममा आएका गुनासाहरूले पनि त्यस्तो आशंका गरेको पाइयो।

३. त्रि.वि.को स्वामित्वको जग्गा भोगाधिकारमा वा लिजमा दिने सम्बन्धमा रहे भएका ऐन कानूनहरूमा उल्लेखित बाध्यात्मक कानूनी व्यवस्थाको पालना गर्ने र सो अनुसार भए नभएको पुनर्विचार गरी अनुगमन समेत हुनुपर्ने देखिन्छ।

## ढ. नेपाल क्रिकेट संघले उपभोग गरेको जग्गा

### १. समाचारपत्रहरूमा प्रकाशित गुनासोः

रा.खे.प.ले ७० रोपनी जग्गा भोगचलनको सम्झौता गरेपनि सय रोपनी भन्दा बढी ओगटेको छ। कीर्तिपुरको पुरानो फुटबल मैदान मासेर बनाइएको क्रिकेट रंगशाला प्याराफिट लगाएका संरचना भएको जमिन विश्वविद्यालय कार्यकारी परिषद्को निर्णय नं. १३४७ अनुसार बार्षिक ९ लाख रुपैयाँ आउने गरी २०८३ सालसम्मको लागि भाडामा दिइएको व्यहोरा सञ्चार माध्यममा प्रकाशन भएको।

### २. समितिलाई प्राप्त तथ्य, सूचना र विवरणः

१. मिति २०५३/०८/०३ कार्यकारी परिषद्को निर्णय नं. ७४३ बाट त्रि.वि. कीर्तिपुरको स्टेडियमलाई निर्माण तथा मर्मत गरी क्रिकेट स्टेडियम बनाउन स्वीकृति प्रदान गर्ने र नयाँ स्टेडियम बनाउन लिजमा जग्गा उपलब्ध गराउने भन्ने समेत व्यहोरा उल्लेख भएको ।

२. कार्यकारी परिषदको निर्णयको आधार र शर्त बमोजिम मिति २०५४/१/२० मा त्रिभुवन विश्वविद्यालय र नेपाल क्रिकेट संघबीच २०५४/०२/१ देखि २०५९/०१/ मसान्तसम्म ५

वर्षका लागि बहुउद्देश्यीयमूलक (फुटबल खेल्न हुने गरी) पहिलो वर्ष रू तीन लाख, दोस्रो वर्ष रू चार लाख, त्यसपछिका हरेक वर्ष ६ लाखका दरले भाडा दिने लिने गरी सम्झौता भएको देखिन्छ (अनुसूची २.५६)। ५ वर्षपछि पुनः अर्को अवधि प्रयोग गर्दा पहिलो वर्ष ६ लाखको १५% थप (वृद्धि गर्न) र त्यसपछि प्रत्येक वर्ष कुल रकमको १५ प्रतिशतको वृद्धि हुने गरी साबिकको मिति २०५४/०१/२० को सम्झौता पत्रमा राजीखुसी साथ सम्झौता गरी पहिलो पक्ष नेपाल क्रिकेट संघलाई दिने सम्झौता भएको देखिन्छ (अनुसूची २.२५)।

३. तत्पश्चात् त्रि.वि. कार्यकारी परिषद्को मिति २०५९ साल मार्ग ६ गते बसेको बैठकको निर्णय नं. २२७६ बाट २५ वर्षका लागि उक्त क्रिकेट रंगशाला भाडामा दिने निर्णय भएको देखिन्छ । सोही बमोजिम दुवै पक्षबीच २०५९/१/१ देखि २०८३ वैशाख मसान्तसम्मका (२५ वर्ष) लागि मिति २०५९/०९/२४ मा भाडा दिनेलिने सम्झौता भएको देखिन्छ (अनुसूची २.२६)।

४. प्रकरण २ को (१) मा उल्लेख भएको उक्त सम्झौता पत्रमा सम्झौता लागु भएको मितिबाट सम्झौता अवधिको पहिलो ३ वर्ष प्रति वर्षको रू तीन लाखका दरले ३ वर्षको रूपैया नौ लाख र त्यसपछि अर्थात् तेस्रो वर्ष पश्चात् (चौथो वर्षदेखि) मात्र वार्षिक रूपैयाँ ६ लाखका दरले समेत (नौं लाख रूपैयाँ) हुन आउने भाडा रकम द्वितीय पक्षले प्रथम पक्षलाई प्रथम पक्षले तोकेको खातामा रकम जम्मा गर्ने प्रावधान रहेको देखिन्छ।

## ३. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

यस विषयमा त्रि.वि. र सम्बन्धित संस्थाले समितिलाई उपलब्ध गराएसम्मको कागजपत्रका आधारमा विश्लेषण गर्दा निम्न बमोजिम देखिएको छः

१. यस अघि त्रि.वि. र नेपाल क्रिकेट संघबीच २०५४/०१/२० मा भएको सम्झौताको बुँदा नं. ४ मा उल्लेख भएको "५ वर्ष पछि पुनः अर्को अवधिको लागि प्रयोग गर्दा पहिलो वर्ष नै रू. ६ लाखमा थप १५% दरले र त्यसपछि प्रत्येक वर्षको कूल रकमको १५ प्रतिशतका दरले वृद्धि गरी दोस्रो पक्षले पहिलो पक्षलाई दिनुपर्नेछ।" भनी उल्लेख भएको छ । यसरी अघिल्लो कार्यकारी परिषद्को निर्णय (सम्झौताका शर्तहरू समेत स्वीकृत भएकोमा) अनुसार खुशीराजी भई सम्झौता गरी जग्गा भाडामा लिएर रकम बुझाउँदै आएकोमा पछि उक्त बुँदा नं ४ को विषयमा एक शब्द पनि नबोली वा उल्लेख नगरी घटी दरमा भाडामा लगाउने गरी (भाडा सम्झौता गर्दाको पहिलो र दोस्रो वर्ष पछि (तेस्रो वर्ष देखि) भनी रू ६,००,०००/- (रूपैया छ लाख) भाडा तोकी सम्झौताका शर्तहरू राखी स्वीकृत गरेको कार्यकारी परिषद्को उक्त पछिल्लो (२०५९ मार्ग ६ को निर्णय नं २२७६) निर्णय नै अनियमित देखिन्छ। अर्थात् विधि सम्मत भएको देखिँदैन। अघि राजी भई गरेको सम्झौतालाई उल्लंघन गरी घटी दरमा भाडामा दिनु नै त्रि.वि.लाई गम्भिर रूपमा आर्थिक हानी नोक्सानी पुऱ्याई आर्थिक अनियमितता एवं भ्रष्टाचार भएको आशंका रहन्छ।

२. यहाँ त्रि.वि.को क्रिकेट स्टेडियम त्यही हो, जग्गा दिने र भाडामा लिने त्रि.वि. र नेपाल क्रिकेट संघ दुवै त्यही पक्षहरू हुन्। सबै विषय, जग्गा सम्झौता गर्ने व्यक्ति सबै उही भएको अवस्था र भाडा अवधि पनि ५ वर्ष सकिँदा नसकिँदै एक महिना बाँकी छदैदेखि सम्झौतालाई निरन्तरता दिँदै २०५९ मार्ग ६ गतेको निर्णयानुसार २०५९/०९/२४ गते भएको सम्झौता भएपनि २०५९/०१/०१ देखि नै निरन्तरता दिएको देखिँदा २०५९ साल पहिलो बर्षका लागि ६ लाखमा थप १५% ले हुन आउने रकम रू ६,९०,०००/- (छ लाख नब्बे हजार) भाडा रकम उल्लेख हुनुपर्नेमा केवल **"प्रतिवर्ष तीन लाखको दरले"** भन्ने उल्लेख भएको देखिदा सोही आधारमा द्वितीय पक्षले प्रथम पक्षलाई भाडा बुझाएको र प्रथम पक्षले पनि भाडा बुझी लिएको देखिन्छ। यसबाट त्रि.वि.लाई सिधा रूपमा पहिलो वर्षमा नै झण्डै तीनलाख नब्बे हजार रकम हिसाव नमिलेको अर्थात् घटी रकममा त्रि.वि.ले नेपाल क्रिकेट संघबाट भाडा बुझ्ने बुझाउने गरी सम्झौता गरेको देखिन्छ। यही रीतक्रमले २०५९ देखि आज २०८१ सालसम्म भाडा लिने दिने गर्दा धेरै रकम त्रि.वि.लाई घाटा परेको प्रष्ट देखिन आउँछ।

**सुझावः**

१. घटिदर राखी कार्यकारी परिषद्बाट मिति २०५९/०८/०६ मा निर्णय गर्ने, निर्णय गर्न गराउन सहयोग पुर्याउने र सम्झौता गर्ने गराउने कार्यबाट त्रि.वि.लाई आर्थिक हानी नोक्सानी पुग्न जाने देखिएबाट उक्त कार्यमा संलग्न त्रि.वि.का पदाधिकारी एवं कर्मचारी समेतलाई भ्र.नि. ऐन, २०५९ बमोजिम अ.दु.अ.आयोगबाट थप छानबिन र अनुसन्धान हुन आवश्यक देखिन्छ।

२. आर्थिक अनियमितता भएको विषयमा अख्तियार प्राप्त निकायबाट थप छानबिन गरी गराई घटीदरमा भाडामा दिन पेश गर्ने त्रि.वि.का सामान्य प्रशासन महाशाखा सम्बन्धित पदाधिकारी कर्मचारीहरू, निर्णय गर्ने कार्यकारी परिषद्का पदाधिकारीहरू र भाडामा लिने नेपाल क्रिकेट संघका सम्झौता गर्ने पदाधिकारीहरू सबैसँग थप बुझी प्रचलित कानून बमोजिम असुल उपर हुनुपर्ने देखिन्छ।

३. सामान्यतया, त्रि.वि.को परिसर शैक्षिक, प्राज्ञिक, अनुसन्धानका लागि भएकोले यो क्षेत्र शान्त, सौन्दर्ययुक्त, वातावरण मैत्री हुनुपर्ने भएकाले यहाँ त्रि.वि.मा अध्ययन गर्ने विद्यार्थीलाई खेल सञ्चालन गर्ने कार्य उचित नै हुन्छ तर पठन पाठन लगायतका प्राज्ञिक कार्यमा असर गर्ने गरी अन्य व्यक्ति तथा राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतियोगिताहरू सञ्चालन गर्न उपयुक्त हुने देखिँदैन।

## ण. त्रि.वि. कभर्डहलले उपभोग गरेको जग्गा

### १. समाचारपत्रहरूमा प्रकाशित गुनासोः

समितिलाई हालसम्म कुनै उजुरी गुनासो प्राप्त नभएको।

## २. समितिलाई प्राप्त तथ्य, सूचना र विवरणः

कार्यकारी परिषद्को मिति २०७४ आषाढ २३ गते निर्णय नं. १३४७ मा निर्णय भए अनुसार त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालय, कीर्तिपुर र राष्ट्रिय खेलकुद परिषद्बीच अन्तर्राष्ट्रिय स्तरको कबर्डहल निर्माण, व्यवस्थापन एवं सञ्चालन सम्बन्धी सम्झौताको बुँदा नं १२ मा उल्लेख भएको चार किल्लाभित्रको (त्रि.वि. कीर्तिपुर परिसरको त्रि.वि.को स्वामित्वमा रहेको पूर्व पश्चिम उत्तरतर्फ बोटानिकल गार्डेन तथा दक्षिण तर्फ केन्द्रीय कार्यालयबाट कीर्तिपुर जाने सडक र विद्यार्थी क्लवको भवन चार किल्ला रहेको खेल मैदान क्षेत्र र पीच बाटोको दक्षिण तर्फको खाली जग्गालाई पार्किङ्ग क्षेत्रको लागि आवश्यक जग्गा) को जग्गा र पीच बाटोको दक्षिण तर्फको खाली जग्गा पार्किङ्ग क्षेत्रको लागि र त्रि.वि.को विद्यार्थी क्लबको पश्चिम तर्फ थप ३५ मीटर जग्गा समेत उक्त स्थानमा रहेका ठूला बोटविरूवाहरू नमासिने गरी कभर्डहलको प्रयोजनार्थ उपलब्ध गराउने भनी निर्णय भएको देखिन्छ।

## ३. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

१. यस विषयमा समेत त्रि.वि. रजिष्ट्रारको कार्यालय, सामान्य प्रशासन महाशाखासँग थप विवरण माग गरेकोमा केही प्राप्त हुन सकेन।
२. मौखिक रूपमा उक्त सम्झौता बमोजिम हालसम्म कुनै कारबाही नभएको भन्नेसम्मको जानकारी त्रि.वि. खेलकुद विभागका प्रमुखले समितिलाई जानकारी दिनुभएको।
३. यसमा खेलकुद परिषद्सँग के कुन शर्त राखी सम्झौता भएको थियो? किन पालना भएन? आर्थिक रूपमा त्रि.वि.लाई हानी नोक्सानी भयो भएन भन्ने लगायत विषयमा थप छानबिन हुनुपर्ने देखिन्छ।

# त. काठमाडौं खानेपानी बोर्ड, र खानेपानी तथा ढल निकास समितिले उपभोग गरेको जग्गा

## १. समाचारपत्रहरूमा प्रकाशित गुनासोः

काठमाडौं उपत्यका खानेपानीको सुन्दरीघाटमा २४ रोपनी जग्गा निःशुल्क भोगचलन गरिरहेको छ। तत्कालीन खानेपानी संस्थानलाई २०४१ सालमा हरेक दिन १ ट्याङ्कर पानी त्रि.वि.लाई निः शुल्क दिने शर्तमा केही वर्षका लागि यो जग्गा लिएकोमा स्थायी संरचना बनाएको खानेपानी संस्थाले अहिले पनि कीर्तिपुर काउन्टरमा विश्वविद्यालयको नाममा बक्यौता रहेको देखाउन छाडेको छैन। अहिले त्रि.वि.को सुन्दरीघाटमा रहेको करिब ३० रोपनी जमिनमा पनि मेलम्ची आयोजनाको ठेकेदार निःशुल्क बसेको छ भन्ने लगायतका समाचारहरू विभिन्न सञ्चार माध्यममा आएको देखिन्छ।

## २. समितिलाई प्राप्त तथ्य, सूचना र विवरणः

१. २०३३ सालमा खानेपानी तथा ढल निकास समितिको गुरूयोजना अन्तर्गत खानेपानीको पम्प राख्न, वाटर टेस्टिङ्ग ल्याब निर्माण गर्न तथा काठमाडौं शहरको सिवरेज पम्पिङ स्टेशन निर्माण गर्न त्रि.वि.को कीर्तिपुर हाताको मुल ढोका अगाडि पूर्व बागमती नदी, पश्चिम दक्षिणकाली जाने बाटो उत्तर त्रि.वि.को पम्प स्टेशन र दक्षिण धोविघाट जाने सुन्दरीघाटको झोलुङ्गे पुल यति चार किल्लाभित्रको अन्दाजी १८ रोपनी जग्गा खानेपानी तथा ढल निकास समितिलाई त्रि.वि.ले उपलब्ध गराउने र सो बापत समितिले कीर्तिपुर क्याम्पसको लागि पानी सप्लाईको व्यवस्था गर्ने र क्याम्पस हाताको लागि आवश्यक ढल निर्माण गरिदिने समझदारी कायम भएको र त्रि.वि. परिसरभित्र पछि धेरै भवन संरचनाहरू थप भएकाले पानीको आपूर्तिमा कमी भएकोले खानेपानी तथा ढल निकास समितिबाट त्रि.वि. कीर्तिपुरको मुलढोका नजिक खानेपानीको एक ठूलो रिजर्भ ट्याङ्की निर्माण गर्ने र सो ट्याङ्कीबाट खानेपानी वतरण गर्न आवश्यक पम्प र पाईपलाईन समेत जडान गर्ने व्यवस्था हुन समेत भनी उपकुलपतिको कार्यालयले मिति २०४४/११/३० मा आवास तथा भौतिक योजना मन्त्रालयका सचिवलाई संवोधन गरी लेखेको पत्र व्यहोरा।

२. खानेपानी तथा ढल निकास समितिको त्रि.वि. रजिष्ट्रारको कार्यालयलाई मिति २०३२/२/३१ र २०३२/०७/२४ मा समेत समितिको गुरूयोजना अन्तर्गत सञ्चालन गरिने ढल निकास योजनाको ढल पम्प स्टेशनको लागि जग्गा उपलब्ध गराउन र सो वापत विश्वविद्यालयको पानी पोखरीसम्म उपयुक्त साइजको पाइपबाट नियमित तवरले पानी सप्लाई गरिदिने सम्बन्धमा पत्राचार भएको देखिन्छ।

३. त्यसै गरी खानेपानी तथा ढल निकास समितिको मिति २०३३/०५/११ मा त्रि.वि. रजिष्ट्रारलाई पठाएको पत्रमा योजनाको पाईप राख्न र पाईप टेष्ट गर्ने मेसिन जडान गर्न विश्वविद्यालयको दक्षिणकाली जाने बाटो पश्चिम, बागमती नदी पूर्व, धोवीघाट जाने सुन्दरीघाटको झोलुङ्गे पुल दक्षिण, विश्वविद्यालयको पम्प स्टेशन उत्तरको बाँझो रहेको जग्गा बढीमा १ वर्षको लागि प्रयोग गर्ने गरी स्वीकृती माग गरेकोमा त्रि.वि.को मिति २०३३/०७/०५ को निर्णयले उक्त क्षेत्रमा १८ रोपनी जमिन दिने भनिएको व्यहोराको त्रि.वि. रजिष्ट्रारको कार्यालयले मिति २०३३/०७/१५ मा खानेपानी तथा ढल निकास समितिलाई लेखेको पत्रबाट देखिन्छ।

४. कार्यकारी परिषद्को मिति २०५०/०२/१४ को निर्णय नं. ७६४ बमोजिम खानेपानी संस्थानलाई उक्त संस्थाको अनुरोध बमोजिमको जग्गा त्रिभुवन विश्वविद्यालयले तोकेको शर्तमा लिजमा लिन नेपाल खानेपानी संस्थानलाई स्वीकार्य भएमा जग्गा लिजमा दिन सकिने जानकारी पठाउन स्वीकृति दिएको देखिन्छ। तर समितिले त्रि.वि. र उक्त संस्थानसँग माग गरेकोमा यस मिति भन्दा पछिका कुनै कागजपत्रहरू त्रि.वि. र खानेपानी बोर्डबाट प्राप्त हुन सकेन।

५. त्रि.वि. कार्यकारी परिषदको मिति २०७३/०१/२४ को निर्णय नं. ५२१ मा त्रि.वि. परीसर लगायत कीर्तिपुर क्षेत्रमा पानी वितरण गर्ने रिजर्भवायर, पम्पहाउस, पानी पोखरी, गार्ड क्वाटर आदि संरचना निर्माण गर्नका निम्ति आयोजना कार्यान्वयन निर्देशनालयबाट प्रस्तावित जग्गाको दक्षिणतर्फ त्रि.वि. व्यापारिक भवन निर्माणका लागि जग्गा छाडी तयार गरिएको नक्सा बमोजिमको जग्गा (करीब २४ रोपनी) काठमाडौं उपत्यका खानेपानी बोर्डलाई उक्त माथी उल्लेखित प्रयोजनार्थ स्वीकृति दिने र सो बापत उक्त आयोजना कार्यान्वयन निर्देशनालयले त्रि.वि.को मास्टर प्लानमा उल्लेख भएका संरचनाहरूमा पर्याप्त मात्रामा पानीको आपूर्ति गर्नुका साथै खानेपानी संस्थान र काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई भुक्तानी गर्नुपर्ने भनी त्रि.वि.को वक्यौता देखाईएको हालसम्मको सम्पूर्ण महसुल रकम (रू तीन करोड आठ लाख) मिनाहा गर्ने र पानीको महसुल गार्हस्थ्यमा सेवामा आधारित दरको शुल्क तिर्ने गरी तथा त्रि.वि. गेटदेखि वसपार्कसम्म रहेको सडकमा रिटेनिङ वाल लगाउन, त्रि.वि. कम्पाउण्डको ढल निर्माण गर्न र त्रि.वि. परिसर कीर्तिपुरको सडक स्तरोन्नतीका लागि समेत आयोजनाले जिम्मा लिने गरी सम्झौता गरी गराई कार्यान्वयन गर्न सामान्य प्रशासन महाशाखालाई जिम्मेवारी तोक्ने समेत निर्णय भएको देखिन्छ।

६. त्रि.वि. र खानेपानी व्यवस्थापन बोर्ड आयोजना निर्देशनालय र काठमाडौं उपत्यका खानेपानी लिमिटेड बिच २०८०/०७/१४ गते त्रिपक्षिय सम्झौता भएको देखिन्छ। उक्त सम्झौतामा न्यूनतम शर्तहरू मध्ये २५ वर्षको लागि जग्गा उपलब्ध गराउने र तत्पश्चात पुनराबलोकन गरी नवीकरण हुन सक्ने, खानेपानी बक्यौता महसुल रकम रू ३,०८,०९,२२४।१९ मिनाहा गर्ने व्यहोरा उल्लेख भएको (अनुसूची २.२७)।

## ३. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

१. माथि समितिलाई प्राप्त तथ्य सूचना र विवरण खण्डमा उल्लेखित तथ्य र प्राप्त सूचनाको आधारमा विश्लेषण गर्दा तत्कालिन खानेपानी तथा ढल निकास समिति र त्रि.वि. रजिष्ट्रारको कार्यालय बीच भएका पत्रहरूमा उल्लेखित शर्त, सुविधा अनुसार त्रि.वि.लाई निशुल्क तोकिएको साइजको पाइपबाट पानी उपलब्ध गराउने भन्ने आशय देखिन्छ। तर उक्त शर्त, सुविधा उपर थप के कस्तो सम्झौता शर्तहरू भएका छन्? भन्ने सम्बन्धमा समेत त्रि.वि. र काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड समेतलाई सोधनी भएकोमा हालसम्म कुनै जानकारी प्राप्त हुन सकेन।

२. त्रि.वि. कार्यकारी परिषद्ले मिति २०७३/०१/२४ मा गरेको निर्णय अनुसार खानेपानी बक्यौता महसुल रू ३,०८,०९,२२४।१९ मिनाहा हुने शर्तमा त्रि.वि. परिसरभित्र अर्को स्थानमा २४ रोपनी जग्गा काठमाडौं उपत्यका खानेपानी बोर्डलाई उपलब्ध गराएको देखिन्छ। साविकको १८ रोपनी जग्गा उपलब्ध गराए वापत त्रि.वि.लाई निशुल्क पानी उपलब्ध गराउने आशयले पत्राचार भई शर्त सुविधा कायम भएको जस्तो पनि देखिन्छ भने अर्को तर्फ लामो

समयदेखि त्रि.वि. कीर्तिपुरले पानीको महसुल नतिरेको भनी दावी गरिएको देखिएबाट यस विषयमा थप स्पष्ट हुन आवश्यक देखियो।

३. यसैगरी, कार्यकारी परिषद्को २०८०/०६/२७ निर्णय नं. २३५९ बाट माथि उल्लेखित मिति २०७३/०१/२४ को निर्णय बमोजिमको सम्झौता गर्न रजिष्ट्रारलाई निर्देशित गरी सम्झौताका न्यूनतम शर्तहरू मध्ये २५ वर्षको लागि जग्गा उपलब्ध गराउने र तत्पश्चात पुनराबलोकन गरी नवीकरण हुन सक्ने, खानेपानी बक्यौता महसुल रकम रू ३,०८,०९,२२४।१९ मिनाहा भएको मानिने समेत तोकेको देखिन्छ।

४. त्रि.वि.ले काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई कुन कुन सालको के कति रकम तिर्न बाँकी रहेको थियो र किन भुक्तान हुन सकेन? खानेपानी लिमिटेडले पहिले १८ रोपनी जग्गा उपभोग गर्न दिए वापत त्रि.वि.लाई गर्नुपर्ने सहयोग के थियो? र सो शर्त पुरा भयो भएन भन्ने तर्फ एकिन भए नभएको सम्बन्धमा सम्झौता गर्दाको अवस्थामा त्रि.वि. स्पष्ट भएको थियो थिएन भन्ने पनि प्राप्त पत्रबाट स्पष्ट हुन सकिएन।

५. यस समितिबाट मिति २०८१/०५/२४ मा बक्यौता रकम कुन कुन साल देखिको त्रि.वि. अन्तर्गतका कुन कुन निकायको हो? कति कति रकम बाँकी रहेको थियो? बोर्डलाई तिर्नुपर्ने लिज लाईसेन्स फि बापतको हिसाब के कति हुने हो खुलाई पठाइदिनुहुन भनी काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई अनुरोध गरिएकोमा समितिको कार्य अवधिभित्र कुनै जानकारी प्राप्त हुन आएन।

६. सम्झौतामा उल्लेख भए अनुसार पुरा गर्नुपर्ने कार्यहरू त्रि.वि. गेटदेखि बसपार्कसम्म रहेको सडकमा रिटेनिङ वाल लाउने, त्रि.वि. कम्पाउण्डको ढल निर्माण गर्ने, त्रि.वि. परिसरको सडकको स्तरोन्नती गर्ने कार्य समेत भए गरेको देखिएन। मौखिक रूपमा त्रि.वि.का पदाधिकारीहरूबाट उक्त कार्यहरू भएन भन्ने जानकारी सामान्य प्रशासन महाशाखाबाट प्राप्त भएको।

७. यसरी सम्झौता बमोजिम कार्य सम्पादन गर्न गराउन उक्त बोर्डले तत्परता नदेखाउने, कार्यसम्पन्न नगर्ने र त्रि.वि.ले पनि कार्यसम्पादन गर्न गराउन प्रयासहरू गरे गराएको पनि देखिन आएन।

८. त्रि.वि.सँग खानेपानीको बाँकी वक्यौता महसुल भनी उल्लेख भएको रकम कुन कुन निकाय र भवनको कहाँ कहाँको हो र कुन कुन वर्षको हो? भन्ने स्पष्ट नभई मिनाहा गर्नुपर्ने आधार र औचित्य समेत नबुझी कार्यकारी परिषद्बाट निर्णय गरिएको देखियो। अर्थात् सो सम्बन्धमा भए गरेको विस्तृत जानकारी त्रि.बि.बाट पनि समितिलाई उपलब्ध गराईएन।

**सुझावः**

९. समितिलाई हालसम्म प्राप्त विवरणको आधारमा हेर्दा खानेपानी संस्थानले निःशुल्क पानी उपलब्ध गराउने मनसाय राखेको र त्रि.वि.ले सो वापत शुरूमा १८ रोपनी जग्गा उपलब्ध गराएकोमा

पछिबाट काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डसँग बक्यौता रकम ३,०८,०९,२२४।१९ रहेको भन्ने स्वीकार गरी मिनाहा हुने गरी सम्झौता भएको देखिँदा त्रि.वि.ले पहिलेदेखि पानीको विल भुक्तान गरे नगरेको र खानेपानी बोर्डले एक तर्फी बिल खडा गरेको हो? भन्ने समेत विषयमा समितिको कार्य अवधिभित्र थप तथ्य प्रमाण प्राप्त नभएको र हिसाव ठीकसँग नराखेको कारण त्रि.वि. माथि अनावश्यक आर्थिक दायित्व देखाईएको हो वा संस्थान/बोर्डले गलत हिसाव निकालेको हो भन्ने समेत विस्तृत छानबिन हुन आवश्यक देखिँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट थप छानबिन हुनुपर्ने देखिन्छ।

## थ. कृषि बागबानी केन्द्रले उपभोग गरेको जग्गा

### १. समाचारपत्रहरूमा प्रकाशित गुनासोः

विश्वविद्यालयको नाममा लालपूर्जा रहेको र सम्पत्तिमा अभिलेखिकरण भएको कीर्तिपुरस्थित त्रि.वि.को जमिन सबैभन्दा बढी २ सय ८१ रोपनी १४ आना जग्गा बागबानी केन्द्रले आफ्नो स्थापनाकालबाटै भोगचलन गरि कब्जा जमाई रहेको छ। तर त्रि.वि.कै नाममा भएपनि साबिक कृषि विभाग हर्टिकल्चर सेक्सन अन्तर्गतको कीर्तिपुर बागवानी अनुसन्धानशाला हालको कृषि विभाग अन्तर्गतको समशितोष्ण बागबानी केन्द्र, कीर्तिपुर काठमाडौंले उपभोग गरेको उक्त जग्गामा बागबानीको आधुनिक भवन र अन्य विषयगत आयोग/केन्द्रहरूका संरचना पनि बनी सकेका छन्। त्रि.वि.सँग यी कुनै पनि निकायले आधिकारीक सम्झौता र आर्थिक कारोबार गरेको रेकर्ड छैन भन्ने समेत विभिन्न समाचारहरूमा प्रकाशित भएको विषयलाई आधार एवं सूचना मानी र त्रि.वि.ले समितिलाई उपलब्ध गराएको विवरणका आधारमा अध्ययन, अनुसन्धान कार्य अघि बढाइएको हो।

### २. समितिलाई प्राप्त तथ्य, सूचना र विवरणः

१. वि.स. २०१३ सालमा विश्वविद्यालय स्थापनार्थ जग्गा अधिग्रहण गर्दा वि स २०१३ मार्ग १८ को नेपाल गजेटमा प्रकाशित सूचनामा उल्लेखित चारकिल्लाको जग्गाहरूभित्र परेको भनी त्रि.वि. रजिष्ट्रारको कार्यालय अन्तर्गतको सामान्य प्रशासन महाशाखाले यस समितिलाई पठाएको च.नं. ९७८० मिति २०८१/३/२ को पत्रसाथ उपलब्ध गराईएको हाल कृषि विभाग अन्तर्गतको बागबानी केन्द्रले भोगचलन गरेको जग्गाधनी प्रमाण पुर्जामा रहेको कि.नं. २८ क्षेत्रफल २८१-१४-१-१ को जग्गाधनी त्रिभुवन विश्वविद्यालय कीर्तिपुर बहुमुखी क्याम्पस भनी उल्लेख भएको देखिन्छ (अनुसूची २.२८)।
२. त्रि.वि. क्षेत्रको जग्गा नापी गर्ने कार्य नापी टोलीबाट मिति २०४० आषाढ १ गते भएको देखिन्छ। उक्त नापी टोलीको क्षेत्रीय किताबमा जग्गाधनी त्रिभुवन विश्वविद्यालयलाई संकेत गरी क्षेत्रफल २८१ रोपनी १४ आना १ पैसा १ दाम उल्लेख भई विरह महलमा बागबानी अनुसन्धान केन्द्र उल्लेख भएको देखिन्छ। तर हाल कृषि मन्त्रालय अन्तर्गतको बागबानी केन्द्रले उपभोग गरी रहेको भएतापनि उक्त जग्गा त्रिभुवन विश्वविद्यालय कीर्तिपुर बहुमुखी

क्याम्पस, काठमाडौं कीर्तिपुरको नाममा स्वामित्व कायम भएको ज.ध. प्रमाण पूर्जामा उक्त कि.नं. २८ को क्षेत्रफल २८१-१४-१-१ जग्गामा "बगैंचा" भनी उल्लेख भएको देखिन्छ।

३. यसैगरी, नापी कार्यालय कंलकी, काठमाडौंको मिति २०८०/४/१० गते प्राप्त फिल्ड बुक/प्लट बुकको प्रतिलिपि उतार भनी उक्त कृषि विभागबाट प्राप्त भएको च.नं. ३८ मिति २०८१/०४/१८ को पत्र ब्यहोरा अनुसार कीर्तिपुर न.पा. वडा नं. १७ कित्ता नं. १, २, ३, ४, ५, ६, ७ र ८ मा गरी जम्मा जग्गा १६।४ हेक्टर केन्द्रको नाममा रहेको भनी उल्लेख भएको देखिन्छ। साथै, उक्त केन्द्रले उपभोग गरी आएको जग्गा त्रिभुवन विश्वविद्यालयबाट प्राप्त भएको नभई केन्द्रले मुआब्जा दिएर खरिद गरेको हो भन्ने व्यहोरा समेत उल्लेख छ। तर केन्द्रमा पुरानो दस्तावेज र कागजात सुरक्षित नभएको कारण जग्गा धनी प्रमाणपूर्जा हाल भेट्न सकिएको छैन भन्ने पनि उल्लेख रहेको छ। केन्द्रको क्षेत्रफल विस्तार गर्ने क्रममा वि.सं. २०१८ मा १३७ रोपनी जग्गा विभिन्न व्यक्तिहरूबाट अधिग्रहण भई केन्द्रको क्षेत्रफल विस्तार गर्ने क्रममा ४१८ रोपनी (२०.९ हेक्टर) कायम भएको हो, भनिएको छ तर जग्गा धनी प्रमाण पूर्जा नभएको र बाँकी जग्गा कहिले कुन मितिमा कति क्षेत्रफल अधिग्रहण वा अन्य कुन माध्यमबाट प्राप्त भई पुनः मिति २०५६ चैत ५ को जग्गा नापजाँच भएको फिल्डबुक तयार भएको हो भन्ने कुरा एकिन हुन नसके पनि फिल्डबुक संलग्न गरेको देखिन्छ (अनुसूची २.२९)।

४. यसैगरी, प्रा. भवेश्वर पंगेनीद्वारा लिखित त्रिभुवन विश्वविद्यालयको इतिहास (२०१६-२०३९ भाग-१) को ४९२ पानामा कृषि विभागले त्रि.वि.लाई रू १,९६,६३७।३६ रकम उपलब्ध गराएको र बागबानी केन्द्रका लागि छुट्याइएको जग्गाका जग्गाधनीलाई मुआब्जा दिएको भन्ने उल्लेख रहेको देखिन्छ ।

५. त्रिभुवन विश्वविद्यालय कमिटीको मिति २०१८ साल आषाढ २३ गते शुक्रबार बसेको बैठकको निर्णय नं. २४२ अनुसार त्रिभुवन विश्वविद्यालय स्थल कीर्तिपुरमा निर्णय नं. ८०/०१७ मुताविक हर्टीकल्चरको निमित्त भनी छुट्याईएको जग्गाको मुआब्जा दिन श्री ५ को सरकार कृषि विभागबाट ने.रू. १,६२,५००/- रू एकलाख बासठ्ठी हजार पाँच सय सापटीको रूपमा लिई मुआब्जा वितरण गर्ने निर्णय भएको देखिन्छ ।

६. समितिले समशितोष्ण केन्द्र, कीर्तिपुरलाई कृषि विभाग मार्फत मिति २०८१/०४/२९ मा जग्गाधनी प्रमाणपूर्जा र जग्गा अधिग्रहणका राजपत्रमा प्रकाशित सूचना उपलब्ध गराइदिन पत्राचार गरेकोमा कृषि विभागको च.नं. ७३ मिति २०८१/०५/२० को पत्रबाट उक्त अधिग्रहण गरेको राजपत्र र मुआब्जा वितरण सम्बन्धी विवरण समशितोष्ण बागबानी केन्द्र कीर्तिपुरमा नभेटिएको र सो सम्बन्धी कागजातको खोजी कार्य भईरहेको भन्ने जवाफ प्राप्त भएको तर समितिको कार्यअवधिसम्म पनि सो सम्बन्धमा थप जानकारी प्राप्त नभएको (अनुसूची २.३०)।

## ३. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

१. त्रि.वि.का पूर्व उपकुलपतिहरू एवं अन्य पदाधिकारीहरूसँग भेटघाट र छलफल गर्दा वहाँहरूबाट त्रिभुवन विश्वविद्यालय स्थापना गर्दा शुरूमा सबै विषयहरू समाबेश भएको Comprehensive University बनाउने सोच अनुसार सबै विषयहरू अध्ययन गराउने आवासीय विश्वविद्यालय (Residential University) बनाउने उद्देश्य तथा लक्ष्य राखिएको थियो। यसै सोँच अनुरूप सबै क्षेत्रगत विषयहरू स्वास्थ्य, शिक्षा, कृषि (हर्टिकल्चर), बन (फरेष्ट्री), चिकित्साशास्त्र आयुर्वेद व्यवस्थापन आदी सबै विधाका लागि जग्गा छुट्याउँदै गएको र तत् तत् संकायका कार्यालयलाई जग्गा दिँदै गएका थियौं भन्ने रहेकोबाट त्रि.वि. कै हर्टिकल्चरका लागि पनि जग्गा छुट्याइएको अनुमान गर्न सकिन्छ।

२. त्रि.वि. कार्यकारी परिषद्को मिति २०७५/०७/२६ को निर्णय नं. २१८७ मा नेपाल सरकारको अनुरोध बमोजिम त्रि.वि. परिसरभित्र विभिन्न सरकारी निकायलाई उपभोगको लागि उपलब्ध गराईएको मध्ये बागबानी केन्द्रलाई २८० रोपनी जग्गा उपलब्ध गराईएको भनी उल्लेख भएको र हालै कृषि विभाग अन्तर्गतको समशीतोष्ण बागबानी केन्द्र कीर्तिपुरको पत्रमा वि.सं. २०१८ सालमा खोलापारीको लगभग १३७ रोपनी जग्गा अधिग्रहण भई क्षेत्रफल विस्तारित भई जम्मा क्षेत्रफल ४१८ रोपनी उपयोगमा रहेको भन्ने उल्लेख भएकोबाट पनि त्रि.वि.ले उपलब्ध गराएको कि.नं. २८ मा उल्लेखित क्षेत्रफल २८१ रोपनी कृषिले त्रि.वि.का लागि वि.सं. २०१३ सालमा अधिग्रहण गरिएको दक्षिणी सिमानाभन्दा बाहिर पर्ने जग्गा १३७ रोपनी जोड्दा मात्र ४१८ रोपनी हुने देखिँदा त्रि.वि.को स्वामित्वमा २८१ रोपनी जग्गा रहे/भएको पुष्टि हुने अवस्था देखिन्छ। अर्थात् १३७ रोपनी कृषि विभागले अधिग्रहण गरेको जमिन त्रि.वि.को लागि २०१३ मा अधिग्रहण गरेको जग्गाको चौहदी भन्दा बाहिर रहेको स्पष्ट देखिन्छ।

३. हालसम्म समितिलाई प्राप्त पत्रहरूको ब्यहोराबाट अध्ययन विश्लेषण गर्दा २८१-१४-१-१ जग्गा ज.ध. प्रमाणपूर्जामा कीर्तिपुर बहुमुखी क्याम्पसको नाम उल्लेख भएको देखिएको तर समसीतोष्ण बागबानी केन्द्रले हाल उपभोग गरी राखेको भएपनि उक्त क्षेत्रफलको जग्गा अधिग्रहण गरेको राजपत्र, जग्गाधनी पूर्जा र केन्द्रले नै मुआब्जा दिएको कागजातहरू समितिमा उपलब्ध गराउन नसकेकाले उक्त जग्गा अन्यथा प्रमाणित नभएसम्म त्रि.वि. कै हो भन्ने देखिन्छ।

## द. कीर्तिपुर न.पा.द्वारा उपभोग गरेको जग्गा

### १. समाचारपत्रहरूमा प्रकाशित गुनासोः

१. त्रि.वि. परिसरभित्रको जग्गामा कीर्तिपुर नगरपालिका समेतको मिलेमतोमा अनधिकृत रूपमा बसपार्क र फोहर संकलन स्थल बनाई ओगटेको १ सय रोपनी जमिनको बसपार्कले न त शुल्क तिर्छ न त फोहर थुप्रो लगाउने नगरपालिकाले नै भाडा तिर्छ, त्रि.वि.कै जमिनमा

सार्वजनिक बास्केटबल, फुटबल ग्राउण्ड, नेपाल मंका खलका पनि कार्यालय रहेको भन्ने समेत उल्लेखित समाचारहरू पत्रपत्रिकामा प्रकाशित भएको।

२. त्रि.वि. विश्वविद्यालय क्याम्पसको च.नं. ७८/०८१-०८२ मिति २०८१/०५/१८ अनुसार कीर्तिपुर न.पा.द्वारा त्रिभुवन विश्वविद्यालय परिसरको दक्षिण पट्टी कीर्तिपुर नयाँबजार गेट नजिक त्रि.वि.को स्वामित्व (ज.ध. प्रमाणपूर्जा भएको) को जग्गामा करीब एक रोपनी अतिक्रमण गरी सार्वजनिक शैचालय निर्माण गरी सञ्चालन गरेको, यसैगरी त्रि.वि.को दक्षिणपट्टी नयाँ बजार क्षेत्रदेखि भाजंगलसम्म जोडीएको क्षेत्रमा कीर्तिपुर न.पा.द्वारा भौतिक संरचना निर्माण गरी विविध कार्यका लागि प्रयोग गरिरहेको, नयाँ बजारसँग जोडिएको कीर्तिपुर गेटको नजिकको भागमा कबर्डहल निर्माण गरिएको, नगरपालिकाको पर्यटन सूचना तथा सेवा केन्द्र बनाई उपयोग गरेको, यसै स्थानमा १२ वटा सटरहरू निर्माण गरी भाडा लगाईएको, माइक्रोबस पार्किङ्ग गर्ने गरिएको, ठूलो भागमा नगरपालिकाले फोहर जम्मा गर्ने डम्पिङ्ग स्थल बनाइएको अन्य थप संरचना समेत निर्माण गरिएको, विश्वविद्यालयको कर्मचारीहरूको क्वार्टर कब्जा गरी मोटर साइकल वर्कशप खोलिएको (पछि त्यसैलाई) फोहर संकलन केन्द्र बनाइएको भन्ने उजुरी एवं गुनासो प्राप्त हुन आएको।

## २. प्राप्त तथ्य, सूचना एवं विवरणहरूः

१. त्रि.वि. कीर्तिपुर परिसरको जग्गा जमिन मध्ये कीर्तिपुर न.पा.द्वारा अतिक्रमण गरिएको भन्ने विषयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचार र त्रि.वि., विश्वविद्यालय क्याम्पसले समितिलाई उपलब्ध गराएको उक्त उजुरी तथा गुनासोका सम्बन्धमा त्रिभुवन विश्वविद्यालयसँग भए गरेका शर्त, सम्झौता भए सो समेत राखी सत्य तथ्य र वास्तविक व्यहोरा खुलाई पठाईदिनहुन भनी च.नं. ५० मिति २०८१/०५/०२ मा पत्रपत्रिकामा प्रकाशित सूचना र त्रि.वि.ले उल्लेख गरिएका विषयमा विश्वविद्यालयसँग भए गरेका शर्त सम्झौता भए सो समेत राखी तथ्य र वास्तविक व्यहोरा खुलाई पठाईदिन कीर्तिपुर न.पा. कीर्तिपुरलाई पत्राचार गरी अनुरोध गरेकोमा कुनै जानकारी प्राप्त हुन नआएकोले पुनः कीर्तिपुर न.पा.लाई च.नं. ६३ मिति २०८१/०५/१६ मा उजुरी गुनासोको विषयमा सत्यतथ्य खुलाई पठाइदिन अनुरोध गरी पत्राचार गरेकोमा समिति कार्य अवधि सम्ममा कुनै किसिमको विवरण प्रतिक्रिया प्राप्त भएन।

२. समितिका पदाधिकारीहरूबाट मिति २०८१ आषाढ ३२ मा त्रि.वि. कीर्तिपुर परिसरको स्थलगत अवलोकन गर्दा त्रि.वि.को हक स्वामित्वमा रहेको त्रि.वि. परिसर कीर्तिपुरको दक्षिण पट्टी नयाँ बजार क्षेत्र देखि भाजङ्गलसम्म जोडिएको क्षेत्रमा निम्न बमोजिम रहे भएको देखिएको।

- कीर्तिपुर गेटको नजिकको भागमा कवर्डहल निर्माण गरिएको।
- नगरपालिकाले पर्यटन सूचना तथा सेवा केन्द्र राखिएको।
- १२ वटा सटरहरू निर्माण गरी भाडामा लगाईएको।
- माइक्रो बस पार्किङ्ग गर्ने गरिएको।

- तल्लो भागमा नगरपालिकाले फोहर जम्मा गर्ने डम्पिङ्ग स्थलका रूपमा प्रयोग गरिएको।
- विश्वविद्यालयद्वारा निर्मित कर्मचारीहरूको क्वार्टर क्षेत्रमा मोटरसाईकल वर्कसप खोलिएको फोहर संकलन केन्द्र बनाइएको ।
- कीर्तिपुर परिसरको पश्चिम पट्टीको भागमा निर्माण गरिएको पर्खाल भत्काईएको।
- त्रि.वि. परिसर किर्तिपुरको दक्षिण-पश्चिम दिशामा कीर्तिपुर नयाँबजार गेटको नजिक, त्रि.वि.को जग्गामा कुनै सम्झौता विना सार्वजनिक शौचालय निर्माण गरी सञ्चालन गरिएको, वरिपरि पर्खाल समेत बनाएको।

३. यसै सन्दर्भमा, मिति २०८१/०७/२६ समितिका पदाधिकारीहरू समेतको कीर्तिपुर नगरपालिका कार्यालयमा गई कीर्तिपुर नगरपालिकाका उपमेयर श्री शुभलक्ष्मी शाक्य (सुनिता), १० नं. वडाध्यक्ष श्री नरेश महर्जन, प्रमुख प्रशासकीय अधिकृत माधव प्रसाद ढकाल र अन्य कर्मचारीहरू समेतसँग भेटघाट गरी छलफल गर्दा नगरपालिकाले विश्वविद्यालयसँग मौखिक रूपमा ती जग्गाहरूको भोगचलन गरेको र घरहरू निर्माण गरिएको तर लिखित सम्झौता छैन भन्ने जानकारी दिएको।

४. नगरपालिका जस्तो निकायले स्थानीय बासिन्दा एवं कीर्तिपुर नगरपालिका कै गौरब एवं पहिचान भएको विश्वविद्यालयको जग्गा जमिन र सम्पत्ति लिखित सम्झौता नगरी मौखिक स्वीकृति पाएको थियो भनि जानकारी दिएबाट उक्त जग्गा जमिन उपभोग गरेको कार्य कानून सम्मत भएको देखिएन।

## ३. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ बमोजिम विश्वविद्यालय स्वायत्त सरकारी निकाय भएको र त्रि.वि.को जमिन सरकारी सरह नै हुने भएको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सरकारी जग्गा जमिन र भवनको संरक्षण गर्ने, अतिक्रमण गरेको भए हटाउने र सरकारी निकायलाई सहयोग गर्नुपर्ने दायित्व स्थानीय तहको हुने कानूनी व्यवस्था रहेकोमा उल्टै सरकारी निकायको जग्गा जमिन अनधिकृत रूपमा अतिक्रमण एवं कब्जा गर्ने कार्य कानून बमोजिम भए गरेको मान्न सकिएन। त्रि.वि.सँग न्यायोचित सम्झौता बार्ता गरी उक्त संस्थालाई हानी नोक्सानी नपुग्ने गरी त्रि.वि.को स्वीकृतिमा मात्र तोकिएको क्षेत्र सार्वजनिक हितको लागि कानून सम्मत विधि, प्रक्रिया र आधारमा मात्र अर्को निकायको जग्गा उपयोग गर्नुपर्नेमा त्यसो भए गरेको हो, थियो भन्ने समितिलाई जानकारी हुन सकेन।

**सुझावः**

१. त्रि.वि.को हक स्वामित्वभित्र रहेका हाल कीर्तिपुर नगरपालिका कार्यालयले भोगचलन गरेको जग्गा जमिन र भौतिक संरचनाहरू तत्कालै त्रि.वि.लाई एक कार्यक्रम राखी विना शर्त हस्तान्तरण गरी फिर्ता बुझाउनुपर्ने।

२. सरकारी जग्गा जमिन अतिक्रमण, कब्जामा लिई अपचलन गरे गराएको सम्बन्धमा थप छानबिन गर्नुपर्ने देखिन्छ।
३. नगरपालिकाले हालसम्म उपभोग गरे वापत क्षतिपूर्ति वापतको रकम त्रि.वि.लाई दिनुपर्ने।
४. नगरपालिकाले अटेर गरी जग्गा छाड्न नमानेमा त्रि.वि.ले क्षतिपूर्ति समेत भराई लिने कानूनी उपचारको प्रक्रियामा जानुपर्ने।
५. नगरपालिकाद्वारा जग्गा छाड्न, हस्तान्तरण गर्नका लागि नेपाल सरकार (मं.प.) ले संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत किर्तिपुर न.पा.लाई निर्देशन दिनुपर्ने।
६. आवश्यक परेमा गृहमन्त्रालयलाई समेत जग्गा छुटाउन त्रि.वि.लाई सहयोग गर्न निर्देशन दिनुपर्ने।

## ध. गिट्टी बालुवा डिपोले उपभोग गरेको जग्गा

### १. समितिलाई प्राप्त सूचना/उजुरी/गुनासोः

त्रिभुवन विश्वविद्यालयको करिब १० रोपनी जग्गा कब्जा गरी ढुंगा गिट्टी र बालुवाको डिपो सञ्चालन गरिएको छ। एग्रो एण्ड बायोलोजी राष्ट्रिय प्रयोगशाला भवन निर्माण परिसरको उक्त जग्गा कब्जा भए पनि त्रि.वि. र सरकारले बेवास्ता गरेका छन्। २०७३ देखि नै स्थानीय ठेकेदार कविन्द्र महर्जनले अनधिकृत रूपमा ढुंगा, गिट्टी बालुवा थुपार्ने गरेको, उपकुलपति रजिष्ट्रार रेक्टर कार्यालय र प्रहरीवृत्त कीर्तिपुरबाट मात्र एक कि.मि. दुरीभित्र रहेको उक्त जग्गा हडपिएको सम्बन्धमा कसैले चासो दिएको छैन। जसको कारण एग्रो एण्ड बायोलोजी प्रयोगशालाको कार्यालय भवन बने पनि डिपोका कारण त्यहाँ प्रयोगशालाको कार्यालय स्थापना गर्न नसकेको, प्रयोगशाला भवनसँगै ढुंगा, बालुवा थुपारेकोले मानिस आवत जावत गर्न समस्या भएको पानीको लाईन ल्याउन समेत नदिएको भन्ने समेत कुराहरू विभिन्न सञ्चार माध्यममा उल्लेख भएको।

### २. प्राप्त तथ्य, सूचना एवं विवरणहरूः

१. माथि उल्लेखित विषयमा छानबिन गर्न सहप्राध्यापक हिक्मत बहादुर रायाको संयोजकत्वमा त्रि.वि. रजिष्ट्रारको कार्यालयको मिति २०८१/०३/०५ को पत्र अनुसार छानबिन समिति गठन भएको देखिन्छ।
२. उक्त छानबिन समितिले मिति २०८१/०४/०४ मा त्रि.वि. रजिष्ट्रारलाई संबोधन गरी पेश गरेको प्रतिवेदनमा प्रयोगशाला सहज रूपमा सञ्चालन गर्न निर्माण सामाग्री हटाइ कामदार वस्ने स्थान समेत खाली गराउनुपर्ने, निर्माण सामग्री राख्नु पर्ने प्रयोजन आ.ब. ०७९/८० मा नै समाप्त भएकोले उक्त कम्पनीले ओगटेर सामाग्रीहरू राखी रहनु व्यवहारिक र कानूनी दुवै दृष्टीले उपयुक्त नहुने, कम्पनीको त्रि.वि.भित्र कुनै योजना

नरहेकोले खाली गराउनेतर्फ कारबाही अघि बढाउनुपर्ने देखिन्छ भन्ने समेत राय उल्लेख भएको देखिन्छ।

३. त्रि.वि. रजिष्ट्रारको कार्यालय सामान्य प्रशासन महाशाखा को च.नं. ३८३/०८०/०८१ मिति २०८१/०२/२० को पत्रद्वारा श्री अनक/कविन्द्र जे.भि. काठमाडौंलाई ७ दिनभित्र निर्माण सामाग्रीहरू हटाई स्थान खाली गरीदिनु भनी लेखि गएको।

४. त्रि.वि. अन्तर्गत आ.ब. २०७०/७१ देखि त्रि.वि.भित्रका प्रशासनिक भवन, लगायत विभिन्न भवनहरू निर्माणको प्रयोजनको लागि निर्माण सामाग्रीहरू थुपारिएको हाल यस कम्पनीको उक्त त्रि.वि.भित्र कुनै योजना नरहेको हुँदा विस्तारै सो स्थानबाट विभिन्न निर्माण सामाग्रीहरू हटाई खाली गरिदिने प्रतिवद्धता जाहेर गर्दछु भन्ने समेत व्यहोराको अनक/कविन्द्र जे.भि.ले मिति २०८१/०३/२५ को रजिष्ट्रारको कार्यालयमा दिएको निवेदन।

### ३. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

यसमा माथि उल्लेखित छानबिन समितिको राय र निर्माण कम्पनीले गरेको प्रतिवद्धता अनुरूप समय तोकी निर्माण सामाग्री हटाउन त्रि.वि.को सम्बन्धित निकायबाट थप कारबाही अघि बढाउनुपर्ने देखिन्छ। अन्यथा हालसम्म त्रि.वि.को स्वीकृति विना त्रि.वि.को जग्गा कब्जा गरी व्यक्तिगत रूपमा थप आर्थिक लाभ लिएको छ छैन अनुगमन मूल्याङ्कन गरी क्षतिपूर्ति भराउने तर्फ कारबाही गर्नुपर्ने।

## न. नेपाल विद्युत प्राधिकरण, कीर्तिपुर वितरण केन्द्रले उपभोग गरेको जग्गा

### १. समितिलाई प्राप्त सूचना/उजुरी/गुनासोः

त्रि.वि. विश्वविद्यालय क्याम्पस, प्रिन्सीपलको कार्यालयको च.नं. ७८/०८१-८२ मिति २०८१/०५/१८ को पत्रबाट यस समितिलाई प्राप्त भएको उजुरीको थप विवरणमा "सुन्दरीघाट स्थित विद्युत प्राधिकरणले दक्षिणकाली जाने राजमार्ग पूर्वपट्टि स्थित बागमती किनाराको त्रि.वि.को ५ रोपनी जग्गामा विद्युत प्राधिकरणले आफ्नो भण्डारण बनाएको छ। यस जमिनलाई प्राधिकरणले भण्डारणका रूपमा प्रयोग गरेको करीब ५ वर्ष जति भएको छ। प्रयोगको लागि प्राधिकरणले त्रि.वि.सँग कुनै सम्झौता गरेको वा स्वीकृति लिएको छैन" भन्ने उल्लेख भएको देखिन्छ।

### २. प्राप्त तथ्य, सूचना एवं विवरणहरूः

त्रि.वि.बाट प्राप्त उजुरी विवरणका आधारमा समितिले च.नं. ६५ मिति २०८१/०५/१९ को पत्रद्वारा त्रिभुवन विश्वविद्यालय परिसरभित्र तहाँ नेपाल विद्युत प्राधिकरण कीर्तिपुर वितरण केन्द्रको कार्यालय रहेको पाइएकाले त्रि.वि. परिसरभित्र के कस्ता शर्त र सम्झौता बमोजिम कार्यालय राखिएको हो? कार्यालयले के कसरी सो जग्गा प्राप्त गरेको हो? कार्यालयले चर्चेको

जग्गाको क्षेत्रफल, संरचना निर्माणको विवरण त्रि.वि.सँग भएका शर्त सम्झौता भएको भए सो समेत खुल्ने प्रमाणित कागजपत्रहरू उपलब्ध गराइदिन अनुरोध गरेकोमा उक्त कीर्तिपुर वितरण केन्द्रको च.नं. १०५ मिति २०८१/०५/२७ को पत्रबाट "... कीर्तिपुर न.पा. वडा नं. ९ नयाँ बजारमा यस कार्यालय रहेकोमा सडक विस्तारको क्रममा यस केन्द्रको जग्गा भवनको अग्रभाग भत्काई सडक विस्तार भएपछि कीर्तिपुर न.पा. को मिति २०७५/०३/१८ को नगर प्रमुख स्तरीय निर्णयबाट सुन्दरीघाट स्थित खाली जग्गामा दुई कोठाको प्रि फ्याव अस्थाई संरचना टहरा बनाई जस्तापाताले घेरी सार्वजनिक सेवा प्रवाहका लागि आवश्यक पोल, तार, लगायतका सामाग्री तथा उपकरण राखिएको र भोगचलन सम्बन्धमा त्रि.वि.सँग कुनै प्रकारको सम्झौता नभएको, चर्चेको क्षेत्रफल पनि एकिन नभएको..." (अनुसूची २.३१) भनी जानकारी हुन आएको।

### ३. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

- यस विषयमा कीर्तिपुर न.पा. कार्यालयलाई समितिबाट पत्राचार भएको, समितिका पदाधिकारी नगरपालिकामा भेटघाट छलफल गर्दा मौखिक स्वीकृति भएको भन्ने रहेको भएतापनि लिखित सम्झौता नगरिएको भनी जानकारी दिईएको र नगरपालिकाबाट समितिको कार्य अवधिसम्म लिखित रूपमा यथार्थ/स्पष्ट जवाफ प्राप्त हुन नआएको। साथै, त्रि.वि.ले पनि प्राधिकरणलाई जमिन खाली गर्न वा कानून बमोजिम सम्झौता गरी कानून सम्मत प्रयोग गर्ने गराउने तर्फ समय मै पहल गरेको पनि देखिएन।
- नेपाल विद्युत प्राधिकरण, कीर्तिपुर वितरण केन्द्रले उपयोग गरेको जग्गा त्रि.वि.को लागि अधिग्रहण भएको चार किल्लाभित्रको जग्गामा त्रि.वि.को स्वीकृति सहमती विना अनधिकृत तवरले कब्जा गरी बस्ने कार्यलाई कानून सम्मत गरे भएको रहेछ भन्न सकिने अवस्था नभएकाले यथाशिघ्र उक्त जग्गाबाट केन्द्र अन्यत्र सार्ने वा त्रि.वि.सँग कानून सम्मत भाडा सम्झौता गर्नुपर्ने।

## प. त्रि.वि. कीर्तिपुर परिसरभित्रको जग्गामा अतिक्रमण भएका थप विषयहरू

समितिको कार्य अवधि सकिन लाग्दा समेत सम्बन्धित निकायहरूबाट समितिले माग गरेका सत्य तथ्य सूचना र विवरण एवं कागजातहरू समितिमा प्राप्त हुन नआएकाले समिति स्पष्ट भई निर्णयमा पुग्न समयाभावले गर्दा नसकेको हुँदा निम्न विषय/क्षेत्र समेत त्रि.वि.भन्दा अलग अनुसन्धान गर्ने निकायबाट नै थप छानबिन गर्न उपयुक्त हुनेः

१. बागमती किनारको सुकुम्बासी वस्ती
२. कीर्तिपुर १० र काठमाडौं १४ को सीमानाको पक्की बाटो समेत जमिन अतिक्रमण
३. नयाँ ठाउँमा सुमो पार्किङ्ग
४. नयाँ ठाउँमा सुमो पार्किङ्ग

५. पर्ति जग्गा शिबालयको नाममा दर्ता

६. उमादेवी मन्दिर कुमारी क्लब

## २.३.१.२. कीर्तिपुर परिसरभन्दा बाहिरको जग्गाको विद्यमान अवस्था

### (क) काठमाडौं म.न.पा. वडा नं. डिल्लीबजारमा रहेको जग्गा

काठमाडौं महानगरपालिका वडा नं. १ डिल्लीबजारमा त्रिभुवन विश्वविद्यालयका नाममा निम्न जग्गाहरू रहेको जानकारी भूमिसुधार तथा मालपोत कार्यालय, काठमाडौंको मिति २०८१/०३/२६ को पत्रबाट प्राप्त भएको देखिन्छ ।

| साबिक कित्ता नं. | नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल रोपनी/बर्ग मि. | कैफियत |
|---|---|---|---|---|
| ४०२ (२०३८/०७/१५ पुरानो नापी जग्गा नापजाँच) | ११ | ४०२ (घरजग्गा रैकर निजी) | १०-१३-३-० (५५२४.५२ वर्गमिटर) | २०३५/०७/२३ मा प्रकाशित २१ दिने स्वावासी सूचना अनुसार |
| ३४८ (२०३८/७/२४ पुरानो नापी, जग्गा नापजाँच) | २३ | ३४८ (घर रैकर निजी) | ०-४-१-२ (१३९.०९ वर्गमिटर | दर्ता प्रमाणित |
| ३ (२०१९/०१/०१ पुरानो नापी, जग्गा नापजाँच) | ३ | ३ (घर) | ९९७.० बर्गमिटर | |
| १४१ (२०४८/०२/०७ पुरानो नापी) | १० | १४१ | ०-५-३-२ (१८६.७८ बर्गमिटर) | |
| १९ (२०४८/०२/०७ पुरानो नापी) | १० | १९ | २०-१०-०-२ (१०४९६.६८ बर्गमिटर) | |
| जम्मा जग्गा | | | ३२-०२-०-२ (१७३४४.०७ बर्गमिटर) | |

### (ख) काठमाडौं म.न.पा. वडा नं. त्रिपुरेश्वरमा रहेको जग्गा

त्रिभुवन विश्वविद्यालय स्थापनाको समयदेखि नै स्वामित्वमा रहेको काठमाडौं महानगरपालिका साबिक वडा नं. १ हालको वडा नं. ११ मा कि.नं. ४०२ क्षेत्रफल १० रोपनी १३ आना ३ पैसा जग्गा रहेको देखिन्छ।

### (ग) काठमाडौं म.न.पा. वडा नं. जमलमा रहेको जग्गा

काठमाडौं महानगरपालिका वडा नं. १ कि.नं. १२७० को ७-१५-३-३ जग्गा तत्कालीन श्री ५ को सरकार, शिक्षा मन्त्रालय (उच्च शिक्षा शाखा) को प.सं. उ.भि.०३२/०३३/२७६५ मिति २०३३/०२/१६/३ को पत्रानुसार ७ रोपनी ५ आना जग्गा पुरैमा बनेको क्वार्टरहरू सहित सरकारी घरजग्गा त्रिभुवन विश्वविद्यालयलाई नयाँ भवन निर्माण गरी उपभोग गर्ने र विक्री वा कुनै प्रकारबाट नामसारी गर्न नपाउने शर्त राखी त्रि.वि.लाई हस्तान्तरण गर्ने तत्कालीन श्री ५ को सरकार (मं.प.) को २०३२/१२/२३ मा निर्णय भएको देखिन्छ। यही आधारमा उक्त जग्गा श्री ५ को सरकारका नाममा लालपूर्जा तयार भएको र त्यही जग्गा नेपाल सरकार (मं.प.)को मिति २०७५/०६/२८ को निर्णयानुसार नेपाल राष्ट्रिय पुस्तकालयको भवन निर्माणका लागि उपलब्ध गराउने गरी निर्णय भएको देखिन्छ।

### (घ) हनुमानढोका वसन्तपुर क्षेत्र

ललितकला क्याम्पसले उपभोग गर्दै आएको त्रि.वि. केन्द्रीय हित शाखाको नाममा काठमाडौं महानगरपालिका वडा नं. २३ कि.नं. ३४८ मा रहेको पुरानो सम्पदा भवन सहितको क्षेत्रफल ०-४-१ जग्गा (भवन पुरानो भई भुकम्पले जिर्ण अवस्था रहेको) को ज.ध. त्रिभुवन विश्वविद्यालयको स्वामित्वमा रहेको भनि ललितकला क्याम्पसको पत्रबाट र त्रि.वि. रजिष्ट्रारको कार्यालय, सामान्य प्रशासन शाखाको च.नं. ६७५८ मिति २०८१/०७/२० को पत्रबाट जानकारी प्राप्त हुन आएको।

### (ङ) त्रि.वि., प्राकृतिक विज्ञान संग्रहालय, स्वयंम्भुको जग्गा

#### १. समितिलाई प्राप्त सूचना/जानकारी

त्रि.वि. विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत रहेको देशको एकमात्र विज्ञान संग्रहालयको स्थापना वि.सं. २०३२ सालमा भएको र आनन्दकुटी विद्यापिठले विज्ञान कार्यक्रमलाई चलाएको थियो। मिति २०३२ सालदेखि हालसम्म भोग गरी रहेको घेरावार सहितको २१.१ रोपनी जग्गामा ३ वटा भवन र २ वटा टहराहरू रहेका छन्। वि.सं. २०२८ सालमा नयाँ शिक्षा लागु भएसँगै आनन्दकुटी विद्यापीठले चलाएको विज्ञान कार्यक्रमलाई अमृत साइन्स कलेजमा समाहित गरेपछि जग्गा सहित केही भौतिक वस्तुलाई तत्कालिन सरकारले आनन्दकुटीको स्वामित्व प्राकृतिक विज्ञान संग्रहालयमा हस्तान्तरण गरी सो जग्गा संग्रहालयले त्यस बखतदेखि प्रयोग गर्दै आईरहेको उक्त जग्गा संग्रहालय कै नाममा जग्गाधनी पूर्जा जारी गर्नका लागि मन्त्रिपरिषद्बाट निर्णय गराईदिनु भन्ने समेत व्यहोराको सम्माननीय प्रधानमन्त्रीज्यू र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूलाई संबोधन गरी मिति २०८०/०१/११ मा अनुरोध गरेको पत्रको प्रतिलिपि सहितका कागजातहरू यस समितिमा उक्त संग्रहालयको मिति २०८१/०७/१४ को पत्रसाथ प्राप्त हुन आएको।

#### २. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

१. यस समितिमा प्राप्त शिक्षा विज्ञान तथा प्रविधिमन्त्रीज्यूलाई संबोधन गरी पठाएको अनुरोध पत्रको सन्दर्भमा के कस्तो कारबाही भयो सो को जानकारी उपलब्ध गराई दिन मिति २०८१/०७/२० मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई अनुरोध गरिएकोमा हालसम्म कुनै जानकारी प्राप्त हुन सकेन।
२. उक्त कार्यालयले विभिन्न निकायलाई गरेको पत्राचारको व्यहोरामा उल्लेखित कि.नं. ३६७ र २९५ मध्ये कि.नं. ३६७ क्षेत्रफल ०-५-० जग्गा आनन्दकुटी विद्यापीठको नाममा रहेको देखिएको भनि मालपोत कार्यालय, कलङ्कीबाट जानकारी भएको र कि.नं. २९५ को ०-१४-० रोपनी जग्गा ज्योत्स्ना कुमारी श्रेष्ठको नाममा रहेको भन्ने पत्रसाथ संलग्न भै आएको जग्गाधनी प्रमाणपूर्जाको फोटोकपीबाट देखिन आएको तर हाल साविक हुँदा नयाँ कित्ता कति हो भन्ने जानकारी नभएको।
३. यसमा संग्रहालयको पत्रमा २१-१-०-० रोपनी जग्गा घेराबारा गरी २०३२ सालदेखि भोगचलन गरी आएको र कसैले दावी गर्न नआएको भन्ने व्योहोरा पत्रमा उल्लेख भएको सन्दर्भमा कि.नं. २९५ र ३६७ को जम्मा क्षेत्रफल १-३-०-० मात्र रहेकोले बाँकी १९-१४-०-० क्षेत्रफल जग्गा कसको नाममा रहेको छ भन्ने यथार्थ जानकारी संलग्न कागजातबाट हुन सक्ने अवस्था रहेन।

**सुझाव**

१. यस समितिका पदाधिकारीहरू स्वयं नापी शाखा कलङ्कीमा मिति २०८१/०७/२६ मा गई विस्तृत जानकारी लिने क्रममा हाल उक्त संग्रहालय अवस्थित जग्गाको कि.नं.हरू उक्त स्थानमा प्राविधिक कर्मचारी पठाएर मात्र एकिन गर्न सकिने र त्यसैको आधारमा कुन कुन कित्ता जग्गाहरू संग्रहालयले भोगचलन गरेको क्षेत्रभित्र रहेको जानकारी पाएपछि मात्र जग्गाको थप स्वामित्वबारे विवरण उपलब्ध गराउन सकिने भन्ने भएकाले त्यसतर्फ, संग्रहालयले बुझि एकिन गरी उक्त जग्गाको स्वामित्व ग्रहण गर्न तत् तत् निकायमा लेखि पठाउने।
२. त्रि.वि.बाटै ज.ध. प्रमाणपूर्जा लिन आवश्यक कारबाही अगाडि बढाउनुपर्ने।

## (ज) IOM ले प्रयोग गर्दै रहेको चौताराको जग्गा

### १. प्राप्त तथ्य, सूचना र विवरणः

१. सिन्धुपाल्चोक जिल्ला साँगाचोकगढी नगरपालिका वडा नं. ५ मा रहेको कित्ता नं. ५५१ को ४-१४-१-१ क्षेत्रफल भएको जिल्ला वन कार्यालयको स्वामित्वमा रहने गरी Save the Children UK ले तालिम भवन निर्माण गरी तालिम सञ्चालन गर्दै आएकोमा त्रि.वि.

चिकित्साशास्त्र अध्ययन संस्थान र Save the Children बिच द्विपक्षिय सहमति भए अनुसार सन् १९९६ देखि तालिम भवन र जग्गा त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थानलाई हस्तान्तरण गरेको र संस्थानले विभिन्न समयमा तालिम सेमिनार तथा गोष्टीहरू गर्दै विद्यार्थीहरूलाई फिल्ड ट्रेनिङ गर्दै आएकोमा मिति २०७३ सालमा सो जग्गा र भवनहरू जिल्ला बालकल्याण समिति सिन्धुपाल्चोकको नाममा दर्ता गरेको देखिन आएको हाल जिल्ला बालकल्याण समितिको विघटनभई सकेको अवस्थामा तालिम र टेलिमेडिसिन सेवा सञ्चालन गर्नका लागि आवश्यक रहेकोले सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को दफा ३ को उपदफा २ बमोजिम IOM को नाममा दर्ता गर्न त्रि.वि. कार्यकारी परिषद्को मिति २०७९/०४/२४ को बैठकको निर्णय नं. १५२८ अनुसार नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गरि पठाउने निर्णय भए बमोजिम उक्त जग्गा दर्ता प्रक्रिया अघि बढाइदिन सम्मानीय प्रधानमन्त्रीलाई संबोधन गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूलाई बोधार्थ तथा कार्यार्थ दिई उपकुलपतिको कार्यालय कीर्तिपुरको च.नं. ४७/०७९/०८० मिति २०७९/०४/३१ मा पत्रद्वारा अनुरोध गरिएको।

२. त्रि.वि. रजिष्ट्रारको कार्यालय सामान्य प्रशासन महाशाखाको मिति २०८१/०७/११ को पत्रसाथ प्राप्त महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको २०७६ आषाढमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखेको पत्रमा केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिको चल अचल सम्पत्ति, दायित्व, कर्मचारी राष्ट्रिय बालअधिकार परिषद् र स्थानीय बालअधिकार समितिमा हस्तान्तरण गर्ने सन्दर्भमा नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७६/०३/१२ मा निर्णय भएको हुँदा जिल्ला सदरमुकाममा रहेका नगरपालिका वा गाँउपालिकाको प्रमुखको संयोजकत्वमा गठन हुने व्यवस्थापन समिति गठन गरी साविकको जिल्ला बाल कल्याण समितिको सम्पत्ति दायित्व र कर्मचारी लिने दिने व्यवस्थाका लागि अनुरोध छ भनि उल्लेख भएको देखिन्छ।

३. समितिलाई प्राप्त मालपोत कार्यालय सिन्धुपाल्चोकबाट दिईएको दर्ता श्रेष्तामा जग्गाधनी संस्थाको नाम नेपाल सरकार जिल्ला बाल कल्याण समिति, ठेगाना गाविस चौतारा वडा नं. ३ जग्गाको क्षेत्रफल ४-१४-१-१ रोपनी भनी उल्लेख भएको देखिन्छ।

## २. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

१. त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालयको मिति २०७९/०४/२९ मा उपकुलपति कार्यालयलाई पठाएको पत्रमा उल्लेखित त्रि.वि. कार्यकारी परिषद्को २०७९/०४/२४ को बैठकको निर्णय नं. १५२८ बाट जिल्ला बालकल्याण चौताराको नाममा रहेको जग्गा त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान, फिल्ड तालिम केन्द्र चौताराको नाममा दर्ता गराउन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने भनी उल्लेख भएको र मिति २०७९/०४/३१ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको

देखिन आएको तर त्यस उपर के कस्तो कारबाही भयो। भन्ने सम्बन्धमा समितिलाई थप जानकारी प्राप्त हुन सकेन।

२. समितिमा प्राप्त कागजात विवरण अनुसार जिल्ला बालकल्याण समितिको नाममा रही IOM ले फिल्ड तालिम केन्द्रको रूपमा प्रयोग गर्दै आएको जग्गा जमिन नेपाल सरकार मं.प.को मिति २०७६/३/१२ को निर्णयले जिल्ला बाल कल्याण समितिको सबै चल अचल सम्पत्ति स्थानीय बाल अधिकार समितिमा हस्तान्तरण हुने भएको अवस्थामा पुनः नेपाल सरकार (मं.प.)को निर्णय विना त्रि.वि.को पत्रअनुसार सोझै फिल्ड तालिम केन्द्रको नाममा नामसारी हुन सक्ने अवस्था देखिँदैन।

३. साविकदेखि चिकित्साशास्त्र अध्ययन संस्थानले उपभोग गर्दै आएको र पछि पनि फिल्ड तालिम केन्द्रको लागि आवश्यक परि नै रहने हुँदा उक्त नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा नेपाल सरकारबाट आवश्यकता र औचित्यको आधारमा त्रि.वि.को माग अनुसार गर्न पहिलेको निर्णय उपर पुनर्विचार हुनुपर्ने देखिन्छ।

## २.३.१.३. त्रि.वि.लाई विभिन्न महानुभावहरूद्वारा विभिन्न समयमा प्राप्त भएको जग्गा

### (क) तत्कालीन श्री ५ मुमा बडामहारानी कान्ति राज्यलक्ष्मी देवी शाह र श्री ५ मुमा बडामहारानी इश्वरी राज्यलक्ष्मी देवी शाहबाट दान प्राप्त भएको ललितपुर लुभु इलाकाको जग्गा

- तत्कालीन श्री ५ मुमा बडामहारानीहरू (श्री ५ कान्ति राज्यलक्ष्मी देवी शाह र श्री ५ ईश्वरी राज्यलक्ष्मी देवी शाह)बाट ललितपुर इलाका लुभु क्षेत्रको निजी बिर्ता ३७५ रोपनी जग्गा त्रिभुवन विश्वविद्यालयको लागि चन्दा स्वरूप प्रदान गरेको समाचार २०१३ साल आषाढ १९ गतेको गोरखापत्र (दैनिक) मा प्रकाशन भएको देखिन्छ (अनुसूची २.३२)।
- यसैगरी, विश्वविद्यालय स्थापनार्थ आवश्यक जग्गाको धरातलीय यथार्थ बुझ्नका लागि विश्वविद्यालय कमिशनबाट लुभु क्षेत्रका जग्गाको वि.सं. २०१३ वैशाख २ गते गरिएको अवलोकन निरिक्षण गरेको ब्यहोरा त्रि.वि. कै पहलमा लेखिएको त्रिभुवन विश्वविद्यालयको इतिहास (पंगेनी, भवेश्वर (२०१६-२०२० भाग-१) मा उल्लेख भएको छ ।
- सो पुस्तकका अनुसार उक्त जग्गामा गोदावरी खोला, ढुंगेमति, गोपाल डोल, श्री ढुंगमतिबाट पानी ल्याउन सकिने उल्लेख भएकोमा पानीको आपूर्ति गर्दा राखिने पाईप लाईनको दुरी गणना गरेकोबाट विश्लेषण गर्दा चन्दा दिएको उक्त जग्गा गोदावरी नौधाराबाट ३.५ मिल, उत्तर पश्चिम कुनामा, गुण्डुमति देखि १.५ मिल दक्षिण-पश्चिम कुनामा, बेबर मुहान देखि ३ मिल पश्चिम उत्तर कुना क्षेत्रमा पर्ने उल्लेख भएको पाईन्छ । (पंगेनी, २०७६, ७६-७८ पाना)
- उक्त जग्गाको सन्दर्भमा वि.सं. २०१३ साल असार १४ मा नारायणहिटीमा बसेको समितिको बैठकले अन्य कुनै क्षेत्रको जमिनमा त्रिभुवन विश्वविद्यालय स्थापना भएको खण्डमा जमिनवालालाई सो जमिनको सट्टाभर्ना दिनुपर्ने भएमा वा कमिशनको प्रतिवेदन अनुसार आवासीय विश्वविद्यालय

(Residential University) को लागि समेत लुभुको जमिन प्रयोग गर्न सकिने भएकाले विश्वविद्यालयको कार्यमा राखीदिने भनी उक्त समितिले निर्णय गरेको देखिन्छ ।

- यस समितिका पदाधिकारीहरूले स्थानीय व्यक्तिको सहयोगमा मिति २०८१/०५/२४ मा बेबर मुहान नजिक सम्म पुगी जग्गा रहेको लुभु क्षेत्रको अवलोकन गरेको तर त्रि.वि.लाई प्रदान गरिएको भनिएको जग्गा एकिन हुन नसकेको।
- यसै सन्दर्भमा समितिले च.नं. १६८ मिति २०८/०७/२३ मा भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुर र नापी कार्यालय, ललितपुरलाई पत्राचार गरी साविक साविक लुभु पञ्चायत वडा नं. ९ को फिल्डबुकको प्रतिलिपि उपलब्ध गराइदिन अनुरोध गरे अनुसार नापी कार्यालय ललितपुरबाट च.नं. ११९८ मिति २०८१/०८/०२ मा प्राप्त भएको फिल्डबुकको अध्ययन गर्दा, साविक लुभु पञ्चायत वडा नं ९ (क) कि.नं. ९७, ९९, १००, १०१, १०३, १०६, ११२, ११४, ११५, ११६, ११८, १२१, १२४, १२६, १२७, १३६, १३८ र १३९ को जग्गाहरूमा शुरू नापीको (२०२१ साल फागुन) समयमा जग्गा कमाउने किसानले लेखाइदिए अनुसार फिल्डबुकको जग्गावालाको नामथर, वतन महलमा “श्री ५ जिजुमुमा बडामहारानीको निजी विर्ता जग्गा” भनी उल्लेख भएको र किसानको ब्यहोरामा पनि यो जग्गा श्री ५ मुमा बडामहारानीको विर्ता हो मैले जोती खाएको भन्ने व्यहोरा उल्लेख भएको देखिन आएको। प्राप्त विवरणबाट श्री ५ जिजुमुमा वडामहारानीहरूबाट वि.सं. २०१३ सालमा त्रिभुवन विश्वविद्यालयलाई चन्दा स्वरूप दिएको भनिएको ३७५ रोपनी जग्गाको भौगोलिक Location पहिचान गर्न सजिलो हुन सक्ने संभावना देखिन आएको छ।
- यस समितिलाई दिइएको कार्य अवधिको अन्त्यतिरमात्र यी विवरणहरू जानकारीमा आएको र सो विषयमा खोजबिन गर्न अझै थप समय आवश्यक हुने भएकोले यसमा नेपाल सरकार एवं त्रि.वि.ले खोजबिन समिति गठन गरी थप खोजबिन तथा अध्ययन गर्न उपयुक्त देखि समितिका तर्फबाट सुझाव गरिएको छ ।

### (ख) विद्धेत शिरोमणी हेमराज शर्माको स्मृतिमा श्री केशरीराज पाण्डे र बुहारी किरण कुमारी पाण्डेद्वारा दान प्राप्त भएको काठमाडौं जिल्ला कपन गा.वि.स. मा पर्ने जग्गा

- त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०४६ आषाढ १५ गतेको बैठकको निर्णय नं. १८४६ बमोजिम बिद्वेत शिरोमणी हेमराज शर्माको स्मृतिमा निजका छोरा श्री केशरी राज पाण्डे र बुहारी श्रीमती किरणकुमारी पाण्डेबाट काठमाडौं जिल्ला कपन गा.पं. वडा नं ७ (क) को कित्ता १९ को २९-८-० जग्गा दान लिने र निजसँग लालपूर्जा, खरिद बमोजिमको जग्गा छोडपत्र गराई रजिष्ट्रेशन पास गरी लिने स्वीकृति भएको देखिन्छ। तर यसमा त्रि.वि. सामान्य प्रशासन महाशाखाबाट करिब ३० वर्षको अवधिमाभित्र कार्यकारी परिषद्को उक्त निर्णय कार्यान्वयन गर्ने तर्फ केही कार्य भए गरेको जानकारी प्राप्त हुन सकेन।

- यसमा समितिको तर्फबाट मालपोत कार्यालय चाबहिलमा समितिका पदाधिकारीहरूले स्वयं उपस्थित भई अभिलेख खोजी गर्ने कार्यालय प्रमुख लगायत सम्बन्धित फाँटका कर्मचारीहरूसँग छलफल भयो। साथै कम्प्युटर अभिलेखमा खोजी गर्ने कार्य हुँदा पनि फेला नपरी पुरानो लगत ढड्डा हेरी जवाफ पठाउन पुनः समितिबाट पत्राचार भईरहेको छ। समितिको कार्यावधिभित्र उक्त विषयमा जानकारी प्राप्त हुन नसकेको हुँदा थप खोजबिन कार्य गर्न सुझाव गरिएको छ ।

## २.३.१.४. त्रि.वि.को जग्गा खरीद-बिक्री

१. त्रिभुवन विश्वविद्यालयका नाममा भएको (संभवत २०३२ साल तिर इन्डो-नेपाल कटनमीलको जग्गा खरीद गरेको) बारा जिल्ला सिमरा पिपरा गा.पं. अन्तर्गत वडा नं. २ मा रहेको कि.नं. ५३, ५५, ५६, १९८ र २१३ को कुल क्षेत्रफल जग्गा ५७-२-८ (सन्ताउन्न विगाह दुई कठ्ठा आठ घुर जग्गा सूर्य टोवाको कम्पनीलाई मिति २०३९/१०/२४ मा रू १६,१५,०००/- मा बिक्री गरेको, त्रि.वि.को नामको उक्त जग्गाहरूको ०३९/०४० को बाली वापतको रकम गुठी संस्थान विरगञ्ज कार्यालयमा बुझाउँदा जग्गा वालाको नाम शिक्षा तथा संस्कृति मन्त्रालय केशरमहलको नामबाट बुझे बुझाएको रसिद संलग्न गरी समेतका व्यहोरा भूमिसुधार तथा मालपोत कार्यालय कलैया, बाराको च.नं. ५८३२ मिति २०८१/०८/१० र मालपोत कार्यालय, सिमरा बाराको च.नं. १३४१ मिति २०८१/०८/०७ को पत्रबाट जानकारी प्राप्त हुन आएको (अनुसूची २.३२)।

२. यस विषयमा विशेष सुत्रबाट जानकारी प्राप्त भए बमोजिम समितिको च.नं. १६९ मिति २०८१/०८/०५ मा त्रि.वि. रजिष्ट्रारको कार्यालय सामान्य प्रशासन महाशाखामा यस विषयमा स्पष्ट यथार्थ विवरण उपलब्ध गराउन पत्राचार गरी अनुरोध गरिएकोमा समितिको कार्य अवधिसम्म कुनै जानकारी प्राप्त हुन नआएकाले यस विषयमा के उद्देश्य, लक्ष्य र कार्यक्रमका लागि त्रि.वि.ले जग्गा खरीद गरेको थियो? खरीद गरेको ७ वर्ष भित्रै बिक्री गर्नुपर्ने कारण/औचित्य र आवश्यकता स्पष्ट नभएको, साथै सोही जग्गाको ०३९/०४० को गुठी संस्थान बिरगञ्ज कार्यालयबाट बाली बुझाएर लिएको रसिदमा जग्गावालाको नाम शिक्षा तथा संस्कृति मन्त्रालय, केशरमहल उल्लेख भएको विषयमा समेत सम्बन्धित निकायबाट थप छानबिन र अनुसन्धान हुनुपर्ने देखियो।

परिच्छेदः तीन

# त्रिभुवन विश्वविद्यालयको जग्गा संरक्षण र प्रयोगका सम्बन्धमा अदालतबाट भएका फैसला र कार्यदलका प्रतिवेदनहरूको कार्यान्वयनको अवस्था

## ३.१. त्रि.वि.लाई बडाकाजी पुष्पराज राजभण्डारीले अर्पण गरेको नयाँ नैकाप भङ्याङ्ग गा.पं.को जग्गाका सम्बन्धमा जोडिएको विषयमा सर्बोच्च अदालतबाट वि.सं. २०७४ भाद्र ७ गते भएको फैसला र फैसलाद्वारा निर्देशित विषयमा भएको कार्यान्वयनको सम्बन्धमाः

संखुवा सभा, पाथिभरा गा.वि.स. वडा नं. ४ घर भई का.म.न.पा. वडा नं ७ बस्ने तुलसीराम पौडेल र का.म.न.पा. वडा नं ९ बस्ने कुन्दन गिरी समेतले शिक्षा मन्त्रालय र त्रि.वि. समेतलाई विपक्षी बनाई उत्प्रेषण समेतको आदेश माग गरी दायर गरेको मुद्दामा (०७१-WO-०६११) सम्मानित सर्वोच्च अदालतबाट २०७४ साल भाद्र ७ मा फैसला भएको देखिन्छ। दाताले शिक्षाको काममा अर्पण गरेको साविक ५४ रोपनी हाल १२५ रोपनी कायम भएको जग्गा विभिन्न व्यक्तिहरूले हकहस्तान्तरण गरी लिए दिएको अवस्थामा सर्बोच्च अदालतबाट हकटुटी सकेको व्यक्तिबाट हक हस्तान्तरण गरी दिए लिएको अवस्थालाई विवादास्पद एवं कपटपूर्ण हक हस्तान्तरण भएको अवस्था भनिएको र २०२३/११/१५ को मं.प.को निर्णय अनुसार जग्गा राजगुठी भई त्यसको हितग्राही त्रि.वि. हो भन्ने देखिँदा त्रि.वि.बाट रोक्का भएको कानून सम्मत नै रहेको भन्ने समेत व्यहोरा फैसलामा उल्लेख भएको देखिएको र हालसम्म उक्त जग्गा रोक्का नै रहेको देखिन्छ। तर सो फैसलाको कार्यान्वयनको अवस्थाको विचमा विभिन्न सञ्चार माध्यममा समाचार प्रकाशन हुँदै आएको।

### ३.१.१. पत्रपत्रिकामा प्रकाशित समाचार

यसैसँग सम्बन्धित विषयमा विभिन्न सञ्चार माध्यमहरूमा समाचार प्रकाशित हुँदै आएको। त्रि.वि.को जग्गामा दाताकै सन्तानको मिलेमतोमा भू-माफियाको रजांई, सर्वोच्च अदालतको फैसला अटेरी गर्दै त्रि.वि.को १२५ रोपनी जग्गा विचौलियाद्वारा निरन्तर किनबेच, **"दाताले दिएको जग्गा किनबेच"** शीर्षकमा विभिन्न सञ्चार माध्यममा समाचार आउन थालेको। जसमा नैकापमा दाताले दिएको १२५ रोपनी जग्गा व्यक्तिहरूले हडपेका छन्। तत्कालीन समयमा बडाकाजी पुष्पराज राजभण्डारी, केशवराज राजभण्डारी लगायतका व्यक्तिहरूले हदबन्दीको कारण आफ्नो जग्गा शिक्षाको लागि अर्पण गर्ने उद्देश्यले त्रिभुवन विश्वविद्यालयलाई दिने भनी निवेदन दिएका र सोही आधारमा तत्कालीन मन्त्रिपरिषद्को २०२३ फागुन १५ गते बसेको बैठकले राजगुठीमा लगत कायम गर्ने निर्णय गरेपछि ती जग्गा नेपाल सरकार अन्तर्गत गुठी अधिनमा पुगेको साथै नैकाप गा.वि.स. वडा नं. १, ५ र ६ मा रहेको जग्गाहरूको बाली विश्वविद्यालयले खाने र पोत पनि विश्वविद्यालयले तिर्ने गरी

त्रिभुवन विश्वविद्यालयलाई दिइएकोमा मन्त्रिपरिषद्ले उक्त जग्गालाई राजगुठीमा राख्ने निर्णय गरेपनि न राजगुठीमा कायम हुन सक्यो न त्रिभुवन विश्वविद्यालयले आफ्नो स्वामित्वमा लिन सक्यो। त्रि.वि.को लापरबाही र वेवास्ताको कारण ५६ वर्षदेखि उपयोग गर्न नसकेको र पदाधिकारीहरूले वेवास्ता गरेको उक्त जग्गामा मोहीहरूको वर्चस्व कायम रह्यो। उक्त जग्गा मनोमानी रूपमा घरायसी कागज गरेर किनबेच हुन थालेपछि २०५८ सालमा मात्र त्रि.वि.लाई उक्त जग्गाबारे जानकारी हुँदै गयो। हाल त्रि.वि.को उक्त १२५ रोपनी जग्गा अतिक्रमण गरी व्यक्तिले किनबेच गर्दै घर बनाउँदै जाँदा शहर बनेको छ । दाताको उद्देश्य अनुरूप उपयोग हुन नसकी खुलेआम किनवेच हुँदै आएको छ, उक्त जग्गा प्रति आना १० लाखमै किनबेच हुँदै आएको छ । दाताले अर्पण गरेको जग्गाको संरक्षण, संवर्द्धन र प्रयोग हुन सकेको छैन भन्ने समेत व्यहोरा राखी विभिन्न सञ्चार माध्यममा समाचारहरू प्रकाशित भएको देखिन आएको।

### ३.१.२. समितिलाई प्राप्त भएको तथ्यगत सूचना तथा विवरण

(क) उक्त जग्गा त्रि.वि.लाई दिने क्रममा प्रारम्भ भै २०२३-०८-२६-१ मा अर्थ मन्त्रालय, मालपोत विभागले बडाकाजी श्री पुष्पराज राजभण्डारी समेत १२ जनाले नयाँ नैकाप भञ्ज्याङ्गको नैकाप पाखाबारी समेत ५४ रोपनी नापीबाट ठहर भएको १२५ रोपनी जग्गाको आफ्ना आफ्ना हक छाडी कश्रात बाकी राखी शिक्षाको काममा त्रिभुवन विश्वविद्यालयमा खर्च गर्ने गरी सरस्वती गुठीको नामले राज गुठीमा दर्ता गरीपाउँ भनी दिएको निवेदनमा कारबाही हुँदा उक्त निवेदनमा उल्लेख भएको जग्गाको श्री ५ को सरकारमा आउनुपर्ने मालपोत विश्वविद्यालयबाट ब्यहोर्न तहाँको राय आवश्यक परेको हुँदा अविलम्ब राय पठाइदिनुहुन भनी मिति २०२३/०८/२६ मा अर्थ मन्त्रालय, मालपोत विभागले त्रिभुवन विश्वविद्यालयलाई अनुरोध गरेको (अनुसूची ३.१)

(ख) त्रिभुवन विश्वविद्यालयले पनि मिति २०२३/०९/०४ को पत्रद्वारा पत्रमा उल्लेख भए बमोजिम जग्गा राजगुठीमा दर्ता भै लाग्ने पोत श्री ५ को सरकारमा रुल नियम बमोजिम बुझाई जग्गा लिन यस विश्वविद्यालयलाई स्वीकृति भएको भनी अर्थ मन्त्रालय, मालपोत विभागलाई लेखी पठाएको।(अनुसूची ३.२)

(ग) वडाकाजी श्री पुष्पराज राजभण्डारी, कृष्णाप्यारी, मधुसुदन राज, पुरुषोत्तम राज, निरराज, जीत कुमार, भरतराज, अमरराज, गोविन्दराज, रुक्मणी, केदारराज, ईश्वरराज समेतका नाउँको माल लगत नं १८।१९।२० मा दर्ता भएको साबिक खेत रोपनी ५४ को नापीबाट ठहर भएको १२५ रोपनी कुत २७।६।६ (सत्ताईस मुरी ६ पाथी ६ माना) आयस्ता खान पाउने जग्गाको मालमा बुझाउनु पर्ने पोत ६१।५६(एकसट्ठी रुपैयाँ छपन्न पैसा) लागेको जग्गा त्रिभुवन विश्वविद्यालयमा शिक्षाको काममा अर्पण गरेको भन्ने समेत व्यहोरा सहित पेश हुँदा तत्कालीन श्री ५ को सरकार अर्थ मन्त्रालय, मालपोत विभागले जग्गा राजगुठीमा राख्ने सम्बन्धमा मन्त्रिपरिषद्मा पेश गरेको प्रस्तावमा निवेदकका नाउँमा दर्ता भएको जग्गाको लगतमा निवेदकहरूका नाउबाट कट्टा गरी राजगुठीमा लगत सारी श्री ५ को सरकारमा आउने पोत त्रिभुवन विश्वविद्यालयबाट लिने भन्ने

निर्णय हुनुपर्ने ब्यहोरा सहितको प्रस्ताव म.प.मा पेश हुँदा मन्त्रिपरिषद्को मिति २०२३/११/१५/२ का दिन **"प्रस्तावमा लेखिए बमोजिम सदर"** भई निर्णय भएको र उक्त निर्णय र सो जग्गा राजगुठीमा राख्ने सम्बन्धमा मं.प.बाट भएको निर्णय बमोजिम सदर हुन श्री ५ महाराजधिराजमा जाहेर भई **"सदर गरिदिनु"** भन्ने हुकुम बक्सेको भन्ने समेत ब्यहोरा मिति २०२४-१-१२ को तत्कालीन मुख्य सचिवबाट निर्णय प्रमाणित भएको । (अनुसूची ३.३)

(घ) मिति २०२४-१-२५ मा विश्वविद्यालयबाट राजगुठीमा दर्ता भै मन्त्रिपरिषद्को मिति २०२४-०१-१२ को निर्णय अनुसार पुष्पराज राजभण्डारी, कृष्णाप्यारी, मधुसुदन राज, पुरुषोत्तम राज, निरराज, जीत कुमार, भरतराज, अमरराज, गोविन्दराज, रुक्मणी, केदारराज, ईश्वरराज समेतका नाउँको माल लगत नं १८।१९।२० मा दर्ता भएको साबिक खेत रोपनी ५४ को नापीबाट ठहर भएको १२५ रोपनी कुत २७।६।६ आयस्ता खान पाउने जग्गाको मालमा बुझाउनु पर्ने पोत ६१।५६(एकसठ्ठी रुपैयाँ छपन्न पैसा) लागेको जग्गा त्रिभुवन विश्वविद्यालयमा शिक्षाको काममा अर्पण गरेकाले लगतमा निवेदकहरूको नाउँ कट्टा गरी राजगुठीमा सारी श्री ५ को सरकारमा आउने पोत त्रिभुवन विश्वविद्यालयबाट लिने भनी भूमि प्रशासन विभागबाट काठमाडौं भूमि प्रशासन कार्यालयलाई लेखि त्रिभुवन विश्वविद्यालयलाई बोधार्थ दिईएको देखिन्छ (अनुसूची ३.४)।

(ङ) उक्त जमिनको विश्वविद्यालयलाई २०२३ सालको बाँकी धान मुरी १ को रू ६० का दरले नगदी र सर्भे डोरबाट पाएको अस्थायी जोताहा पूर्जी समेत ३ दिनभित्रमा विश्वविद्यालयको प्रपर्टी म्यानेजमेन्ट कार्यालयमा मोहीहरूलाई हाजीर हुनका लागि गोरखापत्रमा सूचना पनि प्रकाशन गरिएको।

(च) त्रि.वि. ले २०२३ र २०२४ सालको उक्त जग्गामा लाग्ने पोत सदरस्याहा गर्न वा धरौटी २०२४/०२/१५ मा मालपोत धरौटी स्वरूप भूमि प्रशासन कार्यालयमा बुझाएको भन्ने समेत रजिष्ट्रार कार्यालयको २०२५/०३/१४ को पत्र (अनुसूची ३.५)।

(छ) त्रिभुवन विश्वविद्यालयलाई सरस्वती गुठीको नामले प्रदान गरिएको जग्गाको सालको कुन व्यक्तिबाट के कति आयस्ता उठ्ती हुने मोहिहरूको नाम सहितको फाँटबारी उक्त विश्वविद्यालय र गुठी लगत जाँचमा पठाई दिनु भई संस्थालाई जानकारी गराईदिनु हुन भनी बडाकाजी पुष्पराजलाई लेखी गुठी लगत जाँच अड्डालाई पूर्व आदेश अनुसार राजगुठीमा दर्ता भएको कुराको जनाउ विश्वविद्यालयमा पठाउनुभई संस्थानलाई जानकारी गराईदिनुहुन भनी बडाकाजी पुष्पराज राजभण्डारीलाई मिति २०२४/०५/०८ मा पत्र लेखेको देखिन्छ (अनुसूची ३.६)।

(ज) वि.सं. २०२५ सालमा २०२४ सालको पोत र रसिद समेत मालपोत तिर्ने बेलामा बुझाउन पठाउँदा जग्गाधनीले पाउने फारम नं ४ को जग्गा धनी प्रमाण पुर्जा बेगर  धरौटी सम्म पनि बुझि नलिएकोले अर्थ मन्त्रालय, मालपोत विभागलाई जग्गाधनी प्रमाण पूर्जा दिलाइ पाउने व्यवस्था हुन त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयबाट मिति २०२५/०५/२६ मा लेखी पठाएको देखिन्छ।(अनुसूची ३.७)

(झ) जग्गाको आयस्ता असूल उपर गर्ने सन्दर्भमा मोहीहरू सित सम्पर्क राख्दा र बागमती अञ्चलाधिश कार्यालयबाट समेत कारबाही गराउँदा पनि बाली असूल उपर हुन नसके पछि (नालिस परेका १६५जना मोहि बिरूद्ध) उक्त जमिनमा परेका कठिनाई उपर आवश्यक छानबिन गरी त्यसको समुचित व्यवस्था मिलाउन एउटा अधिकार सम्पन्न ट्रिबुनल गठन भएको (अनुसूची ३.८)।

(ञ) जग्गाधनी प्रमाण पूर्जा लिन सम्बन्धित कार्यालयहरूमा समेत लेखापढी गर्दा पनि कारबाही टुंगो नलागेको बेहोरा समेत उल्लेख गरी सो कुरो टुंगाई दिन सहयोगको लागि अनुरोध गरी २०२७ साल फागुण २८ गते सचिव भूमि मन्त्रालय, सचिव अर्थ मन्त्रालय, सचिव गृह मन्त्रालय, शिक्षा मन्त्रालय, अञ्चलाधिशको कार्यालय र भूमि प्रशासक, काठमाडौंलाई त्रिभुवन विश्वविद्यालयबाट अनुरोध पत्र पठाएको ।

(ट) मालपोत विभागको पत्रानुसार उक्त जग्गा राजगुठीमा लगत कायम भएको नभएको जानकारी दिन गुठी लगत तहबिल कार्यालयलाई पनि मिति २०३३/०२/०१ मा लेखापढी गरेको र गुठी तहबिल कार्यालयले फिल्डबुक उतार बेगर कारबाही गर्न बाधा परीरहेको व्यहोरा लेखि आएको तर गुठी संस्थान, केन्द्रीय कार्यालयले २०३२ सालमा नै नापी शाखाबाट फिल्डबुक प्राप्त गरि सकेको पनि देखिन्छ।(अनुसूची ३.९)

(ठ) पत्राचारको कारबाहीको सिलसिलामा भूमि विभागले भूमि प्रशासन कार्यालयलाई एक महिनाभित्र सबै टुंग्याउनु भन्ने मिति २०२७-१२-३१ मा पत्र पठाई जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराउन प्रयास भईरहेको देखिएको।

(ड) वि.सं. २०२६, २०२८ र २०२९ सालमा बाली भराई मोही निष्काशन गरी पाउँ भनी त्रिभुवन विश्वविद्यालयले भूमि प्रशासन कार्यालय, काठमाडौंमा दायर गरेको मोही निष्काशन मुद्दा (मि.नं. २०३।०२६, मि.नं. २४०।०२८ र मि.नं. १३।०२९) उपर मिति २०४१ साल आषाढमा भूमिसुधार कार्यालय काठमाडौंबाट "मोही निष्काशन नहुने/नमिल्ने तर जोताहाबाट बाली भराई पाउने गरी फैसला भएको। यसबाट उक्त जग्गाको जग्गाधनी त्रि.वि. भएको कुरा पुष्टि हुन आएको छ (अनुसूची ३.१०)। त्रि.वि.बाट जग्गाको पोत बुझाउने र ज.ध.प्र.पूर्जा लिने सम्बन्धमा कारबाही भई रहेको, जोताहासित बाली असूल गर्ने सम्बन्धमा भूमि प्रशासन कार्यालयमा नालिस उजूर गरिएको पनि देखिन्छ। उक्त जग्गा सरस्वती गुठीको नामले राजगुठीमा लगत कायम गर्न गुठी लगत तथा तहवील कार्यालयमा पनि लेखापढी भई रहेको भन्ने कुरालाई विभिन्न सरकारी निकायसँगको पत्राचार भईरहेबाट प्रष्ट हुन आएको ।

(ढ) त्रिभुवन विश्वविद्यालयले २०५२ मा नै मालपोत विभागलाई पत्र लेखि मालपोत विभागको मिति २०५२/०६/३१ को पत्रद्वारा रोक्का रहेको उक्त जग्गा मालपोत कार्यालय कलङ्कीले मिति २०५६/०२/१० मा फुकुवा गरेकोमा पुनः मिति २०६१/०९/१२ मा उल्लेखित जग्गा रोक्का राख्न, मालपोत कार्यालय, नापी कार्यालय तथा नैकाप गा.वि.स. समेतलाई लेखी पठाइएको (अनुसूची ३.११) र हालसम्म रोक्का रहेको, तर २०५६ मा मालपोत कार्यालयले फुकुवा गरेपछि

केही कित्ता जग्गाहरू व्यक्ति विशेषको नाममा हक हस्तान्तरण भएको पनि देखिएको। गा.वि.स.ले अनुरोध एवं सिफारिस गरेकै आधारमा मालपोत विभागबाट रोक्का रहेको जग्गाहरू मालपोत कार्यालय, कलङ्कीले मिति २०५७/०२/१० मा रोक्का फुकुवा गरेको निर्णय कानूनतः नमिल्ने र अनधिकृत रूपमा हक हस्तान्तरण गरेको मालपोत कार्यालय कलङ्कीको कार्यलाई जालसाजी पूर्ण भनी सर्वोच्च अदालतले ठहर्याएको छ।

(ण) उक्त जग्गाको स्वामित्व त्रि.वि.मा आईसकेको हुँदा तत्काल कायम रहेका मोहीहरूले त्रि.वि.लाई सरोकार नै नराखी आफ्नो नाममा दर्ता गर्ने प्रयासका साथै घर, भवनहरू बनाउन थालेको भन्ने देखिएकोले उक्त जग्गामा घर भवन बनाउन स्वीकृति प्रदान नगरी दिनुहुन भनी त्रि.वि.ले मिति २०६१/०९/१२ मा नयाँ नैकाप गा.वि.स.लाई पत्र लेखेको।

(त) तुलरीराम पौडेल समेतले त्रिभुवन विश्वविद्यालयलाई समेत विपक्षी बनाई २०७१ मा रोक्का रहेका जग्गाहरू फुकुवा गरी पाउँ भनी सर्वोच्च अदालतमा उत्प्रेषण मुद्दा दायर भएकोमा मन्त्रिपरिषद्को निर्णयबाट दाताहरूको हक स्वामित्व टुटीसकेको र श्रेष्ता लगत मिलाउने कारबाही चली नटुङ्गिएको अवस्थामा नै दातामध्येको कुनै व्यक्तिले लोभलालचमा परी उल्लिखित १२५ रोपनी जग्गा मध्ये कतिपय जग्गाको जग्गा धनी प्रमाण पुर्जा लिई विश्वविद्यालयको स्वामित्वमा आइसकेको जग्गा अन्य व्यक्तिहरूलाई हक हस्तान्तरण समेत गरेको र त्यस उपर न्यायिक कारबाही हुँदा सर्वोच्च अदालत समेतबाट त्यस्तो कार्य कानून सम्मत नभएको भन्ने फैसला समेत भएको छ (अनुसूची ३.१२)।

## ३.१.३. अदालतबाट भएका फैसलाहरू र त्यस उपरको कारबाहीको अवस्था

१. त्रिभुवन विश्वविद्यालयलाई शिक्षाका काममा बडाकाजी पुष्पराज राजभण्डारी समेतले प्रदान गरेका जग्गाहरू गुठी संस्थानले गुठी अधिनस्थ राख्ने नगरेको र त्रि.वि.को नाममा दर्ता गर्ने प्रक्रिया अगाडि बढाउने क्रममा २०५२ साल र २०६१ सालमा ती कित्ता जग्गाहरू विश्वविद्यालयको नामबाट रोक्का राखिदिन मालपोत कार्यालयलाई अनुरोध गरे बमोजिम मालपोत कार्यालयले रोक्का राखेकोमा सो रोक्का राख्ने गरी गरिएको निर्णय बदर गरी पाउँ भनी नयाँ नैकाप गा.वि.स. वडा नं. १ बस्ने कान्छा महर्जन समेत ३४ जनाले पुनरावेदन अदालत पाटन, ललितपुरमा (२०७१-WO-०५३३) र तुलसीराम पौडेल समेतले सर्वोच्च अदालतमा (२०७१-WO-०६११) रिट निवेदन दायर गरेको।

२. मिति २०२३/११/१५ को म.प.को निर्णयले उक्त जग्गाहरूको लगत राजभण्डारी परिवारको नाममा रहेकोलाई कट्टा गर्ने निर्णय भएको तर त्रि.वि.को नाममा दर्ता नामसारी गराउन बाँकी रहेको कुराले मात्र पुनः यी जग्गाहरू साबिक जग्गाधनीको हकभोगमा फिर्ता भएको मान्न कानून सँगत र विवन्धनको सिद्धान्त अनुरूप नहुने देखिन्छ। त्रि.वि.ले दर्ता नामसारी गर्न बाँकी रहेकै कारणले मात्र मं.प.को निर्णयले लगत काट्ने निर्णय भई सकेको जग्गामा साबिक जग्गाधनीको हक कायम रहि रहन्छ भन्न सकिदैन। त्रि.वि.को तर्फबाट परेको मुद्दामा भूमिसुधार कार्यालय काठमाडौंबाट मिति २०४१ आषाढमा भएको फैसलाबाट यी जग्गाहरूको जग्गाधनी त्रिभुवन विश्वविद्यालय रहेको

प्रष्ट भएको छ। त्रि.वि.ले जग्गाधनीको हैसियत प्राप्त गरी सकेपछिको मितिमा राजभण्डारी परिवारबाट खरिद गरेको नाता देखाई आफ्नो हकभोग देखाई रोक्का फुकुवा गर्न निवेदन दिने निवेदकहरूको उक्त जग्गामा निर्विवाद हकभोग कायम भएको मान्न नमिल्ने भन्ने व्यहोराको पुनरावलोकन अदालत पाटनको मिति २०७२ भाद्र १६ मा भएको फैसला।

३. मन्त्रिपरिषद्को निर्णयबाट दाताको हकटुटी सकेको र जग्गा राजगुठी कायम भै त्यसको हितग्राही (Beneficiary) त्रिभुवन विश्वविद्यालय हो भन्ने देखिएको। बडाकाजी पुष्पराज सहितका व्यक्तिहरूले चढाएको विन्तिपत्र र हुकुम प्रमाङ्गीको विश्लेषण गर्दा विवादित जग्गा सहितका विन्तिपत्रमा उल्लेखित साबिक ल.नं. १८, १९ र २० का जग्गाहरूको हकमा उक्त जग्गाहरू राजगुठीमा दर्ता गर्ने भनिए पनि यी जग्गाहरू गुठी संस्थान ऐन अन्तर्गतको परम्परागत राजगुठी नभई मुलुकी देवानी संहिता, २०७४ को दफा ३१४ मा बर्णित प्रकृतिको गुठी भएकोले हितग्राहीको अगुवाईमा गुठी संस्थान वा कानून बमोजिम संस्थापित हुने निकायमा कारबाही चलाई गुठीको रूपमा राख्न पाउने नै हुँदा विश्वविद्यालयले सो बमोजिम उपयुक्त कानूनी मार्ग अवलम्बन गर्न सक्ने, पहिले नै हक टुटीसकेको व्यक्तिबाट हक हस्तान्तरण लिएको भन्ने आधारमा निवेदकहरू अदालत प्रवेश गरेको देखियो। विवादास्पद एवं कपटपूर्ण हकहस्तान्तरणको आधारमा परेको रोक्का फुकुवा सम्बन्धी माग स्वीकार गर्नुपर्छ भन्ने हुँदैन। सरकारको परिभाषाभित्र सरकारबाट बजेट प्राप्त गर्ने निकाय समेत पर्दछ र यस्तो निकायमा त्रि.वि. समेत पर्दछ भन्ने समेत सर्वोच्च अदालतको मिति २०७४ भाद्र ७ मा भएको फैसला (०७१-WO-०६११)।

४. बडाकाजी पुष्पराज राजभण्डारी समेतका व्यक्तिहरूले शिक्षाको काममा अर्पण गर्ने उद्देश्यले त्रिभुवन विश्वविद्यालयलाई दिने भनी निवेदन गरेको र तत्कालीन मन्त्रिपरिषद्को २०२३/११/१५ मा वसेको बैठकले राजगुठीमा लगत कायम गर्ने निर्णय गरेपछि ती जग्गाहरू नेपाल सरकारका गुठी अधिनस्थ जग्गा रहेको साबिकको नैकाप नयाँ भञ्ज्याङ पञ्चायत अन्तर्गत वडा नं. १, ५ र ६ मा पर्ने करिब १२५ रोपनी जग्गाको सम्बन्धमा पुनरावेदन अदालत पाटन र सर्वोच्च अदालतमा परेका रिट निवेदन उपर भएको फैसला त्रिभुवन विश्वविद्यालयको पक्षमा भएकोले ती जग्गाहरू त्रिभुवन विश्वविद्यालययको नाममा मोठ श्रेष्ता लगत कायम गर्न आवश्यकता अनुसार मालपोत कार्यालय र नापी कार्यालय कलङ्की तथा गुठी संस्थान-त्रिपुरेश्वरका साथै संभावित अन्य स्थानमा सम्पर्क गरी त्रि.वि.को तर्फबाट दर्ता प्रक्रिया अघि बढाउने कार्यका लागि त्रि.वि. कार्यकारी परिषदको मिति २०७६/०३/२० को बैठकको निर्णय नं. २५२५ को निर्णयबाट डा. भरत मण्डलको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरिएको ।

५. पुनराबेदन अदालत पाटन र सर्वोच्च अदालतको फैसला त्रिभुवन विश्वविद्यालयको पक्षमा भएकोले ती जग्गाहरू त्रिभुवन विश्वविद्यालयको नाममा मोठ श्रेष्ता लगत कायम गर्न आवश्यकता अनुसार मालपोत कार्यालय र नापी कार्यालय कलङ्की तथा गुठी संस्थान त्रिपुरेश्वरका साथै सम्भावित अन्य स्थानमा सम्पर्क गरी उक्त कित्ताका जग्गाहरू त्रि.वि.वि.को नाममा दर्ता प्रक्रिया अघि बढाउन

त्रि.वि. कार्यकारी परिषदको मिति २०७९/१२/०८ को निर्णय नं १९२९ अनुसार साबिक नैकाप नयाँ भञ्ज्याङ पञ्चायत अन्तर्गत वडा नं. १, ५ र ६ मा पर्ने करिब १२५ रोपनी दर्ता गर्नको लागि पुनः प्रा.डा. ध्यानेन्द्र बहादुर राईको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गरी कारबाही अघि बढाईएको ।

६. माथि उल्लेख गठित समितिको कार्य, समितिले प्रतिवेदन बुझाएको नबुझाएको, बुझाएको भए सो सम्बन्धमा भए गरेका कार्य प्रगति समितिलाई उपलब्ध गराउन अनुरोध गरिएकोमा समितिको कार्य अवधिसम्ममा प्राप्त हुन सकेन।

### ३.१.४. समितिको विश्लेषण

हालसम्म समितिमा प्राप्त कागजात र प्रमाणको आधारमा समितिले तथ्यको विश्लेषण गर्दा निम्न बमोजिम देखिएको छः

१. बडाकाजी पुष्पराज समेतका १२ जनाले त्रिभुवन विश्वविद्यालयलाई जग्गा प्रदान गरेको कुरालाई निजले मं.प.को मिति २०२३/११/१५ को निर्णय हुनु अघि नै निवेदन दिई त्रि.वि.लाई अर्पण गरेको र त्रि.वि.ले पनि पोत तिरी आफ्नो नाममा स्वामित्व लिन मंजुर भई श्री ५ को सरकार मं.प.को मिति २०२३/११/१५ को निर्णयले दाताको हक स्वामित्व टुटाई जग्गाधनी त्रिभुवन विश्वविद्यालय कायम भएको देखियो।

२. दाताले "सरस्वती गुठी"को नाममा गुठी संस्थानमा दर्ता गरी त्रि.वि.को स्वामित्वमा राखी पोत नेपाल सरकारमा तिर्ने सम्मको निर्णय भएकोमा अनेकौं पटक गुठीमा दर्ता गर्ने र जग्गाधनी प्रमाणपूर्जा त्रि.वि.वि. को नाममा कायम गर्ने सम्बन्धमा विभिन्न समयमा विभिन्न निकायमा पत्राचार गरे भएको देखिएपनि हाल सम्म टुंगो लागीसकेको देखिएन अर्थात प्रक्रियामा रहेको देखिन आएको।

३. वडाकाजी पुष्पराज राजभण्डारी समेत १२ जनाले विश्वविद्यालयलाई शिक्षाको लागि प्रदान गरी हकछाडी सकेको जग्गामा दाता मध्ये केहीले लगत कट्टा नभएको मौका छोपी लोभलालचमा लागी रैकर सरहको निजी स्वामित्वको हो भनी केही कित्ता जग्गाहरू विभिन्न व्यक्तिहरू र केही जग्गा सम्बन्धित मोहीहरूलाई बकसपत्र वा अन्य माध्यमबाट हकछाडी स्वामित्व हस्तान्तरण गरेको कार्यलाई विवादास्पद एवं कपटपूर्ण हस्तान्तरण हुँदा कानून सम्मत नभएको भनी सम्मानित अदालत उच्च अदालत र सर्वोच्च अदालतबाट समेत फैसला भएको पनि पाईयो।

४. सम्मानित सर्वोच्च अदालतको मिति २०७४ भाद्र ७ गतेको फैसला (०७१-WO-०६११) ले मं.प.को मिति २०२३/११/१५ को निर्णयले सरकारी संस्थाको रूपमा मान्यता प्राप्त निकाय विश्वविद्यालयलाई बडाकाजी पुष्पराज राजभण्डारी समेत सबै माथि तथ्य खण्डमा उल्लेखित जग्गामाथिको स्वामित्व र हक टुटिसकेको र विश्वविद्यालयको स्वामित्वमा आई हक स्थापित भईसकेको र केवल गुठी संस्थानको अभिलेखमा सो लगत भिडाई कि.नं. समेत खुलाई जनाउने सम्मको काम बाँकी रहेको, गुठी संस्थानले मिति २०२४/५/८ मा वडाकाजी पुष्पराजलाई जग्गाको

फाँटबारी मागपत्र लेख्दै गुठी लगत जाँच अड्डालाई बोधार्थ दिँदा "...पूर्व आदेश अनुसार राजगुठीमा दर्ता भएको कुराको जनाउ विश्वविद्यालयलाई पठाउनु भै संस्थानलाई दिनु हुन..." भनी उल्लेख भएबाट उल्लेखित लगत नं. १८।१९।२० को जग्गा राजगुठीमा दर्ता भएको मान्नुपर्ने भनी अदालतबाट ठहर गरिएको पनि पाईयो।

५. सर्वोच्च अदालतको माथि उल्लेखित मितिको फैसला (०७१-WO-०६११) मा विश्वविद्यालयले उक्त जग्गा माथिको स्वामित्व ग्रहण गरिसकेको कुरालाई पुष्टि गर्न त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारले दिनुभएको बाली भराई मोही निष्कासन मुद्दा (मि.नं. २४०/०२८ समेत) मा भूमिसुधार कार्यालयले २०४१/०३/२० मा "बाली दिलाउने तर मोही निष्काशन नहुने" फैसलालाई आधार मानी विश्वविद्यालयले तत् तत् जग्गाको हकमा जग्गाधनीको हैसियत प्राप्त गरी सकेको भनी ठहर गरेको देखियो।

६. सर्वोच्च अदालतको फैसलामा नै बडाकाजी पुष्पराज सहितका व्यक्तिहरूले चढाएको विन्तिपत्र र भएको प्रमाङ्गीको विश्लेषण गर्दा साबिक लगत नं. १८।१९।२० का जग्गाहरूको हकमा उक्त जग्गाहरू राजगुठीमा दर्ता गर्ने भनिए पनि यो जग्गाहरू गुठी संस्थान ऐन अन्तर्गतको परम्परागत राजगुठी नभई हितग्राहीको लागि अर्पण गरिएको र त्यसको अभिलेखको व्यवस्थापन गर्ने तथा तिरो समेत बुझ्ने अड्डाको रूपमा कार्य गर्न सम्म गुठी संस्थानलाई निर्देशित गरिएको रहेछ भन्ने उल्लेख भएको त्यस्तो प्रकृतिको गुठीको प्रकृति मुलुकी देवानी संहिता, २०७४ को दफा ३१४ मा वर्णित गुठीसँग रहेको मिल्दो गरी गुठी संस्थानमा वा कानून बमोजिम संस्थापित हुने निकायमा निवेदन दिई गुठीको रूपमा राख्न पाउने भनी उल्लेख भएबाट गुठीमा दर्ता भएपनि जग्गाधनी त्रि.वि. नै हुने प्रष्ट देखिन आएको।

७. त्रिभुवन विश्वविद्यालयको पत्र अनुसार मालपोत विभाग समेतबाट मिति २०५२/०६/३१ मा पत्राचार भई माथि उल्लेखित जग्गाका केही कित्ताहरू किनबेच हुन थालेको भन्ने थाहा हुन आई मालपोत कार्यालयमा रोक्काको लागि लेखिएकोमा पछि गा.वि.स.को सिफारिसको आधारमा मालपोत कार्यालय कलङ्कीको मिति २०५६/०२/१० मा फुकुवा गरेको विषयमा पनि अदालतबाट त्रि.वि.बाट रोक्काको लागि अनुरोध भई मालपोत विभागबाट रोक्का रहेको विषयमा गा.वि.स.ले लेख्यो भन्ने आधारमा फुकुवा गर्न नमिल्ने र अनधिकृत रूपमा हक हस्तान्तरण गरेको कार्यलाई जालसाजीपूर्ण ठहर्याएको देखियो।

८. श्रेष्ता सम्बन्धी अभिलेख दुरुस्त गर्ने कामसम्म बाँकी रहेको र समयको अन्तरालसँगै विभिन्न समूहको स्वार्थमा विश्वविद्यालयलाई दाताहरूले पवित्र उद्देश्य राखी अर्पण गरेको करिब १२५ रोपनी जग्गा हिनामिनाको जोखिममा परेको देखियो ।

९. गुठी संस्थानले राजगुठीको अभिलेख दुरुस्त नराख्ने, नापी र मालपोत कार्यालयले विश्वविद्यालयको सम्पत्ति उक्त विभागको स्पष्ट सहमति वेगर गा.वि.स. को पत्रको आधारमा फुकुवा गर्ने दाता र उनका सन्तानहरू लोभलालचमा परी जग्गा दर्ता र हक हस्तान्तरणमा उद्धत रहने र

विश्वविद्यालयका विभिन्न समयमा फेरिने पदाधिकारीहरूले दाताले अर्पण गरेको सम्पत्ति जुन तदारूकताका साथ संरक्षण र व्यवस्थापन गर्नुपर्ने थियो सो नगरेको कारणबाट विडम्बनापूर्ण स्थिति उत्पन्न भन्ने समेत व्यहोरा सम्मानित सर्वोच्च अदालतबाट फैसलामा उल्लेख भएको देखिन आएको छ ।

१०. आफ्नो जिम्मेवारी बहन नगरी सुत्ने, आफ्नो जिम्मेवारी भुल्ने वा अख्तियारको दुरूपयोग गर्ने छुट कसैलाई नहुने, विश्वविद्यालयको सम्पत्ति उपर जे जुन कोणबाट वा स्वार्थबाट धावा बोल्ने कार्य विधिको शासन अनुकुल नहुने साथै आफ्नो हक टुटी सकेको व्यक्तिबाट विवादास्पद एवं कपटपूर्ण हक हस्तान्तरणको कार्य भएको अदालतको ठहर रहेको देखियो ।

११. त्रिभुवन विश्वविद्यालयमा शिक्षाको काममा अर्पण गरेको लगतमा निवेदकहरूका नामबाट कट्टा गरी राजगुठीमा लगत सारी श्री ५ को सरकारमा आउने पोत विश्वविद्यालयबाट लिने भन्ने म.प.को मिति २०२३/११/१५ को निर्णय हुँदाका समयमा नै दाताले विभिन्न निकायहरूमा पेश गरेको जग्गाको लगत विवरणमा र त्रि.वि.मा मोहीहरूले गरिएको कबुलियतनामा साथै बाली भराई जग्गा निष्काशन मुद्दामा मिति २०४१ आषाढ २० मा भूमिसुधार कार्यालय, काठमाडौंबाट भएको फैसला समेतबाट मोही कायम रहेको देखिएता पनि समितिलाई उपलब्ध भए सम्मका कागजात र तथ्यबाट हालसम्म मोहीहरूले त्रि.वि.लाई कुत/आयस्ता बुझे बुझाएको बारेमा एकिन हुन सकेको देखिन आएन ।

१२. त्रि.वि.वि. ले बाली भराई मोही निष्काशन गरी पाउँ भनी भूमिसुधार कार्यालयमा कारबाही अघि बढाएको सम्म देखिए तापनि तत्पश्चात मोही निष्काशनको विषयमा अन्तिम टुंगो लागे नलागेको र जग्गाधनी प्रमाणपूर्जा पाउन मालपोत विभागसँग साबिक बमोजिमको लगत लिई भूमि प्रशासन कार्यालयबाट जग्गाधनी प्रमाण पूर्जा लिने र गुठी संस्थानमा दर्ता/अभिलेखीकरण गर्ने प्रयास भईरहेको सम्म देखिन्छ तर के कति कारणले जग्गाधनी प्रमाण पूर्जा लिन गुठीमा अभिलेखीकरण गर्न मोहीहरूको एकिन गर्ने एवं मोहीहरूबाट कुत बाली बुझ्ने कार्यहरूलाई समेत निरन्तरता दिई विवाद टुंगो लगाउन किन नसकिएको हो भन्ने कुरा प्रष्ट रूपमा खुल्न आएको देखिएन।

### ३.१.५. समितिको निष्कर्ष र सुझाव

काठमाडौं जिल्ला, साविक नयाँ नैकाप नयाँ भञ्ज्याङ्ग गा.पं. वडा नं १, ५ र ६ को जग्गाहरूका सम्बन्धमा बडाकाजी श्री पुष्पराज, कृष्णप्यारी, मधुसुदनराज, पुरुपोतम राज, निरराज, निजकुमारी, भरतराज, अमरराज, गोविन्दराज, रुक्मणि, केदारराज र इश्वरीराज समेत १२ जनाले दिएको विन्तिपत्रको आधारमा निजहरूका नाउँमा काठमाडौं मालमा ल.नं. १८।१९।२० मा दर्ता भएको साबिक खेत रोपनी ५४ हाल नापीबाट ठहर कायम कायम हुन आएको जग्गा रोपनी १२५ को किसिम अनुसार साल १ को धान मुरी २७।६।६। आयस्ता खान पाउने जग्गाको मालमा बुझाउनुपर्ने पोत र ६१।५६ रूपैयाँ (एकसठ्ठी छप्पन्न पैसा) लागेको जग्गा श्री त्रिभुवन विश्वविद्यालयको नाममा अर्पण गरेको भन्दै निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएको; निवेदकको नाम दर्ता भएको जग्गाको लगतमा निवेदकहरूको नामबाट कट्टा गरी राजगुठीमा लगत सारी श्री ५ को सरकारमा आउने पोत त्रिभुवन विश्वविद्यालयबाट

लिने भन्ने उल्लेख भएको देखिन्छ। सो बमोजिम गुठी संस्थानबाट सो लगत भिडाई र कित्ता नं. समेत खुलाई जनाउने सम्मको काम बाँकी रहेको भन्ने देखियो। गुठी संस्थानले च.नं. २७४ मिति २०२४/०५/०८ मा बडाकाजी पुष्पराजलाई जग्गाको फाँटवारी मागी पत्र लेख्दै गुठी लगत जाँच अड्डालाई बोधार्थ दिँदा पूर्व आदेश अनुसार राजगुठीमा दर्ता भएको कुराको जनाउँ विश्विद्यालयलाई पठाउनु भई संस्थानलाई जानकारी दिनुहुन भन्ने व्यहोरा श्री गुठी लगत तहबिल कार्यालय भद्रकाली, काठमाडौंको च.नं. ३३०७ मिति २०४१/०२/०७ को पत्र " ... उक्त जग्गाको फिल्डबुक उतार गरी १ देखि ४० तक पाना भएको फिल्डबुक त्रि.वि.मा मिति ०३३/८/१५ पठाएको र उक्त जग्गा राजगुठी भएको केवल उल्लेखित गुठीको हाल नापी बमोजिम लगत खडा गर्नलाई काम बाँकी भएको.." भन्ने देखिएको हुँदा राजगुठीमा दर्ता भएको रहनेछ भन्न मिल्ने देखिएन। उक्त जग्गाहरू हितग्राहीको लागी अर्पण गरिएको र त्यसको अभिलेखको व्यवस्थापन गर्ने तथा तिरो समेत बुझ्ने अड्डाको रुपमा कार्य गर्ने सम्म गुठी संस्थानलाई निर्देशित गरिएको रहेछ भन्ने देखिन्छ भन्ने लगायतको विश्लेषण सहितको फैसला भएको मिसिल संलग्न सर्वोच्च अदालतको फैसलाबाट देखिदा उल्लिखित जग्गाका सम्बन्धमा देहाय बमोजिम हुन उपयुक्त देखिन्छ।

१. काठमाडौं मालमा ल.नं. १८ १९ र २० मा दर्ता भएको साबिक खेत रोपनी ५४ हाल नापीबाट ठहर कायम कायम हुन आएको जग्गा रोपनी १२५ को किसिम अनुसार साल १ को धान मुरी २७।६।६। आयस्ता खान पाउने जग्गाको मालमा बुझाउनुपर्ने पोत नं. ६१।५६ लागेको जग्गा श्री त्रिभुवन विश्वविद्यालयको नाममा अर्पण गरेको जग्गाको लगतमा निवेदकहरूको नामबाट कट्टा गरी राजगुठीमा लगत सारी श्री ५ को सरकारमा आउने पोत त्रिभुवन विश्वविद्यालयबाट लिने भन्ने मिति २०२३/११/१५ मा निर्णय भएको देखिदा श्री ५ को सरकारको उक्त मितिको निर्णय अनुसार उक्त जग्गा साविक लगत बमोजिम गुठीमा दर्ता गरी हितग्राहीलाई लाभ हुने गरि प्रवन्ध गर्न सम्मानित सर्वोच्च अदालतको मिति २०७४/०५/०७ को फैसला समेतलाई दृष्टिगत गरी गुठी संस्थानलाई निर्देशन गर्ने।
२. दाताले जुन उद्देश्यबाट गुठी राखेका थिए सोही उद्देश्य बमोजिम गुठी सञ्चालनको व्यवस्थापन गर्नुपर्ने हुन्छ। गुठी स्थापनाको मुख्य उद्देश्य नै गुठीको सम्पतिबाट हितग्राहीलाई लाभ दिनु हो। प्रस्तुत विवादमा त्रिभुवन विश्वविद्यालय हितग्राही भई उक्त विश्वविद्यालयले लाभ प्राप्त गर्नुपर्ने भएको हुँदा हालसम्म उक्त संस्थाले लाभ समेत प्राप्त गरेको भन्ने नदेखिँदा ती जग्गाहरूको विवरण अद्यावधिक गरी गराई त्यसबाट प्राप्त हुने आम्दानीको सुनिश्चितता प्रदान गर्नुपर्ने देखिन्छ। उल्लिखित लगत बमोजिमका जग्गाहरूको विवरण तयार पारी गुठी संस्थानमा पेश गर्न त्रिभुवन विश्वविद्यालयलाई र विश्वविद्यालयबाट पेश भएको विवरण बमोजिम गुठीका नाउँमा अद्यावधिक विवरण तयार पारी कुत असुल तहसिलको व्यवस्थापन गरी त्रिभुवन विश्वविद्यालयलाई उपलब्ध गराउने प्रबन्ध गर्न सम्मानित सर्वोच्च अदालतको मिति २०७४/०५/०७ को फैसला समेतलाई दृष्टिगत गरी गुठी संस्थानमा लेखि पठाउनुपर्ने देखिन्छ।

३. दाताले अर्पण गरेका लगत नं बमोजिमका केही कित्ता जग्गाहरू रैकरमा दर्ता भई हक हस्तान्तरण समेत भएको भन्ने मिसिल संलग्न मालपोत कार्यालयबाट प्राप्त स्रेष्ताबाट देखिदा ती जग्गाहरू साबिकको लगत बमोजिम नै गुठीमा दर्ता गर्ने व्यवस्था मिलाउन गुठी संस्थानलाई निर्देशन हुन र सो कार्यमा सहयोग गर्न त्रिभुवन विश्वविद्यालयलाई समेत लेखि पठाउनुपर्ने देखिन्छ।

४. सम्मानित सर्वोच्च अदालतको मिति २०७४ को फैसलामा उक्त गुठी मुलुकी देवानी सहिताको ३१४ मा वर्णित प्रकृतिको गुठी रहेछ भन्ने स्पष्ट हुन आउछ, सो बमोजिमको प्रक्रिया अवलम्बन गर्न सक्ने भन्ने समेत उल्लेख हुँदा सो गुठीको अचल सम्पति आम्दानी र खर्चको विवरण स्पष्ट देखिने गरी छुट्टै रुपमा लगत खडा गरी अभिलेख राख्ने व्यवस्थासम्म मिलाउन गुठी संस्थानमा लेखि पठाउने।

५. गुठी जुन उद्देश्य र प्रयोजनका लागी संस्थापना भएको थियो सोही उद्देश्य र प्रयोजनका लागी पूर्ववत् रुपमा व्यवस्थापन र सञ्चालन गर्नुपर्ने र सोही बमोजिमको उद्देश्य र प्रयोजन पूरा गरी बाँकी रहेको सम्पति वा आम्दानी भोगचलन गर्न वा धितोबन्धक राख्न सकिने गुठीको उद्देश्य र प्रयोजनमा प्रतिकूल असर नपर्ने गरी प्रचलित कानूनको अधिनमा रही उक्त जग्गाको मोहीले मोहीयानी हक खरिद बिक्रि गर्न सकिने र खरिद गरि लिने व्यक्तिले जुन प्रयोजनार्थ गुठी स्थापना भएको हो सोही उद्देश्य र प्रयोजनार्थ प्रयोग गरी समयमा कुत तथा अन्य सेवा शुल्क दिनुपर्ने व्यवस्था मिलाउनुपर्ने।

६. त्रिभुवन विश्वविद्यालय आफु हितग्राही रहने गरी प्राप्त गरेको जग्गाको विषयमा लामो समयसम्म पनि बेखबर जस्तै भई बसी आफ्नो सम्पतिको उपभोग प्रति उदासिन भएको देखिदा सो विषयमा सक्रिय रुपमा आफुलाई आयस्ता आउने जग्गाहरूको अद्यावधिक विवरण बनाई राख्ने; अन्य तबरबाट हिनामिना भएको देखिए प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्ने; दाताले दिएका लगत बमोजिमका जग्गाहरूको अद्यावधिक विवरण तयार पारी गुठी संस्थानमा पेश गर्नु र गुठी संस्थानबाट मोहीले बुझाएको कुत विश्वविद्यालयलाई प्राप्त भए नभएको एकिन गर्ने लगायतका कार्यहरू गर्न गराउन र आफ्ना चल अचल सम्पतिको विषयमा अभिलेख अद्यावधिक गर्ने कार्य त्रि.वि.बाट हुनुपर्ने ।

### ३.१.६ कारबाहीको सिफारिसः

त्रि.वि.लाई दाताले शिक्षाको काममा खर्च गर्ने गरी अर्पण गरेको जग्गाका सम्बन्धमा देहाय बमोजिम कानूनी कारबाही हुन सिफारिस गरिएको छः

१. सम्मानीत सर्वोच्च अदालतको फैसला अनुसार माथि उल्लेखित जग्गाको स्वामित्व राजभण्डारी परिवारबाट मिति २०२३/११/१५ को श्री ५ को सरकार (मं.प.) को निर्णयभएपछि त्रि.वि.मा सरी सकेको र नेपाल सरकारको रकम खर्च गर्ने निकायलाई सरकारी निकायको रूपमा लिनुपर्ने हुँदा प्रस्तुत विषय पनि सरकारी जग्गासँग सम्बन्धित भएको मान्नुपर्ने हुन आएकोले नेपाल सरकारको स्वामित्वमा आएको सरकारी जग्गा दुषित मनसाय लिई अपचलन गर्ने गराउने कार्यमा संलग्न ब्यक्तिहरू हक टुटीसकेको जग्गा अनधिकृत रूपमा दुषित मनशाय राखी, ढाँटी स्वामित्व हस्तान्तरण गर्ने, स्वामित्व ग्रहण गर्ने र उक्त कार्यमा संलग्न सरकारी निकायका तत्कालिन कर्मचारीहरू,

सिफारिस गर्ने न.पा.का तत्कालिन सम्बन्धित व्यक्तिहरू समेत उपर थप छानबिन र अनुसन्धान गरी प्रचलित कानून बमोजिम कारबाही हुन तत् तत् निकायमा लेखि पठाउने।

२. मिति २०२३/११/१५ मा राजभण्डारी परिवारले जग्गाधनीको हक टुटाई त्रिभुवन विश्वविद्यालयलाई स्वामित्व हस्तान्तरण गरीसकेको समयमा नै प्रचलित भूमि सम्बन्धी कानून बमोजिम कायम रहीरहेको मोहीहरूले त्रि.वि.लाई बाली बुझाउन कबुलियत गरेको (अनुसूची २.१३) तथा २०२८ सालमा नै बाली भराई मोही निष्काशन गरी पाउँ भन्ने समेत भूमि सुधार कार्यालयमा चलेको मुद्दाका प्रतिवादी बनी मोही निष्काशन नहुने भनी स्पष्ट रूपमा मोही कायम भएको जानकारी लिई आदेश/फैसला स्वीकार गरेको अवस्थामा विद्यमान हुँदाहुँदै पनि हालसम्म त्रि.वि.लाई भूमि सम्बन्धी कानून बमोजिम बाली बुझाउने लगायतका मोहीले पालन गर्नुपर्ने दायित्व पुरा नगरेको र उल्टै जग्गाधनी (त्रि.वि.) को स्वीकृति विना केही मोहीहरूले मिति २०२३/११/१५ देखि नै हक टुटी सकेका व्यक्तिबाट जग्गा खरीद गरी जग्गाधनी प्रमाण पूर्जा आफ्नो नाममा कायम गरेको समेत देखिँदा जग्गाधनी त्रि.वि. अर्थात् सरकारी निकायको सरकारी जग्गाको बाली नबुझाएको र आफैं जग्गाधनी बन्ने जस्ता गैरकानूनी एवं दुषित कार्य गरी सरकारी जग्गा अपचलन गरेको देखिन आएको हुँदा तत्सम्बन्धमा समेत कानून बमोजिम हक स्वामित्व नभएका व्यक्तिलाई जग्गाधनी स्वीकार गरी त्रि.वि.को स्वामित्वमा आइसकेको जग्गा खरिद गरी लिने दिने दुवै र सो कार्यमा संलग्न व्यक्तिहरू उपर आवश्यक छानबिन एवं अनुसन्धान गर्न अख्तियार प्राप्त निकायमा लेखि पठाउने।

## ३.२. त्रि.वि.बाट २०७२/१२/०४ मा प्रा. अनुप कुमार श्रेष्ठको संयोजकत्वमा गठित त्रि.वि. सम्पत्ति, संकलन, संरक्षण तथा व्यवस्थापन समितिको प्रतिवेदनः

३.२.१. त्रिभुवन विश्वविद्यालय अन्तर्गत सम्पूर्ण निकाय तथा आंगिक क्याम्पसहरूको भौतिक सम्पत्तिको खोज संकलन जगेना गर्न र समुचित तवरले अभिलेखीकरण गर्न कार्यकारी परिषद्को मिति २०७२/१२/०४ मा (निर्णय नं. ४१२) प्रा. अनुप कुमार श्रेष्ठको संयोजकत्वमा ८ सदस्यीय समिति गठन भए अनुसार २०७२ जेष्ठ ३ मा कार्यप्रारम्भ गरेको र २०७३/०५७७ को कार्यकारी समितिको बैठकबाट पुनः ३ जना सदस्य थप भएको देखिएको छ। उक्त समितिले २०७४/१२/०७ मा त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालयमा प्रतिवेदन पेश गरेको देखिएको छ।

३.२.२. उक्त समितिको प्रतिवेदनमा जग्गा भवन सम्बन्धी विवाद र समस्याहरूको सन्दर्भमा सिमा अतिक्रमण तथा जग्गा कब्जा हुनु, नियमित रूपमा कुत तथा भाडा उठ्न नसक्नु, भोगचलन तथा उपभोग गरिरहेको जग्गाहरूको पूर्ण स्वामित्व लिन नसक्नु विभिन्न परियोजनाबाट निर्माण भएका क्याम्पस/निकायहरूका जग्गा जमिन तथा भौतिक संरचनाहरूको हकभोग हस्तान्तरण नहुनु, जग्गा जमिन तथा भौतिक संरचनाका कागज, प्रमाण र विवरणहरू दुरूस्त नराख्नु, क्याम्पस/निकायहरूको हातामा निर्मित विभिन्न परियोजनाका भौतिक निर्माणको स्वामित्व स्पष्ट नहुनु र समयमै हकभोगको

हस्तान्तरण गरी नलिनु उल्लेख भएको देखिएको छ। यसैगरी, अभिलेख व्यवस्थित नहुनु, नीति नियम र समन्वयको अभाव, नियमित रूपमा कार्यसम्पादन नहुनु, दक्ष जनशक्तिको अभावको कारण अभिलेख तथा भण्डारको समस्याहरू रहेका व्यहोरा उल्लेख भएको देखिन्छ।

३.२.३. साथै, उक्त समितिको प्रतिवेदनमा त्रि.वि. भौतिक सम्पत्तिको संकलन, संरक्षण र अभिलेखीकरण तथा व्यवस्थापन गर्ने कार्यका लागि अलग्गै निकायको व्यवस्था हुनुपर्ने र उक्त निकायलाई जिम्मेवार बनाउने, क्याम्पस तथा त्रि.वि.का निकायहरू जग्गा जमिन भवन तथा अन्य अचल सम्पत्तिको विवरण माग गर्ने र पठाउनुपर्ने अनिवार्यता लागु गर्ने अभिलेख व्यवस्थापन, भण्डारणलाई व्यवस्थित बनाउनुपर्ने, सो कार्यसँग सम्बन्धी जनशक्तिको दक्षता अभिवृद्धि गर्न र कार्यसञ्चालन निर्देशिका तयार गर्ने र सोही बमोजिम कार्य सम्पादन गर्दै जानुपर्ने जस्ता उल्लेखनिय सुझावहरू सिफारिस गरेको देखिन्छ।

३.२.४. त्रि.वि.द्वारा गठित उक्त समितिको प्रतिवेदनलाई अध्ययन छलफल एवं समिक्षा गरी प्रतिवेदनमा उल्लेखित सुझावहरूलाई आत्मसात गरी नीतिगत र कानूनी व्यवस्था गर्ने तत्काल नीति तथा कानूनमा परिमार्जन गरी लागु गर्दै जानुपर्ने र संस्थागत र व्यवहारगत रूपमा सुझाएका विषयहरू पनि क्रमशः लागु गर्दै जानुपर्ने देखिन्छ।

३.२.५. यसमा प्रतिवेदन उपर के कस्तो कारबाही अघि बढाइयो भन्ने सम्बन्धमा त्रि.वि.सँग थप विवरण माग गरिएकोमा समितिको कार्य अवधिभित्र सम्म कुनै जानकारी प्राप्त हुन आएन।

## ३.३. लेबोरेटरी उच्च माध्यमिक विद्यालयलयले चर्चेको त्रि.वि.को नाममा रहेको जग्गा र घरहरूको सम्बन्धमा अध्ययन गरी २०६७ मा त्रि.वि.लाई बुझाएको प्रतिवेदनः

३.३.१. त्रि.वि. कार्यकारी परिषद्को मिति २०६७/०२/२४ को निर्णय अनुसार लेबोरेटरी उच्च मा.वि.ले चर्चेको त्रिभुवन विश्वविद्यालयको नाममा रहेको जग्गा तथा भवनहरू समुचित तवरले उपयोगमा ल्याउनका लागि प्रा.डा. प्रकाशमान श्रेष्ठको (डिन, शिक्षा शास्त्र संकाय) संयोजकत्वमा ५ सदस्यीय समिति गठन भएकोमा उक्त समितिले २०६७ मा त्रि.वि.मा १९ पानाको प्रतिवेदन बुझाएको देखिन्छ।

३.३.२. उक्त प्रतिवेदनको प्रकरण ८ मा निष्कर्ष खण्डमा निम्न बमोजिम उल्लेख भएकोः

> *"तत्कालीन श्री ५ को सरकारले सन् १९५६ मा स्थापना गरेको कलेज अफ एजुकेशन (पछि सन् १९७१ मा शिक्षा शास्त्र अध्ययन संस्थानमा रुपान्तरण भएको) लाई उपलव्ध गराएको त्रिभुवन विश्वविद्यालयको पूर्ण स्वामित्वमा रहेको जग्गा र कलेज अफ एजुकेशनमा अध्ययन गर्ने विद्यार्थीहरूलाई शिक्षण अभ्यास गराउनका लागि सञ्चालित लेबोरेटरी माध्यमिक विद्यालय त्रि.वि. शिक्षा शास्त्र संकायको स्वामित्वमा आएको मान्नुपर्छ (प्रतिवेदनको पाना १४) भनी उल्लेख भएको पाईन्छ।*

३.३.३. साथै "तत्कालिन कलेज अफ एजुकेश (जुन अहिले शिक्षाशास्त्र संकायमा रूपान्तरण भएको छ) का विद्यार्थीहरूलाई शिक्षण अभ्यास गराउने उद्देश्यले स्थापित र सञ्चालित लेबोरेटरी माध्यमिक

विद्यालयका लागि उपलब्ध गराइएको जग्गा र उक्त जग्गामा निर्मित भवनहरू त्रि.वि.को उद्देश्य अनुरूप प्रयोग नगरी निजी स्वरूपको विद्यालययलाई प्रयोग गर्न दिइएसम्म विश्वविद्यालयको उद्देश्य विपरित हुन जाने" भन्ने निष्कर्ष (८.७ बुँदा) मा उल्लेख भएको देखिन्छ।

३.३.४. प्रतिवेदनको सुझाव खण्डमा उक्त विद्यालय शिक्षा शास्त्रसँग कुनै सम्बन्ध नभएको गैरसरकारी संस्थालाई सञ्चालन गर्न दिनु उपयुक्त ब्यवहारिकको एवं कानूनसँगत देखिँदैन तसर्थ, विद्यालय व्यवस्थापन समितिलाई पुनर्गठन गरी त्रि.वि., शिक्षा शास्त्र संकायका डिनको अध्यक्षतामा समिति गठन गर्न शिक्षा मन्त्रालयसँग छलफल गरी कार्यान्वयनमा ल्याउनुपर्ने। विश्वविद्यालयका कार्यक्रमहरू संचालन गर्ने जस्ता ७ वटा सुझावहरू दिईएको देखिन्छ।

३.३.५. त्रि.वि. सामान्य प्रशासन महाशाखाबाट लेबोरेटरी मा.वि.लाई विभिन्न समयमा विद्यालय अन्यत्र स्थानान्तरण गरी जग्गा खाली गरी दिन अनुरोध गर्दै पत्राचार गरेको र शिक्षा मन्त्रालय, गृह मन्त्रालय समेतमा जग्गा खाली गर्न सहयोग मागेको त्रि.वि.ले समितिलाई उपलब्ध गराएको विभिन्न पत्रहरूबाट देखिएकाले त्रि.वि.ले उक्त प्रतिवेदन कार्यान्वयनमा ल्याउन प्रयास गरेको देखिएको छ।

## ३.४. अन्य विषयः

समितिले त्रि.वि.सँग पत्राचार गरी त्रि.वि.बाट विभिन्न समयमा गठित भएका समितिहरूद्वारा पेश गरिएका प्रतिवेदन उपलब्ध गराउन अनुरोध गरेकोमा माथी उल्लेखित प्रतिवेदन बाहेक अन्य प्रतिवेदनहरू समितिलाई प्राप्त हुन आएन। तसर्थ, बाँकी प्रतिवेदन के के थिए र त्यसको कार्यान्वयनको अवस्थाको विषयमा थप उल्लेख गर्न सकिएन।

परिच्छेदः चार

# त्रि.वि. अन्तर्गतका आंगिक क्याम्पसहरूको जग्गा जमिन तथा भवनको विद्यमान अवस्था

## ४.१. त्रिभुवन विश्वविद्यालयका आंगिक क्याम्पस

त्रिभुवन विश्वविद्यालय नेपालमा उच्च शिक्षाको अग्रणी विश्वविद्यालय भएको र यस अन्तर्गत हाल ६२ क्याम्पसहरू (उपत्यकामा २२ र उपत्यका बाहिर ४० समेत) रहेका छन्। यसका आंगिक एवं सम्बन्धन प्राप्त क्याम्पसहरू मनाङ्ग जिल्ला बाहेक सबै जिल्लामा भएकाले यो विश्वविद्यालय नेपालीको प्रमुख विश्वविद्यालय हो। संसारमा धेरै वर्ष अघिदेखि चिनिएको पहिचान भएको विश्वविद्यालय पनि यही हो। वि.सं. २०२८ सालमा लागु भएको नयाँ शिक्षा पद्दती योजनाको कार्यान्वयनबाट सबै कलेज/क्याम्पसलाई त्रि.वि.को आंगिक क्याम्पसका रूपमा मानिएको र तत्पश्चात एक विश्वविद्यालय पद्धति अन्तर्गत उच्च शिक्षा सञ्चालन गर्ने अवधारणा बमोजिम कलेज/क्याम्पसहरू सञ्चालन गर्न थालेको पाईन्छ। कतिपय क्याम्पसहरू त्रि.वि. स्थापना हुनु पूर्व नै सञ्चालनमा रहेका र कतिपय कलेजहरू स्वतन्त्र रूपमा स्थापना भईसकेका थिए। पहिलो कलेजको रूपमा वि.सं. १९७५ भाद्र १२ मा काठमाडौंको रानीपोखरी क्षेत्रमा स्थापित त्रि-चन्द्र कलेज, नेपाल नेशनल कलेज (वि.सं. २००७पछि २०२९मा शंकरदेव क्याम्पस) पद्मकन्या कलेज (वि.सं. २००८) अमृत साइन्स कलेज (वि.सं. २०१३ मा पब्लिक साइन्स कलेज) लगायत सबै कलेजहरू त्रि.वि. अन्तर्गत सञ्चालन हुँदै आएको पाईन्छ। तिनीहरूको स्थापनाका लागि आवश्यक पर्ने जग्गा जमिन भवन समेत तत्कालीन सरकारले विभिन्न मितिमा अधिग्रहण गरेको कहिँ कहिँ खरिद गरेको कतिपयमा दाताहरूले दान दिई प्राप्त गरेको देखिन्छ।

## ४.२. काठमाडौं उपत्यकामा रहेका क्याम्पसहरूको जग्गा जमिन तथा भवनहरूको अवस्था

१. यस समितिलाई दिइएको कार्यदिश (TOR) बमोजिम त्रिभुवन विश्वविद्यालय अन्तर्गत काठमाडौं उपत्यकाभित्र सञ्चालनमा रहेका निम्न क्याम्पसहरूका जग्गा जमिन तथा भवनको सम्बन्धमा समितिले सम्बन्धित क्याम्पसहरूसँग विभिन्न मितिमा पत्राचार गरी सूचना विवरण र तथ्य प्राप्त गरेको छ। समितिलाई हालसम्म प्राप्त भए अनुसार त्रि.वि. अन्तर्गतका उपत्यकामा रहेका सबै क्याम्पसहरूको स्वामित्व, भोगाधिकार भोगचलनमा रहेका जग्गा **१२५३-१३-२-१ (एक हजार दुई सय त्रिपन्न रोपनी, तेह्र आना, दुई पैसा एक दाम)** क्षेत्रफल जग्गा जमिन र भवन संरचनाहरू रहेको देखिन्छ (अनुसूची ४.१)।

२. समितिका पदाधिकारीहरूबाट काठमाडौं उपत्यकाका २२ वटा क्याम्पसहरू मध्ये विश्वविद्यालय क्याम्पस, ललितकला, जनप्रशासन, आयुर्वेद क्याम्पस बाहेक १८ वटा क्याम्पसमा स्थलगत

अवलोकन गर्ने कार्य सम्पन्न गरेको र उक्त अवलोकन गर्ने क्रममा क्याम्पस प्रमुख लगायत क्याम्पसको अचल सम्पत्तिको व्यवस्थापन कार्यमा संलग्न शाखाका कर्मचारी र अन्य पदाधिरीहरूसँग भएको भेटघाट एवं छलफल गर्दा क्याम्पसबाट थप सूचना, विवरण र तथ्याङ्कको संकलन गरिएको थियो। साथै, यस आयोगलाई नेपाल सरकारबाट प्राप्त TOR भित्र रही समितिको मिति २०८१/०३/१७ को पत्रबाट विभिन्न क्याम्पसलाई आफ्नो स्वामित्वमा रहेको अचल सम्पत्ति जग्गा एवं भवन समेतको विवरण उपलब्ध गराइदिन अनुरोध गरिएको।

## १. अमृत क्याम्पस, लैनचौर, काठमाडौं

### अ. उजुरी, गुनासो सम्बन्धी विवरणः

यस क्याम्पसका जग्गा जमिन तथा भवन सम्बन्धमा समितिको कार्य अवधिभित्र समितिमा कुनै पनि उजुरी गुनासो केही पनि प्राप्त नभएको।

### आ. प्राप्त तथ्यगत सूचना र विवरणः

१. विज्ञान शिक्षाका लागि अग्रणी भूमिका निर्वाह गर्दै आएको यस क्याम्पसको इतिहास पुरानो रहेको छ। त्रि-चन्द्र कलेजका प्राध्यापक अमृत प्रसाद प्रधान समेतले वि.सं. २०१३ असोज १ गते पब्लिक साईन्स कलेजको नामले प्रारम्भ गरेबाट कलेजको प्रारम्भ भएको मानिएको छ। पछि उक्त कलेज वि.सं. २०१८ मा त्रि-चन्द्रबाट हालको ठमेल क्षेत्रमा स्थानान्तरण गरिएको देखिन्छ।

२. वि.सं. २०२३ फाल्गुणमा पस्कल (PUSCAL) लाई अमृत साइन्स कलेजका रूपमा रूपान्तरण गरिएको र वि.सं. २०३० सालमा अमृत साइन्स कलेजलाई अमृत साईन्स क्याम्पसमा रूपान्तरित भई त्रि.वि.को आंगिक क्याम्पसका रूपमा रहेको छ।

३. समितिलाई क्याम्पसको पत्रबाट प्राप्त भए अनुसार क्याम्पसको जग्गा जमिन १८-७-२-० रहेको छ। विस्तृत रूपमा निम्नानुसार देखिन्छ।

| जग्गा जमिन रहेको स्थान | कि.नं | जग्गाको क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| का.म.न.पा. वडा नं २९ हाल वडा नं. २६ | ३४८ | ६-४-३-३ | शुरूको नापीको समयको ज.ध.प्र.पूर्जामा ७-४-३-३ उल्लेख भएकोमा मिति २०५६/०९/०८ पछि प्राप्त गरेको पूर्जामा ६-४-३-३ मा लेखिएको देखिदा यस विषयमा क्याम्पस प्रशासनले खोजबिन गर्नुपर्ने |
| का.म.न.पा. वडा नं. २९ हाल वडा नं. २६ | ३०३ | १२-२-२-१ | |
| जम्मा | | १८-७-२-० | |

४. क्याम्पसको नाममा रहेको कि.नं. ३४८ को जग्गा सिंह सार्थबाहु भगवान गुठी ठमेलबाट वि.सं. २०१६/०९/३० मा श्री पब्लिक साईन्स कलेजका प्रिन्सिपल श्री फणिन्द्र प्रसाद र सेक्रेटरी श्री अमृत प्रसाद प्रधानले बार्षिक रू ५००/- तिरो तिर्नेगरी कबुलियत गरी गुठीबाट बहाल लिएको जग्गा भनि उक्त गुठीको २०७७/०६/१८ को क्याम्पसलाई लेखेको पत्रबाट देखिन्छ। प्रारम्भमा नापीको समयमा दर्तावाला मोहीको रूपमा क्याम्पस उल्लेख भई जग्गाको हक हिस्सामा पुरा उल्लेख भइरहेकोमा मिति २०५६/०९/२६ मा गुठीको पहलमा दर्तावाला मोही कट्टा गरी जोताहा मोहीमा अमृत साइन्स कलेज कायम भएको देखिन्छ।

**इ. समितिको विश्लेषण, निष्कर्ष र सुझावः**

१. मिति २०८१/०७/१३ गते समितिका पदाधिकारीहरूबाट क्याम्पसको स्थलगत अवलोकन गर्दा उक्त क्याम्पसको भवनहरू २०७२ सालको भुकम्पले जिर्ण भएको, क्याम्पसको दक्षिण पूर्व पट्टी पर्खाल नभई तारबार मात्र भएको देखिँदा र माथी कैफियत महलमा उल्लेख भएबमोजिम १ रोपनी जग्गा कम भएको देखिँदा यसमा के भएको हो? क्याम्पस प्रशासनले खोजी गर्ने, नाप नक्सा गराई जग्गा एकिन गर्नुपर्ने, भवन बनाउन आवश्यक भए का.म.न.पा. वडा नं २६ कि.नं. ३०३ को क्षेत्रमा निर्माण गर्दा उपयुक्त हुने देखिएको। क्याम्पस प्रमुख, अन्य पदाधिकारी र क्याम्पस प्रशासनका कर्मचारीहरू बीचमा छलफल भई क्याम्पसको जग्गा जमिन र भवन समेतको विषयमा जानकारी लिईएको थियो।

२. शुरूको नापीको समयको ज.ध.प्र.पूर्जामा ७-४-३-३ उल्लेख भएकोमा मिति २०५६/०९/०८ पछि प्राप्त गरेको पूर्जामा ६-४-३-३ मा लेखिएको देखिदा यस विषयमा क्याम्पस प्रशासनले खोजबिन गरी एकिन गर्नुपर्ने।

## २. आयुर्वेद क्याम्पस

**अ. उजुरी, गुनासो सम्बन्धी विवरणः**

यस क्याम्पसका जग्गा जमिन तथा भवन सम्बन्धमा समितिको कार्य अवधिभित्र समितिमा कुनै पनि उजुरी गुनासो केही पनि प्राप्त नभएको।

**आ. प्राप्त तथ्यगत सूचना र विवरणः**

क्याम्पसको च.नं. ६५८/०८०/०८१ मिति २०८१/०३/२३ को पत्रद्वारा त्रि.वि.को स्वामित्वमा रहने गरी क्याम्पसले उपभोग गरिरहेको जग्गा क्षेत्रफल १०३-१-०-१ रोपनी भएको र ३ वटा पक्की भवन समेत रहेको भनी जवाफ प्राप्त हुन आएको।

**इ. समितिको विश्लेषण निष्कर्ष र सुझावः**

त्रि.वि. परिसर कीर्तिपुरको जग्गा जमिन एवं भवन लगायतका अचल सम्पत्तिको खोजबिनको सम्बन्धमा समितिले प्राप्त गरेको विवरण सम्बन्धमा अर्को परिच्छेदमा नै चर्चा भईसकेको हुँदा यहाँ थप केही उल्लेख गरिरहन नपर्ने देखिएको।

## ३. जनप्रशासन क्याम्पस

**अ. उजुरी, गुनासो सम्बन्धी विवरणः**

यस क्याम्पसका जग्गा जमिन तथा भवन सम्बन्धमा समितिको कार्य अवधिभित्र समितिमा कुनै पनि उजुरी गुनासो केही पनि प्राप्त नभएको।

**आ. प्राप्त तथ्यगत सूचना र विवरणः**

उक्त क्याम्पसको च.नं. ७६६/०८०/०८१ मिति २०८१/०३/२३ को पत्र मार्फत त्रि.वि.ले उपलब्ध गराएको त्रि.वि. परिसर कीर्तिपुरभित्रको जग्गा मध्ये पूर्व शिक्षा विकास अध्ययन केन्द्र, सेरिडको पर्खालदेखि पश्चिमतर्फ त्रि.वि. प्राध्यापक संघको पर्खालसम्म (सडक छाडी) ५० मिटर र उत्तर चक्रपथ ट्र्याक रोडदेखि दक्षिणतर्फ १५० मिटर) यस क्याम्पसले भोगचलन गर्दै आएको साथै प्रशासनिक भवन र शैक्षिक भवन गरी २ ठूला भवन र शौचालय, क्यान्टिन र स्व.वि.यु. भवन समेत रहेको भन्ने समेत ब्यहोराको जानकारी प्राप्त हुन आएको।

**इ. समितिको विश्लेषण, निष्कर्ष र सुझावः**

यस सम्बन्धमा जनप्रशासन क्याम्पस त्रि.वि. परिसर कीर्तिपुरको सम्पूर्ण जग्गाको क्षेत्रफलभित्र रहेको र तत्सम्बन्धमा अन्य परिच्छेदमा नै प्रतिवेदनमा उल्लेख भएको हुँदा यहाँ थप उल्लेख गर्न आवश्यक देखिएन।

## ४. थापाथली क्याम्पस

**अ. उजुरी, गुनासो सम्बन्धी विवरणः**

यस क्याम्पसका जग्गा जमिन तथा भवन सम्बन्धमा समितिको कार्य अवधिभित्र समितिमा कुनै पनि उजुरी गुनासो केही पनि प्राप्त नभएको।

**आ. प्राप्त तथ्यगत सूचना र विवरणः**

१. उक्त क्याम्पसको प.सं. प्रशा. च.नं. २४२७/०८०/८१ मिति २०८१/३/२५ को पत्रद्वारा का.म.न.पा. ११ थापाथलीमा कित्ता नं. १२७६ को क्षेत्रफल १-५-३-० (एक रोपनी पाँच आना तीन पैसा) जग्गा र कि.नं. ७५२ (सिट नं. ११४५.०६) को ३०-३-२-३ (तीस रोपनी तिन आना दुई पैसा तीन दाम) क्षेत्रफल समेत गरी जम्मा ३१ रोपनी ९ आना एक पैसा ३ दाम जग्गा क्याम्पसकै नाममा रहेको देखिन्छ।

२. यसैगरी, त्रि.वि. कार्यकारी परिषद्को मिति २०७४/१०/१२ निर्णय नं. १७०९ को निर्णय अनुसारको अटो मोबाइल कार्यक्रम सञ्चालनार्थ KOICA को सहयोगमा Mobile Equipment Research Center स्थापना गर्ने माष्टर प्लानमा प्रस्ताव गरिएको १७५ रोपनी जग्गा (का.म.न.पा. १४ वडामा पर्ने) त्रि.वि. कीर्तिपुर परिसरभित्र सर्भे ल्याबभवन (निर्माणाधिन) रूपमा प्रयोगमा रहेको भन्ने ब्यहोरा समेतको जानकारी प्राप्त हुन आएको । साथै, रजिष्ट्रारको कार्यालय, सामान्य

प्रशासन महाशाखाको मिति २०८१/०७/१३ को पत्रद्वारा रिसर्च सेन्टरको सम्बन्धमा हाल टेण्डर भई निर्माण कार्य भई रहेको भनी जानकारी हुन आएको।

३. सोही क्याम्पसको प्र.शा.च.नं. ४१८ मिति २०८१/६/१३ को पत्रद्वारा क्याम्पसको स्वामित्वमा रहेका जग्गा जमिनहरू कुनै संघ संस्था वा निकायलाई भाडा वा लिजमा नदिएको, जग्गा सम्बन्धी अदालतमा मुद्दा नभएको र भवनहरू कसैले पनि अतिक्रमण नगरेको, क्याम्पसको स्वामित्वको जग्गामा ABCDEF Block का ६ वटा भवनहरू, क्याम्पस लाईब्रेरी भवन, पुरानो छात्राबास भवन, क्यान्टिन र रोबोटिक्स भवन गरी जम्मा १० (दश) वटा भवनहरू रहेको ब्याहोरा समेत लेखी आएको।

**इ. समितिको विश्लेषण, निष्कर्ष र सुझावः**

समितिका पदाधिकारीहरूको मिति २०८१/०७/१२ गते भएको स्थलगत अबलोकन भ्रमणका क्रममा क्याम्पसका पदाधिकारीहरूसँगको छलफलका क्रममा पुरानो छात्राबास भवन २०७२ सालको भूकम्पले बस्न लायक नभएको र टुकुचा खोला क्षेत्रमा खोला क्षेत्रको ROW सिमा छाड्नु पर्ने अवस्था देखिएको, साथै जग्गा जमिनको नापजाँच गरी साँध सिमाना एकिन गर्नै पर्ने अवस्था रहेको।

## ५. नेपाल ल क्याम्पस

**अ. उजुरी, गुनासो सम्बन्धी विवरणः**

यस क्याम्पसका जग्गा जमिन तथा भवन सम्बन्धमा समितिको कार्य अवधिभित्र समितिमा कुनै पनि उजुरी गुनासो केही पनि प्राप्त नभएको।

**आ. प्राप्त तथ्यगत सूचना र विवरणः**

१. उक्त क्याम्पसको प.सं.च.नं. १४९२/०८०/८१ मिति २०८१/३/१७ को पत्रद्वारा क्याम्पसको स्वामित्वमा क्षेत्रफल ७-१२-२-३ रोपनी (सात रोपनी बाह्र आना दुई पैसा तीन दाम) जग्गा र ५ वटा भवन रहेको भन्ने व्यहोराको जानकारी प्राप्त भएको।

२. यसैगरी, क्याम्पसको प.सं.च.नं. २३८/०८१/०८२ मिति २०८१/०६/१० को पत्रद्वारा क्याम्पसको स्वामित्वमा रहेको जग्गा जमिनहरू मध्ये कुनै संघ संस्थाहरू वा निकायहरूलाई लिज वा भाडामा नदीईएको र जग्गा सम्बन्धमा मुद्दा मामिला र अतिक्रमण समेत नभएको भन्ने समेत ब्याहोराको थप जानकारी प्राप्त हुन आएको।

३. यस समितिका पदाधिकारीहरूबाट मिति २०८१/०७/०५ मा क्याम्पसको स्थलगत अवलोकन गर्दा क्याम्पस परिसरसँग जोडिएको उत्तर र दक्षिण तर्फ केही सटरहरू भाडामा लगाएको देखिन आई यस सम्बन्धमा समितिद्वारा पुनः पत्राचार गरी थप जानकारी उपलब्ध गराउन अनुरोध गरेकोमा नेपाल ल क्याम्पसको मिति २०८१/०७/१३ को च.नं. ३७०/०८१/८२ को पत्रअनुसार यस क्याम्पसले विभिन्न व्यक्ति र संघ संस्थालाई १८ वटा सटरहरू तथा कवलहरू

भाडामा दिएको र यी भाडामा दिईएका केही सटर/कवलहरूको सम्झौता अवधि सकिएको र करार सम्झौता नविकरण गर्ने प्रक्रियामा रहेको भन्ने समेत विवरण प्राप्त भएको।

४. प्राप्त विवरणमा उल्लेखित १८ वटा सटर/कवलमध्ये ६ वटा ०७८/०४/०१ देखि २ वर्षको लागि १० वटा २०७८/०८/०१ देखि २ वर्षको लागि एउटा २०८०/१०/१६ देखि र बाँकी एउटा २०८०/०९/०४ देखि २ वर्षको लागि भाडामा दिइएको देखिएको तर उक्त मितिभन्दा पहिले ती सटर/कवलहरू भाडामा लगाएको नलगाएको भन्ने प्रष्ट खुल्न आएन।

**इ. समितिको विश्लेषण, निष्कर्ष र सुझावः**

१. क्याम्पसले आफ्नो जग्गामा रहेको भवन र कम्पाउण्डसँग जोडीएको जग्गामा १८ वटा सटरहरू भाडामा लगाएको सम्बन्धमा भने कुन मिति देखि कुन कुन संस्था वा व्यक्तिलाई के कति रकममा भाडामा लगाउने गरी सम्झौता भए गरेको थियो भन्ने विषयमा थप जानकारी प्राप्त हुन सकेन र यस विषयमा त्रि.वि.का आर्थिक प्रशासन तथा लिज र भाडामा दिनेलिने सम्बन्धी कानून बमोजिम त्यसको अनुगमन गर्ने केन्द्रीय तहका पदाधिकारी निकायले जिम्मेवारीपूर्वक कानूनी दायित्व पुरा गरेको देखिन आएन।

२. त्रि.वि.बाट थप छानबिन गरी त्रि.वि.सँग सम्बन्धित कानून बमोजिम कारबाही गर्नुपर्ने।

## ६. नेपाल कमर्स क्याम्पस, मिनभवन, काठमाडौं

**अ. उजुरी गुनासो सम्बन्धी विवरणः**

नेपाल कमर्स क्याम्पस, मीनभवनले २० वटा पसल भाडामा लगाएको छ। कोरोना महामारी यता अधिकांश पसलले नियमित भाडा तिरेका छैनन्, बक्यौता भाडा १५ लाख नजिक पुगेको छ। महालेखापरीक्षकको अन्ठाउन्नौं वार्षिक प्रतिवेदनमा (२०७८), 'कुत तथा भाडा नउठेको, भोगचलनमा रहे तापनि पूर्ण स्वामित्वमा नल्याएको, विश्वविद्यालयको जग्गामा अन्य निकायबाट निर्माण गरेका भौतिक संरचनाको हकभोग हस्तान्तरण नभएको, निर्मित संरचनाको स्वामित्व स्पष्ट नभएको' अभिलेख व्यवस्थित नभएको, विभिन्न निकायबीच समन्वय नभएको उल्लेख छ। यसका साथै अन्य सञ्चार माध्यममा पनि समग्र विश्वविद्यालयको चल अचल सम्पत्ति अपचलन भइरहेको स्पष्ट हुन्छ भन्ने लगायतका समाचारहरू प्रकाशित भएको।

**आ. प्राप्त तथ्यगत सूचना र विवरणः**

१. नेपाल कमर्श क्याम्पस बानेश्वरले च.नं. २१०१/०८०-८१ मिति २०८१/०३/२४ को पत्र संलग्न गरी पठाए अनुसार का.म.न.पा. वडा नं. १० कि.नं. १९ को २०-१०-०-२ कि.नं. १४१ को ०-५-३-२ समेत गरी जम्मा क्षेत्रफल २१-०-० रोपनी जग्गा त्रि.वि.को नाममा रहेको (मिति २०४८/२/७ मा लालपूर्जा प्रमाणित भएको) देखिन्छ। उक्त जग्गा साबिक भिमसेन गोला गा.पं. वडा नं ५ (ख) कि.नं. २८५, ३२१, २८६ र ३६९ बाट कित्ता काट भएका कि.नं. ४२२, ४२६, ४२८ त्रि.वि.लाई रू १४,५०,०००/-मा मिति २०३२/१२/२७

मा भु.प्र.का काठमाडौंको र .पा. ५४२९ बाट श्री कमल राणाबाट हकहस्तान्तरण भई आएको देखिन्छ।

२. साबिक भिमसेनगोला गा.पं. वडा नं ५ (ग) को कि.नं. २३ बाट नयाँ संसोधन भई कि.नं. ४४, ४५, ४६ कायम भएको र सोबाट ऐ. कि.नं. को क्षेत्रफल २-६-०-० ऐ. कि.नं. ४६ को २-६-०-० गरी ४-१२-० रहेकोमा मिति २०४१/१२/३० मा पुनः नापीमा कायम भएको कामनपा वडा नं १० कि.नं. ६२ क्षेत्रफल ३-१५-२ जग्गा नेपाल सरकारबाट भोगाधिकारमा प्राप्त भई रहेको देखिन्छ। उक्त प्राप्त विवरण तत्कालिन श्री ५ को सरकार (मं.प.)को मिति २०५२/०५/१९ मा भएको निर्णयबाट श्री ५ को सरकारको स्वामित्वमा दर्ता रहने गरी नेपाल कमर्श क्याम्पस मिनभवनलाई उपभोग गर्न दिने निर्णय भएकाले भनी मालपोत विभागको च.नं. ११६२ मिति २०५२/०६/२ को पत्रलाई आधार मानि मालपोत कार्यालय काठमाडौं प.सं. ७५२/५३ प्रशासन चनं ३६५० मिति २०५२/०७/१५ को पत्रमा उल्लेख भएकोबाट देखिन्छ।

३. का.म.न.पा. वडा नं. ३१ मिनभवन नेपाल कमर्श क्याम्पसको मूलगेट देखि पूर्व भोगाधिकारमा प्राप्त भएको ३-१५-२ रोपनी जग्गामध्ये नेपाल खानेपानी संस्थानलाई प्रदान गरेको जग्गा बाहेक बाँकी रहेको जमिन पसल सटरहरू (२० विस) वटा निर्माण भई मिति २०७८ असोज १ बाट लागु हुनेगरी प्रति सटर रू ६७५० प्रतिमहिना र प्रतिवर्ष १०% प्रतिशतका दरले भाडा बृद्धि हुनेगरी मिति २०७८/७/२ मा १ वर्षको लागि सम्झौता भएको देखिन्छ। तर यस समितिका पदाधिकारीहरूले क्याम्पस लगायत परिसरमा रहेको जमिनको स्थलगत अवलोकन गर्दा र क्याम्पस प्रमुख लगायत अन्य पदाधिकारी एवं प्रशासनिक कर्मचारीहरू समेतसँग छलफल हुँदा उक्त २० वटा सटर सञ्चालन गर्ने व्यवसायीले धेरै समयदेखि भाडा नदिएको र भाडा असूली गर्ने तर्फ कारबाही पनि नभएको भन्ने जानकारी हुन आयो।

४. खोजबिनको क्रममा नेपाल कमर्स क्याम्पसको नाममा केही जग्गाहरू रहेको भन्ने ब्यहोरा क्याम्पसको स्थलगत भ्रमण तथा छलफलबाट सुनिएको ललितपुर उप.न.पा.को सूचनाको आधारमा खोजी गर्दा सो सम्बन्धी खोजबिन गरी थप जानकारी र प्रमाणको लागि भूमिसुधार तथा मालपोत कार्यालय, लगनखेल ललितपुरलाई मिति २०८१/०७/०१ मा जानकारी मागिएको उक्त कार्यालयले मिति २०८१/०७/०८ च.नं. ५२३१ बाट पठाएको विवरण अनुसार उक्त क्याम्पसको ललितपुर उ.म.न.पा. वडा नं १ (च) मा २० कित्ता जम्मा क्षेत्रफल २१-११-०-० (एक्काईस रोपनी एघार आना) जग्गा रहेको श्रेष्ता उपलब्ध भएको। उक्त जग्गा पुल्चोक इन्जिनियरिङ्ग क्याम्पसको जग्गासँगै रहेको देखिन्छ।

**इ. समितिको विश्लेषण,निष्कर्ष र सुझावः**

१. लामो समयदेखि शटरहरूको भाडा बक्यौता रहेको देखिएकाले बक्यौता भाडा उक्त क्याम्पस सरकारी निकाय नै भएकाले प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गर्न आवश्यक कानूनी प्रक्रिया अबलम्बन गरी तत्काल उठाउनु पर्ने ।

२. समितिलाई भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट प्राप्त भएको श्रेष्ता बमोजिमको क्याम्पसले उक्त कार्यालयसँग पत्राचार गरी २१-११-० क्षेत्रफल (एक्काईस रोपनी एघार आना) जग्गाको ज.ध.प्र.पूर्जा नियमानुसार लिने, सो जग्गामा भौतिक रूपले उपस्थिति जनाउन नापी कार्यालयबाट प्राविधिक लगी नापजाँच गरि गराई, तारबार पर्खाल लगाई आफ्नो अधिनमा लिने कार्य तत्काल गर्नुपर्ने।

३. कानून बमोजिम नगरपालिकामा घरजग्गा कर बुझाउनका लागि ललितपुर महानरपालिकामा समन्वय गरी कर चुक्ता गर्ने।

४. हालसम्म भाडा नउठी क्याम्पसलाई आर्थिक हानी नोक्सानी भएको विषयमा को कस्को लापरबाहीको कारणबाट भएको हो एकिन गर्न सम्बन्धित निकायबाट छानबिन एवं अनुसन्धान गरी प्रचलित कानून बमोजिम कारबाही गर्नुपर्ने।

## ७. पद्मकन्या बहुमुखी क्याम्पस

**अ. उजुरी,गुनासो सम्बन्धी विवरणः**

यस क्याम्पसका जग्गा जमिन तथा भवन सम्बन्धमा समितिको कार्य अवधिभित्र समितिमा कुनै पनि उजुरी गुनासो केही पनि प्राप्त नभएको।

**आ. प्राप्त तथ्यगत सूचना र विवरणः**

१. उक्त क्याम्पसको च.नं. १४२/०८१ मिति २०८१/०४/०६ समेतको पत्रसाथ क्याम्पसको नाममा हालसम्म रहेको भनी संलग्न जग्गाधनी दर्ता प्रमाणपूर्जा अनुसार का.न.पा. ३१ कि.नं. २६३ क्षेत्रफल ३७-४-३-३ (सैंतिस रोपनी चार आना तीन पैसा तीन दाम) रोपनी जग्गा रहेको उल्लेख भई आएको।

२. उक्त क्याम्पसको मिति २०८१/०५/०७ को च.नं. ७४३/०८१ अनुसार ९ वटा (ठूला प्रशासकिय भवन, छात्राबास पुस्तकालय भवन सहितका भवनहरू) भवन टहरा एक (४३७७ बर्गमिटर) रहेको छ। यी माथिका ९ वटा भवन मध्ये बैंक काउण्टर (६६७ बर्गमिटर) तथा क्यान्टिन एक (१६५२९ बर्गमिटर), प्रतिस्पर्धाका आधारमा भाडामा दिएको विवरण उक्त क्याम्पसको मिति २०८१/७/७ को च.नं. १११६/०८१ को पत्रमा उल्लेख गरिएको छ।

३. नेपाल बैंक लि.लाई बैंकको काउन्टर राख्न दिएको भवन मिति २०७५/०३/२८ गतेको सम्झौता बमोजिम १० वर्षको हुने र उक्त भवनको मासिक भाडा वापत बैंकले पहिलो दुई वर्षको लागि प्रतिमहिना रू २५०००/- (पच्चिस हजार मात्र) र त्यसपछि प्रत्येक दुई वर्षमा

उक्त मासिक भाडामा १०% थप गरी क्याम्पसलाई बुझाउने गरी सम्झौता भएको। यसका अतिरिक्त बैंकले विद्युत तथा पानी सो को लागतको विल अनुसारको पैसा तिर्ने सम्झौता भएको देखिन्छ।

४. यसैगरी, क्याम्पस क्यान्टिन सञ्चालन गर्न क्याम्पस तथा बागेश्वरी चमेना गृह, सुन्दरबस्ती भंगाल काठमाण्डौबिच मिति २०७८/०७/०५ मा ३ वर्षको लागि सम्झौता गरेको देखिन्छ। उक्त सम्झौता बमोजिम उक्त चमेना गृहले क्याम्पसलाई मासिक रू २२,५०० (रू बाईस हजार पाँच सय मात्र) भाडा बापत बुझाउने र बिजुली र पानी बापत थप रू १००० (रू एक हजार) बुझाउने सम्झौता भएको पाईन्छ।

५. क्याम्पसको दीर्घकालिन रणनीतिक योजना सन् २०१९-२०२३ तयार रहेको देखिन्छ तापनि यस जग्गा जमिनका सम्बन्धमा कुनै योजना रहेको देखिएन।

**इ. समितिको विश्लेषण, निष्कर्ष र सुझावः**

यस क्याम्पसले जग्गा जमिनको उचित संरक्षण गरेको र उपयोग गरी प्रभावकारी रूपमा गरेको देखियो। कुनै पनि समस्या तथा अप्ठ्यारा क्याम्पसले अनुभव गरेको देखिएन।

## ८. पब्लिक युथ क्याम्पस

**अ. उजुरी, गुनासो सम्बन्धी विवरणः**

यस क्याम्पसका जग्गा जमिन तथा भवन सम्बन्धमा समितिको कार्य अवधिभित्र समितिमा कुनै पनि उजुरी गुनासो केही पनि प्राप्त नभएको।

**आ. प्राप्त तथ्यगत सूचना र विवरणः**

१. उक्त क्याम्पसको च.नं. ११-०८१/०८२ मिति २०८१/४/1 को पत्रद्वारा क्याम्पसले हाल उपभोग गरेको जग्गा १०-७-०-२.७ (दश रोपनी सात आना दुई दशमलव सात दाम) क्याम्पसको प्रशासनमा रहेको Master Plan मा देखिएकोमा क्याम्पसको प्रशासनमा रहेको ज.ध.प्र पूर्जा अनुसार जग्गा ८-४-३-० मात्रै देखिएको हाल क्याम्पसले उपभोग गरेको १०-७-०-२.७ जग्गाको चार किल्ला मध्ये पूर्वउत्तर तर्फको सिमाना स्पष्ट रेखाङ्कन नदेखिएको साथै दक्षिण पश्चिम सिमाना रहेको जग्गामा ५ घर विगत देखिनै न्यूनतम कूत क्याम्पसलाई तिरी बसोबास गर्दै आएको देखिन्छ। यस्तै गरी पश्चिम उत्तरतर्फ सडक पारी क्याम्पसको स्वामित्वमा रहेको ग्यारेज पनि उपयोग गर्न नसकिएकोले चार किल्ला सिमाना खुल्ने गरी जग्गा खोजबिन गर्नुपर्ने भन्ने समेत ब्यहोरा उल्लेख भई आएको।

२. यसमा पत्रसाथ संलग्न भै आएको जग्गाधनी प्रमाणपूर्जामा साविक काठमाडौं नगर पञ्चायत वडा नं. १७ का उल्लेखित ६ कित्ताहरू (३६, ३७, ३८, ३९, ४० र ४१) जग्गाको क्षेत्रफल जम्मा ८-११-१-१ रोपनी (आठ रोपनी एघार आना एक पैसा एक दाम मात्र रहेको) देखिएको र ५ वटा कित्ता जग्गामा मोही कायम भई कि.नं. ३६, ३९ र ४० को हकमा मोही लगत

कट्टा गर्न भूमिसुधार कार्यालय डिल्लीबजार, काठमाडौंमा मोहीका तर्फबाट निवेदन दर्ता गराएको विवरण पनि प्राप्त हुन आएको।

३. २०२९ सालमा राष्ट्रिय शिक्षा परियोजना लागु भएपछि प्राइभेट कलेज भएकोले त्रि.वि.मा गाभिन आएको र कलेजको २०२४ र २०२७ सालमा रिमाल र राणासँग राजिनामा (अप्रमाणित टिपोटहरूबाट देखिएको) गरी लिएको जग्गा हो। उक्त समयमा कागजातमा कहिँकतै मोहि उल्लेख भएको थिएन पछि क्याम्पसले लालपूर्जा प्राप्त गर्दा कि.नं. ३६, ३८, ३९ र ४० कित्तामा पनि मोही र जग्गाधनीको रूपमा क्याम्पसकै नाम उल्लेख भएको थियो भन्ने टिपोट फेला परेको तर आधिकारीक पुष्टी हुन सकेन।

४. मोहिका विषयमा भूमिसुधार कार्यालयमा मुद्दा परेको भन्ने सुनिएको सो विषयमा हाल क्याम्पसमा कागजातहरू नभेटिएकाले समितिलाई कागजपत्र उपलब्ध गराउन सकिएन भन्ने जवाफ संलग्न भएको।

५. क्याम्पसको मिति २०८१/०७/२७ च.नं. १३४/०८१/८२ को पत्र बमोजिम नापी शाखा, डिल्लीबजार काठमाडौंबाट २०५९/११/०२ मा लिएको क्षेत्रिय किताव का.म.न.पा. वडा नं. १७ सिट नं. १०२-१०६४-१२ कि.नं. ५४२ को क्षेत्रफल ०-८-०-२ (२५७.४ वर्ग मिटर) को चोक जग्गाको फिल्डबुक महलमा ज.ध.को नाममा नारायण देवि, कृष्णा विक्रम र पब्लिक युथ क्याम्पस उल्लेख भएको।

**इ. समितिको विश्लेषण, निष्कर्ष र सुझावः**

१. यसमा हाल क्याम्पसले प्रयोग गरेको भनिएको जग्गाको क्षेत्रफल र जग्गाधनी प्रमाण पूर्जामा रहेको जग्गाको क्षेत्रफल के कसरी फरक पर्न गएको हो सो को आधार प्रमाण तथा क्याम्पसको जग्गाको चार किल्ला पनि एकिन गर्ने कार्य सम्पन्न भए गरेको देखिन आएन। यसको साथै चार किल्ला स्पष्ट नहुँदा ग्यारेज लगायतको जग्गा उपभोग गर्नमा कठीनाई परेको भन्ने समेत व्यहोरा उल्लेख भएको देखिँदा नापी कार्यालयबाट पुनः नाप जाँच गरी गराई क्याम्पसको क्षेत्रफल र चार किल्ला स्पष्ट गर्नुपर्ने भएकोले उक्त कार्य प्रक्रियामा रहेको भनी उक्त क्याम्पसको पत्रमा उल्लेख भएको देखिन्छ।

२. क्याम्पसबाट प्राप्त पत्रसाथ प्राप्त कागजातहरूबाट ३ वटा कित्ता नं.हरू ३६, ३९ र ४० जग्गाहरूमा ज.ध.द.प्र. पूर्जामा उल्लेखित मोहीहरूको लगतकट्टा गर्न २०५५ सालमा नै कारबाही चलाएको देखिए तापनि सो सम्बन्धमा कारबाहीको टुंगो लाग्यो लागेन जानकारी हुन सकेन।

३. यसको साथै ज.ध.प्र. पूर्जामा उल्लेखित ५ वटा कित्तामा मोहीहरू जनिएको मध्ये बाँकी २ वटा कि.नं.को हकमा मोही लगत कट्टा गर्ने तर्फ कारबाही अघि बढाइएको छ छैन? सो समेत प्राप्त कागजातहरूबाट स्पष्ट हुन सकेको देखिएन। क्याम्पसको उल्लेखित मितिमा समितिलाई लेखेको पत्र व्यहोरामा क्याम्पसको दक्षिण पश्चिम सिमानामा रहेको जग्गामा ५ घर

विगत देखि नै न्यूनतम कुत क्याम्पसलाई तिरी बसोबास हुँदै आएको भन्ने उल्लेख भएबाट र यस समितिलाई उपलब्ध गराईएको धनिपूर्जामा आफ्नै ५ वटा कित्ताहरूमा मोहीको नाम नामेसी उल्लेख भईरहेबाट समेत अझै मोही लगत कट्टा नभएको हो की भन्ने देखिन्छ।

४. प्राप्त कागजातहरू अध्ययन गर्दा मोही लगत कट्टा गर्न मोही जनिएका सबै कित्ताको हकमा कारबाही चलाई समयमा नै मोही लगत कट्टा भए गरेको देखिएन।

५. समितिका पदाधिकारीले क्याम्पसको स्थलगत अवलोकनको क्रममा क्याम्पसका पदाधिकारी, प्रशासनका कर्मचारीहरूसँग छलफल भयो। क्याम्पसको प्रयोगमा ल्याएको ग्यारेज, पूर्वउत्तर कुनाको क्याम्पस परिसरभित्र पर्ने भनिएको ३७ नं कित्ताको जग्गा, मोही जनिएका भनिएका कित्ताहरूमा रहेको ५ वटा घरहरू, कम्पाउण्डभित्र रहेको स्थानीयले उपयोगमा ल्याउने कुमारीदेवीको मन्दिर समेतको विषयमा जानकारी लिईयो।

**सुझावः**

१. क्याम्पस प्रशासनले क्याम्पसको स्वामित्वमा रहेको जग्गा जमिन क्षेत्रफल र चारकिल्ला एकिन गर्ने गराउने र सोही बमोजिम सीमा सुरक्षा गर्ने व्यवस्था गर्नुपर्ने।

२. ज.ध.प्र.पूर्जामा उल्लेखित मोहीहरूको लगत कट्टा गर्ने कारबाहीलाई टुङ्गोमा पुऱ्याउनुपर्ने।

## ९. पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुर

### अ. उजुरी सम्बन्धी विवरणः

पाटन संयुक्त क्याम्पसको नाममा साबिकमा ललितपुर न.पा. वडा नं. ३ मा रहेको (रानी जगदम्बाबाट प्राप्त गरेको जग्गा) का विषयमा वि.सं. २०५६ सालसम्म १४-८-० क्षेत्रफल रहेकोमा हाल १०-९-२-० दश रोपनी नौ आना दुई पैसामात्र रहेको छ। बाँकी जग्गा भूमाफियाहरूको कब्जामा गएको भनिन्छ । साथै क्याम्पसले भाडामा दिएको लबिम मलको विगत केही वर्षदेखि भाडा पनि नउठीरहेको भन्ने समाचारहरू अनलाईन मिडियामा प्रकाशन भएको देखिन्छ। विज्ञान भवनतर्फको मुलगेटको पाटनढोका तिरको मोहडा फर्केको एक हजार वर्ग फिट बराबरको बहुमुल्य जग्गा विश्वविद्यालयलाई गुमराह राखी सित्तैमा तःननी मंकाखललाई दिने गरी प्लट मिलान गरिएको तर मंकाखलले क्याम्पसलाई दिनुपर्ने जग्गा नदिएको भन्ने समाचार समेत विभिन्न पत्रपत्रिकामा प्रकाशन भएको यसका अतिरिक्त महालेखा परिक्षकको बार्षिक प्रतिवेदनमा समेत भाडा रकम नउठेको र जग्गाको श्रेष्ता पूर्जा अद्यावधिक नभएको सम्बन्धमा उल्लेख भएको।

### आ. प्राप्त तथ्यगत सूचना र विषयहरूः

१. वि.सं. २०११ भाद्र १७ गते पाटन इन्टर कलेजको नाममा स्थापना भएको वि.सं. २०१९ मा पाटन डिग्री कलेजमा रूपान्तरण भई वि.सं. २०३० श्रावण १० मा पाटन संयुक्त क्याम्पसको नाममा पुनः नामाकरण भएको देखिन्छ।

२. वि.सं. २०२६ साल आषाढ २ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम पाटन कलेजको लागि ललितपुर पाटन ढोका क्षेत्रको हाल ललितपुर महानगर वडा नं १५ (घ), वडा नं १ (क) र वडा नं ३ ज मा रहेको ३३ कित्ताहरूको क्षेत्रफल ४७-६-२-२ रोपनी (छयालिस रोपनी छ आना दुई पैसा दुई दाम) जग्गा अधिग्रहण भएको/हाल उक्त जग्गा पाटन कलेज कै रूपान्तरित भएको पाटन क्याम्पसले भोगचलन गर्दै आएको देखिएको।

३. तत्कालीन श्री ५ को सरकारबाट २०२६ सालमा अधिग्रहण भई यस क्याम्पसले भोगचलन गरी आएको जग्गा क्षेत्रफल ४७-६-२-२ रोपनी मध्ये विभिन्न कित्ताहरूभित्रको क्षेत्रफल २९-४-०-१ रोपनी जग्गाको हाल सम्म जग्गाधनी प्रमाण पूर्जा लिन बाँकी नै रहेको छ भन्ने समेत ब्यहोरा उक्त क्याम्पसको पत्र संख्या २०२०/०८१/३/२० मिति २०८१/०३/१९ को पत्रसाथ संलग्न भै आएका कागजहरूबाट देखिन आएको।

४. ललितपुरको पुल्चोक स्थित रानी जगदम्बाबाट क्याम्पसलाई प्राप्त हाल सञ्चालनमा रहेको ललितपुर विशाल बजार मल्टिप्लेक्स प्रा.लि.लाई लिजमा दिइएको जग्गाको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपिबाट १०-९-२ + १-६-२ रोपनी जग्गा रहेको देखिन्छ।

५. रानी जगदम्बाबाट क्याम्पसलाई प्राप्त भएको ललितपुर महानगरपालिका वडा नं ३ पुल्चोक स्थित कि.नं. ११४, ११५, ११६, ११७, ११८, २७१ र २७८ गरी ७ कित्ताको १०-९-२ पैसा जग्गा ललितपुर विशाल बजार मल्टिकम्प्लेक्स कम्पनी प्रा.लि. लाई वि.सं. २०५७ चैत्र १३ गते सम्झौता गरी लिजमा दिएको छ। सो समेत गरी पाटन संयुक्त क्याम्पसको जम्मा जग्गा ५८-०-२ रोपनी क्षेत्रफल (अन्ठाउन्न रोपनी दुई पैसा) भोगचलन गर्दै आएको देखिन्छ।

६. ल.पु.म.न.पा. वडा नं. ११ कि.नं. ३६ को क्षेत्रफल ०-१३-१-१ जग्गा सार्बजनिक जग्गामा अवस्थित तःननी मंकाःखलको स्वामित्वमा रहेको जग्गाको पश्चिम पट्टी सिमानामा पाटन संयुक्त क्याम्पसले प्रयोग गर्दै आइरहेको मूलबाटो र गेट नजिकबाट बाटोको लागि पटक पटक क्याम्पसलाई अनुरोध गरेको, (संस्थालाई अन्यतर्फ उचित विकल्पको मोटरबाटो नभएकोले भनी उल्लेख) हुनाले त्रि.वि. कार्यकारी परिषद्को मिति २०७६/०१/०५ को निर्णय नं. २४०२ बमोजिम क्याम्पस र संस्थाबिच एक आपसमा समान क्षेत्रफल जग्गा आदान प्रदान गरी प्लट मिलान गर्ने सम्बन्धमा क्याम्पसले आफ्नो क्याम्पसलाई अहित नहुने गरी आवश्यक निर्णय गर्न क्याम्पस कार्यसमितिलाई जिम्मेवारी दिईएको देखिन्छ।

७. सो सम्बन्धमा मिति २०७६/०५/२० शुक्रबार ल.पु.म.न.पा. वडा नं. ११ का वडाध्यक्ष श्री इन्द्रमान महर्जन सहित क्याम्पस प्रमुख योगेन्द्र प्रसाद शाह, तःननी मंकाखलका प्रतिनिधिहरू सहितको संयुक्त बैठकबाट क्याम्पसलाई अहित नहुने तथा क्याम्पसको प्रस्ताव अनुरुप नै प्लट मिलान गर्न सहमति भएको र सोही बमोजिम सिमाना र अन्य प्रक्रिया अगाडि बढाउने निर्णय भएको देखिन्छ। क्याम्पसले समितिलाई च.नं. ६१६ मिति २०८१/७/२३ मा पठाएको पत्र

बमोजिम दुवैतर्फ ९७२.१६ वर्गफिट जग्गा आदान प्रदान भएको र सो स्थानमा बाटो निर्माण भएको उल्लेख छ।

८. वि.सं. २०५७ साल चैत्र मा पाटन संयुक्त क्याम्पस र विशाल बजार कम्पनी विच ल.पु.म.न.पा. वडा नं. ३ को पुल्चोकको १०-९-२ रोपनी जग्गा बिशालबजार कम्प्लेक्स निर्माण गरी बहालमा लिने दिने गरी निर्माण अवधि बाहेक ३० बर्षको लिज अवधि कायम गरी दिइएको। उक्त ३० बर्षको अवधिलाई त्रि.वि. घरजग्गा लिज वा बहालमा दिने सम्बन्धी कार्य व्यवस्थापन प्रणाली, २०५६ बमोजिम २ वर्ष निर्माण अवधि सहितको सम्झौता भएको र निर्माण अवधि भर २ वर्ष प्रति महिना पचास हजारका दरले २ वर्षको १२ लाख र तीस वर्षको कूल भाडा अवधिको कूल रकम चौध करोड उनान्साठी लाख त्रियासी हजार एक सय सत्ताईस लाई १० खण्डमा विभाजन गरी द्वितिय पक्षले प्रथम पक्षलाई रकम भुक्तानी गर्ने सम्झौता भएको देखिन्छ।

९. पुनः पाटन संयुक्त क्याम्पस र ललितपुर विशाल बजार मल्टिकम्प्लेक्स कम्पनी प्रा.लि. बिच २०७२ चैत्र १० गते बुधबारका दिन ल.पु.म.न.पा. वडा नं. ३ पुल्चोक स्थित १०-९-२ (दश रोपनी नौ आना दुई पैसा) जग्गा २+२३ वर्ष (निर्माणाधिन अवधि थप) गरी पहिलेको २०५७ को सम्झौतामा सारभूत परिवर्तन नहुने गरी सम्पूर्ण अधिकार र दायित्व हस्तान्तरण गर्ने गरी सम्झौता भएको देखिन्छ।

१०. दोस्रो पटकको सम्झौताको पहिलो बर्ष र पहिलो सम्झौताको पन्ध्रौं वर्षको तुलना गरी विश्लेषण गर्दा वार्षिक किस्ता रकम क्रमशः ३८,०७,१९६/९७ (अठतिस लाख सात हजार एक सय छयानब्बे पैसा) समेतको ४३,७२,५१६/- (त्रिचालिस लाख बहत्तर हजार पाँच सय सोह्र) हुनुपर्ने देखिन्छ। यस आधारमा हेर्दा दोस्रो सम्झौताको पहिलो बर्ष देखि नै बार्षिक ५ लाख ६५ हजार ३ सय २० रूपैयाँ फरक परेको देखिन आएकोले सम्बन्धित निकायबाट थप छानबिन गर्नुपर्ने देखिएको छ।

११. लबिममलले सर्वोच्च अदालतबाट रिट फिर्ता लिएपछि २०८१ आश्विन मसान्तसम्मको भाडा रकम अग्रिम भाडा भनि बुझाएको तर सम्झौताको बुँदा नं. १५.६ को बुझाई वा ब्याख्यामा भने समान धारण बन्न सकेको अवस्था छैन भन्ने समेत जानकारी प्राप्त हुन आएको।

१२. यसैगरी, समाजशास्त्र भवनको पहिलो तल्ला २०६०/०६/०९ देखि शान फर्निचर बनेपा-१० लाई (रोशन श्रेष्ठ) व्यवसायिक प्रयोजनको सम्झौता भएको पहिलो बर्ष रू १,७५,५०२ भुक्तानी हुने र बार्षिक ५% ले बृद्धिहुने गरी गरेको सम्झौतामा पुनः २०७१/०७/१६ मा अर्को सम्झौता भएको देखिन्छ। तर उक्त प्रा.लि.ले भाडा नबुझाएको सम्बन्धमा क्याम्पसले कानूनी कारबाही अघि बढाएको देखिन्छ।

१३. उक्त क्याम्पसको मिति २०८१/०३/१९ को पत्रसाथ प्राप्त विवरण अनुसार यस क्याम्पसको ११ वटा भवनहरू मध्ये ९ वटा भवनहरू २०७२ को भूकम्पको प्रभावले जिर्ण भएको हुँदा

रातो स्टिकर टाँसिएको, २०११ सालको पहिलो ऐतिहासिक भवन जिर्ण अवस्थामा रहेको, र संरक्षण गर्न नसकिने अवस्था रहेको। अध्ययन अध्यापनका लागि ६ वटा भवनहरू १० वटा टहराहरू मात्र प्रयोगमा रहेको जानकारी हुन आएको।

१४. थप ७ वटा भवनका लागि २०८०/८१को नेपाल सरकारको बजेट (रातो किताबमा परेको) तर बजेट निकास नभएको व्यहोरा समेत उल्लेख भई आएको।

१५. क्याम्पसको अन्य जग्गा जमिन कहीं कतैबाट अतिक्रमण नभएको र कुनै पनि अदालतमा मुद्दा मामिला नभएको भनी जवाफ प्राप्त हुन आएको देखिन्छ।

**इ. समितिको विश्लेषण, निष्कर्ष र सुझाव र सुझावः**

१. पाटन संयुक्त क्याम्पसबाट यस समितिलाई उपलब्ध गराएको क्याम्पसको नाममा प्राप्त जग्गाधनी दर्ता प्रमाण पूर्जा मध्ये केहीमा अझै मोहीको नाम नामेसी उल्लेख भई रहेको देखिन्छ। २०२६ सालमा नै अधिग्रहण भई सकेको र सोही समयदेखि एकलौटी भोगचलनमा रहेको हुँदा अभिलेख हेरी मोही लगत कट्टा गर्न कारबाही अघि बढाउनु पर्ने देखिन्छ।

२. क्याम्पसको नाममा रहेको फिल्डबुकमा जनिएका विभिन्न कित्ता नं.हरूको जम्मा २९-४-०-१ रोपनी जग्गाको जग्गाधनी प्रमाणपूर्जा उपलब्ध गराउन २०५७/२/१३ मा मालपोत कार्यालय ललितपुरमा पत्राचार भएकोमा हालसम्म त्यसको कारबाही टुंगो मालपोत कार्यालयबाट लागेको नदेखिएको भए त्यसलाई निरन्तरता दिई ज.ध.द. प्रमाणपूर्जा लिनुपर्ने देखिन्छ।

३. क्याम्पसको नाममा अधिग्रहण भएको समयमा नापजाँच भई कायम रहेको साविकको क्षेत्रफल अनुरूप हाल भए नभएको एकिन गरी जग्गाको क्षेत्रफल र श्रेष्ता पूर्जा अद्यावधिक गर्नुपर्ने देखिन्छ।

४. ललितपुर पुल्चोक स्थित रानी जगदम्बाबाट प्राप्त गरिएको भनिएको जग्गाको जग्गाधनी प्रमाणपूर्जामा जग्गाको क्षेत्रफल १०-९-२ (दश रोपनी नौ आना दुई पैसा मात्र) + १-६-२ (एक रोपनी छ आना दुई पैसा) पनि जनिएको देखिन्छ तर क्याम्पसले समितिलाई लेखेको पत्रमा १-६-२ रोपनी जग्गाको क्षेत्रफल क्याम्पसको कुल क्षेत्रफलमा नजोडिएको उल्लेख कहिँ कतै गरेको देखिँदैन। साथै, सम्झौता पत्रमा पनि १०-९-२ रोपनी मात्र उल्लेख भएको हुँदा ज.ध.प्र.पूर्जामा उल्लेखित क्याम्पसको नाममा रहेको १-६-२ रोपनी जग्गा कहाँ कसले कसरी उपभोग गरेको छ? सो समेत खोजबिन गरी क्षेत्रफल एकिन गर्नुपर्ने देखिन्छ।

५. पुराना भवनहरुको मर्मत संभार गर्ने तथा नयाँ भवन निर्माण गरी पठनपाठन कार्य सम्पादन गर्ने तथा क्याम्पसको पश्चिम तर्फको अगाडिको जग्गा संरक्षण कार्य अघि बढाउनुपर्ने देखिन्छ।

६. क्याम्पसको जग्गा जमिन भवनको संरक्षण, उपयोग र व्यवस्थापन सम्बन्धी दिर्घकालिन योजना तर्जुमा गरेको नदेखिँदा त्रि.वि.सँग सम्बन्धित कानूनको अनुसरण गर्दै गुरूयोजना तर्जुमा गर्न आवश्यक देखिन्छ।

## १०. पुल्चोक क्याम्पस, पुल्चोक, ललितपुर (इन्जिनियरिङ्ग अध्ययन संस्थान)

### अ. उजुरी, गुनासो सम्बन्धी विवरणः

यस क्याम्पसका जग्गा जमिन तथा भवन सम्बन्धमा समितिको कार्य अवधिभित्र समितिमा कुनै पनि उजुरी गुनासो केही पनि प्राप्त नभएको।

### आ. प्राप्त तथ्यगत सूचना र विवरणः

१. वि.सं. २०२३ सालमा इञ्जिनियरिङ्ग स्कुलका नामले पुल्चोक स्थित आनन्द निकेतन हातामा सञ्चालित नेपाल इञ्जिनियरिङ्ग इन्स्टिच्युट (२०३३) तथा टेक्निकल ट्रेनिङ्ग इन्स्टिच्युट, थापाथली (२०१९) लाई एकिकृत गरी वि.सं. २०२९ त्रिभुवन विश्वविद्यालय अन्तर्गत इन्जिनियरिङ्ग अध्ययन संस्थान गठन भई यसै अन्तर्गत पुल्चोक क्याम्पस सञ्चालनमा रहेको देखिन्छ। समितिले माग गरे अनुसार क्याम्पसको च.नं. ३०९९/०८०-८१ मिति २०८१/०३/२६ मा समितिलाई उपलब्ध गराएको विवरण एवं अभिलेखका आधारमा क्याम्पसको नाममा रहेको देखिन्छ।

२. क्याम्पसको नाममा ललितपुर महानगरपालिका वडा नं. १(क), १(ग) र १(च) मा समेत गरी जम्मा कित्ता संख्या २८९ मा रहेको जम्मा जग्गाको क्षेत्रफल ३६९-१-२-२ रोपनी (तीन सय उनान्सत्तरी रोपनी एक आना दुई पैसा दुई दाम) भोगचलनमा रहेको देखिन्छ। क्याम्पसबाट प्राप्त विवरण अनुसार ७ वटा ज.ध.प्र.पूर्जामा रहेको छ।

३. क्याम्पसमा के कति भवहरू रहेको र भवनको अवस्था के कस्तो रहेको छ भन्ने विषयमा क्याम्पसबाट प्राप्त नभएको।

४. पुल्चोकबजारबाट पाटनढोका जाने मोडस्थित दुईतले भवन इमबार्क कलेज प्रा.लि.लाई १२,०७७.५४ र पार्किङ्ग क्षेत्रफल ९७५० वर्गफिट २०८० आषाढ १ देखि भाडामा उपलब्ध गराएको, त्यसैगरी फोटोकपि एवं स्टेशनरीको लागि “D” Block मा ओम स्टेशनरी र रोहित कुमार श्रेष्ठलाई २०८१ देखि भाडामा दिइएको देखिन्छ।

### इ. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

१. क्याम्पसको नाममा रहेका केही जग्गाधनी प्रमाणपूर्जामा अझै केही असम्बन्धित विवरण (जस्तैः गुठी जनिएको) उल्लेख भइरहेको देखिन्छ। साथै केही कित्ता जग्गामा अझै मोहीको लगत कट्टा नभएको र केही कित्तामा मोही सम्बन्धी विवाद सम्बन्धित निकायमा विचाराधिन रहेको बुझिन आएको।

२. नेपाल सरकारले कानून बमोजिम अधिग्रहण गरी मुआब्जा समेत वितरण गरी लामो समयदेखि स्वामित्व ग्रहण गरी भोगचलन गरी रहेको जमिनमा समयमा नै लगतकट्टा नगरी अझै दोहोरो स्वामित्व देखिने श्रेष्ता कागजात रहिरहँदा क्याम्पसलाई हानीनोक्सानी हुने संभावना भएकोले समयमै समस्या समाधान नगरेको हुँदा जिम्मेवार पदाधिकारीको कमजोरी देखिन आएकोले

सम्बन्धित पदाधिकारी र कर्मचारी उपर सम्बन्धित निकायबाट थप छानबिन गरी कारबाही गर्नुपर्ने।

३. क्याम्पस र त्रि.वि. दुवैले जग्गाको लालपूर्जामा दोहोरो स्वामित्व कट्टा गर्ने कारबाहीको प्रक्रिया तत्काल बढाउनुपर्ने।

## ११. विश्वभाषा क्याम्पस, काठमाडौं

### अ. उजुरी, गुनासो सम्बन्धी विवरणः

यस क्याम्पसका जग्गा जमिन तथा भवन सम्बन्धमा समितिको कार्य अवधिभित्र समितिमा कुनै पनि उजुरी गुनासो केही पनि प्राप्त नभएको।

### आ. प्राप्त तथ्यगत सूचना र विवरणः

१. उक्त क्याम्पसको प.सं. ०८०/०८१ च.नं. ५०८ मिति २०८१/३/२१ पत्रद्वारा क्याम्पसको स्वामित्वमा काठमाडौं महानगर पालिका वडा नं. ३१ (हाल २८) कि.नं. १८४ मा क्षेत्रफल ७-१५-२-३ रोपनी जग्गा र भवन ३ तला रहेको पुरानो भवन एक, ५ तला रहेको पुरानो भवन एक पालेघर एक र शौचालय (म/पु) १ रहेको भनी जानकारी प्राप्त हुन आएको।

२. उक्त क्याम्पसको मिति २०८१/०६/१६ को पत्रसाथ क्याम्पस र साझा प्रकाशन बीच काठमाडौं महानगरपालिका वडा नं. ३१ प्रदर्शनीमार्ग स्थित नवनिर्मित भवनको व्यापारिक कम्प्लेक्सको भुईतला (१७०७.२९ वर्गफिट र माथिल्लो तलाको ६७५ बर्गफिट) ट्वाइलेट बाथरूम सहित उपभोग गर्ने गरी मिति २०७०/०४/०१ देखि ५ वर्षका लागि क्याम्पस र साझा प्रकाशनबीच घरभाडा सम्झौता भई मासिक रू ७५,६८४।६६ पाउने गरी भाडामा लगाएको विषय पनि जानकारी हुन आएको।

३. उक्त क्याम्पसको च.नं. १०८/०८१/८२ मिति २०८१/०७/१४ को पत्रद्वारा समितिलाई प्राप्त विवरण अध्ययन गर्दा साझा प्रकाशनलाई मिति २०७० सालमा ५ वर्षे सम्झौता गरी भाडामा लगाएकोमा सम्झौताको म्याद समाप्त भएपश्चात् हालसम्म उक्त संस्थासँग कुनै प्रकारको सहमति वा सम्झौता/करार नविकरण नभएको भन्ने व्यहोराको जानकारी हुन आएको।

### इ. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

१. त्रि.वि.को जग्गाजमिन वा भवन लिज वा भाडामा दिने सम्बन्धमा भइरहेका विद्यमान कानून बमोजिम सम्झौता गर्ने, म्याद थप गर्ने र पुनः सम्झौता गर्ने वा सम्झौता खारेज/रद्द गर्ने कार्य तोकिएका पदाधिकारी निकायले त्रि.वि.लाई आर्थिक हानी नोक्सानी नहुने गरी गर्नुपर्नेमा साझा प्रकाशनसँग भएको सम्झौताको अवधि व्यतित भएका यतिका वर्ष सम्म पनि कुनै कारबाही नचलाई उपभोग गर्न दिई रहनुलाई कानूनको सहि पालना जिम्मेवार पदाधिकारीबाट भए गरेको रहेछ भन्न मिल्ने देखिएन।

२. क्याम्पसले सम्झौता अवधि बढाउने, पुनः सम्झौता गर्ने वा बाँकी रकम असूल उपर गरी साझा प्रकाशनलाई हटाउनुपर्ने तर्फ के कस्तो कारबाही अघि बढाइयो भन्ने कुराको जानकारी

समितिलाई प्राप्त हुन सकेन। समयमा नै त्यस तर्फ कुनै कारबाही नगराई क्याम्पसलाई आर्थिक हानी नोक्सानी पुग्ने पुऱ्याउने सम्बन्धितहरू उपर छानबिन एवं अनुसन्धान गरी त्रि.वि.को कानून बमोजिम कारबाही अघि बढाउनु पर्ने देखिन्छ। साथै, समयमा सम्झौता नगर्ने कार्यबाट क्याम्पसलाई आर्थिक हानी नोक्सानी पुऱ्याएको सम्बन्धमा अ.दु.अ.आयोगबाट थप छानबिन गरी कारवाही गर्नुपर्ने देखिन्छ।

## १२. भक्तपुर बहुमुखी क्याम्पस, दुधपाटी, भक्तपुर

### अ. उजुरी, गुनासो सम्बन्धी विवरणः

यस क्याम्पसका जग्गा जमिन तथा भवन सम्बन्धमा समितिको कार्य अवधिभित्र समितिमा कुनै पनि उजुरी गुनासो केही पनि प्राप्त नभएको।

### आ. प्राप्त तथ्यगत सूचना र विवरणः

१. वि.सं. २०१६ साल कार्तिक १९ मा स्थापना भएको भक्तपुर क्याम्पसको विकास र विस्तारको निमित्त वि.सं. २०३३ आषाढ २९ को नेपाल राजपत्रको जग्गा अधिग्रहण सम्बन्धी प्रकाशित सूचना बमोजिमको भ.न.पा. वडा नं. १७ (क) मा पर्ने क्षेत्रफल ४३-१२-० रोपनी (त्रियालिस रोपनी बाह्र आना) जग्गा क्याम्पसका नाउँमा स्वामित्व कायम भएको देखिन्छ। यस बाहेक भक्तपुर न.पा. वडा नं. १७ (क) मा पर्ने कि.नं. २४२ र ३६ को क्रमशः ५-६-० र २-९-० रोपनी जग्गासमेत गरी कूल जग्गा जमिन ५१-११-० (एकाउन्न रोपनी एघार आना मात्र) रहेको जग्गाधनी प्रमाण पूर्जाबाट देखिन्छ। त्यसैगरी, पुरानो २ तलाको भवन र गोलभवन, विविए भवन, वि.वि.एस. भवन, विज्ञान भवन लायन्स भवन, लायन्स टहरा, सिएस आइटी भवन, वि.आई.एम. टहरा भवन गरी नौ वटा भवन र ६ वटा शौचालय तथा टेबुल टेनिस हल रहेको भन्ने समेत जानकारी उक्त क्याम्पसको च.नं. ९३९/०८/०८१ मिति २०८१/०३/१९ को पत्रसाथ प्राप्त कागजातहरूबाट हुन आएको।

२. शिक्षण संस्थाहरूको नाममा जग्गा दर्ता गर्ने सम्बन्धमा मिति २०३२/०७/१२ को श्री ५ को सरकार (मं.प.)को निर्णय, सम्पत्ति संरक्षण समितिको निर्णय समेतको आधारमा मा.पो.का.को मिति २०३३/१०/१९ को निर्णयले कि.नं. २४२ र शिक्षण संस्था सम्पत्ति व्यवस्था समिति भक्तपुरको मिति २०३३/११/१६ को बैठकको निर्णय समेतको आधारमा मालपोत कार्यालयको मिति २०३३/१२/२६ को निर्णयले कि.नं. ३७ क्याम्पसको नाममा दर्ता भएको देखिएको।

३. यस समितिका पदाधिकारीहरूको स्थलगत अवलोकनको क्रममा क्याम्पसको मध्य दक्षिण सिमादेखि वायव्य कोण र वायव्य कोणदेखि मध्य पश्चिम सिमानामा टोलबासीसँग पर्खाल निर्माण गर्ने क्रममा विवाद रही दबाब दिएकाले पर्खाल निर्माण गर्ने कार्य सम्पन्न हुन नसकेको भन्ने जानकारी प्राप्त भएको।

४. साथै, क्याम्पसको उत्तरतर्फ रहेको भाजु पोखरीको वरीपरीको डिलमध्ये दक्षिण तर्फको क्याम्पससँग जोडिएको बाहेक अन्य सार्वजनिक बाटोको रूपमा प्रयोग भई रहेको र दक्षिणतर्फको डिलमा पनि करिब २० फिटको चौडाई भएको बाटो नगरपालिकाले जबरजस्ती खोल्न लागेको छ। उक्त बाटो खुलाउँदा क्याम्पसको जमिन जाने मात्र होइन क्याम्पसको पठन पाठन सुरक्षामा समेत असर पर्न जाने देखिएको।

५. भ.न.पा. वडा नं १ दुधपाटी स्थित क्याम्पसको भाजुपोखरीको दक्षिण तर्फको डिलमा लायन्स भवन देखि पश्चिमतर्फ भक्तपुर बहुमुखी क्याम्पसले साबिकको कम्पाउण्ड पर्खाल (भुकम्पबाट क्षति भई पूर्ण जोखिममा रहेको ८० फिट लम्बाई रहेको सिमाना पर्खाल हटाउने विषयमा दुवै पक्ष विच विवाद उत्पन्न भएको अवस्था।

६. पोखरीको डिल वरिपरी सार्वजनिक बाटो बनाउने कार्यबाट क्याम्पसको शैक्षिक वातावरण र सुरक्षामा असर पर्ने भएकाले स्थानीय तहसँग विवाद रहेको।

७. टेबुलटेनिस हल र तीन तलाको भवन निर्माण सम्बन्धमा नक्सा स्वीकृति विना बनाउन लागेको समेत विवाद रहेको ।

**इ. समितिको विश्लेषण,निष्कर्ष र सुझावः**

१. भाजुपोखरीको उत्तर पश्चिम वरिपरिको जग्गा समेत निर्णय अनुसार क्याम्पसलाई प्रदान गरिएकोमा हालैका केही वर्षदेखि पोखरीको सौन्दर्य कायम राख्ने प्रयोजनार्थ उक्त पोखरीको डिल क्षेत्रमा नगरपालिकाले हस्तक्षेप गरिरहेको विषयमा त्रि.वि. केन्द्रीय कार्यालय, रजिष्ट्रारको कार्यालयबाट समस्या समाधानको पहल भईरहेको पनि देखियो। सो कार्यलाई दुबैतर्फका अख्तियार प्राप्त अधिकारी बसी टुङ्ग्याउने र कार्यकारी परिषद्बाट निर्णय गराई समस्या समाधान गर्नुपर्ने।

२. क्याम्पस सरकारी निकाय भएको र स्थानीय तहले त्यस्ता सरकारी निकायको जग्गा जमिनको संरक्षणमा सघाउनु पर्ने हुँदा सोही ब्यहोरा अनुरोध गर्ने।

## १३. महाराजगञ्ज नर्सिङ क्याम्पस, महाराजगञ्ज, काठमाडौं

**अ. उजुरी,गुनासो सम्बन्धी विवरणः**

यस क्याम्पसका जग्गा जमिन तथा भवन सम्बन्धमा समितिको कार्य अवधिभित्र समितिमा कुनै पनि उजुरी गुनासो केही पनि प्राप्त नभएको।

**आ. प्राप्त तथ्यगत सूचना र विवरणः**

१. क्याम्पसको च.नं. ११३१/०८०/०८१ मिति २०८१/०३/१८ को पत्रअनुसार यस महाराजगंज नर्सिङ्ग क्याम्पस २०४२ सालमा जापान सरकारको सहयोगद्वारा निर्मित शैक्षिक तथा प्रशासनिक र छात्रबास भवन लगभग २५/३० रोपनी जमिन चिकित्साशास्त्र अध्ययन संस्थान डिन कार्यालय अन्तर्गत रहेको तर क्याम्पसको नाममा लालपूर्जा हालसम्म उपलब्ध नभएको भन्ने समेत व्याहोराको जानकारी प्राप्त हुन आएको।

२. क्याम्पस रहेको जग्गा नेपाली सेनाबाट मिति २०३६/०९/०९ मा श्री ५ को सरकारको निर्णयानुसार १६२ रोपनी (एक सय बैसठ्ठी रोपनी) प्रस्तावित टिचिङ्ग हस्पिटलका लागि शिक्षा मन्त्रालयलाई हस्तान्तरण गर्न सम्मको लागि शिक्षा मन्त्रालय र रक्षा मन्त्रालयबिच पत्राचार भएको तर उक्त जग्गाको कि.नं.हरू कुन कुन हुन् भन्ने कुराको जानकारी र जग्गाको नक्सा र ज.ध.प्र.पूर्जा क्याम्पससँग तत्काल नभएकोले उक्त क्याम्पसले उपलब्ध गराउन नसकेको अवस्था चिकित्साशास्त्र अध्ययन संस्थानबाट प्राप्त पत्रहरूबाट देखिन्छ।

**इ. समितिको विश्लेषण, निष्कर्ष र सुझावः**

शिक्षा मन्त्रालयले स्वामित्व ग्रहण गरिसकेको नसकेको के थियो भन्ने सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई यस समितिबाट जानकारी उपलब्ध गराउन अनुरोध भई गएको र हालसम्म जानकारी प्राप्त नभएको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले स्वामित्व ग्रहण गरिसकेपछि क्याम्पसलाई हस्तान्तरण गर्ने कार्यलाई तत्काल अगाडि बढाउने नबढाउने सम्बन्धमा निर्णय नेपाल सरकारबाट हुनुपर्ने देखिन्छ।

## १४. महाराजगंज चिकित्सा क्याम्पसः

**अ. उजुरी, गुनासो सम्बन्धी विवरणः**

यस क्याम्पसका जग्गा जमिन तथा भवन सम्बन्धमा समितिको कार्य अवधिभित्र समितिमा कुनै पनि उजुरी गुनासो केही पनि प्राप्त नभएको।

**आ. प्राप्त तथ्यगत सूचना र विवरणः**

१. उक्त क्याम्पसले चिकित्साशास्त्र अध्ययन संस्थानका डिनलाई संबोधन गरी यस समितिलाई बोधार्थ दिइएको च.नं. २०८/०८१/०८२ मिति २०८०/५/११ को पत्रमा शुरूमा क्याम्पस स्थापना हुँदा चिकित्सा शास्त्र अध्ययन संस्थान अन्तर्गत नै भएको र क्याम्पसले चर्चेको सम्पूर्ण अचल सम्पत्ति अध्ययन संस्थान अन्तर्गत नै रहेकोले समितिद्वारा माग भई आएको विवरण उपलब्ध गराउन यस क्याम्पसको नाममा केही पनि नदेखिएको भनी उल्लेख भई आएको ।

२. चिकित्सा शास्त्र अध्ययन संस्थान डिनको कार्यालयको प.सं. २७-०८१/८२ (सचिवालय) मिति २०८१/०५/१४ को पत्रद्वारा यस संस्थान अन्तर्गतको महाराजगंज परिसरमा रहेको शिक्षण अस्पताल, मनमोहन कार्डियो सेण्टर, बिपि कोइराला नेत्र अध्ययन केन्द्र, डिन कार्यालय, महाराजगंज नर्सिङ्ग तथा महाराजगंज चिकित्सा क्याम्पस समेतको जग्गाको जग्गाधनी पूर्जा यस अध्ययन संस्थान र अन्तर्गतका उक्त निकायहरूमा नरहेकोले जग्गाधनी पूर्जा यस कार्यालयको नाममा उपलब्ध गराइदिन मालपोत कार्यालय डिल्लीबजारमा पत्राचार भईरहेकोले तत्सम्बन्धी कागजातहरू संलग्न गरी आवश्यक जानकारी एवं जग्गाधनी पूर्जा उपलब्ध गराउने सम्बन्धमा समितिबाट आवश्यक सहयोग हुने अपेक्षा समेत गरिन्छ भनी लेखि आएको।

३. चिकित्साशास्त्र अध्ययन संस्थान डिनको कार्यालयबाट मिति २०८१/०५/१४ मा यस समितिलाई पठाएको पत्रसाथ प्राप्त शिक्षा मन्त्रालय उच्च शिक्षा शाखाको रक्षा मन्त्रालयलाई

मिति २०३७/१०/२८ मा लेखेको पत्र ब्यहोरामा महाराजगंजस्थित शाही नेपाली सेनाको १६२ रोपनी जग्गा प्रस्तावित टिचिङ्ग हस्पिटलको लागि हस्तान्तरण गर्ने गरी मन्त्रिपरिषद्‌बाट निर्णय भएको र सो बमोजिम जग्गा लगतकट्टा गरी शिक्षा मन्त्रालयलाई हस्तान्तरण गर्न जग्गाको कागज पत्र सहित शिक्षा मन्त्रालयलाई हस्तान्तरण गर्ने व्यवस्थाको लागि अनुरोध भनी उल्लेख भएको देखिन्छ।

४. रक्षा मन्त्रालयको मिति २०३७/१०/२४ को स्वास्थ्य मन्त्रालयलाई जग्गा हस्तान्तरण गर्ने सम्बन्धमा लेखेको पत्रमा महाराजगंज स्थित टिचिङ हस्पीटलको लागि जग्गा हस्तान्तरण गर्ने र भक्तपुर मिसन हस्पिटलको घर जग्गा शाही नेपाली सेनालाई हस्तान्तरण गर्ने समेतको मिति २०३७/९/९ को श्री ५ को सरकारको निर्णय अनुसार दिने सम्बन्धमा भएको निर्णय प्रति पठाईएको छ, निर्णय बमोजिम गर्न गराउनु भई यस मन्त्रालयलाई जानकारी दिनुहुन भन्ने समेत व्यहोरा उल्लेख भएको देखिन्छ।

५. यसैगरी, रक्षा मन्त्रालयको मिति २०३७/११/१ को पत्रद्वारा प्रबन्ध रथि विभाग (स्थापति)लाई रक्षा मन्त्रालयबाट मं.प.मा पेश भई सो जग्गा लगत कट्टा गरी शिक्षा मन्त्रालयलाई हस्तान्तरण गर्ने भन्ने निर्णय भए बमोजिम शिक्षा मन्त्रालय उच्च शिक्षा शाखा केशरमहलबाट माग भई आए बमोजिमको कागजपत्र उक्त शाखालाई हस्तान्तरण गरी लगत कट्टा गर्न लगाउनु हुन अनुरोध छ भनी लेखि शिक्षा मन्त्रालय उच्च शिक्षा शाखा केशरमहललाई बोधार्थ समेत दिएको देखिन्छ।

**इ. समितिको विश्लेषण, निष्कर्ष र सुझावः**

१. यस समितिलाई हालसम्म प्राप्त कागजात, सूचना र अन्य विवरणको आधारमा हेर्दा हालसम्म तत्कालीन शाही नेपाली सेनाले निकायबाट उपभोग गरेको माथि उल्लेखित जग्गा शिक्षा मन्त्रालयको नाममा जग्गा हस्तान्तरण भए नभएको प्रष्ट हुन सकेन।

२. शिक्षा मन्त्रालयको स्वामित्वमा आएपछि मात्र चिकित्साशास्त्र अध्ययन संस्थान वा टिचिङ हस्पिटलको नाममा स्वामित्व हस्तान्तरण हुनसक्ने अवस्था हुँदा शिक्षा मन्त्रालयबाट उक्त स्वामित्व ग्रहण गर्ने र हस्तान्तरण गर्ने समेत कार्य भए गरेको समेत हालसम्म समितिमा प्राप्त कागजातबाट देखिन आएन।

३. समितिबाट रक्षा मन्त्रालयलाई "…. त्यहाँबाट महाराजगञ्ज क्याम्पस समेतलाई (टिचिङ्ग हस्पिटललाई दिइएको जग्गा) को क्षेत्रफल साँध सिमाना एकिन गर्न र कहिँ कतै अतिक्रमण हुन गएको छ छैन भनी एकिन गर्न आवश्यक भएकोले उक्त जग्गाको ज.ध.प्रमाणपूर्जा र नक्साको प्रमाणित प्रतिलिपिहरू उपलब्ध गराइदिने व्यवस्थाका लागि" भनी प.सं.च.नं. १३९/०८०/८१ मिति २०८१/०६/२२ मा पत्र मार्फत अनुरोध गरि पठाइएको, समितिको कार्य अवधिको अन्त्यसम्म पनि जानकारी प्राप्त हुन नआएको।

४. समितिलाई प्राप्त हुन आएका माथि उल्लेखित मितिका र निकायलाई लेखिएका (रक्षा मन्त्रालय, शिक्षा मन्त्रालय उच्च शिक्षा शाखा) पत्रहरूको प्रतिलिपि समेत संलग्न गरी शिक्षा, विज्ञान तथा

प्रविधि मन्त्रालय उच्च शिक्षा शाखालाई यस सम्बन्धमा भए गरेको कारबाहीको विवरण उपलब्ध गराईदिन समितिबाट अनुरोध गरिएकोमा समितिको कार्य अवधिभित्र कुनै जानकारी प्राप्त हुन सकेन।

५. चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगंज अस्पताललाई नेपाल सरकारले भोगाधिकारमा (मिति २०५८/११/२७ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त) दिईएको भनिएको ६०-०४-०-० जग्गा काठमाण्डौंको टोखा र हात्तीगौंडाको जग्गाको उपयोग नगरेको हाल टोखामा चण्डेश्वरी टोखा प्रदेश अस्पताल सञ्चालन भई रहेको र हात्तीगौंडामा पहिले टिचिङ्ग अस्पतालले स्वास्थ्य सम्बन्धी कार्यक्रममा प्रयोग गर्दै आएकोमा हाल बुढानिलकण्ठ नगरपालिकाको भवन रहेको देखिन आएको।

६. यसैगरी सिन्धुपाल्चोकको चौतारामा रहेको IOM को फिल्ड तालिम केन्द्रले उपयोग गर्दै आएको जग्गा पनि नेपाल सरकारले स्थानीय बालकल्याण समितिलाई हस्तान्तरण गरी सकेको भन्ने जानकारी हुन आएको।

**ई. समितिको सुझावः**

१. मन्त्रालयले हस्तान्तरणको कार्य पुरा गरी त्रि.वि. तथा चिकित्सा शास्त्र अध्ययन संस्थानका नाममा हस्तान्तरण गरिदिने वा नदिने निर्णय लिन उपयुक्त हुने देखिएको। स्वामित्व हस्तान्तरणको विषय टुंगो लगाउने कार्य यथासंभव छिटो गर्न गराउन र जग्गाको नापजाँच गरी साँध सिमानाको सुरक्षा प्रबन्ध गर्ने व्यवस्थाका लागि समेत नेपाल सरकारबाट निर्देशन हुनुपर्ने देखिन्छ।

२. चिकित्साशास्त्र अध्ययन संस्थाको लागि चिकित्सा शास्त्र अध्ययन संस्थान (IOM) को लागि नेपाल सरकारबाट भोगाधिकारमा दिईएको टोखा नगरपालिका, काठमाडौंमा रहेको ६० रोपनी, हात्तिगौंडा बुढानीलकण्ठ नगरपालिका भवन रहेको अन्दाजी ४/५ रोपनी र चौतारामा उपभोगमा रहेको जग्गा आफैंले भोगचलन नगरेको कारणले अन्यत्र गएको सम्बन्धमा स्पष्ट रूपमा कहिँ कतै खुलाई उल्लेख भई आएको पनि नदेखिएको तसर्थ, IOM को स्वामित्वमा आउन सक्ने जग्गा जमिन सुकुम्बासीले अतिक्रमण गरेको, भोगाधिकारमा आएको जमिन अन्य निकायले प्रयोग गरी रहेको देखिंदा कानूनतः छानबिन एवं अनुसन्धान सक्षम निकायबाट तत् तत् समयमा जिम्मेवार निकाय र पदाधिकारी उपर आवश्यक कारबाही अघि बढाउनुपर्ने देखिन्छ।

## १५. महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौं

### अ. उजुरी सम्बन्धी विवरणः

यस क्याम्पसका जग्गा जमिन तथा भवन सम्बन्धमा समितिको कार्य अवधिभित्र समितिमा कुनै पनि उजुरी गुनासो केही पनि प्राप्त नभएको।

**आ. प्राप्त तथ्यगत सूचना र विवरणहरू**

१. उक्त क्याम्पसको च.नं. १००६/०८०/८१ मिति २०८१/०३/१९ को पत्रद्वारा का.म.न.पा. वडा नं.-१३, ताहाचलमा क्याम्पस सञ्चालन भएको र क्याम्पसले उपयोग गरेको जग्गा ३७ रोपनी रहेको र जग्गाको स्वामित्व नेपाल सरकार शिक्षा विभागको नाममा रहेको साथै प्रशासनिक भवन ८ वटा र शैक्षिक भवन ५ वटा रहेको भनी यस समितिलाई जानकारी हुन आएको।

२. महेन्द्ररत्न क्याम्पसको च.नं. १८६/०८१-०८२ मिति २०८१/०५/१९ को पत्रमा काठमाडौं महानगरपालिका वडा नं. १३ ताहाचल क्षेत्रमा २०३२/१०/१३ देखि स्थायी रूपमा सञ्चालन हुँदै आएको यस क्याम्पसका नाममा जग्गा जमिन रहेको छैन। यद्यपी क्याम्पसले तत्कालिन समयमा टंकेश्वर ताहाचल पञ्चायत अन्तर्गत चर्चेको जग्गाको क्षेत्रफल ५१ रोपनी १० आना ३ पैसा भएको हाल क्याम्पसले भोगचलन गर्दै आएको कम्पाउण्डवालभित्रको वास्तविक जग्गाको प्राविधिक जाँच गराउँदा ३८-६-२-२.७ रोपनी रेकर्डबाट देखिएको भन्ने व्यहोरा उल्लेख गर्दै मालपोत कार्यालय कलङ्कीबाट प्राप्त कागजातको फोटोकपी सहित समितिलाई विवरण उपलब्ध हुन आएको।

३. क्याम्पस सञ्चालन रहेको स्थानमा प्रारम्भमा अभ्यास हाइस्कुल (वि.सं. २०४४) र दरबार कलेजका रूपमा सञ्चालन भएको वि.सं. २०१६ मा अंग्रेजी भाषा तालिम केन्द्र हुँदै वि.सं. २०२९ सालमा केही समय केन्द्रीय छात्राबास समेत सञ्चालनमा रहेको थियो। राष्ट्रिय शिक्षा पद्दति लागु भएपछि वि.सं. २०३२ देखि महेन्द्ररत्न क्याम्पसलाई हस्तान्तरण भएको।

४. मिति २०३६/०६/१० मा महेन्द्ररत्न क्याम्पसले शिक्षा मन्त्रालय उच्च शिक्षा शाखालाई लेखेको पत्र बमोजिम साविकमा शिक्षा विभागका नाममा ५०-१०-३ (पचास रोपनी दश आना तीन पैसा) क्षेत्रफल भएको जग्गा रहेको।

५. उक्त क्याम्पसबाट प्राप्त पत्रमा क्याम्पसले उपभोग गर्दै आएको जग्गाको विवरण निम्नानुसार प्राप्त हुन आएको।

**जग्गा जमिनको विवरण**

| ठेगाना | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| टंकेश्वर, ताहाचल-३ | १४ | ०-७-२ | श्री ५ को सरकारको नाममा ज.ध.प्र.पूर्जा |
| टंकेश्वर, ताहाचल-३ | १७ | १-९-० | श्री ५ को सरकारको नाममा ज.ध.प्र.पूर्जा |
| टंकेश्वर, ताहाचल-३ | २० | ४-२-२ | श्री ५ को सरकारको नाममा ज.ध.प्र.पूर्जा |
| टंकेश्वर, ताहाचल-३ | २७ | ३-९-२ | श्री ५ को सरकारको नाममा ज.ध.प्र.पूर्जा |
| टंकेश्वर, ताहाचल-३ | २८ | ३-८-२ | श्री ५ को सरकारको नाममा ज.ध.प्र.पूर्जा |
| टंकेश्वर, ताहाचल-४ | १३४ | ३-८-१ | जि.शि.का. काठमाडौं |
| टंकेश्वर, ताहाचल-४ | २१६ | १-१४-१ | श्री ५ को सरकारको नाममा ज.ध.प्र.पूर्जा |
| टंकेश्वर, ताहाचल-४ | २१७ | १-१०-१ | शिक्षा तथा संस्कृति मन्त्रालयको नाममा |
| टंकेश्वर, ताहाचल-४ | २१८ | ०-१५-२ | शिक्षा तथा संस्कृति मन्त्रालयको नाममा |

| | | | |
|---|---|---|---|
| टंकेश्वर, ताहाचल-४ | २१९ | ०-१२-० | शिक्षा तथा संस्कृति मन्त्रालयको नाममा |
| टंकेश्वर, ताहाचल-४ | २२० | ०-९-० | शिक्षा तथा संस्कृति मन्त्रालयको नाममा |
| टंकेश्वर, ताहाचल-४ | २२१ | ३-४-३ | शिक्षा तथा संस्कृति मन्त्रालयको नाममा |
| टंकेश्वर, ताहाचल-४ | २२३ | ७-१५-१ | शिक्षा तथा संस्कृति मन्त्रालयको नाममा |
| टंकेश्वर, ताहाचल-४ | २२४ | १६-१२-२ | शिक्षा तथा संस्कृति मन्त्रालयको नाममा |

६. यसमा माथि उल्लेखित कित्ताहरूमध्ये कि.नं. १४, १७, २०, २७ र २८ को जग्गाहरू श्री ५ को सरकार र कि.नं. २१६, २१७, २१८, २१९, २२०, २२१ र १३४ जग्गा श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रालयको नाममा दर्ता प्रमाणित देखिन्छ भनी मा.पो.का. कलङ्कीले भू.सु. तथा व्यवस्थापन विभागलाई लेखि क्याम्पसलाई बोधार्थ दिएको मिति २०६०/०८/१९ को पत्रबाट देखिन्छ।

७. मालपोत कार्यालय कलङ्कीबाट उपलब्ध गराइएको भनिएको जग्गाधनी प्रमाणपूर्जा समेतमा उल्लेखित कित्ताका सबै जग्गा मध्ये कि.नं. १५ को २-१-२ रोपनी जग्गा नेपाल सरकारको नाममा रहेको र मोही समेत जनिएको भन्ने मालपोत कार्यालय कलङ्कीबाट बुझिएको भन्ने समेत देखिन्छ। बाँकी जग्गा श्री ५ को सरकारको नाममा दर्ता कायम रहेको देखिन्छ।

८. क्याम्पसले मागदाबी गरेको कित्ता मध्ये कि.नं. ६२६ मध्येबाट २ रोपनी जग्गा शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०५९/०५/३१ को निर्णयानुसार केशब सुस्मा भजनज्ञान गुठीलाई भोगाधिकार उपलब्ध गराएको देखिन्छ भने अर्को तर्फ सोही कि.नं. २२३ (६२६) को जग्गा लाती देवी तुलाधरको नाममा पनि देखिन आई दोहोरो परेको भन्ने पनि मा.पो.का. कलङ्कीको उक्त पत्रमा उल्लेख भएको देखिन्छ।

९. पुनः समितिलाई उपलब्ध गराईएको च.नं. १८६/०८१-०८२ मिति २०८१/०५/१९ को पत्रका आधारमा कूल जग्गामध्ये ३८-६-२-२.४७ क्षेत्रफल भोगचलन गरेको उल्लेख गरेको छ। क्याम्पसले १८ रोपनीमा भवन (शैक्षिक भवन ५ र प्रशासनिक भवन) र बाँकी १७ रोपनीमा खाली जग्गा रहेको भनी उल्लेख गरेको छ।

१०. महेन्द्र रत्न क्याम्पसको मिति २०३८/०७/२७ को पत्रद्वारा तत्कालीन शिक्षा मन्त्रालय, शिक्षण संस्थाको सम्पत्ति व्यवस्थापन केन्द्रीय समितिलाई राष्ट्रिय शिक्षा पद्धती लागु भएपछि त्रिभुवन विश्वविद्यालय अन्तर्गतको यस क्याम्पसलाई हस्तान्तरण भई क्याम्पसको भोगचलनमा आएको यस क्याम्पसको नाममा दर्ता गरी फिल्डबुकमा चढाई प्रमाणपूर्जा लिईदिने प्रबन्ध हुन भनी अनुरोध गरेको देखिन्छ।

११. साविक टंकेश्वर पञ्चायत ताहाचल वडा नं. मा रहेको जग्गा मध्ये का.म.न.पा. वडा नं.- १३ सि.नं. ११०३-१४ कि.नं. ५२ को क्षेत्रफल ०११७५.८० वर्ग मिटर भोगाधिकार प्राप्त भएको भन्ने विद्यालय शिक्षक किताबखानाबाट जानकारी प्राप्त भएको।

१२. ताहाचल क्याम्पसको मुलगेटको दाहिने पट्टी (दक्षिण कुनामा) र पूर्व उत्तर कुनामा ३-४ घरहरू सरकारी जग्गाभित्र परेको हुन सक्ने भनाई क्याम्पसको तर्फबाट व्यक्त भएको र बाउण्ड्रीवाल लगाउँदा क्षेत्रफल नापजाँच गराउनुपर्नेमा हालसम्म उपभोग गरेको भित्रि जग्गा मात्र नाप जाँच गरेको कारण नै करिब १३ रोपनी जग्गा कम भएको आशंका गरिएको छ।

१३. यसका अलावा सार्वजनिक बाटोमा केही जग्गा परेकोले पनि शुरूको पूर्जामा रहेको जग्गाको क्षेत्रफलमा फरक परेको देखिन्छ।

**ई. समितिको विश्लेषण निष्कर्ष र सुझावः**

१. कूल जग्गा ५१-१०-३ मध्ये हाल ३८-६-२-२.७ रोपनी मात्र उपभोगमा रहेको भनिएकोले १३-४-०-२ जग्गा कहाँ कसले भोगचलन गरेको छ भन्ने जानकारी समितिलाई प्राप्त भएन तथापी समितिका पदाधिकारीहरूको मिति २०८१/०५/२७ मा क्याम्पसको स्थलगत अबलोकन गर्दा यही क्षेत्रमा साविकको जिल्ला शिक्षा कार्यालय, काठमाडौं हालको जि.शि. समन्वय इकाई, काठमाडौं, कि.नं. १३४ मा रहेको, विद्यालय शिक्षक किताव खाना (कि.नं. ५२) मा र केही जग्गामा मन्दिर र मेघदुत बक्सिङ्ग क्लबले भोगचलन गर्दै आएको पनि देखिन्छ। यसका साथै तत्कालिन खानेपानी संस्थानलाई जमिन डिप बोरिङ्ग गरी १ इन्चको पाईपको पानी उपलब्ध गराउने शर्तमा दिएको र उत्तरतर्फ शिलबन्दी कोटेशन मार्फत १२ वटा सटरहरू भाडामा लगाएको देखिएको छ।

२. माथि उल्लेख भए अनुसार मिति २०३८/०७/२७ मा र त्यसपछि पनि महेन्द्र रत्न क्याम्पस तथा त्रि.वि. रजिष्ट्रार कार्यालय समेतले विभिन्न मितिमा शिक्षा मन्त्रालय माननीय मन्त्रीज्यूलाई संवोधन गरी दिएको अनुरोध पत्र उपर के कस्तो कारबाही भयो भन्ने जानकारी पाउन समितिले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा अनुरोध गरिएकोमा हालसम्म केही जानकारी प्राप्त हुन सकेन।

३. यस समितिलाई प्राप्त कागजातहरूको अध्ययन गर्दा क्याम्पस प्रशासनले आफुले उपभोग गरेको जग्गा भोगाधिकारमा प्राप्त गरेको भनी उल्लेख गरिएका कित्ता जग्गाहरू मध्ये केही कित्ता क्याम्पसको बाउण्ड्रीवालभित्र नपरेको कि.नं. नै फरक परेको सरकारले अन्य निकायलाई हस्तान्तरण गरेको वा भोगाधिकारमा दिएको देखिन आयो।

४. नेपाल सरकार र शिक्षा तथा संस्कृति मन्त्रालयको नाममा जग्गाको स्वामित्व भएको देखिएकोले समितिले साविक टंकेश्वर ताहाचल पंचायत अन्तर्गत के कति जग्गा जमिन मन्त्रालयको नाममा रहेको छ एकिन विवरण उपलब्ध गराईदिन यस समितिले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मन्त्रालयलाई च.नं. ३९ मिति २०८१/०४/२५ मा अनुरोध गरेकोमा समितिको कार्य अवधिभित्र कुनै जानकारी प्राप हुन सकेन।

**सुझावः**

१. क्याम्पसको स्वामित्व वा भोगधिकार प्राप्त नभएको अवस्थामा तत्काल क्याम्पसको शैक्षिक र प्राज्ञिक कार्य सुचारू गरी प्रभावकारी रूपमा क्याम्पस सञ्चालन गर्न पुराना भवन मर्मतसुधार गर्न

समेत परेको कठिनाई हटाउन क्याम्पसले त्रि.वि. र मन्त्रालयमा अनुरोध गरी स्वीकृति माग गर्ने र मन्त्रालयले पनि अनुमति दिनुपर्ने।

२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उक्त क्षेत्रमा रहेको साविक श्री ५ को सरकार र शिक्षा मन्त्रालयको नाममा रहेको जग्गाहरू (कि.नं. र क्षेत्रफल) समेत एकिन गर्नुपर्ने, श्रेष्ता अद्यावधिक गर्नुपर्ने र त्यसलाई क्याम्पसको माग अनुसार स्वामित्व हस्तान्तरण गर्ने वा भोगाधिकार दिने सम्बन्धमा शिघ्र निर्णय लिई क्याम्पसको भौतिक संरचना पुनर्निर्माण कार्य अघि बढाई पठन पाठनलाई सहज सरल बनाउन सहयोग पुऱ्याउनु पर्ने उक्त जग्गाहरूको जग्गा नामसारी गरिदिने सो नभएसम्म भोगाधिकार दिनुपर्ने।

३. शिक्षा तथा संस्कृति मन्त्रालय अन्तर्गतको भण्डार तथा सम्पत्ति व्यवस्थापन शाखा र सोको उत्तराधिकारवाला हालको शाखाबाट मन्त्रालयको नाममा रहेका जग्गाको विवरण अद्यावधिक गर्नुपर्ने।

## १६. रत्न राज्यलक्ष्मी क्याम्पस

### अ. उजुरी, गुनासो सम्बन्धी विवरणः

यस क्याम्पसका जग्गा जमिन तथा भवन सम्बन्धमा समितिको कार्य अवधिभित्र समितिमा कुनै पनि उजुरी गुनासो केही पनि प्राप्त नभएको।

### आ. प्राप्त तथ्यगत सूचना र विवरणः

१. उक्त क्याम्पसको प.सं. १५२/०८१/०८२ मिति २०८१/०६/१० को पत्रसाथ क्याम्पसको नाममा क्षेत्रफल ७-१५-३-२ रोपनी जग्गा रहेको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि प्राप्त भएको र सोही क्याम्पसको २०८१/७/२ को पत्रद्वारा क्याम्पसमा प्रशासनिक र शैक्षिक भवन समेत गरी ६ वटा भवन र १८ वटा सटरहरू भाडामा लगाइएको भनी जानकारी हुन आएको।

२. यस समितिका पदाधिकारीहरूले मिति २०८१/७/५ मा क्याम्पसको स्थलगत अवलोकन गर्दा १८ वटा सटरहरू (क्याम्पसको उत्तरतर्फ ११ वटा र दक्षिणतर्फ ७ वटा) भाडामा लगाएको देखिए अनुसार उक्त सटरहरूको भाडा लगाउँदाको सम्झौतापत्रहरूको प्रतिलिपि उपलब्ध गराउन अनुरोध गरिए अनुसार विभिन्न व्यक्तिसँग विभिन्न मितिमा विभिन्न अवधिको लागि सम्झौता गरी भाडामा लगाएको विवरण उक्त क्याम्पसको प.सं. १८५/०८१/०८२ मा प्राप्त हुन आएको प्राप्त सम्झौता पत्रहरू पछिल्लो २०७८ र २०८१ साल तिरको मात्र भएको।

३. कुन मितिदेखि कति कति वटा सटर कति कति अवधिको लागि कति कति रकम भाडा पाउने सम्झौता गरेको थियो भन्ने कुरा भने प्रष्ट भएन।

### इ. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

१. यस समितिका पदाधिकारी एवं क्याम्पस प्रमुख लगायतका अन्य कर्मचारीहरू समेतसँग क्याम्पस प्रमुखको कार्यकक्षमा क्याम्पस प्रमुख र अन्य पदाधिकारी र प्रशासनका कर्मचारीहरू बिच

छलफल हुँदा क्याम्पसको जग्गा कहिँ कतैबाट अतिक्रमण नभएको र जग्गा जमिनको विषयमा कुनै मुद्दा मामिला नरहेको भनेबाट जग्गा जमिन सम्बन्धी कुनै विवाद रहेको देखिन आएन।

२. क्याम्पसको परिसरमा रहेको १८ वटा सटरहरू भाडामा लगाएको सम्बन्धमा केही सम्झौतापत्रका प्रतिलिपिहरू समेत प्राप्त भएको तर यस अघि कहिलेदेखि को को सँग के कति रकममा भाडामा लगाएको भन्ने सम्बन्धमा भने प्रष्ट जानकारी प्राप्त हुन सकेन। त्रि.वि. आर्थिक प्रशासन सम्बन्धी र लिज वा भाडामा दिने सम्बन्धी कानून बमोजिम भए नभएको सम्बन्धमा त्रि.वि.को केन्द्रीय निकायका पदाधिकारीले अनुगमन गर्ने र आवश्यक निर्देशन गरे भएको हुनुपर्नेमा त्यसो भए गरेको थियो भन्ने पनि प्रष्ट हुन सकेन। तसर्थ, कानून बमोजिम भए नभएको केन्द्रीय निकायबाट अनुगमन र आवश्यकता अनुरूप छानबिन हुनुपर्ने देखिन्छ।

## १७. ललितकला क्याम्पस, काठमाडौं

### अ. उजुरी, गुनासो सम्बन्धी विवरणः

यस क्याम्पसका जग्गा जमिन तथा भवन सम्बन्धमा समितिको कार्य अवधिभित्र समितिमा कुनै पनि उजुरी गुनासो केही पनि प्राप्त नभएको।

### आ. प्राप्त तथ्यगत सूचना र विवरणः

उक्त क्याम्पसको प.सं. २८६/२०८०/०८१ मिति २०८१/३/२३ को पत्रद्वारा उक्त क्याम्पसको नाममा का.म.न.पा. वडा नं. २७ साविक वडा नं. ३० भोटाहिटीमा क्षेत्रफल १-१२-० रोपनी (एक रोपनी बाह्र आना मात्र) र का.म.न.पा. वडा नं. २३ हनुमानढोका वसन्तपुरमा त्रि.वि.को नाममा रहेको ०-४-१-० रोपनी (चार आना एक पैसा) र त्रि.वि. कीर्तिपुर परिसरभित्र अन्दाजी ८ रोपनी समेत जग्गा भोगाधिकारमा रहेको भनी जानकारी प्राप्त हुन आएको। साथै, हनुमान ढोका स्थित सम्पदा भवन र त्रि.वि.बाट भोगाधिकारमा प्राप्त त्रि.वि. कीर्तिपुर परिसरको पुरानो महिला छात्राबास 'ग' २ क को कम्पाउण्ड सहितको भवनहरू भुकम्पले गर्दा जिर्ण अवस्थामा रहेको।

### इ. समितिको विश्लेषण, निष्कर्ष र सुझावः

ललितकला क्याम्पसको विषयमा समस्या नरहेको क्याम्पसको भवनको अवस्थामा सुधार गर्ने बाहेक अन्य समस्याहरू रहे भएको नदेखिएको।

## १८. सरस्वती बहुमुखी क्याम्पस

### अ. उजुरी, गुनासो सम्बन्धी विवरणः

यस क्याम्पसका जग्गा जमिन तथा भवन सम्बन्धमा समितिको कार्य अवधिभित्र समितिमा कुनै पनि उजुरी गुनासो केही पनि प्राप्त नभएको।

**आ. प्राप्त तथ्यगत सूचना र विवरणः**

उक्त क्याम्पसको च.नं. ११४८/०८०/०८१ मिति २०८१/३/२३ को पत्रमा क्याम्पसको स्वामित्वमा काठमाडौं म.न.पा. वडा नं. १६ कि.नं. ३१३ को क्षेत्रफल १०-१५-१-३ रोपनी (दश रोपनी पन्ध्र आना एक पैसा तीन दाम) रहेको जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जा समेत रहेको र क्याम्पस हाताभित्र भुंइतला सहित ३ तलाको प्रशासनिक भवन, भुँईतला सहित ३ तलाको पुस्तकालय भवन २ तला भएको पूर्वतर्फको शैक्षिक भवनहरू ३ वटा रहेको भनी लेखि आएको ।

**इ. समितिको विश्लेषण, निष्कर्ष र सुझावः**

१. समितिका पदाधिकारीबाट मिति २०८१/०७/०६ मा गरिएको स्थलगत अबलोकन भ्रमणका समयमा क्याम्पसको पूर्वपट्टी ९ नौं वटा विभिन्न व्यापारिक प्रयोजनमा र दक्षिण तर्फ मुलगेटमा एक सटर बैंकको कार्यको लागि दिएको समेत गरी १० वटा सटर कोठा भाडामा दिइएको देखियो।

२. साथै उक्त क्याम्पसको मिति २०८१/०६/१३ को पत्रद्वारा १० वटा सटर भाडामा लगाएको र जग्गा तथा सम्पत्ति सम्बन्धी अदालतमा कुनै मुद्दा दर्ता भएको देखिँदैन भनी लेखि आएको। तर सटर भाडामा लगाएको सम्झौता लगायतका कागजातहरू उपलब्ध गराउन अनुरोध गरेकोमा हालसम्म हुन सकेन।

३. तसर्थ क्याम्पसले सटर भाडामा लगाउँदा त्रि.वि.को अचल सम्पत्ति लिज वा भाडामा लगाउने सम्बन्धी कानून सम्मत भए नभएको, त्रि.वि.लाई आर्थिक रूपमा हानी नोक्सानी पुगे नपुगेको भन्ने समेत विषयमा त्रि.वि. केन्द्रीय निकायबाट अनुगमन भई आवश्यक छानबिन हुनुपर्ने देखिन्छ।

४. मौखिक रूपमा जग्गाका कुनै विवाद र समस्या नभएको भनिएता पनि समितिको तर्फबाट भएको स्थलगत अवलोकन पश्चात् अनिवार्य रूपमा क्याम्पसको जग्गाको नापजाँच गरी गराई क्षेत्रफल एकिन गरी साँध सिमाना सुरक्षित गर्नुपर्ने देखिन आएको छ।

## १९. सानोठिमी क्याम्पस

**अ. उजुरी, गुनासो सम्बन्धी विवरणः**

शिक्षा मन्त्रालयले २०५२ सालको मन्त्रीस्तरीय निर्णयबाट शैक्षिक प्रयोजनका लागि भोगाधिकार गर्न दिएको जग्गा चलखेल गर्दै क्याम्पस प्रशासनले सानोठीमि क्याम्पसको जग्गा न्यूनदरमा भाडामा लगाएको, मन्त्रालयले उक्त जग्गा आफ्नै स्वामित्वमा रहने गरी क्याम्पसलाई बेचविखन, हक हस्तान्तरण, दान दातब्य केही गर्न नपाउने गरी भोगचलनसम्म गर्न दिएकोले खेति गर्ने प्रयोजनले पनि भाडामा दिन मिल्दैन साथै सर्वोच्च अदालतले यस अघि शैक्षिक संस्थाको जग्गा भाडामा लगाउन नपाउने आदेश समेत दिईसकेको छ भन्ने समेत व्यहोराको गुनासो समाचार पत्रहरूमा प्रकाशित भएको।

**आ. प्राप्त तथ्यगत सूचना र विवरणः**

१. उक्त क्याम्पसको च.नं. १४६/०८१/०८२ मिति २०८१/०५/०९को पत्रद्वारा क्याम्पसको भोगचलनमा रहेको जग्गा मध्ये करिब १३ रोपनी जग्गा पटक पटक विभिन्न संघ संस्थाहरूले लिन खोजेको र उक्त जग्गा बन्जाड घाँसे मैदानको रूपमा राख्दा अतिक्रमण गर्ने खतराका कारण उक्त जग्गाको केही भागमा क्याम्पसले एउटा कर्मचारी आवास गृह बनाई दृष्टिविहिन कर्मचारीलाई बसोबास गर्न दिइएको र आवासगृह बनाई बाँकी रहेको जग्गा क्याम्पसलाई आवश्यकता भएको समयमा खाली गर्ने गरी छोटो समयका लागि स्थानीय कृषकलाई हरीयो तरकारी बाली लगाउन दिएको भन्ने समेत ब्याहोराको जानकारी प्राप्त हुन आएको।

२. यस क्याम्पसले भोगचलन गरेको क्याम्पस कम्पाउण्डभित्रको जग्गाको क्षेत्रफल १८७-४-०-० रोपनी र १९ वटा भवनहरू रहेको क्याम्पसको जमिनहरू कुनै संघसंस्थाहरूलाई लिज वा भाडामा नदिएको, मुद्दा मामिला अदालतमा नपरेको र हालसम्म जग्गा अतिक्रमण पनि नभएको भनी क्याम्पसको मिति २०८१/३/१८ र मिति २०८१/०६/१३ को पत्रद्वारा जानकारी हुन आएको।

३. २०१८ सालमा शिक्षा विकास केन्द्रको लागि अधिग्रहण भएका जमिनहरू मध्ये भक्तपुर जिल्ला दिव्यश्वरी पञ्चायत वडा नं. ८ 'क' र ऐ. वडा नं ९ 'क' र 'घ' भित्र पर्ने जमिनहरू २०२१ र २०२२ सालको नापी अनुसार कित्ता काट भई विभिन्न कित्ताहरू कायम भएको जमिनमा शिक्षा विकास केन्द्र अन्तर्गतका विभिन्न निकायहरूले आफूखुसी आफ्नो सूविधा र आवश्यकता अनुसार भोगचलन गरी आएकोमा सोही भोगचलनको आधारमा तत्कालीन श्री ५ को सरकार शिक्षा मन्त्रालय शिक्षा विकास केन्द्रको नै स्वामित्वमा रहेको जनक शिक्षा सामाग्री केन्द्र र क्याम्पसको संयुक्त एरियामा पर्ने भोगचलन गरिआएको ३४८-९-०-० जग्गा तत्कालिन कि.नं. १९८ अन्तर्गत ३५६ रोपनी ६ आना १ पैसा मा साँध सिमाना कायम गरी कित्ताकाट भई हालको कि.नं. २१६ र २१७ कायम भई क्याम्पस तर्फको कि.नं. २१७ जसको क्षेत्रफल १८७ रोपनी ४ आना कायम हुन आएको भन्ने व्यहोरा शिक्षा शास्त्र अध्ययन संस्थान केन्द्रीय क्याम्पस सानोठीमीले मालपोत कार्यालय भक्तपुरलाई र सानोठिमी क्याम्पसले त्रि.वि. रजिष्ट्रारलाई मिति २०६५/५/१८मा लेखेको पत्र ब्याहोराबाट देखिएको।

४. तत्कालिन श्री ५ को सरकार शिक्षा मन्त्रालय अन्तर्गत सञ्चालित राष्ट्रिय व्यवसाय प्रशिक्षण केन्द्र नयाँ शिक्षा योजना २०२८ लागु भएपछि त्रि.वि. शिक्षा शास्त्र सानोठीमी क्याम्पसमा परिणत भएपछि उक्त क्याम्पसले भोगचलन गरेको चल अचल सम्पत्ति स्वतः त्रि.वि.मा रहने व्यहोरा उल्लेख गर्दै क्याम्पसको नाममा जग्गाधनी प्रमाणपूर्जा प्राप्तीको लागि लिखित रूपमा नेपाल सरकारसँग नै माग राख्दै आएको।

५. जनक शिक्षा सामाग्री केन्द्र लि. र सानोठीमी क्याम्पसबिच साँध सिमाना कायम गर्ने सम्बन्धमा जनकशिक्षा सामाग्री केन्द्रभित्र पर्न गएका क्वाटरहरू दुवै संस्थाबाट भोग गरिरहेको हुँदा सो

समस्या निराकरणको लागि दुबैतर्फका प्रतिनिधिहरू बसी जनक शिक्षा सामाग्री केन्द्रले क्याम्पसलाई क्वाटर बनाइदिने साथै उक्त केन्द्रले साँध सिमानामा पर्खाल लगाउँदा सोही पर्खाल बढाई क्याम्पसकै क्षेत्र पारी फ्याकल्टी बनाइ दिने भन्ने दुवैतर्फको समझदारी कायम हुन आए अनुसार सानोठीमी क्याम्पसलाई उक्त चर्चि आएको जग्गाको स्वामित्व श्री ५ को सरकारमा नै रहने गरी बेच विखन हक हस्तान्तरण, दान दातव्य केही गर्न नपाउने गरी भोगचलनसम्म गर्न दिने निर्णय भएकोले निर्णयानुसार गर्नु गराउनुहुन भन्ने ब्यहोरा शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालयको मिति २०५२/३/२३ को पत्रबाट देखिन्छ।

**इ. समितिको विश्लेषण, निष्कर्ष र सुझावः**

१. क्याम्पसले भोगाधिकारमा प्राप्त गरी राखेको जग्गाको पूर्व र दक्षिण पश्चिमतर्फ सार्वजनिक बाटो विस्तार हुँदा पहिलेको क्षेत्रफलमा फरक पऱ्यो परेन भनेर हालसम्म क्याम्पस र जग्गाधनी शिक्षा मन्त्रालय समेतले एकीन गर्ने कार्यलाई प्राथमिकतामा राखेको देखिएन।

२. क्याम्पसको जग्गा र जग्गाको प्रकृतिलाई हेर्दा पहिले कृषि वन र अन्य व्यवसायिक विषयको समेत अध्ययन अध्यापन हुने भएकाले पनि लगभग ३० रोपनी जग्गामा बालीनाली लगाउन ठेक्कामा दिएको देखिन्छ। तर क्याम्पसले कति वर्षदेखि उक्त जग्गामा कस कसलाई के कुन शर्तमा ठेक्कामा लगाएको हो भन्ने कुरा शुरूमा समितिलाई प्राप्त पत्र व्यहोरा हेर्दा स्पष्ट गर्न नचाहेकोमा पछि यस समितिले स्थलगत अवलोकन गरे पश्चात् पुनः यस विषयमा थप जानकारी एवं विवरण माग गरेकोमा उक्त क्याम्पसको मिति २०८१/७/१२ को पत्र साथ प्राप्त करार पत्रको प्रतिलिपि अध्ययन गर्दा क्याम्पस छात्राबासको पूर्वतर्फ रहेको क्षेत्रफल १२-८-०-० को जग्गा र सानोठीमी क्याम्पस हाताभित्र मेन गेटको पूर्व छात्राबासको पश्चिम तर्फ रहेको १७-०-०-० जग्गामा अलग अलग मितिमा अलग अलग अवधिको लागि भाडामा लगाएको रहेछ भन्ने कुरा सम्झौता पत्रहरूबाट देखिन आयो।

३. क्याम्पसलाई भोगाधिकार दिइएको कि.नं. २१७ को जग्गा मध्येको १३-२-०-० जग्गा क्याम्पस परिसरभित्र क्याम्पसको छात्रबासको पूर्व र उत्तर तर्फको सडक सिमाना अतिक्रमण रोक्न आवश्यक प्रक्रिया अगाडि बढाइदिने सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई मिति २०८०/२/२४ मा अनुरोध गरेको पनि देखिन्छ। तर मन्त्रालयबाट त्यस सम्बन्धमा के कस्तो पहल कदमि चालियो भन्ने चाँही प्राप्त कागजानहरूबाट जानकारी हुन सकेन।

**ई. सुझावः**

१. शिक्षा विभाग/मन्त्रालयको स्वामित्वमा रहेको जग्गाको अतिक्रमण भए नभएको सम्बन्धमा अनुगमन गरी क्षेत्रफल र भोगाधिकारमा प्राप्त गर्ने निकायले तोकिएको उद्देश्य बमोजिम उपयोग गरे नगरेको सम्बन्धमा समेत मन्त्रालयले अनुगमन गर्ने र त्यसको अभिलेख अद्यावधिक गर्नुपर्ने।

२. क्याम्पसले भोगचलन गरेको कुल क्षेत्रफल मध्ये लगभग ३० रोपनी जग्गामा बर्षौंदेखि बालीनाली, तरकारी खेती लगाउन भाडामा लगाएको भन्ने कुरा क्याम्पसका कर्मचारीहरूबाट

समेत जानकारीमा भएकोमा क्याम्पसले पत्रमा हालसालैमात्रै भाडामा दिएको देखाइयो तर यस अगाडि भाडामा नदिइएको जस्तो ब्यहोरा उल्लेख भए पनि विभिन्न सञ्चार माध्यमले केही वर्ष अगाडिदेखि कमदरमा भाडामा लगाई संस्थालाई हानी नोक्सानी पुर्याएको भन्दै आएको देखिँदा त्रि.वि.को केन्द्रीय निकायबाट पुनः क्याम्पसलाई आर्थिक रूपमा हानी नोक्सानी पुगे नपुगेको र त्रि.वि.को लिज तथा भाडा सम्बन्धी कानून बमोजिम भए नभएको समेत विषयमा त्रि.वि.केन्द्रीय निकायबाट थप छानबिन हुनुपर्ने।

३. क्याम्पसको भोगचलनमा रहेका धेरै भवनहरू ज्यादै पुराना भई मर्मत संभार गर्नुपर्ने र जग्गा जमिनको उचित प्रयोग एवं व्यवस्थापन हुन सकेको नदेखिँदा त्यसतर्फ त्रि.वि.ले आवश्यक कार्य गर्नुपर्ने देखिन्छ।

४. क्याम्पसको क्षेत्रभित्र धेरै पुराना भवनहरू हटाउन तथा मर्मत संभार गर्न र खाली जग्गाको उचित व्यवस्थापन गर्न आवश्यक देखिएकोले गुरूयोजना बनाई अचल सम्पत्तिको व्यवस्थापन गर्न आवश्यक देखिएको।

## २०. शंकरदेव क्याम्पस

### अ. उजुरी, गुनासो सम्बन्धी विवरणः

यस क्याम्पसको स्वामित्व तथा भोगचलनमा रहेको जग्गा जमिन तथा भवन सम्बन्धमा समितिको कार्य अवधिभित्र समितिमा कुनै पनि उजुरी गुनासो केही पनि प्राप्त नभएको।

### आ. प्राप्त तथ्यगत सूचना र विवरणः

१. वि.सं. २००७ मा (सन् १९५१) नेपाल नेशनल कलेजका रूपमा वि.सं. २०२९ सालमा (सन् १९७३) शंकरदेव क्याम्पसका रूपमा रूपान्तरण भएको हाल त्रि.वि. आंगिक क्याम्पसका रूपमा सञ्चालनमा रहेको देखिन्छ।

२. उक्त क्याम्पसको पत्र संख्या स्व.प्र. १५२३/०८०/०८१ मिति २०८१/०३/२५ समेत को पत्रद्वारा क्याम्पसको स्वामित्वमा रहेको कि.नं. ८ को ७-२-१-१ र कि.नं. १४६१, १४६२, १४६४ र १४६६ को २-१-१-१ रोपनी समेत गरी जम्मा ९-३-२ रोपनी (९ रोपनी ३ आना २ पैसा) रहेको भनी उल्लेख भई आएको र त्यसमध्ये विभिन्न मितिमा केही जग्गा कट्टा भई हाल क्षेत्रफल ८-१०-२-१ रोपनी कायम हुन आएको र ५ वटा भवन १ अस्थायी टहरा र १ प्रिफेव भवन रहेको ब्यहोरा समेत लेखि आएको।

३. यस पत्रसाथ संलग्न जग्गाको विवरण फारममा तत्कालीन श्री ५ को सरकारले अधिग्रहण गरी क्याम्पसलाई दिएको जग्गाको क्षेत्रफल ९-३-२-० मध्ये सरकारको निर्णय अनुसार २०४३ सालमा टुकुचामा कलभर्ट बनाउन ०-०-१-१ र २०४७ सालमा अद्वैत मार्गको बाटो फराकिलो पार्न तत्कालीन श्री ५ को सरकारद्वारा ०-८-२-२ लिएको र हाल ८-१०-२-१ रोपनी मात्र जग्गा रहेको विवरण प्राप्त भएको।

४. यस समितिका पदाधिकारीद्वारा स्थलगत अवलोकन गर्दा क्याम्पसले कम्पाउण्डको दक्षिण तर्फ १४ वटा सटर र क्याम्पस हाताभित्र ठूलो हल कोठामा १ वटा क्यान्टिन सञ्चालन गर्न भाडामा दिएको देखिन आयो। तर कुन कुन मितिदेखि कुन कुन संस्था/व्यक्तिलाई लिज वा भाडामा लगाएको थियो भन्ने विस्तृत एवं एकिन विवरण तथा कागजात उपलब्ध गराउन हुन मिति २०८१/०६/०६ र मिति २०८१/०७/०२ मा समेत अनुरोध गरेकोमा उक्त क्याम्पसले भोगचलन गरिरहेको जग्गाको ज.ध.प्र.पूर्जा क्याम्पससँग नभएको जानकारी आएकोमा समितिबाट गरिएको स्थलगत अवलोकनका क्रममा क्याम्पसलाई निर्देशन दिईएको र सोही बमोजिम क्याम्पसले मालपोत कार्यालय, डिल्लीबजारबाट ज.ध.प्र.पूर्जा प्राप्त गरि समितिलाई मिति २०८१ मार्ग ७ गतेको पत्रबाट उपलब्ध गराएको।

**इ. समितिको विश्लेषण, निष्कर्ष र सुझावः**

त्रि.वि.को प्रचलित आर्थिक प्रशासन सम्बन्धी लिज वा कानून सम्बन्धी कानून बमोजिम केन्द्रीय निकायले अनुगमन गर्ने Audit गर्ने र आवश्यक निर्देशन एव नियन्त्रणको कार्य सम्पन्न हुन सकेको देखिएन।

**ई. सुझावः**

त्रि.वि. केन्द्रीय निकायबाट क्याम्पसले लिज तथा भाडामा/बहालमा जग्गा भवन दिने सम्बन्धी कानूनको पालना भए नभएको र क्याम्पसलाई आर्थिक हानी नोक्सानी भए नभएको अनुगमन गर्नुपर्ने।

## २१. त्रि-चन्द्र बहुमुखी क्याम्पस, काठमाडौं

**अ. उजुरी, गुनासो सम्बन्धी विवरणः**

यस क्याम्पसका जग्गा जमिन तथा भवन सम्बन्धमा समितिको कार्य अवधिभित्र समितिमा कुनै पनि उजुरी गुनासो केही पनि प्राप्त नभएको।

**आ. प्राप्त तथ्यगत सूचना र विवरणः**

१. त्रि-चन्द्र बहुमुखी क्याम्पसको पत्र संख्या २०८०/०८०-०८१ मिति २०८१/०३/२० को पत्रद्वारा काठमाडौं महानगरपालिका वडा नं २८ मा कि.नं. २०२ को क्षेत्रफल २३-७-१-१ रोपनी (११९३१.८ वर्गमिटर) र काठमाडौं म.न.पा. वडा नं. २८ कि.नं. २३६ को क्षेत्रफल ७०४५ वर्गमिटर १३-१३-२-१ समेत गरी जम्मा ३७-४-३-२ रोपनी (सैंतिस रोपनी चार आना तीन पैसा दुई दाम), धादिङ्ग जिल्ला बेनिघाट गा.वि.स. वडा नं. ६(क) रीचोकटार मलेखुमा कि.नं. ११५५ को २-१०-२-० रोपनी (दुई रोपनी दश आना दुई पैसा) र पाल्पा तत्कालीन तिनाउ गा.वि.स. वडा नं. ६ हाल मस्याम वडा नं २ कि.नं. ४९५ को क्षेत्रफल १२७१.८४ वर्गमिटर २-८-०-० रोपनी (बयालिस रोपनी सात आना एक पैसा दुई दाम जग्गा) समेत गरी जम्मा क्षेत्रफल ४२-७-१-२ रोपनी (बयालिस रोपनी सात आना एक पैसा दुई दाम क्षेत्रफल) जग्गा क्याम्पसको स्वामित्वमा रहेको भनी उल्लेख भई आएको।

२. क्याम्पसको पूर्वपट्टि क्षेत्रमा रहेको ऐतिहासिक घण्टाघर क्षेत्रको भवन जिर्ण भएकोमा सबलीकरण गर्ने कार्य भइरहेको छ ।

**इ. समितिको विश्लेषण,निष्कर्ष र सुझावः**

१. मिति २०८१/०७/०५ मा समितिका पदाधिकारीहरूबाट स्थलगत अवलोकनका साथै र क्याम्पस प्रमुख लगायत अन्य पदाधिकारी एवं प्रशासनिक कर्मचारीहरू समेतसँग भेटघाट एवं छलफल गर्दा सोही छलफलको समयमा त्रि-चन्द्र कलेजको घण्टाघर पछाडिको भागमा ओशो भवनसँग जोडीएको भाग र पूर्वदक्षिण कुनाको केही जग्गा स्थानीयबाट मिचिएको आशंका रहेको छ भने विश्वज्योतितर्फको क्याम्पसको जमिन बाटो विस्तार गर्दा बाटोमा परेको लगभग ३ रोपनी जग्गाको क्षतिपूर्ति काठमाडौं महानगरपालिकाले दिने भनिएकोमा हालसम्म नदिएको र प्रहरी कार्यालयतर्फ केही जग्गा मिचिएको हुन सक्ने भएकाले हाल साविक गर्दा करिब २३ रोपनी जग्गा फरक परेको भन्ने कुरा पनि उठेकाले सो विषयमा क्याम्पस प्रशासनले नापजाँच गरी गराई आफ्नो स्वामित्वको जग्गाको क्षेत्रफल एकिन गरी साँध सिमाना सुरक्षित गर्नुपर्ने देखिएको छ। साथै, महानगरपालिकासँग समन्वय गरी पूर्वशर्त अनुसार क्याम्पसको अचल सम्पत्ति जग्गा जमिन वा भवन मध्ये के कुन विषयमा के कस्तो सहयोग हुन सक्ने हो त्रि.वि.ले समन्वय गरि दिनुपर्ने।

२. पाल्पामा रहेको जग्गाको कि.नं. फरक परि भवन निर्माणको विवाद रहेको र मलेखुको जमिनको अवस्था र सुरक्षाको बारेमा एकिन नभएको भन्ने कुरा पनि छलफलमा उठेकोलाई पनि संबोधन गर्नुपर्ने देखिन्छ।

३. त्रि-चन्द्र कलेजको जग्गा लैनचौर क्षेत्रमा रहेको थियो भन्ने सूचना प्राप्त भए पनि समितिले प्रतिवेदन अवधि सम्म खोजबिन गर्दा पत्ता लाग्न नसकेको हुँदा त्रि.वि/क्याम्पसबाट खोजी कार्य अघि बढाउनु पर्ने देखिन्छ।

## ४.३. जग्गा जमिनको विद्यमान अवस्था (उपत्यका बाहिर)

त्रि.वि. अन्तर्गतका काठमाडौं उपत्यका बाहिर सञ्चालनमा रहेका ४० क्याम्पसहरू मध्ये २६ वटा क्याम्पसहरूको जग्गा जमिन तथा भवहरूको विवरण समितिमा प्राप्त हुन आएको छ। प्राप्त भएको जमिनको क्षेत्रफलको विवरणलाई सामान्य रूपमा नापी विभागको website: https://dos.gov.np/tools/unit क्षेत्रफल परिवर्तन टुल्सको माध्यमबाट रोपनी इकाईमा परिवर्तन गरी राखिएको छ। यसमा केही घटबढ हुन सक्ने संभावना रहन्छ। त्रि.वि. अन्तर्गत उपत्यका बाहिरका क्याम्पसहरूबाट समितिलाई प्राप्त भएको विवरण अनुसार क्याम्पसहरूको स्वामित्वमा १०३३२ रोपनी १५ आना १ पैसा १.८९ दाम क्षेत्रफल जग्गा जमिन र भवनहरूको संख्या अनुसूची ४.२ (क, ख, ग र घ) बमोजिम रहेको छ। उपत्यका बाहिरका क्याम्पसहरूको स्वामित्वमा रहेका पुरै सबै आंगिक क्याम्पसको जग्गा-जमिनको विवरण प्राप्त हुन नसकेको कारण जग्गाको क्षेत्रफल एकिन गर्न सकिएन।

परिच्छेदः पाँच

# जग्गा जमिनको संरक्षण, उपयोग र व्यवस्थापन

## ५.१. त्रिभुवन विश्वविद्यालय र भूमि

१. विश्वविद्यालय प्राज्ञिक उन्नयनका सन्दर्भमा उच्च वौद्धिक विमर्श, बहश एवं चिन्तनको श्रृखलावद्ध अभ्यास गरिने केन्द्र हो। वास्तवमा विश्वविद्यालय **"ज्ञानको अक्षय-अविरल श्रोतास्विनी"** हो (त्रि.वि. बुलेटिन, २०२३) साथै, विश्वविद्यालय ज्ञानभूमि, अनुसन्धान र आविष्कारको प्रयोगशाला पनि हो। यसका सन्दर्भमा, यसले समाजलाई गतिशिल, व्यवस्थित एवं समुन्नत बनाउन सहयोगी भूमिका पनि निर्वाह गर्दछ। त्रि.वि.ले यसै विषयमा मध्यनजर राखी प्रारम्भदेखि हालसम्मका नीति र कार्यक्रमको कार्यान्वयनका साथै उच्च आर्दश भएका कर्मठ शिक्षक, कर्मचारी एवं सरोकारवाला बर्ग र समूहको योगदानबाट आफ्नो गौरवमय ईतिहास बनाएको, राष्ट्र निर्माणमा मानव संशाधन मार्फत अतुलनीय योगदान गर्दै आएको र राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा मानवीय संशाधनको विकास र क्षमता अभिवृद्धिका माध्यमबाट आफ्नो अलग्गै शाख, पहिचान र हैसियत समेत प्राप्त गरिसकेको छ ।

२. भुमण्डलीकरण, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक तथा प्राज्ञिक परिस्थिति तथा परिदृष्यमा आएको परिवर्तनको कारण देशको उच्च शिक्षाको स्वरूप, विशेषता, संरचना र मोडेल (पद्धती एवं प्रणाली) पनि बदलिएको छ। सेवा, उत्पादन, रोजगारी, स्वाबलम्बन, समृद्धिमा आएका परिवर्तन एवं विविधताका कारणबाट अध्ययन अध्यापनका विषयहरू पनि बदलिएका छन्। तसर्थ, अबका दिनमा "सबैले सिक्ने सिकाउने तथा आफ्नै देशमा बसेर पढ्ने पढाउने" र देशले परिकल्पना गरेको समृद्धि हाँसिल गर्नमा आफ्नो अमूल्य योगदान गर्ने मानव शक्ति उत्पादन गर्ने शिक्षाको मन्दिरका रूपमा त्रि.वि. र अन्तर्गतका शिक्षण संस्थाले आफुलाई रूपान्तरण गर्नुपर्दछ। यसका लागि नेपालको संविधानको "राज्यका नीतिहरू" अन्तर्गत नागरिकका आधारभुत आवश्यकता सम्बन्धी नीतिमा शिक्षालाई बैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमुलक रोजगारमुलक एवं जनमुखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने सोच, लक्ष्य उल्लेख रहेको छ। यसलाई त्रि.वि.ले पनि मार्ग दर्शनको रुपमा स्वीकारी कार्यसम्पादन गर्नुपर्दछ। वास्तवमा, त्रि.वि.ले शैक्षिक, प्राज्ञिक र अनुसन्धानात्मक कार्यहरूमा उच्च गुणस्तरीयता कायम गर्न आवश्यक पर्दछ ।

३. यी सबै कार्यहरू विश्वविद्यालयको गुरुयोजना, रणनीति, कार्यनीति डिजाइन, शैक्षिक पद्धतिको सफल, प्रभावकारी र व्यवस्थित कार्यान्वयनमा निर्भर गर्दछ। विश्वविद्यालय उच्चशिक्षाको अन्तर्राष्ट्रिय मापदण्डको सापेक्षतामा सम्मिलन हुने गरी त्रि.वि.ले अध्ययन संकाय, अनुसन्धान केन्द्र, अन्य आवश्यक निकायहरूको व्यवस्था गर्नुपर्ने र सोही आधारमा उपलव्ध उल्लेखित सम्पूर्ण विषयहरूको सञ्चालन र व्यवस्थापनका साथै पूर्वाधार विकास गर्नका निमित्त जग्गा जमिनहरूको उपलब्धता, उपलब्ध जमिनको संरक्षण, उपयोग र व्यवस्थापनको नीति तथा योजना अख्तियार गर्दै र आवश्यक

भौतिक संरचनाहरू निर्माण एवं तयारी गर्नुपर्ने हुन्छ। यसका लागि स्पष्ट, व्यवस्थित एवं प्रभावकारी रूपमा जग्गा जमिनको उपयोग, संरक्षण तथा व्यवस्थापन नीति तथा कार्यक्रम र त्यसको कार्यान्वयन आवश्यक पर्दछ।

४. सबैलाई ज्ञान, जानकारी एवं थाहा भएको विषय हो कि,
   १. मानिसका जीवनमा आईपर्ने अधिकांश कार्य व्यवहारका विषयहरू भूमिमा नै सम्पादन हुने गर्दछ। हाम्रा विकास निर्माण र पूर्वाधार जस्तै भवन आदी भूमिमा नै निर्माण हुने गर्दछ।
   २. "भूमिस्रोतको समुचित संरक्षण, ब्यवस्थित उपयोग र प्रभावकारी व्यवस्थापनबाट व्यक्ति र संस्थाका साथै मुलुकको आर्थिक समृद्धि संभव छ" ।
   ३. "स्रोतहरू सीमित हुन्छन् तर सिर्जनात्मकता असिमित हुन्छ (Resource is Limited but Creativity is unlimited)" भनिएझैं भूमिलाई आधार मानि अनेकौं किसिमका सिर्जनात्मक कार्यहरू गर्न सकिने प्रशस्त संभावनाहरू रहेको देखिन्छ।

५. यद्यपी, हामी सबैले बुझ्नुपर्ने जान्नुपर्ने भनेको भूमि, प्रकृतिप्रदत्त स्रोत भएकाले सबै मानिसको साझा वस्तु मानिन्छ। साथै, भूमि अति महत्वपूर्ण, सिमित (बढाउन नसकिने), प्राकृतिक साधन हो। भूमि मानिसले चाहँदैमा र इच्छा राख्दैमा अन्य सम्पति जस्तो बढाउन वा घटाउन वा निर्माण वा उत्पादन गरि बढाउन, तन्काउन सकिदैन। त्यसैले, जे जति जस्तो अवस्थामा भूमि उपलब्ध रहेको छ त्यही अवस्थामा त्यसलाई ठिक समयमा सही कार्यका लागि सिर्जनात्मक शक्तिको उपयोग गर्नुपर्ने हुन्छ र प्रभावकारी एवं वैज्ञानिक ढंगबाट व्यवस्थापन गर्नुपर्ने हुन्छ। विश्वविद्यालयको जग्गा जमिनको संरक्षण, उपयोग र व्यवस्थापनका लागि कार्यान्वयनमा ल्याएका विद्यमान नीतिगत, कानूनी र संस्थागत व्यवस्थाका सम्बन्धमा उल्लेख गर्नु प्रासांगिक नै हुनजान्छ।

## ५.२. विद्यमान नीतिगत कानूनी र संस्थागत व्यवस्था

त्रिभुवन विश्वविद्यालयको अचल सम्पत्ति जग्गा जमिन समेतको संरक्षण, उपयोग र व्यवस्थापनको लागि निम्न अनुसार नीतिगत, कानूनी एवं संस्थागत व्यवस्था भएको पाईन्छ।

### ५.२.१. नीतिगत व्यवस्था

त्रिभुवन विश्वविद्यालयले राष्ट्रिय मानवपूँजी निर्माणमा योगदान गरेको, अन्तर्राष्ट्रिय पहिचान अभिवृद्धि गरेको र विश्व प्रसिद्ध साखः बढाउने कार्य गर्दै आएको छ। सो साखः एवं पहिचान खस्कन नदिई उच्च शिक्षामा विश्वव्यापी परिवर्तनलाई ध्यानमा राखी विश्वविद्यालयलाई परिमाणात्मक दृष्टिले सामर्थ्यवान्, गुणात्मक रूपमा सबल एवं व्यवस्थापकीय दृष्टिले अब्बल बनाउन र विश्वका ५०० प्रख्याती विश्वविद्यालयको सूचीभित्र पर्ने गरी कार्य गर्नुपर्ने दीर्घकालीन सोच राखेको पाईन्छ। यसका लागि त्रि.वि.ले २० वर्षे रणनीतिक भावि सोच, २०३० (TU: The Strategic Vision 2030) ल्याएको देखिन्छ। त्रिभुवन विश्वविद्यालय विश्वविद्यालय मात्र नभएर नेपालको उच्च शिक्षा पद्धति (System) नै भएकाले त्रि.वि.लाई केन्द्रीय एवं राष्ट्रिय विश्वविद्यालय बनाउने लक्ष्य लिई नेपाल

सरकार (मं.प.) बाट पनि त्रिभुवन विश्वविद्यालयलाई अनुसन्धान र उत्कृष्टताको केन्द्रका रुपमा मान्यता दिनेगरी मिति २०६९/०९/२४ मा निर्णय भएको र त्यसैगरी आ.ब. २०८१/८२ को बजेट वक्तव्यको बुँदा नं १७२ मा त्रिभुवन विश्वविद्यालयलाई उत्कृष्ट प्राज्ञिक केन्द्रको रूपमा विकास गरिनेछ भन्ने नीति पनि उल्लेख भएको देखिन्छ।

## ५.२.२. गुरूयोजना

प्रारम्भदेखि नै त्रिभुवन विश्वविद्यालयको गुरुयोजना तयार गरि गुरुयोजना अनुरूप नै भवन आदि निर्माण गर्ने सम्झौता भई भू-उपयोग गर्दै आएको पाईन्छ। त्यसैगरी त्रि.वि. परिसरभित्र कुनै संघ, संस्था वा निकायलाई जग्गा जमिन भोगाधिकार वा लिजमा दिँदा कार्यकारी परिषद्को निर्णयमा गुरूयोजनामा असर नपर्ने गरी उपभोग गर्न भनि शर्त उल्लेख गरिएको हुनाले कहिँ कतै गुरूयोजना तयार गरेको हुन सक्ने देखिन्छ। साथै, उच्च शिक्षा परियोजनाले त्रिभुवन विश्वविद्यालय क्याम्पस हाताभित्रको भौतिक सुविधामा विकास गर्ने र कीर्तिपुर हाताभित्र रहेको जग्गाको समुचित उपयोगमा ल्याउने दृष्टिकोण राखी उक्त कार्यका लागि आवश्यक पर्ने गुरुयोजना (Master Plan and Conceptual Design) तयार गर्न Multidisciplinary Consultant को संयुक्त टोलीलाई तयार गर्न जिम्मेवारी दिइएकोमा उक्त टोलीबाट पेश भएको गुरुयोजना त्रि.वि. कार्यकारी परिषद्बाट मिति २०५१ जेष्ठ २९ गते  निर्णय नं. १२३९ बाट स्वीकृत भएको देखिन्छ। तर समितिले धेरैपटक माग गर्दा पनि समितिलाई यी दुवै गुरुयोजनाको कार्यान्वयन भएको विषय र सो को प्रमाणित प्रति समेत त्रि.वि.बाट उपलब्ध हुन सकेन। यसको साथै त्रि.वि.का आंगिक क्याम्पसहरूसँग पनि यस विषयमा जानकारी माग गरेकोमा कहिँबाट पनि गुरूयोजना भएको जानकारी समितिलाई प्राप्त हुन आएन।

## ५.२.३. कानूनी व्यवस्था

१. त्रिभुवन विश्वविद्यालय कमिशन गठन भएपछि वि.सं. २०१३ सालमा सर्वप्रथम विश्वविद्यालयको लागि ललितपुर जिल्लाको लुभु र काठमाडौं जिल्लाको कीर्तिपुर ट्याङ्गलटारमा जग्गा प्राप्त हुन आएको देखिएको छ। दाताहरूबाट विश्वविद्यालयलाई प्रदान गरिएको भनिएको ३७५ रोपनी लुभूको जग्गा विश्वविद्यालयले तत्काल प्रयोगमा नल्याए पनि २०१३ मार्ग १८ मा नेपाल गजेटमा प्रकाशित सूचना अनुसार कीर्तिपुर ट्याङ्गलटारमा रैकर ५०० रोपनी जग्गा अधिग्रहण गरेपछिबाट त्रि.वि.को लागि जग्गा जमिनको स्वामित्व ग्रहण गर्ने र उपभोग गर्ने कार्य शुरु भएको मान्नुपर्ने हुन्छ। त्यसैगरी, २०१३ सालमा गोरखापत्रमा प्रकाशित सूचना अनुसार कीर्तिपुर क्षेत्रमा जग्गा पर्नेहरूका लागि जग्गा नै सट्टा भर्ना दिनु पर्ने भएमा वा आवासिय विश्वविद्यालय स्थापना गर्नुपर्ने भएमा लुभुको मुमा वडामहामारानीहरूको निजी विर्ताको ३७५ रोपनी जग्गा विश्वविद्यालयलाई प्रदान गरिएको जग्गा सट्टा दिने गरी व्यवस्था गर्न सकिने भनिएकोबाट पनि त्रि.वि.ले जग्गाको स्वामित्व ग्रहण गर्न शुरू गरेको मान्नुपर्ने हुन्छ।

२. सुरूमा त्रि.वि.सँग सम्बन्धित अलग अलग कानून नबनेको अवस्थामा "विश्वविद्यालय अधिकारपत्र" (शाहि चार्टर) जारी हुन लागे पनि लालमोहर नलागेको कारण तत्कालीन श्री ५ को सरकारबाट प्रचलित ऐन, कानून नियम अनुसार जग्गा प्राप्ती र व्यवस्थापनका कार्यहरू हुँदै आएको देखिन्छ।वि.सं. २०१६ पछि त्रि.वि. ऐन, २०१६ लागु भएपछि त्रि.वि.को स्वामित्वमा रहे भएका जग्गा जमिन तथा सम्पत्तिको संरक्षण, उपयोग र व्यवस्थापनका लागि विभिन्न कानूनी व्यवस्थाहरू लागु गरेको देखिन्छ जुन यस प्रकार रहेका छन्ः

## त्रिभुवन विश्वविद्यालय ऐन, २०१६

त्रिभुवन विश्वविद्यालय ऐन, २०१६ आएपछि त्रिभुवन विश्वविद्यालय अलग स्वशासित अविछिन्न उत्तराधिकारवाला स्वतन्त्र संस्था हुन गई विश्वविद्यालयले आफ्नो नाममा जग्गा जमिन वा अन्य चल अचल सम्पत्ति राख्ने र त्यसको लगत राख्ने, संरक्षण गर्ने, उपयोग र अन्य व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी विश्वविद्यालयको नै हुन पुगेको देखिन्छ। यस कानून अनुसार उपकुलपतिलाई कार्यकारी र एकेडेमीक पदाधिकारी एवं सिण्डिकेटको अध्यक्षको जिम्मेवारी प्रदान गरेको छ। उक्त विश्वविद्यालय ऐनको दफा २१ मा उल्लेखित सिण्डिकेटको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्ड (छ) (ज) र (झ) अनुसार विश्वविद्यालयको जग्गा जमिन, भवन र चल अचल सम्पत्ति ग्रहण गर्ने, स्वामित्व हस्तान्तरण (नामसारी) गर्ने संरक्षण गर्ने दायित्व र जिम्मेवारी समेत सिण्डिकेटमा रहेको देखिन्छ।

## त्रिभुवन विश्वविद्यालय ऐन, २०२८

वि.सं. २०२८ मा पहिलेको त्रि.वि. ऐन, २०१६ लाई खारेज गरी परिमार्जित रूपमा विश्वविद्यालय ऐन, २०२८ जारी भयो। यस ऐनले पनि समग्रमा विश्वविद्यालयको सम्पत्तिको संरक्षण, उपयोग र व्यवस्थापन गर्ने जिम्मेवारी विश्वविद्यालय र अन्तर्गतका विभिन्न निकायहरूलाई सुम्पेको देखिन्छ। जस अनुसार उपकुलपतिलाई विश्वविद्यालयको प्रमुख प्रशासकीय तथा शैक्षिक पदाधिकारीको रूपमा स्वीकारेको देखिन्छ। यस ऐनले पनि त्रि.वि.लाई चल अचल सम्पत्ति प्राप्त गर्ने, भोग गर्ने धितोबन्धक राख्ने र बेचविखन गर्न सक्ने स्वायत्त व्यवस्थालाई कायमै राखेको छ।

## त्रिभुवन विश्वविद्यालय ऐन, २०४९

साबिकको त्रि.वि. ऐन, २०२८ लाई समसामयिक रूपमा सुधार गरी त्रि.वि.को आवश्यकता अनुसार त्रि.वि. ऐन, २०४९ जारी भई लागु भएको पाईन्छ। त्रि.वि. ऐन, २०४९ ले पनि साबिकमा जस्तै त्रि.वि. अन्तर्गतका विभिन्न निकाय एवं पदाधिकारीहरूलाई विश्वविद्यालयको चल अचल सम्पत्तिको संरक्षण, उपयोग र व्यवस्थापन गर्ने जिम्मेवारी र कानूनी दायित्व प्रदान गरेको देखिन्छ। जसअनुसार कार्यकारी परिषद्को काम कर्तव्य र अधिकार अन्तर्गत दफा १४ (ग) र (झ) मा विश्वविद्यालयको चलअचल सम्पत्तिको सञ्चालन, संरक्षण र रेखदेख गर्ने, विश्वविद्यालयको चल अचल सम्पत्तिको हक

हस्तान्तरण गर्न वा कुनै सम्झौता, करार वा ठेक्का पट्टा गरी दिने लिने र विश्वविद्यालयको लागि प्रदान गरिएका आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने दायित्व र जिम्मेवारी त्रि.वि. कार्यकारी परिषद्को हुने भनी उल्लेख भएको देखिन्छ। साथै, उक्त ऐनले त्यस कार्यको अनुगमन गर्ने गराउने र खोजीनीति गर्ने कर्तव्य जिम्मेवारी उपकुलपतिमा रहने व्यवस्था समेत गरेको पाईन्छ।

## त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियमहरू, २०५०

त्रि.वि.संगठन तथा शैक्षिक प्रशासन सम्वन्धि नियमहरू, २०५० को नियम १७४ (७) मा रजिष्ट्रारको काम, कर्तव्य र अधिकार अन्तर्गत विश्वविद्यालयको सम्पत्तिको व्यवस्था, संरक्षण र सञ्चालन सम्वन्धी आवश्यक काम सम्पादन गर्ने जिम्मेवारी रजिष्ट्रारमा रहेको उल्लेख भएको देखिन्छ । यस अर्थमा हेर्दा, सम्पत्तिको हक स्वामित्व ग्रहण गर्ने र हस्तान्तरण गर्ने कार्य विश्वविद्यालय सभा र कार्यकारी परिषद्लाई हुने भएकाले सो बाहेक त्रि.वि.को जग्गा जमिन तथा अन्य सम्पत्तिहरूको विषयमा संरक्षण, सुरक्षा र सम्वर्धन, उपयोग र व्यवस्थापन गर्ने पहिलो जिम्मेवार पदाधिकारीको रुपमा रजिष्ट्रारलाई बनाएको पाईन्छ ।

## आर्थिक व्यवस्थापन तथा खरीद सम्बन्धी नियम, २०५०

आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम, २०५० ले त्रि.वि.को चल अचल सम्पत्तिको संरक्षण र उपयोग सम्बन्धमा निम्नअनुसारका पदाधिकारी र संस्थाको जिम्मेवारी तथा दायित्व हुने व्यवस्था गरेको देखिन्छ।

१. विश्वविद्यालयको स्वामित्व वा जिम्मा रहेका वा खरिद गरी वा अन्य कुनै स्रोतबाट प्राप्त हुन आएका सामानहरू, सम्पत्ति, जायजेथा सुरक्षित राख्नु, राख्न लगाउनु विश्वविद्यालयका प्रत्येक पदाधिकारी कर्मचारीहरूको कर्तव्य र उत्तरदायित्व हुनेछ (नियम ८१.४)
२. विश्वविद्यालयका पदाधिकारीहरूले आआफ्नो संगठन वा निकाय अन्तर्गतको घर जग्गा सवारी साधन तथा तोकिएका सम्पत्तिहरूको केन्द्रीय लगत राख्ने वा राख्न लगाउने व्यवस्था मिलाउनुपर्नेछ।(नियम ८१.७)
३. नियम ८१ बमोजिम लगत खडा भए नभएको, संरक्षण र संभार भए नभएको, नियम बमोजिम काम भए नभएको, सामान सम्पत्तिको संरक्षण भए नभएको र तत्सम्बन्धमा उत्तरदायित्व बहन गरे नगरेको समेत छानबिन गर्न केन्द्रीय कार्यालयका पदाधिकारीले जाँचबुझ गराउन प्रतिवेदन लिन र आवश्यकता अनुसार कारबाही गर्न सक्ने (नियम ८२)
४. विश्वविद्यालयको चल अचल सम्पत्तिको हक हस्तान्तरण गर्ने अधिकार कार्यकारी परिषद्लाई हुनेछ। तर हस्तान्तरण गर्नुअघि अनुमोदनका लागि विश्वविद्यालय सभामा पेश गर्नुपर्ने र सभाको दुई तिहाईले पारित भएको हुनुपर्ने (नियम ९१(२))
५. विश्वविद्यालयको स्वामित्व वा अधिनमा रहेको घर जग्गा वा कुनै सम्पत्ति बहाल वा लिजमा दिन लिन समिति र त्यस्तो अधिकार कार्यकारी परिषद्बाट तोकिए बमोजिम हुने (नियम ९२)

६. विश्वविद्यालयले लिज वा बहालमा लिँदा दिँदा अपनाउनुपर्ने कार्यविधि तय गर्ने जसमा शर्त उल्लेख गरी सम्झौता गर्नुपर्ने (नियम ९३) सम्झौताका शर्तहरू भौतिक सम्पत्तिको विवरण, बहाल रकम, घटबढ हुन सकिने नसकिने, रकम भुक्तानीको प्रक्रिया तरिका, अवधि बढाउन सकिने नसकिने, भौतिक सम्पत्तिको रूपमा वा संरचनामा हेरफेर गर्न सक्ने नसक्ने व्यवस्था, मर्मत गर्ने गराउने दायित्व आदि विषय न्यूनतम रूपमा उल्लेख हुनुपर्ने।

## त्रिभुवन विश्वविद्यालय स्वायत्तता सम्बन्धी नियम, २०६२

यस नियमावली अनुसार त्रि.वि. अन्तर्गतका आँगिक क्याम्पसको चल अचल सम्पत्तिको संरक्षण रेखदेख र आय आर्जन प्रयोजनमा उपयोग गर्ने गराउने काम कर्तव्य र अधिकार क्याम्पस कार्यकारी समितिको हुने भनी नियमले देहाय बमोजिम व्यवस्था गरेको देखिन्छ।

१. क्याम्पसको कोषको स्थापना, सञ्चालन र प्रयोगको सन्दर्भमा क्याम्पसको चल अचल सम्पत्ति खरिद गर्न निर्माण गर्न, मर्मत संभार गर्न रेखदेख र सुरक्षा गर्न संचालक समितिले व्यवस्था गरे बमोजिम हुने (नियम १६(५ ख))

२. क्याम्पसको आय व्यय, पेश्कि र धरौटी लिई नगदी चल अचल सम्पत्ति दावी दायित्व लगाएको लेखा प्रणाली विश्वविद्यालयको प्रचलित आर्थिक नियमानुसार तोकिएको ढाँचा अनुसार हुने (नियम १७(१))

३. क्याम्पसको संम्पूर्ण वित्तीय कारोबारहरू तथा बजेट र खर्चको विवरणका साथै क्याम्पसको चल अचल सम्पत्तिको भौतिक परिक्षण सम्बन्धी प्रतिवेदन विश्वविद्यालयले तोकिदिएको ढाँचामा तयार गरी विश्वविद्यालयको केन्द्रीय कार्यालय र क्याम्पस कार्यकारी समितिमा क्याम्पस प्रमुखले पेश गर्नुपर्ने (नियम १९) यसका साथै क्याम्पस प्रमुख, कार्यकारी परिषद्, क्याम्पस संचालक समिति र क्याम्पस कार्यकारी समिति प्रति उत्तरदायी हुने।

४. आन्तरिक लेखापरिक्षण त्रि.वि.को निरिक्षण महाशाखा वा तोकिएको निकायले र आन्तरिक तथा अन्तिम लेखा परिक्षणले औंल्याएको कमजोर पक्षहरूमा सुधार गर्ने र सुझावको कार्यान्वयन गर्ने। (नियम २१)

५. त्रि.वि.को स्वीकृति लिई क्याम्पसको स्वामित्व वा अधिनमा रहेको घर जग्गा वा कुनै सम्पत्ति बहाल वा लिजमा दिन सकिने र अन्य व्यक्ति वा संस्थाको स्वामित्वको सम्पत्ति बहाल वा लिजमा लिन सक्ने र त्यस्तो अधिकार कार्यकारी समितिलाई हुनेछ। (नियम ४०)

६. क्याम्पसहरूको शैक्षिक, भौतिक, आर्थिक र प्रशासनिक क्रियाकलापहरूको त्रि.वि. केन्द्रीय कार्यालयबाट नियमित अनुगमन गरी प्रतिवेदन कार्यकारी परिषद्मा पेश गर्नुपर्ने। (नियम ५६)

## त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको सम्पत्ति व्यवस्थापन कार्यप्रणाली, २०५५

कार्यकारी परिषद्को मिति २०५५ पौष १३ गते २५ को बैठकले (निर्णय नं. ३१७०) त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर परिसरभित्रको सम्पतिको संरक्षण, सुरक्षा, स्याहारसम्भार, उपयोग र व्यवस्थापन गर्नका लागि "त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको सम्पत्ति व्यवस्थापन कार्यप्रणाली, २०५५" स्वीकृत गरी लागु गरेको देखिन्छ। यस कार्यप्रणालीले सम्पत्ति संरक्षण गर्न त्रि.वि. रजिष्ट्रारको अध्यक्षतामा ९ सदस्यीय समितिको व्यवस्था गरेको छ। यस समितिको प्रमुख काम कर्तव्यमा कीर्तिपुरको जग्गाको स्वामित्व संरक्षण गर्ने, कीर्तिपुरको जग्गा अतिक्रमण भए नभएको पत्ता लगाउने र अतिक्रमण हुन नपाउने व्यवस्था गर्ने रहेको छ। यसका साथै त्रि.वि. कीर्तिपुरको भवन लगायत अन्य सम्पत्तिको स्याहार सम्भार गर्ने र कीर्तिपुरभित्रको जग्गा वा अन्य भौतिक सम्पत्ति लिज वा बहालबाट आएको आय असुल उपर गर्ने र कोषमा जम्मा गर्नुपर्ने दायित्व समेत उल्लेख छ ।

## त्रिभुवन विश्वविद्यालयको घरजग्गा, लिज वा बहालमा दिने सम्बन्धी कार्यव्यवस्थापन प्रणाली, २०५६

त्रि.वि. कार्यकारी परिषद्को मिति २०५६/१२/२९ निर्णय नं. ७३० बाट त्रिभुवन विश्वविद्यालय घर जग्गा लिज वा बहालमा दिने सम्बन्धी कार्य व्यवस्थापन प्रणाली, २०५६ पारित भएको देखिन्छ। जसमा त्रि.वि. मातहतको जग्गा लिज वा बहालमा दिने प्रक्रिया, सो को समयावधि निर्धारण व्यवस्था गर्नुका साथै त्रि.वि. केन्द्रीय कार्यालय रजिष्ट्रारको अध्यक्षतामा ७ सदस्यीय केन्द्रीय समिति तथा क्याम्पस प्रमुखको अध्यक्षतामा ५ सदस्यीय व्यवस्थापन तथा विकास परिषद्/व्यवस्थापन समिति गठन गर्ने व्यवस्था गर्नुका साथै त्रिभुवन विश्वविद्यालयको मातहतमा रहेका जग्गा लिज वा बहालमा दिने जिम्मेवार निकाय र पदाधिकारीहरू तोकिएको पाईन्छ।

## त्रिभुवन विश्वविद्यालयको अचल सम्पत्ति लिज वा बहालमा लिनेदिने सम्बन्धी विनियम, २०८०

१. त्रि.वि. कार्यकारी परिषद्ले २०८० साउन ३२ गते "त्रिभुवन विश्वविद्यालयको अचल सम्पत्ति लिज वा बहालमा लिनेदिने सम्बन्धी विनियम २०८०" जारी गरेको छ । यस विनियममा विश्वविद्यालयको जग्गा लिजमा दिने सम्बन्धी व्यवस्था उल्लेख गर्दै सामान्यतयः विश्वविद्यालयको जग्गा विश्वविद्यालयभन्दा बाहिरको संस्था वा ब्यक्तिलाई दिन नपाईने तर विशेष परिस्थितिमा प्रयोग बिहिन अवस्थाको जग्गा विश्वविद्यालय बाहिरका संस्था वा व्यक्तिलाई लिजमा दिँदा के कुन प्रयोजनको लागि दिने हो स्पष्ट गरी प्रतिस्पर्धाको माध्यमबाट बढीमा ३० वर्षसम्मको लागि लिजमा दिन सकिने व्यवस्था गरेको पाईन्छ। यसरी जग्गा लिन वा दिन सिफारीस गर्ने प्रयोजनको लागि त्रि.वि. रजिष्ट्रारको संयोजकत्वमा ६ सदस्यीय समिति रहने र यसको सिफारिसमा कार्यकारी

परिषद्ले दिन सक्ने व्यवस्था रहेको छ। यसरी जग्गा लिजमा लिन वा दिने प्रक्रिया सुरू गर्न कार्यकारी परिषद्बाट पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था रहेको छ।

२. माथि उल्लेख भएको व्यवस्था बाहेक सरकारी निकायलाई लिजमा जग्गा उपलब्ध गराउन सक्ने व्यवस्था समेत रहेको छ। त्रि.वि.को आउदो २५/३० बर्षसम्म प्रयोगमा आउने कुनै योजना नभएको अवस्थामा रहेको जग्गा नेपालको केन्द्रीय, प्रदेश वा स्थानीय सरकारले सामाजिक कार्यको लागि उपलब्ध गराउन अनुरोध गरेमा समितिको सिफारिसमा ३० वर्ष सम्मका लागि उपलब्ध गराउन कार्यकारी परिषद्ले स्वीकृति दिन सक्ने व्यवस्था गरेको पाइन्छ। यसरी जग्गा उपलब्ध गराउँदा लिज रकम तोक्नु पर्नेछ।

३. यसका अलावा त्रि.वि.ले आफूसँग सम्बन्धित कर्मचारी र प्राध्यापक संगठन र ती मातहतका इकाईहरू, नेपाल प्राध्यापक संगठनलाई जग्गा उपलब्ध गराउन सक्ने व्यवस्था उल्लेख छ । तर यसरी उपलब्ध गराएका जग्गा वा भवन जुन प्रयोजनको लागि उपलब्ध गराएको हो, सोही बमोजिम उपयोग गर्नुपर्ने स्पष्ट व्यवस्था रहेको छ । माथि भएको व्यवस्थाका अतिरिक्त, यसअघि विश्वविद्यालयले सरकारी निकायलाई भोगाधिकार दिएको जग्गा बहुपक्ष वीच लिजमा दिने निर्णय नभएको भए पुनः सम्झौता गर्नुपर्ने उल्लेख छ।

४. विश्वविद्यालयको जग्गा त्रि.वि.का कुनै पनि क्याम्पस/कार्यालयको हितमा हुने गरी कुनै पनि पेशा, व्यवसाय क्याम्पसको हाताभित्र सञ्चालन गर्दा विद्यार्थी, शिक्षक, कर्मचारीलाई सहयोग हुने र क्याम्पसको सेवा प्रवाहमा समेत सहयोग पुग्ने भएमा निजी क्षेत्रलाई जग्गा लिजमा दिन सकिने व्यवस्था रहेको पाईन्छ। कुनै क्याम्पस वा कार्यालयको कृषियोग्य जग्गा क्षेत्रफलका आधारमा कुत बुझाउने गरी लिजमा समेत दिन सकिने व्यवस्था रहेको छ। यसका साथै क्याम्पस/कार्यालयको जग्गा तत्काल आवश्यक नहुने र लिजमा दिँदा आर्थिक फाइदा हुने भएमा आवश्यक प्रक्रिया पुरा गरी लिजमा दिन सकिने व्यवस्था गरेको पाईन्छ । तर यसरी जग्गा दिँदा विभिन्न योजना सञ्चालन गर्दा क्याम्पस/कार्यालयको शैक्षिक वातावरणलाई प्रतिकुल असर पर्ने गरी क्याम्पस परिसरसँग जोडिएमा जग्गा कसैलाई उपलब्ध नगराउने व्यवस्था गरेको देखिन्छ।

५. क्याम्पसले दीर्घकालीन फाइदा पुग्ने विभिन्न योजना सञ्चालन गर्न आफ्नो जग्गा पर्याप्त नभएमा व्यक्ति, संस्था वा सरकारी स्वामित्वमा रहेको जग्गा लिजमा लिन सक्ने व्यवस्था गरेको देखिन्छ।

## प्रचलित अन्य कानूनी व्यवस्थाहरू

१. यसका अतिरिक्त त्रि.वि.ले राज्यको तर्फबाट सरकारी, सार्वजनिक, गुठी एवं निजी जग्गाको व्यवस्थापन र संरक्षणका सम्बन्धमा राष्ट्रिय भूमि नीति, २०७५ सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्य नीति, २०७१ भूमि सम्वन्धी ऐन, २०२१ गुठी संस्थान ऐन, २०३३ जग्गा प्राप्ती ऐन, २०३४ मालपोत ऐन, २०३४ स्थानीय प्रशासन ऐन, २०२८ जग्गा प्रशासन निर्देशिका, २०५८ सरकारी सार्वजनिक जग्गा संरक्षण निर्देशिका, २०६२ जग्गाधनी

संकेत नम्वर निर्धारण निर्देशिका, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मुलुकी देवानी संहिता, २०७४ समेतका कानूनी व्यवस्थालाई पालना गर्नुपर्ने देखिन्छ। यसको आधारमा त्रि.वि.ले जग्गा जमिनको व्यवस्थापन एवं प्रशासनिक कार्य सम्पादन गर्न नेपाल सरकारद्वारा स्थापित संस्थागत व्यवस्था अन्तर्गतका मन्त्रालय, विभाग, जिल्ला र शाखा/एकाई/इलाका स्तरीय कार्यालयहरू स्थापना भई भूमि व्यवस्थापन सम्बन्धी सेवा प्रवाह सम्बन्धी कार्य हुँदा त्रि.वि.ले पनि ती निकायहरूसँग समन्वय गरी आफ्नो स्वामित्वको जग्गाको संरक्षण, उपयोग र व्यवस्थापनमा पर्याप्त सेवा लिन सक्ने नै देखिन्छ।

२. प्रचलित कानूनमा भएको व्यवस्था अनुसार सरकारी कार्यालयहरू मालपोत तथा भूमिसुधार कार्यालय, नापी कार्यालय, जिल्ला प्रशासन कार्यालय, प्रदेश सरकार, स्थानीय सरकारका कार्यालयहरूका साथै गृह मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयहरूले जग्गा जमिनको संरक्षणका लागि जमिनको नाप नक्सा, सिमांकन अभिलेखीकरण आदी र त्यससँग सम्बन्धित कागजपत्रहरूको संरक्षण गर्नमा आवश्यक सहयोग र समन्वयात्मक रुपमा जिम्मेवारी बहन गरिदिनु पर्ने हुन्छ। जस्तैः मालपोत ऐन, २०३४ ले सरकारी वा सार्वजनिक जग्गाको लगत तयार गर्ने र आवश्यकीय प्रशासन गर्ने जिम्मेवारी उल्लेखित निकायहरूलाई जिम्मेवारी र दायित्व दिएको छ । त्यस्तै, प्रचलित कानूनले स्थानीय सरकारका गाँउ/नगरकार्यपालिका कार्यालय, एवं प्रदेश सरकारको संरक्षण र व्यवस्थापन गरिदिने कर्तव्य र जिम्मेवारी तोकेको पाइन्छ।

३. साथै, सरकारी सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने कर्तव्य संविधानतः प्रत्येक नेपाली नागरिकको पनि हो भन्ने सम्बन्धमा संविधानको धारा ४८ मा भएको "सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने" भन्ने उल्लेख भएकोमा पनि प्रष्ट हुन्छ। सरकारी, सार्वजनिक जग्गाको हिनामिना हुन सक्ने वा भएको अवस्थाहरूको जानकारी प्राप्त हुनासाथ सम्बन्धित निकायहरूमा सूचित गर्ने, गर्नुपर्ने वा गराउने कार्यमा पत्रकार, नागरिक समाज र व्यक्ति स्वयंको अहम भुमिका रहँदै आएको छ। तर केहिबाट त्यस्तो भूमिका निर्वाह भएको छ भने केहिबाट सरकारी सार्वजनिक जग्गा जमिनको स्वामित्वमा रहेको जग्गा जमिनलाई गैरकानूनी तवरले आफ्नो नाममा वा अर्को व्यक्ति विशेषको नाममा स्वामित्व कायम गराउने कार्यमा संलग्न भूमाफियाहरूलाई नै सहयोग, सर्मथन गरेको मात्र होइन कतिपय अवस्थामा सहकार्य समेत भएको पाईएकोले पनि त्रि.वि. र अन्तर्गतका क्याम्पसहरूको जग्गाहरूको हकमा पनि संरक्षण र व्यवस्थापन गर्न कार्यमा अत्यन्त जटिल समस्याहरू देखा परेको अवस्था छ ।

४. त्रि.वि.को चल अचल सम्पत्तिको स्वामित्व ग्रहण र हस्तान्तरण, उपयोग र संरक्षण गर्ने कानूनी व्यवस्थाहरूका सम्बन्धमा त्रिभुवन विश्वविद्यालयले हालसम्म गरेका प्रयासहरूका विस्तृत रूपमा उल्लेख गरिएको छ। प्रचलित कानूनले पनि नेपाल सरकार, सार्वजनिक संस्था वा समुदायले आफ्नो हकभोग, जिम्मा वा अधिनमा रहेको सरकारी वा सार्वजनिक वा सामुदायिक सम्पत्तिको

संरक्षण आफै गर्नुपर्ने दायित्व तोकेको सन्दर्भमा त्रि.वि.ले पनि आफ्नो स्वामित्वको जग्गाको संरक्षण, उपयोगको लागि नीतिगत, कानूनी एवं संस्थागत व्यवस्था गरेको पाईन्छ।

### ५.२.३ संस्थागत व्यवस्था

शैक्षिक, प्राज्ञिक, अनुसन्धानात्मक कार्यका अतिरिक्त जग्गा जमिन तथा सम्पत्तिको संरक्षण गर्नका लागि समेत त्रि.वि.को व्यवस्थापनका लागि त्रि.वि. सभा (सिनेट), कार्यकारी परिषद्, उपकुलपतिको कार्यालय, रजिष्ट्रारको कार्यालय, सामान्य प्रशासन महाशाखा र सो अन्तर्गत सम्पत्ति व्यवस्थापन शाखा (प्रपर्टी म्यानेजमेण्ट अफिस केही वर्ष अगाडिसम्म अस्तित्वमा रहे पनि हाल नभएको) र सामान्य प्रशासन महाशाखामा जग्गा जमिन तथा सम्पत्तिको सुरक्षा, संरक्षण, उपयोग र व्यवस्थापन गर्न केही जनशक्तिको व्यवस्था रहेको र पछिल्लो समयमा समितिलाई प्राप्त भएको जानकारी अनुसार विश्वविद्यालय क्याम्पस कीर्तिपुरमा सम्पत्ति संरक्षण तथा व्यवस्थापन एकाई गठन गरी कार्य सम्पादन गर्दै आईरहेको देखिन्छ। यसका अतिरिक्त आंगिक क्याम्पसहरूको हकमा क्याम्पस कार्यकारी समिति, क्याम्पस प्रमुखलाई पनि जग्गा जमिन तथा सम्पत्तिको सुरक्षा, संरक्षण, उपयोग र व्यवस्थापनको लागि जिम्मेवार बनाएको पाईन्छ।

## ५.३. जग्गा जमिनको संरक्षण, उपयोग र व्यवस्थापनका प्रयासहरू

### ५.३.१. त्रि.वि.ले गरेका प्रयासहरूका सम्बन्धमा प्राप्त तथ्य सूचना र विवरण

त्रि.वि. ऐन र सो अन्तर्गत निर्माण भएका अन्य कार्यप्रणाली, विनियमहरूमा भएको व्यवस्थाहरूको अध्ययन गर्दा सरकारद्वारा त्रिभुवन विश्वविद्यालयका लागि विभिन्न समयमा अधिग्रहण गरिएको दाताहरूबाट प्राप्त भएका जग्गाहरूको समुचित संरक्षण, उपयोग व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी त्रिभुवन विश्वविद्यालयका कुलपति, उपकुलपति, कार्यकारी परिषद् र सोका पदाधिकारी, रजिष्ट्रार र रजिष्ट्रारको कार्यालय एवं उच्च तहका कर्मचारीहरू, सा.प्र. महाशाखा र अन्य सम्बन्धित कर्मचारीहरूको प्रमुख काम, कर्तव्य, जिम्मेवारी र दायित्व हुने कानूनी व्यवस्था बमोजिम त्रि.वि.का सबै पदाधिकारी तथा कर्मचारीहरूबाट कार्यसम्पादन हुँदै आएको देखिन्छ।

त्रि.वि. ले आफ्नो जग्गा भवन तथा अन्य अचल सम्पत्तिको सरक्षण, उपयोग र व्यवस्थापनका लागि हालसम्म गरेका प्रयास तथा कार्यहरू देहाय बमोजिम रहेका छन्ः

१. त्रि.वि.ले जग्गा जमिनको अभिलेख व्यवस्थापनको कार्यलाई आफैंले प्रभावकारी, सरल, सहज ढंगले सम्पादन गर्ने उद्देश्यले प्रपर्टी म्यानेजमेन्ट अफिस (Property Management Office) को स्थापना गरी नेपाल सरकारको निकाय र कर्मचारीबाट हुँदै आएको देखिन्छ। त्रि.वि.को लागि आवश्यक जग्गा अधिग्रहण, मुआब्जा वितरण लगायत जग्गा जमिनसँग सम्बन्धित श्रेष्ता कागजात विश्वविद्यालयलाई सुम्पिएपछि त्रि.वि.ले अधिग्रहण गरेको जमिन, भवन, भौतिक संरचनाहरू कागजपत्रहरूको संरक्षण, सुप्रवन्ध र सुरक्षा गर्ने जिम्मेवारी प्रपर्टी म्यानेजमेन्ट

अफिसलाई दिईएको पाईन्छ। पछि यसलाई विश्वविद्यालय क्याम्पस कीर्तिपुरको प्रिन्सिपल अफिसमा गाभिएको र मिति २०७२/११/२० मा त्रि.वि. कार्यकारी परिषद्ले त्रि.वि. रजिष्ट्रारको कार्यालय अन्तर्गत रहने गरी "सम्पति संरक्षण तथा व्यवस्थापन एकाई" गठन गरी सामान्य प्रशासन महाशाखा अन्तर्गत रहने गरी व्यवस्था गरेको भन्ने जानकारी प्राप्त भएको।

२. सम्पत्ति संरक्षण तथा व्यवस्थापन इकाईले त्रि.वि. केन्द्र र अन्तर्गतका निकायहरू र आंगिक क्याम्पसहरूको जग्गा जमिन, भवन तथा अन्य अचल सम्पत्तिको लगत तथा लेखा राख्ने, आफ्नो जिम्माको जग्गाको क्षेत्रफल, भवन, यन्त्र तथा उपकरणको विवरण एवं लगत राख्ने, आफ्नो जिम्माको सम्पूर्ण सम्पत्तिको संरक्षण र सुरक्षा गर्ने गराउने जिम्मेवारी पुरा गर्नुपर्ने व्यवस्था रहेको पाईन्छ।

३. त्रि.वि.सँग सम्बन्धित कानूनहरूमा भएको व्यवस्था अनुरुप जग्गा जमिन स्वामित्व ग्रहण, हक हस्तान्तरण, भोगाधिकारको कार्यलाई आंशिक रूपमा विधिसम्मत् तुल्याउँदै आएको पनि देखिन्छ।

४. त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको सम्पत्ति व्यवस्थापन कार्य प्रणाली, २०५५ लागु गरी ऐनमा भएको व्यवस्थालाई अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्न र अचल सम्पत्तिको संरक्षण, उपयोग र व्यवस्थापनको कार्यलाई थप प्रभावकारी बनाउने कार्यलाई अघि बढाएको पाईन्छ। साथै सम्पत्तिको संरक्षण, उपयोग र व्यवस्थापनको कार्यलाई अझ प्रभावकारी र समयसापेक्ष बनाउन त्रि.वि. सँग सम्बन्धित कानूनहरूमा तोकिएको निकाय एवं प्रक्रियामा थप सुधार गर्दै आएको देखिन्छ।

५. त्रिभुवन विश्वविद्यालयको घरजग्गा बहाल दिने कार्यप्रणाली, २०५६ कार्यान्वयन पछि सोमा केहि परिमार्जन गरी वि.सं. २०६० मा घरजग्गा लिजमा दिने लिने कार्यप्रणाली, २०६० लागु गरेको त्यसलाई पनि पुनः परिमार्जन गरी त्रि.वि.को अचल सम्पत्ति लिज बहालमा लिन दिने सम्बन्धी विनियम, २०८० लागु गरेको देखिन्छ।

६. त्रि.वि.को स्वामित्वमा मुलुकभर रहेका आंगिक क्याम्पसहरूले उपयोग गरिरहेको जग्गा जमिन भवन लगायत चल अचल सम्पत्तिको संरक्षण, सुरक्षा र उपयोग एवं व्यवस्थापन गर्ने त्रिभुवन विश्वविद्यालय स्वायत्तता सम्बन्धी नियमहरू, २०६२ जारी गरी समय समयमा केन्द्रबाट निरन्तर रूपमा अनुगमन समेत हुने गरेको कार्यलाई निरन्तरता दिईदै आएको भन्ने जानकारी पाईयो।

७. मिति २०७२ फाल्गुण २० गते त्रि.वि.कार्यकारी परिषद्को निर्णयबाट प्रा. अनुप कुमार श्रेष्ठको संयोजकत्वमा त्रिभुवन विश्वविद्यालय र अन्तर्गतका सबै क्याम्पसहरू तथा निकायहरूको सम्पत्तिको खोज, संकलन र समुचित तवरले अभिलेखिकरण गर्न "त्रिभुवन विश्वविद्यालय सम्पत्तिको संकलन, सरक्षण, उपयोग र व्यवस्थापन समिति" गठन गरिएको र उक्त ११ सदस्यीय समितिले २०७४ चैत्र ७ मा प्रतिवेदन कार्यकारी परिषद्मा पेश गरेको देखिन्छ।

८. त्रि.वि.का रजिष्ट्रारको अध्यक्षतामा गठित समितिले त्रि.वि.का संगठनलाई कीर्तिपुर हाताभित्रको जग्गा वा भवनहरू जिम्मा दिन सक्ने र जिम्मा लिनेले त्यस्ता सम्पत्तिको व्यवस्थापनको जिम्मेवारी लिनुपर्ने व्यवस्था गरेको देखिन्छ । सम्पत्ति व्यवस्थापन कार्यालयले कीर्तिपुरको हातामा वृक्षारोपण गर्नुपर्ने र सो कार्यालयबाट आफ्नो जिम्मामा लिएका जग्गामा त्रि.वि.का तत् तत् निकायले पनि बगैंचा व्यवस्था र स्याहार सम्भार गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ । यसका अतिरिक्त उक्त समितिले कीर्तिपुरको सम्पत्ति व्यवस्थापनको लागि त्रि.वि.मा एउटा छुट्टै सेवा समुह वा उपसमुह गठन गर्न त्रि.वि. कार्यकारी परिषद् समक्ष सिफारिस गर्न सक्ने व्यवस्था समेत उल्लेख गरिएको पाइन्छ।

९. त्रि.वि. अन्तर्गतका आंगिक क्याम्पसहरू स्वयंले जग्गा जमिन भवनको संरक्षण र व्यवस्थापन गर्न सक्ने व्यवस्था त्रि.वि. स्वायत्तता सम्बन्धी नियम, २०६२ मा गरिएको देखिन्छ।

## ५.३.२. त्रिभुवन विश्वविद्यालयका जग्गा संरक्षण हुन नसक्नुका कारण र विश्लेषण

त्रिभुवन विश्वविद्यालयले आफ्नो जग्गा जमिनको संरक्षण, उपयोग र व्यवस्थापनका लागि गरेको माथि उल्लेखित प्रयासहरूका बाबजुद पनि अपेक्षाकृत रूपमा संरक्षण, उपयोग र व्यवस्थापन प्रभावकारी एवं व्यवस्थित ढंगबाट हुन सकेको देखिएन। अतिक्रमण भएको, भोगचलनका लागि सीमित समयका लागि दिइएको जग्गा फिर्ता नगरेको, एउटा कार्य/प्रयोग तथा लक्ष्य तोकी दिएकोमा अर्कै कार्यमा प्रयोग गरेको तथा लक्ष्य बमोजिम कार्य नगरेको र दाताहरूले पवित्र उद्देश्य राखी दिएको जग्गा समेत आफ्नो अधिनमा लिन नसकेको अवस्था रहेको देखियो।

१. त्रि.वि.को आफ्नो स्वामित्व तथा अधिनमा रहेको जग्गा जमिनको व्यवस्थापन एवं उपयोगको अवस्थालाई हेर्दा, परिच्छेद दुईका विभिन्न प्रकरणहरूमा उल्लेख गरिए अनुसार त्रि.वि.को जग्गा जमिन त्रि.वि.को प्राज्ञिक कार्यका लागि भन्दा पनि अन्य उद्देश्य लक्ष्य र प्रकृतिका क्रियाकलाप सञ्चालन गर्न विभिन्न निकाय एवं कार्यालयहरूलाई वितरण गरेको र तिनीहरूले नै आर्थिक लाभ लिएको देखिएको छ। दाताहरूले त्रि.वि.लाई दान दिएको जग्गा जमिनको पनि उपयुक्त तरिकाबाट समयमै आफ्नो स्वामित्वमा ल्याई उपयोग गर्न सकेको अवस्था पनि देखिन आएन।

२. प्रचलित कानून तथा त्रि.वि.को कानून समेतले जग्गा जमिनको संरक्षण सदुपयोग एवं व्यवस्थापनका लागि तोकिएको कार्य जिम्मेवारी कार्यकारी परिषद् तथा अन्य निकायका पदाधिकारीहरूले अपेक्षित स्तर, गुण र परिमाणमा कार्य जिम्मेवारी बहन गर्दै नगरेको, यदाकदा पत्राचार गर्ने गरेको, स्थापनाको करीव ६५ वर्षमा पनि त्रिभुवन विश्वविद्यालयको जग्गा तथा सम्पत्ति कहाँ कति छ भनी एकिन गर्नका लागि अभिलेख अद्यावधिक नगरेको तथा नरहेको, त्रि.वि. कीर्तिपुर हाताभित्रको जग्गाहरू निर्णयकर्ताको मनलाग्दी तवरले वितरण गरेको पाइएबाट जिम्मेवार पदाधिकारीले त्रि.वि. स्वंयले निर्माण गरेको नियम विनियममा भएको कानूनी व्यवस्थाको पालना नगरी लापरवाही तवरले कार्य गरेको देखिन्छ । त्रि.वि. का पदाधिकारीहरू

प्रायशः राजनैतिक नियुक्ती भएका कारणबाट अधिकांशमा जग्गा जमिन संरक्षण गर्ने कार्यमा ईच्छाशक्ति कमजोर र कार्यसम्पादनमा उदासिन रुपमा रहि आफ्नो पदको कार्य अवधि सम्पन्न ब्यतित गर्ने भन्ने पूर्वपदाधिकारी र कर्मचारीहरूको भनाई रहेको पाईन्छ।

३. विभिन्न समयमा कार्यरत त्रि.वि.का पदाधिकारीहरू उपकुलपति, रजिष्ट्रार एवं विशेषगरी सामान्य प्रशासन महाशाखाका प्रमुख वा त्रि.वि.का विभिन्न निकायहरू तथा सो अन्तर्गतको आंगिक क्याम्पस एवं कार्यालयहरूमा अन्यत्र सरुवा भएर गएका पदाधिकारी एवं कर्मचारीहरूबाट पनि त्रि.वि.को जग्गा जमिन तथा सम्पत्तिको अभिलेखहरूको अद्यावधिकता, संरक्षण, सुरक्षा, उपयोग र व्यवस्थापनको कार्य मात्र होइन त्रि.वि.सँग सम्बन्धित विद्यमान कानूनले अपेक्षा गरेअनुसार व्यवस्थित, प्रभावकारी र वैज्ञानिक तवरले कार्य सम्पादन गरेको भएको पाईएन।

४. साविकको Property Management Office ले अद्यावधिक गरेका जग्गा जमिन, मुआब्जा लगायतको अभिलेख अद्यावधिक नभएको र उक्त अफिसको उत्तराधिकारी निकाय नै प्रष्ट हुन नसकेको, हराएको, निष्क्रिय रहेको अर्थात् प्रभावकारी रूपमा रहे भएको पनि पाइएन।

५. त्रि.वि.का कुलपति, उपकुलपति एवं रजिष्ट्रारहरूबाट पनि त्रि.वि.को जग्गा जमिनको संरक्षणमा उच्चस्तरीय समन्वयात्मक भूमिका निर्वाह गरेको नदेखिएको, संरक्षणको दायित्व भएका निकायहरूको वीच प्रभावकारी समन्वय स्थापीत गरी संस्थाको हितमा उपयोग गर्न नसकेको, विश्वविद्यालयको जग्गाको समयमै नापजांच गरिगराई सीमाना छुट्याई सुरक्षा तथा संरक्षणको लागि तारवार, पर्खाल लगाउनु पर्नेमा (केहीमा बाहेक) सो कार्य नगरेको तथा केहिमा गरे पनि सिमा स्पष्ट हुन बाँकी रहेको देखियो।

६. जग्गा जमिन तथा अन्य सम्पत्तिहरूको विषयमा संरक्षण, सुरक्षा, सञ्चालन तथा सदुपयोग गरी व्यवस्थापन गर्न सर्वप्रथम त्यसको अद्यावधिक अभिलेख वा लगत दुरुस्त तयार भएको हुनु पर्दछ। सरकारले कानून बमोजिम त्रिभुवन विश्वविद्यालयका लागि विभिन्न मितिमा अधिग्रहण गरिदिएको जग्गाको मुआव्जा दिईएको जग्गाहरूको लगत विश्वविद्यालयसँग पुरा नभएको, अधिग्रहण गर्ने निकायसँग पनि त्यस्ता जग्गाहरूको पूर्ण र स्पष्ट लगत तथा अभिलेख भएको पाईएन।

७. त्रि.वि.का आंगिक क्याम्पस/निकायहरूले उपभोग गरेको जग्गाको स्वामित्व स्पष्ट नभएको, भोगचलन भईरहेको सम्पत्तिको अभिलेखिकरण नभएको र धेरै जसो क्याम्पसको जग्गा उचितरूपमा संरक्षण तथा सदुपयोग हुन नसकेको, लालची व्यक्तिहरूले आफ्नो सीमासँग जोडिएको त्रि.वि.को जग्गाको सिमा अतिक्रमण र जग्गा कब्जा गरी दपोट गरेको, त्रि.वि.को स्वामित्वमा आईसकेको जग्गाको नियमित कुत तथा जग्गाको भाडा नउठेको, भोगचलन तथा उपभोग गरेको जग्गाको पूर्ण स्वामित्व समयमै लिन नसकेको, जग्गा जमिन तथा भौतिक संरचनाको कागजात प्रमाण, विवरणहरू अद्यावधिक तथा दुरूस्त नभएको, क्याम्पस हाताभित्र निर्मित विभिन्न परियोजनाहरूका भौतिक निर्माणको स्वामित्व स्पष्ट नभएको, त्रि.वि.लाई

दाताहरूबाट प्राप्त जग्गा जमिनको समयमै स्वामित्व हस्तान्तरण गरी नलिएको आदि मुख्य समस्याहरू प्राध्यापक अनुप कुमार श्रेष्ठको प्रतिवेदन (२०७४) र महालेखा परिक्षकको वार्षिक प्रतिवेदन (२०७८) ले पनि उल्लेख गरेको पाईन्छ।

८. माथि विभिन्न प्रकरणहरूमा उल्लेख गरिएका अवस्था र समस्याहरूको विश्लेषण गर्दा, त्रिभुवन विश्वविद्यालय र त्यसको आंगिक क्याम्पसहरू समेतको स्वामित्व र उपभोगमा रहेको कीर्तिपुर र कीर्तिपुर बाहिर उपत्यकाभित्रका जग्गाहरू संरक्षण, संवर्द्धन, सदुपयोग र व्यवस्थापन हुन नसक्नुमा निम्न कारण र अवस्था विद्यमान रहेको देखिन आएको छ।

८.१. प्रचलित कानून तथा त्रि.वि.सँग सम्बन्धित विभिन्न ऐन कानून समेतले जग्गा तथा सम्पत्तिको संरक्षण तथा व्यवस्थापनका सम्बन्धमा स्पष्ट रुपमा कार्य जिम्मेवारी तोकिएकोमा पनि सम्बन्धित पदाधिकारीहरू र संस्थाले शैक्षिक, प्राज्ञिक र अनुसन्धानात्मक कार्यमा मात्र बढि ध्यान दिएको र जग्गा जमिन, भवन लगायत अचल सम्पत्तिको संरक्षण र व्यवस्थापनको पक्षमा कम ध्यान दिएको वा कतिपय अवस्थामा दिदैं नदिएको।

८.२. उच्च तहका जिम्मेवार कर्मचारीहरूले पनि सम्पत्ति संरक्षणका सम्बन्धमा यदाकदा पत्राचार गर्ने कार्य सम्म मात्र गरेको तर त्यसको निरन्तरता दिई अन्तिम परिणाममा देखिने गरि कार्यसम्पादन नगरेको आधारमा ती पदाधिकारीहरू र कर्मचारीहरूबाट आफ्नो पदीय कार्य जिम्मेवारी बहन गर्दैं नगरेको।

८.३. जग्गाको अभिलेख अद्यावधिक, व्यवस्थित गर्ने कार्यमा खोजीनिती नगर्नु, प्रमुख पदाधिकारीहरूले आफ्ना सहायक कर्मचारीहरूबाट ती कार्यहरू सम्पादन भए नभएको सम्बन्धमा समयमै अनुगमन गर्ने र निर्देशन दिने कार्य नगर्नु, आफ्नो स्वामित्व र आफुले उपभोग गरेको जग्गाको रेकर्ड व्यवस्थित र अद्यावधिक गर्ने कार्यमा कानूनतः जिम्मेवार निकाय तथा पदाधिकारीले सो दायित्व पुरा नगरेको साथै तोकिएका पदाधिकारीले आफ्नो पदीय काम, कर्तव्य र जिम्मेवारी निर्वाह नगर्नु र नगराउनु तथा लगत तयार गर्ने कार्य प्रति बेवास्ता गरिएको।

८.४. त्रिभुवन विश्वविद्यालयको जग्गा जमिन भवन तथा अन्य अचल सम्पत्तिको उपयोग कुन मोडेलमा के कसरी गर्ने विषयमा स्पष्ट दीर्घकालिन सोच नै नभएको, साथै राजनीतिक एवं व्यक्तिगत सम्पर्क प्रभाव, दबाव, स्वार्थको आधारमा मात्र त्रि.वि. को जग्गाहरू विभिन्न संघ संस्थाहरूलाई दिइएको अप्रत्यक्ष ढंगबाट नेपाल सरकारको दवाव त्रि.वि.मा परेको देखिएको।

८.५. त्रिभुवन विश्वविद्यालयले सरकारद्वारा अधिग्रहण गरिएका, आफ्ना नाममा रहेका तथा मुआव्जा दिएका के कति जग्गाहरू छन्; ती घरजग्गाका लालपूर्जा छन् छैनन्? छ भने कहाँ छन् के अवस्थामा छन्? भनी खोजतलाश गर्ने, लगत लिने, सो बमोजिम छ

छैन भनी जाँचपडताल गर्ने कार्यहरू तत्काल वा उचित समयमा नै नगरेको नगराएको र सम्बन्धित कागजातहरूको पर्याप्त संरक्षण नगरेको।

८.६. त्रिभुवन विश्वविद्यालयको जग्गामा बनेका भौतिक संरचना नबनाउन जग्गा अधिग्रहणको समय र तत्पश्चात पनि गोरखापत्रमा र सार्वजनिक सूचनाहरू प्रकाशन गरेको देखिएको तथा वनेका संरचनाहरू भत्काउने विषयमा स्थानीय प्रशासन, तत्कालीन सरकार (गृह मन्त्रालय र शिक्षा मन्त्रालय) मा पत्राचार गरेको सम्म देखिएको तर लगनशिल एवं दत्तचित्त रहि निरन्तर रुपमा लागि नपरेको।

८.७. अधिग्रहण गरिएका जग्गाहरूको मुआब्जा वितरण भएपछि त्रिभुवन विश्वविद्यालयले तत्कालै मालपोत कार्यालयमा पत्र पठाई लगत कट्टा गर्ने गराउनेतर्फ कारबाही चलाउने र मालपोत कार्यालयले पनि मुआब्जा वितरण गर्ने निकाय र सरकारी निकायको पत्र प्राप्त हुनासाथ ढिलाई नगरि लगत कट्टा गरिदिनु पर्नेमा सो कार्य समयमा नै तदारूकताका साथ सम्पन्न हुन नसकेको। त्रिभुवन विश्वविद्यालयका पदाधिकारी तथा कर्मचारीहरूले पनि मुआव्जा वितरण भएपछि तत्कालै मालपोत कार्यालयमा पत्र पठाई लगत कट्टा गर्ने कार्य नगरेको, गर्न तदारुकता नदेखाएको।

८.८. त्रि.वि.को लागि अधिग्रहण गरिएको क्षेत्रभित्र कै जग्गा पनि भोगचलनका आधार हाल साबिक गर्दाको समयमा त्रि.वि.को सक्रिय उपस्थितिको अभावमा त्रि.वि. बाहेक अन्य निकायका नाममा सिट नक्सा बनाउने प्रयास भएको।

८.९. मुआब्जा वितरण गरी आफ्नो नाममा ज.ध. प्रमाणपूर्जा लिएपछि नापजांच गरी गराई समयमा जिम्मेवार निकायका प्रमुख पदाधिकारी वा निजका प्रतिनिधि राखी उनीहरूको रोहवरमा सरजमिन (जग्गामा) नापजांच गरी गराई छेकबार, पर्खाल, तारबार राख्ने कार्य नगरेको, त्रि.वि. परिसरको पश्चिमपट्टी क्षेत्रमा पर्खाल लगाएको भए पनि व्यवस्थित नभएको, पर्खाल लगाउदाको समयमा नै त्रि.वि.को स्वामित्वका केही जग्गाहरू छोडिन पुगेको देखिएपछि तत्काल नाप जाँच गरी सिमा र क्षेत्रफल एकिन गर्नुपर्नेमा सो नगरेको।

८.१०. विश्वविद्यालय क्याम्पसको च.नं. ७८/०८१/०८२ मिति २०८१/०५/१८ को उजुरीको थप विवरणको पाना ६, ८ र १० मा उल्लेख भएको सिमा क्षेत्रका वासिन्दाहरूबाट समेत अतिक्रमण भएको विषयमा समितिको क्रमशः च.नं. ५०, ६३ मिति २०८१/०५/०२, २०८१/०५/१६ मा समेत समितिबाट पत्राचार गरी स्पष्ट गर्न सोधिएकोमा कीर्तिपुर नगरपालिकाबाट समितिको कार्य अवधिभित्र कुनै लिखित जवाफ/विवरण प्राप्त नभएकोले स्थानीय तहले पनि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ तथा मुलुकी देवानी संहिता, २०७४ को दफा ३०४ बमोजिमको दायित्व पुरा नगरेको।

८.११. जग्गा जमिनको संरक्षणको दायित्व त्रि.वि. भित्रै पनि धेरै पदाधिकारीहरूमा छरिएर रहेको र संरक्षणको दायित्व भएका निकाय तथा पदाधिकारी बीच पर्याप्त र प्रभावकारी समन्वय नभएको कारणले एकले अर्कोलाई जिम्मेवारी पन्छाउने एवं अर्काले कार्यसम्पादन गरिहाल्छ भनी पर्खेर बस्ने गरेको।

८.१२. त्रि.वि.लाई विभिन्न दाताहरूबाट प्रदान भएका जग्गा जमिन र भवनहरूको स्वामित्व ग्रहण गर्ने तर्फ तदारुकता नदेखाएको जस्तैः नैकाप, टोखा, लुभु, हात्तिगौंडा, चौतारा, कपनको जग्गा र २०१३ सालमा अधिग्रहण गरिएको कीर्तिपुर परिसरको सिमा क्षेत्रभित्रको जग्गाको सम्बन्धमा।

८.१३. राजनीतिक लाभहानी हिसाब गरी सरकारी जग्गा व्यक्ति विशेषलाई कब्जा गर्न, वितरण गर्न दुरुत्साहन गर्ने प्रवृत्ति त्रि.वि.को स्वामित्वमा रहेका जमिन र भवनको सम्बन्धमा पनि देखिएको। जस्तैः लेबोरेटरी स्कुल, प्राध्यापक र कर्मचारीका संघ संस्था र त्रि.वि.लाई आवश्यक नदेखिएका सरकारी एवं गैरसरकारी संघसंस्थालाई विभिन्न बहानामा त्रि.वि.को परिसरमा राख्नु।

८.१४. त्रि.वि.को जग्गा मिचिदा पनि त्यसको समयमा नै प्रभावकारी रूपमा त्रि.वि. स्वयंले विरोध/कानूनी उपचारको बाटो अबलम्बन नगरिनु साथै त्रि.वि.ले सो विषयमा शिक्षा मन्त्रालय, गृह मन्त्रालय समेतलाई आवश्यक सहयोग गरिदिनका लागि अनुरोध गरेकोमा पनि नेपाल सरकारका जिम्मेवार निकाय एवं पदाधिकारीहरूबाट कानून बमोजिमको दायित्व निर्वाह नभएको पनि देखिन आएकोबाट अन्य सरकारी निकायले पनि कानूनको अक्षरशः पालना गर्नमा हिचकिचाएको र बेवास्ता गर्ने गरेको।

८.१५. सरकारी जग्गाको संरक्षणको कार्यमा अग्रसर हुने पदाधिकारी एवं व्यक्ति नै असुरक्षित महशुस गर्ने र अर्कोतर्फ आर्थिक तथा राजनीतिक प्रभाव नै ठूलो हुने गरेको र तिनीहरूबाट कर्मचारी समेत भयभित हुने गरेको (जस्तै लेबोरेटरी स्कूल, कीर्तिपुर न.पा., प्राध्यापक संघ र कर्मचारी संघ नैकाप भञ्ज्याङ्ग, भक्तपुर न.पा.)

८.१६. त्रि.वि. जस्तो सरकारी निकायले जग्गाको नाप जाँच गर्न, श्रेष्ता पूर्जाको समग्र अभिलेख अद्यावधिक गरीदिन, जग्गा रोक्का राखी अतिक्रमण र गैरकानूनी कब्जा वा हस्तान्तरण हुन गर्न नदिन भूमि व्यवस्थापनसँग सम्बन्धित निकायहरू मन्त्रालय, विभाग, कार्यालयहरू एवं संस्थान (गुठी) समेतमा अनुरोध गरिसकेपछि उक्त सरकारी निकायले पनि प्रचलित भूमि सम्बन्धी कानूनमा भए अनुरूप सहयोग भए गरेको अवस्था नहुनु।

८.१७. विश्वविद्यालयको सोझै सम्पर्कमा हुने शिक्षा मन्त्रालयले पनि त्रि.वि. उपकुलपति, रजिष्ट्रारको कार्यालयबाट त्रि.वि. र आंगिक क्याम्पसले उपभोग गरिरहेको जग्गाको पूर्ण स्वामित्व, भोगाधिकारको सम्बन्धमा एकिन गरीदिन बारम्बार पत्राचार गर्नु साथै शिक्षा

मन्त्रालयले नै आफ्ना नाममा रहेको जग्गा के कति र के कस्तो अवस्थामा रहेको छ भनी चासो नदिनु (जस्तैः टिचिङ्ग, सानोठिमी क्याम्पस, ताहाचलको जग्गा)।

८.१८. अन्यत्रको सरकारी जग्गामा जस्तै त्रि.वि.को जग्गा दपोट गर्ने कार्यमा कर्मचारीहरू मात्र नभै भू-माफिया र उच्च राजनीतिक तहको संलग्नता पनि हुन सक्ने आशंका रहन गएको।

## त्रिभुवन विश्वविद्यालयको जग्गाको संरक्षण नहुनुका कारणहरू

**त्रि.वि. पदाधिकारी-**

-जिम्मेवार पदाधिकारीले जग्गा जमिनको अभिलेख अद्यावधिक गर्ने गराउने कानूनले तोकेको जिम्मेवारी वहन गर्दै नगर्नु, गरेमा पनि लापरवाहीपूर्ण तवरले गर्नु

- संरक्षणको दायित्व भएका त्रि.वि. भित्र र अन्य सरकारी निकायहरूको वीच प्रभावकारी समन्वय स्थापित नगर्नु/ नहुनु

- अतिक्रमण भएको जग्गा हटाउने कार्य नगर्ने, भोगचलनका लागि दिइएको जग्गा समय सकिएपछी वा संझौता विपरित अर्को कार्यमा लगाउँदा पनि केही कारबाही अघि बढाउने कार्य नगर्नु र नगराउनु।

- त्रि.वि. पदाधिकारीहरू (त्रि.वि. सभा, कुलपति, सहकुलपति समेत) बाट उच्चस्तरीय समन्यात्मक भूमिका निर्वाह गर्न नसक्नु, नगर्नु।

**राजनैतिक**

- त्रि.वि.को जग्गा जमिनको संचालन र व्यवस्थापन गुरुयोजना मोडेल नहुनु
- राजनैतिक ईच्छाशक्तिको अभाव हुनु
- राजनैतिक अस्थिरता विद्यमान हुनु
- राजनैतिक नेतृत्वको मिलोमतोमा अपचलन (अतिक्रमण गर्ने पक्षलाईनै) संरक्षण हुनु।
- त्रि.वि.को जग्गा वितरण गर्न राजनीतिक दवाव प्रभाव र स्वार्थ हाबी रहनु

**त्रि. वि. को जग्गाको संरक्षण नहुनुका कारणहरू**

**कानूनी एवं नीतिगत**

- संरक्षणको दायित्व धेरै निकायमा छरिनु वा बांडिनु र समन्वय गर्ने उच्चस्तरीय संयन्त्र नहुनु।
- सरकारी सार्वजनिक जग्गाको दर्ता स्वतः नगरिनु एवं नहुनु।
- कानून विहिनता र कानूनी छिद्रता रहिरहनु
- नीतिगत अस्थिरता हुनु
- उत्तरदायित्व र जवाफदेहिताको दोहरोपना

**व्यक्तिका व्यवहार तथा चाहना**

- आन्तरिक र वाह्य क्षेत्रबाट राम्रो आयका लागि सरकारी जग्गा अतिक्रमण गर्ने प्रवृत्ती बढ्नु
- धेरैको जग्गामा आकर्षण भई छिट्टै धनी बन्ने चाहना बढ्दै जानु
- अमुक व्यक्तिलाई फाईदा पुग्ने गरि कार्य गर्ने प्रवृत्तिको विकास हुनु
- समाजले पहिचान गरे पनि अतिक्रमण भएका विषयमा नागरिकहरूबाट खुलेर विरोध नगर्नु
- सरकारी जग्गा अतिक्रमण गर्नेलाई सामाजिक बहिष्कार गर्नुका बदलामा समाजले सम्मान गर्ने प्रवृत्ति बढ्नु।

**त्रि.वि.का सम्बद्ध कर्मचारीका कमजोरी**

- आफ्नो स्वामित्वको जग्गा जमिनको नाप, नक्सा क्षेत्रफल एकीन गरी व्यवस्थित, सुरक्षित र अभिलेख अद्यावधिक गरी नराखु
- जग्गा सम्बन्धी काम र कारवाही पनि समयमा नै नगर्नु नगराउनु
- कानूनको प्रयोग र जिम्मेवारी ईमान्दारितापूर्वक बहन नगर्नु
- मालपोत ऐनको दफा २४ को प्रयोग स्वतः नगरिनु
- समयमा लगत कट्टा गर्न तदारूकता नदेखाउनु।
- जग्गा संरक्षण गरिनु पर्छ भन्ने बोध नहुनु/प्राथमिकता नदिनु

## ५.४. तत्कालीन र दीर्घकालीन सुधारका लागि आवश्यक सुझावहरू

१. सरकारद्वारा अधिग्रहण गरिएका तथा विभिन्न दाताहरूले त्रि.वि.लाई शिक्षाका काममा अर्पण गरेको जग्गा जमिन तथा अन्य सम्पत्तिहरूको विषयमा संरक्षण, सुरक्षा, सम्वर्धन, उपयोग र सदुपयोग तथा व्यवस्थापन गर्ने विषयमा के कस्ता सोच, नीति, रणनीति तथा कार्यनीति आवश्यक हुनसक्दछ भन्ने विषयमा यस समितिले अध्ययन गरी केही सुझावहरू प्रस्तुत गरिएको छ ।


२. अन्तर्राष्ट्रिय शैक्षिक पर्यावरण, शिक्षा क्षेत्रका आएको परिवर्तन र नवआविष्कारका आधारमा राज्यको मानवस्रोतको आवश्यकता, शिक्षाको विकासमा राष्ट्रिय सन्दर्भमा देखिने आवश्यकता, राजनैतिक सोच र संस्कृतिका आधारमा विश्वविद्यालयले दीक्षित बनाउने जनशक्तिको प्रक्षेपण (विषय, प्रकृति, संख्या र स्तर) गर्ने गर्नुपर्दछ। विश्वविद्यालयले अनुसन्धानात्मक कार्य, नवआविष्कारका कार्यहरू के कसरी कहिले सञ्चालन गर्ने र तिनको व्यवस्थापन र भौतिक पूर्वाधारका लागि के कस्ता कार्यहरू कहाँ गर्नुपर्छ भन्ने विषयमा निर्दिष्ट गर्नुपर्दछ।

३. सोहि तथ्य, विवरण तथा सोचका आधारमा त्रि.वि.ले सञ्चालन गर्ने शैक्षिक, प्राज्ञिक, अनुसन्धनात्मक र नवप्रवर्तनात्मक कार्यक्रमहरू तयार गरिनुपर्छ। यिनैका आधारमा विश्वविद्यालयको गुरुयोजना निर्माण, परिमार्जन तथा विनिर्माण गर्नुपर्दछ। सोही सोच, लक्ष्य, रणनीति र योजना एवं कार्यक्रमका आधारमा विश्वविद्यालयको जग्गाको उपयोग, संरक्षण र व्यवस्थापनका नीति, योजना, कार्ययोजना तथा कार्यक्रमहरू तयार गर्ने गर्नुपर्दछ। त्रि.वि.का शैक्षिक कार्यक्रम र प्राज्ञिक कार्यक्रमका साथै जनशक्ति प्रक्षेपणका आधारबाट कुन कुन स्थानमा के कस्ता जग्गामा के कति जग्गा जमिन र भवनहरूको आवश्यकता पर्दछ र बनाउन उपर्युक्त हुन्छ भन्ने निक्यौंल गरिनु पर्दछ। यद्यपी, त्रिभुवन विश्वविद्यालयमा यस प्रकारले अध्ययन अनुसन्धान भई जग्गा जमिनको प्राप्ती, संरक्षण, उपयोग र व्यवस्थापनको विषय समावेश गरिएको गुरुयोजना तथा कार्ययोजना बनेको र कार्यान्वयन भएको भने पाईदैन।

४. त्रि.वि.ले आफ्नो र त्रि.वि. अन्तर्गत रहेका क्याम्पसहरूको जग्गा जमिन, भवन तथा अन्य अचल सम्पत्तिको व्यवस्थित र प्रभावकारी व्यवस्थापन गर्न मुख्यतयाः यी ६ तत्व; जग्गा जमिनको व्यवस्थापनका सन्दर्भमा जसलाई अन्तरवस्तुका रूपमा चिनिन्छ, ती तत्वहरूमा संरक्षण, उपयोग र व्यवस्थापनका बुँदाहरूमा मनग्गे काम कारबाही गर्ने प्रयास गर्नु पर्दछ।

   १. त्रि.वि.को सङ्गठनात्मक र स्वरूप र नेतृत्व
   २. कार्यसम्पादन मैत्री सङ्गठनात्मक वातावरण (सरकार, त्रि.वि. नागरिक समाज, स्थानीय तह, कर्मचारीको भूमिका)
   ३. गुरुयोजना नीति, रणनीति, कार्यविधि, विनियम र मापदण्डहरू
   ४. भौतिक रूपले संरक्षण, उपयोग र व्यवस्थापनका कार्यहरू
   ५. पर्याप्त साधन स्रोतको उपलब्धता (आर्थिक, भौतिक र मानव) र उपलब्ध साधन स्रोतको परिचालन र अनुगमन
   ६. प्रभावकारी, व्यवस्थित एवं विधियुक्त अभिलेख व्यवस्थापन

# त्रिभुवन विश्वविद्यालयको जग्गाको संरक्षण, उपयोग र व्यवस्थापन



मुलुकको जेठो, सम्पन्न एवं गौरवशाली इतिहास बोकेको त्रिभुवन विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक, नवप्रर्वतनात्मक र अनुसन्धानात्मक कार्यबाट अहिलेको साखलाई उच्च बनाउन, आजको प्रतिष्ठा बचाउन र दीगो समृद्धिको लागि भूमिस्रोत (जग्गा जमिन तथा अचल सम्पत्ति) को समुचित संरक्षण, वैज्ञानिक किसिमले प्रभावकारी तथा सिर्जनात्मक उपयोग र सही, दिगो तथा व्यवस्थित व्यवस्थापन गर्न आवश्यक देखिएको छ। जसका लागि संक्षेपमा केही सुझावहरू प्रस्ताव गरिएको छः

## (क) नीति, रणनीति र कार्यक्रम

१. त्रि.वि.को सोचपत्र-२०३०, एवं त्रि.वि. गुरुयोजनासँग मेलखाने गरी त्रिभुवन विश्वविद्यालय कीर्तिपुर परिसर एवं काठमाडौं उपत्यकाभित्र र बाहिर रहेका अन्तर्गतका क्याम्पस र अन्य निकायहरूको जग्गा जमिनको संरक्षण, उपयोग र व्यवस्थापन गर्ने विषयमा भू-उपयोग र संरक्षण नीति, भू-उपयोग र संरक्षण योजना कार्यविधि र मापदण्डहरूको विकास गरी तत्काल कार्यान्वयनमा लैजाने र समय सापेक्ष परिमार्जन गरी नियमित रूपमा कार्य सम्पादन गर्ने गराउने।

२. त्रि.वि.ले आफ्नो शैक्षिक एवं प्राज्ञिक र ज्ञान प्रर्वद्धनको लक्ष्य हाँसिल गर्न सहयोगी हुनेगरी जग्गा जमिनको दीगो संरक्षण र प्रभावकारी, व्यवस्थित एवं बुद्धिमत्तापूर्ण उपयोगका लागी नीति बनाउँदा निम्न आधार लिनु उचित हुनेः

   २.१. त्रि.वि.को स्थापना गर्दा Comprehensive University का रूपमा विकसित गरिने परिकल्पना गरिएको थियो। त्यसैले, उक्त सोँच तथा परिकल्पना साकार पार्ने खालको अन्य विषयको अतिरिक्त जग्गा जमिन प्राप्ति, संरक्षण, उपयोग र व्यवस्थापन सम्बन्धमा पनि नीति, योजना, कार्यक्रम, कार्यविधि र मापदण्डहरू बनाउने।

   २.२. त्रि.वि. शैक्षिक प्राज्ञिक र अनुसन्धानात्मक सोच तालिका (Framework) सँग जमिनको उपयोगको सामञ्जस्यता कायम गर्ने।

   २.३. खुला स्थान, मनोरञ्जनात्मक स्थल, वातावरणीय दृष्टिले मुख्य मुख्य क्षेत्रहरूको व्यवस्थापन गरी अद्यावधिक संरक्षण गर्ने गराउने।

   २.४. त्रि.वि. कीर्तिपुर परिसरको जग्गा क्षेत्रलाई विभिन्न ब्लकमा (Block) वा विशेष क्षेत्र (Zoning) छुट्याउने। जस्तैः प्रशासनिक, शैक्षिक तथा प्राज्ञिक, अनुसन्धान, नवप्रवर्तन, आवास, खेल क्षेत्र, मनोरञ्जनात्मक क्षेत्र (पार्क बगैंचा), नदी तटीय क्षेत्र, सुरक्षा क्षेत्र, सेवा प्रवाह, (मिनि मार्केट, बैंक, आदि क्षेत्र) स्वास्थ्य क्षेत्र, विश्वविद्यालय होटल, कृषि बागबानी, बनक्षेत्र, अस्पताल क्षेत्र र बजार क्षेत्र आदिमा।

३. त्रि.वि.ले आफुले स्वीकृत गरेका कानुनी व्यवस्थाहरूका साथै संघीय सरकारबाट स्वीकृत माथि विभिन्न परिच्छेदमा उल्लेखित, नीति, नियम र कानूनमा रहेका सारभूत विधि प्रक्रिया सिद्धान्तहरूको पालना गर्ने गरी विश्वविद्यालय र क्याम्पसका कानूनी व्यवस्थाहरूलाई थप समयसापेक्ष बनाउँदै लैजानुपर्ने।

४. सामान्य प्रशासन महाशाखा अन्तर्गत सम्पति व्यवस्थापन तथा अभिलेख शाखाको व्यवस्था गर्ने र सोको सञ्चालनको लागि आवश्यक मात्रामा अलग सेवा समूह गठन गरी दक्ष कर्मचारीको व्यवस्था गर्ने र तिनलाई समय समयमा जग्गा जमिनको अभिलेख संरक्षण, अद्यावधिकरण, व्यवस्थापन र उपयोग सम्बन्धी विषयमा प्रशिक्षित गरी गराई दक्षता अभिवृद्धि गर्ने गराउने।

५. विश्वविद्यालयको जग्गा विश्वविद्यालयको बृहत्तर हित प्रतिकुल हुनेगरी दबाब प्रभाव र स्वार्थमा नेपाल सरकार, स्थानीय सरकार वा अन्य कुनै पनि संघ संस्थालाई वितरण हुन नसक्ने गरी व्यवस्था गर्न कार्यप्रणाली एवं मापदण्ड तथा विनियमहरूमा भए परिमार्जन गर्ने।

६. विश्वविद्यालयको कुनै पनि निकायको लागि संरचना निर्माण गर्नु परेमा एकद्वार प्रणालीबाट गर्नुपर्ने। हाल प्रचलनमा रहेका कानूनमा उल्लेखित कार्य सम्पादन गर्न समन्वयात्मक समस्या परेको भए एकिकृत प्रणालीको व्यवस्था हुनेगरी संशोधन गर्ने।

७. त्रि.वि. र आंगिक क्याम्पसहरूमा भविष्यमा बनाईने भवनहरू टुक्रे भन्दा पनि बहुतला र बहुउपयोगी प्रकृतिको हुनुपर्ने गरी नीति बनाई कार्यान्वयन गर्ने जहाँ एक भन्दा बढी निकाय र विभागहरू सञ्चालन हुन सकोस्।

८. त्रि.वि.को हरियाली बातावरण, बगैंचा तथा बाटोको दायाँ बायाँ उपयुक्त प्रकारका साना साना तर बर्ष भरी सौन्दर्य प्रदान गर्ने खालका विरुवाहरू रोपेर आकर्षित र मनोरम बातावरण बनाउने व्यवस्था गर्ने।

९. नेपाल सरकारसँग मालपोत बापत लाग्ने कर मिनाहाका लागि पहल गर्नुपर्ने।

## (ख) जग्गा जमिन तथा सम्पत्तिको अद्यावधिक अभिलेख व्यवस्थापन

१०. जग्गा जमिनसँग सम्बन्धित यथार्थ अभिलेख (नाप नक्सा, जग्गाधनी प्रमाणपूर्जा समेत र सम्बन्धित अन्य विवरणहरू) नापी कार्यालय, मालपोत कार्यालयहरूबाट प्राप्त गरी अध्यावधिक गरी गराई राख्ने व्यवस्था गर्ने। साथै अधिग्रहण गरी मुआब्जा वितरण भएका लगायत सबै जग्गा जमिनको नाप नक्सा गरी क्षेत्रफल एकिन गरी सुरक्षित सिमाङ्कन गर्ने।

११. त्रिभुवन विश्वविद्यालयले आफ्नो कार्यालयमा रहेका सम्पत्ति सम्वन्धि अभिलेख तथा कागजातहरू व्यवस्थित तरिकाले (मालपोत ऐन, २०३४ र ऐ. मापदण्ड अनुसार, अभिलेख संरक्षण ऐन, २०४६ को दफा ८ मा गरिएको) प्रचलित कानून बमोजिमको व्यवस्था अनुसार सुरक्षित राख्ने।

१२. अचल सम्पत्ति सम्बन्धी सबै कागजातहरूको अभिलेखलाई नियमित अद्यावधिक गरी गराई दूरुस्त राख्ने र राख्न लगाउने साथै त्रि.वि. अन्तर्गतका क्याम्पस र निकायहरूको समेत जग्गा जमिन र भवनको अभिलेख अध्यावधिक गर्ने गरी व्यवस्था गर्ने।

१३. जग्गा प्रशासन सम्बन्धी कागजातहरूको सम्बेदनशीलता, खतराजन्य अवस्था (आगोजन्य, बाढिजन्य आदि विपदबाट) र भविष्यमा पर्ने आवश्यकता लगायतका विषयलाई ध्यानमा राखी यिनको संरक्षण तथा सुरक्षाको विषयलाई प्राथमिकतामा राखि यस्ता कार्यहरूलाई सामान्य

अर्थमा मात्र नलिई अनपेक्षित घटनाको अपेक्षा (Expecting unexpected incident) समेत गरी यस्ता महत्वपूर्ण कागजातहरूको सुरक्षा तथा संरक्षणको उच्चतम व्यवस्था मिलाउने।

१४. अभिलेख सुरक्षित र व्यवस्थित भण्डारणका लागि पर्याप्त पूर्वाधारको व्यवस्था गर्ने ।

१५. कागजातहरूलाई सुरक्षित तरिकाले प्रयोगमा ल्याउन (Safe Handling) अधिकतम पूर्व सावधानीको व्यवस्था गर्ने ।

१६. अभिलेख एवं महत्वपूर्ण कागजात भण्डारण भएको कक्षमा अनधिकृत व्यक्तिको पहुँचबाट रोक्न आवश्यक व्यवस्था गर्ने, अभिलेख भण्डारण कक्षमा CCTV को व्यवस्था गरी नियमित अनुगमन गर्ने।

१७. भण्डारण कक्ष सफा, सुख्खा र सुरक्षित बनाइ राख्ने, धुलो र पानी वा आद्रताले कागजातहरूलाई छिटो नोक्सान पुर्याउने हुनाले यसतर्फ विशेष ध्यान पुर्याउने र पूर्व सावधानीको व्यवस्थाहरू अपनाउने।

१८. समयको अन्तरालमा अभिलेख तथा कागजात नासिने, झुत्रिने, च्यातिने, मसी फिक्का हुने हुँदा राम्रो वातावरणीय अवस्था वनाउने, उपयुक्त भण्डारणको व्यवस्था र प्रयोगमा जतन अपनाउने तथा गर्ने यसैगरी कागजपत्र किरा नलाग्ने किसिमको औषधी प्रयोग गर्ने।

१९. कागजपत्र एवं अभिलेखहरू अन्य निकायहरूमा पठाउनु पर्ने भएमा सकेसम्म सक्कल नपठाई नक्कल वा फोटोकापी गरेर वा त्यसलाई प्रमाणित गरी पठाउने, कहिले काहीँ अदालत तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्ता निकायहरूमा सक्कलै फाईल पठाउनु पर्ने भएमा अख्तियार प्राप्त अधिकारीको निर्णय गराई नक्कल प्रमाणित गरी पूर्ण पंजिका राखि मात्र सक्कल फाइल त्यो संस्था निकाय वा कार्यालयमा पठाई, पठाइएको विवरण/औचित्य राखी पठाउने व्यवस्था गर्ने गराउने । सक्कल कागजपत्रहरू पठाएको अवस्थामा कार्यसम्पादन भए नभएको निरन्तर बुझ्ने तथा जानकारी लिई राख्ने वा कार्य सम्पादन हुने वित्तिकै आफ्नो फाइल लिन पत्राचार गरी फिर्ता ल्याई अभिलेखालयमा दुरूस्त गरी राख्ने र राख्न लगाउने।

२०. संरक्षित गरी राख्नु पर्ने अभिलेखहरू सूचिकृत गरी डिजिटल प्रविधिबाट पनि संरक्षणको कानूनी व्यवस्था गर्ने।

२१. डिजिटल अभिलेख तयार गर्दा सोको संरक्षणको पुरापुर व्यवस्था गरी मात्र गर्ने र Hard copy संरक्षण गरी राख्ने र राख्न लगाउने र सकेसम्म माइक्रो फिल्म (Micro Film) तयार गरी राख्ने व्यवस्था गर्ने।

२२. यी सबै कार्यहरू सम्पादन गर्न गराउन आवश्यक पर्ने रकम वर्षेनी रूपमा त्रि.वि.ले व्यवस्था गर्ने गर्न लगाउने।

## (ग) जग्गा जमिनको भौतिक रुपले संरक्षण तथा सुरक्षा

२३. आफ्नो स्वामीत्व एवं जग्गा धनी प्रमाणपूर्जा भएको जग्गाको नापी शाखाबाट प्राविधिक वोलाई नापजाँच गरी गराई जग्गाको नापजाँच बमोजिम साँध सीमाना चार किल्ला एकिन गराई सीमा

स्तम्भको व्यवस्था गरी राख्ने र सो को व्यवस्थित/प्रमाणित अभिलेख (सोसँग सम्बन्धित कागजपत्रहरू कहिल्यै नधुल्याउने वर्गमा पर्छन्) समेत राख्ने । सिमा पर्खाल नभएको वा भत्किएको ठाउँमा तत्काल पर्खाल लगाउने कार्य गर्ने।

२४. नापी कार्यालयलाई अनुरोध गरी नाप जांच गरि गराई सीमाना छुट्टयाई सकेसम्म स्थायी तवरले बलियो पर्खाल लगाई सुरक्षित गर्ने सो नभएमा तारवार मात्र भए पनि लगाउने कार्य गर्ने ।

२५. आफ्ना जग्गा जमिन अतिक्रमण भए नभएको विषयमा नियमित निरीक्षण गर्ने गराउने व्यवस्था गर्ने त्यसका लागि निरन्तर स्याटेलाईट इमेजबाट अनुगमन गर्ने वा अन्य उपयुक्त एप्सको उपयोग गरी अनुगमन गर्ने प्रणालीको विकास गर्ने गराउने त्यसका लागि आवश्यक Apps को समेत उपयोग गर्ने गराउने।

२६. भवन लगायत भौतिक सम्पत्ति यन्त्र उपकरणहरूको अद्यावधिक अभिलेख तयार गर्ने जसमा समय समयमा ती सामानहरूको मर्मत स्याहार निरन्तर रुपमा गर्ने गराउने ।

२७. यान्त्रिक सम्पत्तिको मर्मत सम्भारका लागि वर्कशपको स्थापना गरी व्यवस्थित रुपले गर्ने गराउने।

२८. त्रि.वि.को गुरुयोजनामा जग्गा जमिन तथा अन्य सम्पत्तिको संरक्षण, उपयोग, सुरक्षा तथा व्यवस्थापनको विषयलाई पनि समावेश गरी कार्यान्वयन गर्ने।

२९. विश्वविद्यालयले आफ्नो सीमा सुरक्षाको लागि बनाइएका पर्खाल तथा अन्य सीमा संरचना भत्काई अराजकता पैदा गर्ने जो कोहीलाई तत्कालै प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा लेखि पठाउने।

३०. त्रि.वि. सिमानामा पर्ने बल्खुखोला, बागमती नदी तटीय क्षेत्रमा यथोचित प्रकारको पार्क वा अन्य आय आम्दानी गर्न सक्ने गरी संरक्षण गर्ने।

## (घ) जग्गा जमिनको उपयोग

३१. विश्वविद्यालयले व्यक्तिहरूबाट कानून बमोजिम जग्गा प्राप्ती गर्दा जुन उद्देश्य राखिएको थियो सोही उद्देश्य अनुरूप र आफ्नो मातहतका निकायलाई जुन उद्देश्यका लागि जग्गा दिइएको हो सोही बमोजिम हुनुपर्ने सो उद्देश्य बमोजिम प्रयोग नगरेर अन्य प्रयोजन र उद्देश्यका लागि प्रयोग गरेको भए सो कार्यसँग सम्बन्धित निकाय तथा आधिकारीक व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही गरी सो जग्गा तुरुन्त विश्वविद्यालय मातहतमा फिर्ता लिनुपर्ने।

३२. विश्वविद्यालयलाई भविष्यमा आइपर्ने कार्यक्रम तथा विश्वविद्यालयको हरियाली तथा सौन्दर्यिकरणलाई ध्यानमा राखेर बाँकी भएको जग्गा जमिन खुला क्षेत्र कायम गर्ने।

३३. त्रि.वि. एउटा स्वायत्त संस्था भएको र विश्वविद्यालयका धेरै प्राज्ञिक कार्यक्रम सञ्चालनमा सहयोग जुटाउन आफ्नो जग्गा जमिनलाई कानून तर्जुमा गरी लिज तथा बहाल दिन सक्ने व्यवस्था मिलाउने आम्दानी दिने प्रकारले उपयोगमा ल्याउने।

३४. विश्वविद्यालयलाई आवश्यक भवन निर्माण गर्नुपरेमा हरेक विभाग/कार्यक्रमको लागि छुट्टा छुट्टै भवन बनाउनु भन्दा धरै वटा समान प्रकारका कार्यक्रम सञ्चालन हुने बहुतले भवन बहुउद्देश्यीय रूपमा प्रयोग गर्ने।

३५. त्रि.वि.ले आफ्नो विभिन्न प्रयोजनको लागि जग्गाको उपयोग गर्दा आन्तरिक यातायात व्यवस्थापन प्रणाली बनाई आवागमनको यथेष्ठ सुविधा पुऱ्याउने व्यवस्था गर्ने। साथै, यसका लागि साइकल Stand, कार, बस पार्किङ्ग क्षेत्र आदिको व्यवस्था गर्नुपर्ने।

३६. त्रि.वि. कीर्तिपुर परिसरभित्र साविकमा त्रि.वि. गेटबाट कीर्तिपुर निस्कने पुरानो बाटो सार्वजनिक रूपमा प्रयोग भईरहेकोमा हाल सार्वजनिक प्रयोगका लागि सुन्दरीघाट नजिकबाट बागबानी केन्द्र हुँदै कीर्तिपुर जानका लाग त्रि.वि.को जग्गा भित्रैबाट निर्माण भई सार्वजनिक यातायात सञ्चालन भएको धेरैबर्ष भईसकेकाले त्रि.वि. परिसरलाई शान्त, सौम्य र वातावरणीय अनुकुलनका लागि त्रि.वि.ले मात्र उपयोग गर्दा उचित हुने।

३७. यस्तै, सार्वजनिक बाटोको समस्या आंगिक क्याम्पसहरूमा पनि रहेको देखिँदा त्रि.वि.ले संघिय तथा स्थानीय सरकारसँग समन्वय गरी विवादको निरोपण गर्नुपर्ने देखिन्छ।

३८. त्रि.वि.लाई भोगाधिकार वा अन्य शर्तमा उपभोग गर्न सरकार वा दाताले दिएको जग्गा जमिनको उचित प्रयोग र संरक्षण तत्कालै गर्नुपर्ने नगरेको कारणबाट गुम्न गएको पनि देखिन्छ। जस्तैः टोखा, हात्तिगौंडा, कपन, चौतारा ।

## (ङ) विविध कार्यहरू

३९. त्रि.वि. परिसरभित्र प्रवेश गर्ने र बाहिर जाने नाका/बाटो निश्चित गर्नुपर्ने। एउटै ठाँउको लागि एक भन्दा बढी बाटोको जरूरत नहुने भए त्यस्तो बाटो बन्द गर्ने व्यवस्था गर्ने।

४०. विश्वविद्यालय (प्रथम पक्ष) ले आफ्नो मातहतमा रहेको जग्गा/भवन कुनै निकाय (दोस्रो पक्ष)लाई कुनै प्रयोजनका लागि दिएको र दोस्रो पक्ष मार्फत तेस्रो पक्षलाई दिन नमिल्ने गरी सम्झौता भएकोमा तेस्रो पक्षलाई दिएको भए तुरुन्त सम्झौता भंग गरी तेस्रो पक्षले प्रयोग गरेको जग्गा/भवन प्रथम पक्षको मातहतमा ल्याउनु पर्ने। सो सम्बन्धमा त्रि.वि.को स्वीकृति विना गरे भएमा कानून बमोजिम हर्जाना असुल उपर गर्ने व्यवस्था गर्ने।

४१. विश्वविद्यालयले निश्चित अवधि र प्रयोजनका निमित्त सम्झौता गरी कुनै संघ/संस्थालाई उपलब्ध गराएको जग्गा भए सो सम्झौताको म्याद समाप्त भएको स्थितिमा तुरुन्त त्यस्तो जग्गालाई विश्वविद्यालयको मातहतमा ल्याउने वा त्रि.वि.को जग्गा जमिन भवन को संरक्षण, उपयोग र व्यवस्थापनसँग सम्बन्धित कानून बमोजिम तत्कालै कारबाही अघि बढाउने।

४२. विश्वविद्यालयको जग्गाभित्र अनधिकृत रूपमा बनाइएका गाडी पार्किङ्ग, सटर, टहरा तथा खेलमैदानहरूलाई स्थानीय निकायसँग समेत समन्वय गरी तुरुन्त व्यवस्थापन गर्ने।

४३. त्रि.वि.मा सञ्चालन हुने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा सम्मेलन आउने र अन्य पाहुनाको आवासको लागि होटल र अन्तर्राष्ट्रिय विद्यार्थीको लागि आधुनिक होष्टलको निर्माण गर्ने।

४४. त्रि.वि. लगायत आंगिक क्याम्पसहरूको शैक्षिक, प्रशासनिक भवनहरू ज्यादै पुरानो भैसकेकाले त्रि.वि.ले हरेक वर्षमा भवन निर्माण कार्यक्रमहरू बनाई (आधुनिक, भुकम्प प्रतिरोधी, प्रविधियुक्त, कक्षामैत्री हुने खालको) क्रमशः निर्माण गर्ने कार्य गर्दै जाने।

## (च) अन्य निकायबाट सम्पादन हुनुपर्ने कार्यहरू

४५. त्रि.वि. पनि प्रतिष्ठित, नेपालको पहिचान बोकेका पुरानो सार्वजनिक संस्था हो त्यसैले यसका सम्पत्ति जग्गा जमिनमा अनधिकृत तथा विना स्वीकृति कब्जा गर्न खोजेको विषय जिल्ला प्रशासन कार्यालय एवं जिल्ला प्रहरी कार्यालय र संघीय सरकार, स्थानीय तह तथा अन्य कार्यालयहरूले सुरक्षा र संरक्षण कार्यमा सहयोग गर्नुपर्ने।

४६. जे जुन कामका लागि प्राप्त भएको हो, जे कामका लागि जनताको जग्गा अधिग्रहण गरिएको हो, त्यही कार्य नगरी संघ संस्थाहरूलाई वितरण गर्दै जानु र जाने कार्यलाई उचित नै हो भनी मान्न नसकिने हुँदा यस्ता अनुचित रोक्ने कार्यप्रणालीमा भएका नीति, र कानूनी व्यवस्थाको पुनरावलोकन गरी रोक्ने कार्य गर्ने गराउने।

४७. त्रि.वि. कीर्तिपुर परिसरलाई शान्त र सौम्य वातावरणमा शैक्षिक एवं प्राज्ञिक कार्य सञ्चालन र व्यवस्थापन गर्नुपर्ने हुँदा क्रिकेट रंगशाला विश्वविद्यालय क्याम्पस परिसरभित्र रहँदा अध्ययन, अनुसन्धान तथा दैनिक कार्यसम्पादनमा कठिनाई हुने भएकाले त्यस प्रकारको अन्तर्राष्ट्रिय वा राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्न बन्देज लगाउन आवश्यक व्यवस्था गर्ने।

त्रिभुवन विश्वविद्यालय नेपालको शैक्षिक दृष्टीबाट पहिलो, मुलुकभर फैलिएको, धेरै विद्यार्थीहरू अर्थात् करीब ८०% विद्यालर्थी भार बोकेको र अन्तर्राष्ट्रिय पहिचान एवं सम्बन्धमा रहेको, धेरै विषयहरूको प्राज्ञिक उन्नयनको उपल्लो केन्द्र एवं अनुसन्धान र नवप्रवर्तनात्मक कार्यमा अग्रणी भूमिका भएको विश्वविद्यालय हो। प्रारम्भमा Comprehensive and Residential University का रूपमा स्थापना गर्न खोजिएको विश्वविद्यालय भएकाले यसलाई देशको आर्थिक, सामाजिक, वैज्ञानिक एवं नवप्रवर्तन उनन्नयनको केन्द्र बनाउदै संसारकै उत्कृष्ट विश्वविद्यालयहरूको सूचीभित्र (करिब ५००) पार्दै उच्च शिक्षाको उत्कृष्टताको केन्द्र बनाउनु पर्दछ। यसका लागि नियमित पठन पाठन, परिक्षाको निश्चितता, परिक्षाको परिणामको निस्चित समयावधिमा प्रकाशन र उच्चतम गुणस्तर प्राप्त गर्नुका साथै प्राज्ञिक शैक्षिक कार्यसम्पादनका लागि भौतिक सुविधाको उच्चतम व्यवस्थापन हुनुपर्ने भएकाले त्यसको व्यवस्थापन निरन्तर गरिरहनु पर्दछ। साथै त्यसका लागि राम्रो, सुन्दर भवन सुन्दर मनोरम सौम्य वातावरण व्यवस्थापन गर्नुपर्दछ जुन जग्गा जमिनको संरक्षण, उपयोग व्यवस्थापनभित्र पर्दछ।

परिच्छेदः छ

# निष्कर्ष, सुझाव एवं सिफारिश

## ६.१. निष्कर्ष

१. समितिलाई त्रिभुवन विश्वविद्यालयको नाममा विभिन्न ठाँउमा रहेको जग्गाको विषयमा अध्ययन अनुसन्धान गरी जग्गा तथा भवन लगायतका सम्पत्तिको लगत, उपयोग, संरक्षण र व्यवस्थापनका सम्बन्धमा विद्यमान अवस्थाको अध्ययन गर्ने, विश्वविद्यालयको जग्गाको संरक्षण र प्रयोगका सम्बन्धमा अदालतबाट भए गरेका फैसला वा आदेश र यस अघि कुनै अध्ययन भएको भए सोको कार्यान्वयन अवस्थाको अध्ययन गर्ने, जग्गा जमिन लगायतका सम्पत्तिको हिनामिना भए नभएको अध्ययन गर्ने, जग्गा भवन लगायत सम्पत्तिको हिनामिना भएको पाईएमा कारबाहीका लागि सुझाव दिने र माथिका विषयका सम्बन्धमा तत्कालीन एवं दीर्घकालीन रूपमा सुधारका बारेमा सुझाव दिने विषयमा अध्ययन अनुसन्धान र खोजबिन गरी नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्ने कार्यादिश रहेको थियो।

२. समितिले प्राप्त गरेको कार्यादिश बमोजिमको अध्ययन, अनुसन्धान र खोजबिन गर्ने क्रममा परिच्छेद एकको प्रकरण १.७ मा उल्लेख भएका १५ वटा विषयवस्तुहरूको उत्तर खोजी त्यसको आधारमा परिच्छेद एकको प्रकरण १.८ बमोजिम कार्य प्रारम्भ गरिएको र सोही बमोजिम अन्य आवश्यक कार्यसम्पादन गरी निष्कर्षमा पुग्ने प्रयास गरेको छ। ती विषयबस्तुहरूको सम्बन्धमा समितिलाई प्राप्त भएको तथ्य, सूचना तथा विवरणहरू विशेषगरी परिच्छेद २, ३ र ४ का विभिन्न प्रकरणहरूमा समावेश गरिएका छन्। उक्त तथ्य, सूचना तथा विवरणहरूका आधारबाट समितिले कार्यादिशमा उल्लेखित विषय लगायत त्रि.वि.को जग्गा जमिन लगायत अन्य अचल सम्पत्तिको अवस्था अझ स्पष्ट हुने गरी यस प्रतिवेदनमा प्रस्तुत गरेको छ।

३. कानूनको शासनमा तत्काल प्रचलित संविधान र कानूनमा भएका प्रावधान अनुरूप सार्वजनिक प्रशासन सञ्चालनमा रहेका जिम्मेवार पदाधिकारीहरू एवं कर्मचारीहरूबाट सोही बमोजिम नीति तथा निर्णय निर्माण कार्यान्वयन गर्नुपर्ने हुन्छ। तसर्थ, प्रस्तुत अध्ययन प्रतिवेदनका सम्बन्धमा पनि संविधान र प्रचलित कानून बमोजिम तोकिएका पदाधिकारीबाट कार्य सम्पादन भयो भएन? कस कसले तोकिएको जिम्मेवारी बहन गरे गरेनन्? भन्ने विषयमा प्राप्त हुन आएका तथ्य, सूचना एवं विवरणहरूको विश्लेषण, आधार प्रमाण र प्रचलित कानूनमा भएका विधि प्रमाणहरूलाई मिहिन रुपमा समितिले केलाएर हेर्ने प्रयास गरेको छ। कानून बमोजिम र कानूनी आधार उल्लेख नगरी गरिएका निर्णय मात्र होइन, काम पनि कानूनसम्मत भएको मान्न नसकिने भन्ने कानूनी मान्यताको आधारमा प्रत्येक क्रियाकलापका तथ्यगत विवरणलाई विश्लेषण गरी निष्कर्षमा पुग्ने कुरालाई यस प्रतिवेदनको मूल आधार बनाईएको छ।

४. समितिले त्रि.वि. र त्रि.वि. अन्तर्गतका आंगिक क्याम्पसहरूको जग्गा जमिनको अवस्था, संरक्षण, उपयोग र व्यवस्थापनका सम्बन्धमा अध्ययन, अनुसन्धान र खोजबिन गरी समितिको कार्य अवधिभित्र समितिलाई

प्राप्त भएका तथ्य, अभिलेख, विवरण, तथ्याङ्कभित्र सिमित रही विश्लेषण गरी खोजबिन कार्यको निष्कर्ष निम्न बमोजिम प्रस्तुत गरेको छः

१. त्रिभुवन विश्वविद्यालयले आफ्नो र अन्तर्गत सञ्चालित आंगिक क्याम्पसहरू समेतको स्वामित्वमा रहेका जग्गा जमिनको संरक्षण, उपयोग र व्यवस्थापनका सम्बन्धमा आवश्यक केही नीतिगत, कानूनी र संस्थागत प्रबन्धहरू गरेको पाईयो। जसलाई यस प्रतिवेदनको परिच्छेद पाँचमा विस्तृत रूपमा उल्लेख गरिएको छ। जग्गा जमिन र भवन समेतको संरक्षणका सन्दर्भमा त्रि.वि. सभा, कार्यकारी परिषद् र रजिष्ट्रारको कार्यालय एवं सामान्य प्रशासन महाशाखाबाट निरन्तर रूपमा अनेकन प्रयासहरू पनि गरिएको, विश्वविद्यालयको अतिक्रमित जग्गाबाट व्यक्ति एवं संस्थाहरूलाई हटाई संरक्षण गर्ने सन्दर्भमा नेपाल सरकार र नेपाल सरकारका सम्बन्धित निकायहरूमा पटक पटक अनुरोध गरेको एवं न्यायिक निरुपणका लागि सम्मानित अदालतहरूमा कानूनी कारबाही समेत चलाएको देखियो।

२. त्रि.वि.को जग्गा जमिनको व्यवस्थापनको लागि निरन्तर प्रयासका बाबजुद पनि त्रि.वि.को स्वामीत्वमा रहेका, जग्गा जमिनको साँधसिमाना मिचिएकै अवस्था रहेको, अतिक्रमित जग्गा फिर्ता ल्याउन नसकिएको र भाडामा लगाइएको जग्गाबाट नियमित आउनुपर्ने आम्दानी उठाउन नसकिएको, अधिग्रहण गरी मुआब्जा वितरण भइसकेका जग्गा कमाउनेहरूले बर्षेनी बाली बापत रकम बुझाउने कागज गरेकाहरू समेतबाट बाली वापत रकम उठाउन नसकिएको, त्रि.वि.ले केन्द्रीय र आंगिक क्याम्पस लगायत अन्य निकायहरूको कुल जग्गा के कति कस्तो अवस्थामा रहे भएको छ भन्ने विषयका सूचना विवरण अभिलेख अद्यावधिक हुन एवं गर्न नसकेको, जग्गाहरूको दिगो रूपमा संरक्षण, उपयोग र व्यवस्थापन अपेक्षित मात्रामा हुन नसकेको देखिँदा जग्गा प्रशासन र व्यवस्थापनसँग सम्बन्धित समस्याहरू अझै धेरै जीवितै रहेको देखियो।

३. त्रि.वि. स्थापनार्थ पहिलो पटक तत्कालिन मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रधान राज्य व्यवस्था मन्त्रालयको वि.सं. २०१३ मार्ग १८ मा गरिएको जग्गा अधिग्रहण सम्बन्धी सूचना प्रकाशित भई सोही आधारमा जग्गाको मुआब्जा दिई वि.सं. २०१७ देखि निर्माण कार्य सुरु गरिएको र त्रि.वि.का विभिन्न संरचनाहरू तयार भई वि.सं. २०२२ मा त्रि.वि.को प्रशासन, शैक्षिक कार्यक्रमहरू कीर्तिपुरबाट सञ्चालन गरिन थालेको अवस्था रहेकोमा पुनः वि.सं. २०१३ सालकै अधिग्रहण सूचनामा उल्लेख भएको चारकिल्ला भित्रै पर्ने गरी वि.सं. २०३३ साल वैशाख ७ गते शिक्षा मन्त्रालयबाट त्रि.वि.का लागि प्रशासनिक भवन र स्टाफ क्वार्टर निर्माणका लागि भनी थप जग्गा अधिग्रहण गर्ने सूचना प्रकाशन गरी केही जग्गा अधिग्रहण गरेको देखिन्छ। साथै, २०४१ साल वैशाख १५ मा गो.प.मा प्रकाशित सूचनाबाट पनि वि.सं. २०१३ सालमा अधिग्रहण भएकै चार किल्लाभित्र नै पर्ने गरी थप जग्गा अधिग्रहण भएको देखिन्छ।

४. यसरी जग्गा अधिग्रहणको सूचना प्रकाशन गर्दा वि.सं. २०१३ सालमै साबिक त्रि.वि.कै लागि भनी जग्गा अधिग्रहण भैसकेको जग्गाको चौहदीभित्र (बागमती नदीदेखि पश्चिम कीर्तिपुरबाट कालिमाटी पुग्ने (जाने) बाटो देखि पूर्व पाँगा जाने नयाँ बाटो भाजंगाल र कीर्तिपुर देखि उत्तर, बल्खुखोला देखि दक्षिण

सीमाभित्र) जग्गा नै पुनः राखी त्रि.वि.को उत्तरी सीमा बल्खु खोलाबाट घटाई चक्रपथसम्म कायम हुने गरी अधिग्रहणको सूचना प्रकाशित गरिएबाट विश्वविद्यालयका लागि अधिग्रहण भएको साबिकको क्षेत्र संकुचन हुन गएको देखिएको छ। यी सूचनाहरूका कारण गाङ्गखेल, कुमारी क्लब क्षेत्र, त्रि.वि. कर्मचारी संघले उपभोग गरेको जग्गादेखि उत्तर कुमारीक्लब देखि पूर्व बागमती नदीसम्मको भाग र उत्तरतर्फ चक्रपथ पारीको बल्खुखोला सम्मको भू-भाग छुटाई सूचना प्रकाशन गरिएबाट करीब १००० रोपनी त्रि.वि.को क्षेत्र संकुचन हुन सक्ने देखियो।

५. मिति २०१३ मार्ग १८ को नेपाल गजेटको सूचना, मिति २०३३ वैशाख ७ गते नेपाल राजपत्रको सूचना र २०४१ वैशाख १५ गते गो.प.मा प्रकाशित सूचना बमोजिम अधिग्रहण गरिएको जग्गा जमिनको प्रचलित कानून बमोजिम रैकर जग्गाका जग्गाधनी, मोही तथा गुठी र विर्ता जग्गाका जग्गाधनी र मोहीहरूलाई मुआब्जा वितरण गर्न बाँकी रहेको भनि कहिँ कतैबाट पुष्टी हुने कागजात समेत यस समितिमा प्राप्त हुन नआएको हुँदा मुआब्जा वितरण भईसकेको अनुमान गर्नुपर्ने देखियो।

६. नेपाल सरकार (मं.प.)को मिति २०८१/०२/१७ को कार्यादेश बमोजिम समितिले अध्ययन, अनुसन्धान र खोजबिन कार्य गर्दा समितिलाई उपलब्ध भएको कार्य अवधिसम्ममा त्रिभुवन विश्वविद्यालय र सोका आंगिक क्याम्पसहरू (उपत्यकाभित्र र बाहिर) र अन्य स्रोतबाट जग्गा जमिन तथा भवन सम्बन्धमा प्राप्त हुन आएका विवरणका आधारमा त्रिभुवन विश्वविद्यालय र आंगिक क्याम्पसहरूको जग्गा जमिनको विवरण निम्नानुसार देखिन्छः

<u>समितिलाई प्राप्त जग्गा जमिनको विस्तृत विवरणः</u>

| सि.नं. | जग्गा जमिन भएको क्षेत्र | क्षेत्रफल (रोपनीमा) | कैफियत |
|---|---|---|---|
| १ | (क) कीर्तिपुर परिसर क्षेत्र | ५०५०-३-१-१ | |
| | (ख) कीर्तिपुर परिसर भन्दा बाहिर | | |
| | १. त्रिपुरेश्वर | १०-१३-३-० | |
| | २. डिल्लीबजार | ३२-२-०-२ | |
| | ३. हनुमानढोका, वसन्तपुर | ०-४-१-० | |
| | जम्मा | ५०९३-७-१-३ | |
| २ | साबिक नयाँ नैकाप भञ्ज्याङ्ग | १२५-०-०-० | श्रेष्ता तयार हुन बाँकी |
| | त्रि.वि.को स्वामित्वको (सि.नं. १ र २ को जम्मा) कूल | ५२१८-७-१-३ | |
| ४ | उपत्यकाका २१ वटा क्याम्पसहरू | १२५३-१३-२-१ | |
| ५ | उपत्यका बाहिरका ४० वटा क्याम्पसहरू मध्ये २६ वटा क्याम्पसको | १०३३२-१५-१-१.८९ | •१४ वटा क्याम्पसको विवरण प्राप्त नभएको<br>•प्राप्त विवरणलाई प्रशोधन नगरिकन केवल वर्गमिटर, विगाह आदिलाई रोपनीमा रूपान्तरण गरिएको। |

नोटः नेपाल कमर्श क्याम्पस, मिनभवन (काठमाडौं) को नाममा ललितपुर म.न.पा. वडा नं. १ (च) मा १९ कित्ता जग्गामा क्षेत्रफल २१-११-०-० एक्काईस रोपनी एघार आना जग्गा को नक्सा र श्रेष्ता समितिलाई प्राप्त भएको छ।

त्रि.वि.को स्वामित्वमा आइ नसकेको तर आवश्यक प्रक्रिया पुरा गरी स्वामित्वमा ल्याउन सकिने जग्गा जमिनहरूको विवरणः

| सि.नं. | जग्गा जमिन भएको क्षेत्र | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १ | साविक कपन पञ्चायत वडा नं. ७ 'क' | २९-८-० (रोपनी) | विद्वेत शिरोमणी हेमराज पाण्डेको स्मृतिमा छोरा केशरीराज पाण्डे र श्रीमती किरण कुमारीले त्रि.वि.लाई प्रदान गर्ने भनिएको। |
| २ | साविक लुभु पञ्चायत वडा नं. ९ 'क' समेत | ३७५-०-० (रोपनी) | श्री ५ जिजु मुमा वडामहारानी द्वयबाट त्रि.वि.लाई चन्दा स्वरूप वि.सं. २०१३ मा प्राप्त। |
| ३ | स्वयंम्भू क्षेत्र | २१-१-०-० (रोपनी) | प्राकृतिक विज्ञान संग्रहालयको प्रयोगमा रहेको |

७. वि.सं. २०३३ वैशाख ७ गते शिक्षा मन्त्रालयबाट त्रि.वि.का लागि साबिक अधिग्रहण गरिएकै चौहदीभित्रकै जग्गा अधिग्रहण गर्न सूचना प्रकाशित गर्दा मन्त्रालय स्तरबाट निर्णय भई मं.प.को निर्णयका लागि प्रस्ताव पेश गर्दा टिप्पणी फाईल खडा गरी सम्बन्धित कागजपत्रहरू संलग्न राखी निर्णय भएकै हुनुपर्दछ। समितिले उक्त निर्णयको फाइल र सोसँग संलग्न गरिएका कागजातहरू सहितको फाईल उपलब्ध गराईदिन मन्त्रालयलाई च.नं. ३२ मिति २०८१/०३/२५ मा पत्राचार गरी अनुरोध गरेकोमा उक्त मन्त्रालयको प.सं. ०८०/०८१ च.नं. २ मिति २०८१/४/७ को पत्रबाट माग भई आएको विवरण सम्बन्धमा मन्त्रालयबाट गरेको निर्णय र सोसँग सम्बन्धित कागजातहरूको अभिलेख यस शाखामा उपलब्ध हुन नसकेको भनी जवाफ प्राप्त हुन आएको। यसरी, मन्त्रालयको सम्बन्धित शाखाबाट त्यस प्रकारको जवाफ प्राप्त भएकाले त्रि.वि.का लागि नै दोस्रो पटक अधिग्रहण गर्नुको आवश्यकता एवं औचित्य र कारण के के थिए भन्न सकिने अवस्था देखिएन अर्कोतर्फ अभिलेख व्यवस्थापन विधि, प्रक्रिया र व्यवस्थापकीय प्रचलन बमोजिम व्यवस्थित तत्काल प्राप्त गर्न नसकिने अवस्थामा रहेको र त्यतिबेला निर्णय निर्माण गर्दा वि.सं. २०१३ सालमा अधिग्रहण गरिएको सिमा/चौहदी किन हेरिएन/बुझिएन ती निर्णयहरू नै गलत थिए, वा मं.प.मा गलत निर्णय गराइए वा ती फाइलहरू भेटिएमा गलत निर्णय गराउनेहरूको बदनियत खुल्दछ भन्ने आशंकाले ती फाइलहरू बेपत्ता बनाइएको हो की? भन्न सकिने प्रसस्त संभावनाहरू रहेको देखियो। किनकी त्रिभुवन विश्वविद्यालयका लागि २०१३ सालमा बागमती नदीदेखि पश्चिमको जग्गा तत्कालीन श्री ५ को सरकारद्वारा अधिग्रहण गरिएकोमा कुनै विवाद छैन भनी काठमाडौं जिल्ला कीर्तिपुर न.पा. वडा नं. १३ वस्ने देवी कटुवाल समेत विपक्षी त्रिभुवन विश्वविद्यालय कीर्तिपुर बहुमुखी क्याम्पस भएको खिचोला मेटाई दर्ता बदर गरी हक कायम समेत भएको संवत्

२०६२ सालको दे.पु.नं. ८५१२ मुद्दामा सम्मानित अदालतबाट भएको फैसलामा समेत उल्लेख भएको देखियो।

८. जग्गा जमिनको दृष्टीले निकै सम्पन्न मानिएको त्रिभुवन विश्वविद्यालयको अचल सम्पत्तिको व्यवस्थापकीय पक्ष अत्यन्त कमजोर हुनाले सरकार र अन्य संघ संस्थाहरूले समेत विश्वविद्यालयको सम्पत्ति आफु खुशी प्रयोग गर्न अनुरोध गर्ने, केही प्रभाव र दबाबबाट समेत कार्यकारी परिषद्बाट स्वीकृति लिएर वा स्वीकृति नलिएरै भएपनि उपभोग गर्ने गरेको समेत देखिन आयो ।

९. जग्गा जमिन बाँडिएको विवरणमा "त्रि.वि.को गुरूयोजनामा असर नपर्ने गरी न्यूनतम आवश्यकता परिपूर्ति हुने गरी" भन्ने व्यहोरा प्रायः कार्यकारी परिषद्को निर्णयमा र पत्रमा समेत उल्लेख भएको भएतापनि समितिले त्रि.वि.लाई पटक पटक गुरुयोजना उपलब्ध गराउन पत्राचार गर्दा पनि समितिको कार्य अवधि भएसम्म यस समितिलाई त्रि.वि.को गुरुयोजना (Master Plan) प्राप्त हुन नआएको हुँदा र विश्वविद्यालय परीसरभित्र त्रि.वि.को आवश्यकता अनुसारको शैक्षिक, प्राज्ञिक, अनुसन्धानात्मक विषय क्षेत्र भन्दा अलग/फरक उद्देश्य राखी खडा भएको संस्थाहरूलाई जग्गा एवं भवन समेत वितरण गरेको देखिदा गुरूयोजना रहे भएको र सो अनुसार भैरहेको छ भन्न सकिने अवस्था रहेन।

१०. विगतदेखि त्रि.वि. कमिटी, सिण्डिकेट, प्राविधिक समिति र कार्यकारी परिषद्हरूबाट जग्गा जमिन विभिन्न संघसंस्थाहरूलाई उपभोग गर्न दिने निर्णय गर्दा धेरैजसोमा प्रत्यक्ष रूपमा शैक्षिक एवं प्राज्ञिक प्रयोजन भन्दा बाहेकका क्षेत्र तथा संघसंस्थाहरूलाई दिईएको, जग्गाका बारेमा स्थलगत अवलोकन नगरेको तथा संभावित जोखिमको लेखाजोखा नभएको/नगरेको जग्गाको विवरण उल्लेख गर्दा स्थानीय तहको नाम, वडा नं र क्षेत्रफल सहित सिमाना र चारकिल्ला समेत स्पष्ट रूपमा उल्लेख नै नगरी उपभोग गर्न दिईएको। साथै परिषद्को निर्णयमा अवधि, भोगचलन बापत त्रि.वि.लाई प्राप्त हुने क्षतिपूर्ति भरपाई (लाभ) का बारेमा स्पष्ट उल्लेख भए गरेको पनि पाइएन। त्रिभुवन विश्वविद्यालयको आवश्यकता भन्दा पनि सम्बन्धित संस्थाको आवश्यकता, अनुरोध र राजनैतिक तथा व्यक्तिगत दबाब, प्रभाव एवं निहित स्वार्थमा र केहीको हकमा नेपाल सरकारको अनुरोध भनी वा धेरैजसोमा संस्थाको अनुरोध कै आधारमा विभिन्न संघ संस्थालाई त्रि.वि.को शैक्षिक, प्राज्ञिक एवं अनुसन्धानात्मक कार्यमा भन्दा अन्य कार्यका लागि जथाभावी रूपमा जग्गाहरू उपभोग एवं भोगचलन गर्न दिइएको भन्ने कुरालाई पूर्व उपकुलपति एवं रजिष्ट्रार र पदाधिकारीहरूसँगको छलफलबाट पनि पुष्टि भएको।

११. त्रि.वि. परिसरभित्रको जग्गा वितरण गरेको अवस्था र क्षेत्रफल उपर थप विश्लेषण गरी हेर्दा, त्रिभुवन विश्वविद्यालय जग्गा अधिग्रहण गर्दाका उद्देश्य विपरित जग्गा वितरण गर्न खुला दिलले हातै खोलेर लागेको भन्ने सञ्चार माध्यममा आएका कुराको केही हदसम्म पुष्टि भएको देखियो।

१२. आफ्नो जग्गा जमिनको स्वामीत्व ग्रहण, संरक्षण र उपयोग गर्ने विषय मध्ये स्वामित्वको जग्गा जमिन अतिक्रमित हुँदा पनि त्यसलाई समयमा नै हटाउने, दाताबाट प्राप्त जग्गा जमिन आफ्नो स्वामित्वमा समयमा नै ल्याउने सम्बन्धमा अन्तिम परिणाम प्राप्त हुने किसिमले लगातार रूपमा सघन प्रयासहरू

गर्नुपर्नेमा तदनुरूप भए गरिएको देखिएन (जस्तैः नयाँ नैकाप भञ्ज्याङ्गको जग्गा, लुभु क्षेत्र, टोखा, चौतारा, हात्तीगौंडा, कपन क्षेत्रको जग्गा आदि)।

१३. त्रि.वि. ऐन बमोजिम सरकारको प्रमुख प्रधानमंन्त्री स्वयंम् त्रि.वि.को कुलपति हुँदाहुँदै पनि त्रि.वि. कुलपतिको हैसियतले जग्गा जमिन संरक्षण, उपयोग र व्यवस्थापनका सम्बन्धमा भने कानूनको मर्म एवं भावना (Spirit) बमोजिम अभिभावकत्व दिन सकेको देखिएन। यसैगरी, त्रि.वि.ऐन बमोजिम शिक्षा मन्त्रालयको नेतृत्व शिक्षा मन्त्रीले गर्ने र शिक्षा मन्त्री नै त्रि.वि.को सहकुलपति हुने भएतापनि त्रिभुवन विश्वविद्यालय परिसर कीर्तिपुरका जग्गाहरू र आंगिक क्याम्पसहरूले उपभोग गरेको जग्गा जमिनको दर्ता, स्वामित्व हस्तान्तरण, लगत, श्रेष्ता अद्यावधिक गर्ने, र त्यसको संरक्षण उपभोगको सम्बन्धमा पटक पटक त्रि.वि.ले मन्त्रालयसँग अनुरोध गरेको अवस्थामा पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट आवश्यक सहयोग र अन्य निकायसँग समन्वय गरिदिने कार्य कमै भएको पाईयो।

१४.साथै प्रचलित कानून र नेपाल सरकारको कार्यविभाजन नियमावलीले अपेक्षा गरे बमोजिमको आवश्यक सहजिकरण एवं समन्वयका लागि मन्त्रालयले निर्णय गरि कानूनी र नीतिगत दायित्व समेत समयमा नै पुरा गरी त्रि.वि.लाई सहयोग गरेको पनि देखिएन (जस्तैः ल्याब स्कुलको जग्गा विवाद, नेपाल कमर्श कलेजको जग्गाको भोगाधिकार भोगको विषय, महेन्द्ररत्न क्याम्पस ताहाचल, सानोठीमी क्याम्पस भक्तपुर, चिकित्साशास्त्र अध्ययन संस्थान शिक्षण अस्पताल र प्राकृतिक विज्ञान संग्राहालय समेत जग्गाको विषयमा आदि)।

१५. अहिलेसम्मको अध्ययनको आधारमा हेर्दा तत्कालिन श्री ५ को सरकार र नेपाल सरकारले त्रि.वि. केन्द्रीय कार्यालय लगायत आंगिक क्याम्पसहरूको लागि समेत आवश्यकता बमोजिमका जग्गा जमिन अधिग्रहण गरी त्यसको स्वामित्व ग्रहण एवं हस्तान्तरण गरेको र केही जग्गा भोगाधिकारमा पनि उपलब्ध गराएको भएतापनि मन्त्रालयले त्यसरी अधिग्रहण गरिदिएको र भोगाधिकारमा दिइएको जग्गा जमिन र भवन समेतको अभिलेख अद्यावधिक नगरेको मात्र होइन, संरक्षण गर्ने कार्यलाई पनि ध्यान दिईएको पाइएन। त्रि.वि. केन्द्रीय क्याम्पस कीर्तिपुरको मात्रै नभई त्रिभुवन विश्वविद्यालय अन्तर्गतका काठमाडौं उपत्यकामा रहेका त्रि.वि. आंगिक क्याम्पसहरूको जग्गा जमिन तथा अचल सम्पत्तिको पनि यथार्थ तथ्य, तथ्याङ्क र विवरण अपेक्षाकृत रूपमा अद्यावधिक हुन सकेको स्थिति देखिएन।

१६. त्रिभुवन विश्वविद्यालय ऐनहरू क्रमश २०१६, २०२८ र २०४९ समेतले विश्वविद्यालयको जग्गा जमिन, भवन र अन्य अचल सम्पत्ति समेतको हक हस्तान्तरण गर्ने, स्वामित्व ग्रहण गर्ने, लिज वा करारमा सम्झौता गरी भोगाधिकार लिज वा भाडामा दिने लिने लगायतको अधिकार, जिम्मेवारी र दायित्व सम्बन्धी कार्यका लागि त्रि.वि. सभा, कार्यकारी परिषद् एवं रजिष्ट्रारलाई मुख्यरूपमा जिम्मेवार बनाएको देखिएता पनि केही विषय बाहेक धेरैमा कानूनतः निर्वाह गर्नुपर्ने उत्तरदायित्व, जिम्मेवारी एवं दायित्व बहन गरेको र बहन गर्न सकेको देखिएन।

१७. त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद् लगायत पदाधिकारी वा प्रशासनले त्रिभुवन विश्वविद्यालय सम्बन्धी कानूनले दिएको अधिकार र जिम्मेवारी अनुरूप सम्पत्ति व्यवस्थापनको कार्यलाई उच्च प्राथमिकतामा राखेर कार्य गरे, गराएको समेत पाईएन।

१८. उपकुलपति तथा रजिष्ट्रारहरूको मुख्य कार्य जिम्मेवारी शैक्षिक प्राज्ञिक, अनुसन्धानात्मक एवं नबप्रवर्तनात्मक कार्य भएकाले त्यसतर्फ मात्र ध्यान केन्द्रित रहेको तर जग्गा जमिन संरक्षण र उपयोग गर्ने तथा व्यवस्थापन गर्नुपर्ने कार्य भने प्राथमिकतामा नपरेकोले जग्गा जमिनको संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा अपेक्षाकृत रूपमा ध्यान दिन नसकेको भन्ने त्रि.वि.का पूर्व पदाधिकारीहरूको भनाई रहेकोबाट पनि त्रि.वि. पदाधिकारीहरू र कर्मचारीहरूबाट सम्पत्ति व्यवस्थापन सम्बन्धी कानूनी उत्तरदायित्व, जिम्मेवारी एवं दायित्व बहन नगरेको पुष्टि हुन आएको देखियो।

१९. सम्पत्ति व्यवस्थापन, संरक्षण र उपयोग सम्बन्धी केही कार्यविधिहरू निर्माण गरेको भएता पनि स्पष्ट रुपमा गुरुयोजना तर्जुमा गरी नीति, रणनीति, योजना वनाई सोही बमोजिम व्यवस्थित र प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने प्रयास भएको पनि देखिएन।

२०. जग्गा जमिनको प्रयोग गर्ने विभिन्न संस्था वा निकायहरूसँग केहीमा सम्झौताका शर्तहरू नै तोकि निर्णय भएको भएपनि अधिकांशमा शर्तहरू स्पष्ट नराखिएको, भाडा रकम के कति हुने नभनिएको, कुनै संस्थाको हकमा कार्यकारी परिषद्बाट स्वीकृति नगरी वा नभई सम्झौता गर्ने गरिएको र त्यस्ता सम्झौता एवं स्वीकृति पत्रको पालना भयो भएन भनी अनुगमन गर्ने, त्यसको पालना तथा कार्यान्वयनमा केही कमी कमजोरी भएमा सच्याउने वा सम्झौता खारेज गर्ने वा कारबाही अगाडि बढाउने जस्ता व्यवस्थापकीय कार्यहरू समेत उचित समयमा उचित ढंगले सम्बोधन गर्ने कार्यहरू भए गरेको पनि पाईएन।

२१. कार्यकारी परिषद्ले उपभोग गर्न स्वीकृति दिएका जग्गा जमिनमा जुन उद्देश्यको लागि दिइएको हो सो अनुसार उपभोग भएको/भैरहेको छ छैन भन्ने विषयमा अनुगमन र मूल्यांकन गरी पहिलेको निर्णयका उपर पुनः विचार गर्ने गरेको समेत पाईएन।

२२. विश्वविद्यालयको जग्गा जमिनमा संघ संस्था, स्थानीय निकाय तथा व्यक्तिबाट अतिक्रमण र कब्जा हुँदा त्रि.वि.ले तिनलाई हटाउने विषयमा प्रशासनिक एवं न्यायीक उपचारमा गई स्वामित्व रक्षा गर्ने, संरक्षण गर्ने कार्यलाई प्राथमिकता दिई सम्पन्न गर्नुको सट्टा धेरैजसो विषयमा वेवास्ता गरी उदासिन नै रहेको पाईयो। त्रि.वि.को जग्गा जमिन सम्बन्धी मुद्दामा प्रशासनिक निकाय एवं अदालतबाट भएका फैसला तथा आदेशको कार्यान्वयन गर्ने कार्यमा समेत समयमा नै तदारूकताका साथ कार्य सम्पादन गर्ने गरेको पाइएन।

२३. त्रि.वि. र त्रि.वि. अन्तर्गतका आंगिक क्याम्पसहरू तर्फ समेत सरकारद्वारा अधिग्रहण गरेको, सरकारले दिएको वा अन्य दाताले उपलब्ध गराएका जग्गाहरूको स्वामित्व ग्रहण गर्ने, लगत तयार गर्ने, नापजाँच गर्ने, समयमा नै जग्गा आफ्नो नाममा ल्याउने, अभिलेख अद्यावधिक गर्ने र तिनको उचित संरक्षण एवं व्यवस्थापन गर्ने तर्फ त्रि.वि.ले ठीक समयमा नै तदारूकताका साथ कार्यसम्पादन गर्नु गराउनु पर्नेमा सो अनुरूप भए गरेको पनि पाईएन।

२४. यसैगरी, त्रि.वि.को स्वामित्वको र भोगाधिकारमा प्राप्त गरेको जग्गा जमिनको उपयोग, व्यवस्थापन र संरक्षण गर्ने कार्यमा अन्य सरकारी निकायहरूबाट पनि त्रि.वि.लाई पर्याप्त सहयोग भए गरेको पाईएन। जस्तै त्रि.वि.बाट गठित समितिमा मालपोत, नापी र गुठीको तर्फबाट प्रतिनीधित्व नहुनु/नगर्नु, त्रि.वि.ले रोक्का राखेको जग्गा जमिन व्यक्ति विशेषका नाममा हस्तान्तरण गरिदिनु, नाप नक्सा गर्दा त्रि.वि.को नाम प्रष्ट नगर्नु, त्रि.वि.को नामको श्रेष्ता पूर्जामा पनि समयमा अभिलेख अध्यावधिक गरी नदिनु, गृहमन्त्रालयले अतिक्रमण हटाउन पर्याप्त सहयोग नगर्नु, नगरपालिकाले त्रि.वि.को जग्गामा भएको अतिक्रमण हटाउन समन्वय र सहयोग गर्नुको सट्टा स्वयं आफैंले त्रि.वि.को जग्गामा अतिक्रमण गर्नु आदि रहेको देखिन्छन्।

२५. त्रि.वि.को पूरै स्वामित्वमा आईसकेको रैकर जमिनहरूमा साबिकका किसानहरूले खेतीपाती गरी बाली लगाई उत्पादन गरी खाईरहेको देखिएको तर बाली उठाउने र आम्दानी बाँध्ने काम भएको नभएको विषयमा त्रि.वि. प्रशासनले ध्यान केन्द्रित गरेको र बाली बापत त्रि.वि.ले कुत बाली बुझिलिएको, कृषकले रकम बुझाएको सम्बन्धमा समितिले त्रि.वि.सँग जानकारी माग गर्दा यथार्थ एवं आधिकारीक विवरण उल्लेख भई हालसम्म प्राप्त नभएबाट जमिनबाट प्राप्त हुने आम्दानीबाट त्रि.वि. बञ्चित हुन पुगेको अवस्था देखियो।

२६. प्रतिवेदनको परिच्छेद २ "कीर्तिपुर परिसर/हाताभित्रको जग्गाको विद्यमान अवस्था शिर्षक कृषि बागबानी केन्द्रले उपभोग गरेको जग्गा सम्बन्धमा समितिलाई प्राप्त तथ्यगत सूचना, विवरण र अभिलेखका आधारमा विश्लेषण गर्दा कीर्तिपुर न.पा. वडा नं. साबिक ३ हाल १० मा पर्ने कि.नं. २८ को क्षेत्रफल २८१-१४-१-१ जग्गाको जग्गाधनी त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर बहुमुखी क्याम्पस देखिएको र उक्त जग्गा वि.सं. २०१३ सालमा अधिग्रहण गरेको चौहदी क्षेत्रभित्र कै जग्गा भएको देखियो।

२७. यस समितिले कृषि मन्त्रालय एवं कृषि विभागलाई पत्राचार गरी बागबानी केन्द्रको जग्गाको स्वामित्वको विषयमा जानकारी उपलब्ध गराउन अनुरोध गरेकोमा कृषि विभागबाट प्राप्त जवाफमा उक्त जग्गा ०१८ सालको अधिग्रहण गरिएको, मुआब्जा समेत कृषि विभागले बुझाएको भनिएको भएतापनि जग्गाधनी प्रमाणपूर्जा र अधिग्रहण गरिएको राजपत्र उपलब्ध गराउन पत्राचार गरिएकोमा उक्त जग्गा कृषि विभाग, समशितोष्ण बागबानी केन्द्रको हो भनी भन्न सकिने कानूनी आधार प्रमाण भेटिएन/प्राप्त हुन आएन। समशितोष्ण बागबानी केन्द्र कीर्तिपुर, कृषि विभाग र कृषि मन्त्रालयबाट पनि समितिलाई समितिको कार्य अवधिको अन्तिम दिनसम्म ज.ध.प्र.पूर्जाको प्रतिलिपि र अधिग्रहण भएको राजपत्रको सूचना पनि उपलब्ध हुन सकेन। तसर्थ, त्रि.वि.को नाममा नाप नक्सा भई फिल्डबुकमा कि.नं. २८ कायम भएको त्रि.वि.को नाममा रहेको ज.ध. प्रमाण पूर्जाको आधारमा त्रि.वि.कै हक स्वामित्व कायम हुने देखियो।

२८. प्रतिवेदनको परिच्छेद २ को २.३.१.१ "कीर्तिपुर परिसर/हाताभित्रको जग्गाको विद्यमान अवस्था" शिर्षकभित्र (क) साबिकको ल्याब स्कुल (शिक्षण सिकाई स्कुल) हालको लेबोरेटरी मा.वि.द्वारा उपभोग गरेको जग्गाको सम्बन्धमा कलेज अफ एजुकेशन र ल्याब स्कुलको ऐतिहासिक पृष्ठभूमि, सो सम्बन्धमा प्राप्त तथ्यगत सूचना, विवरण, अभिलेखहरूका आधारमा विश्लेषण गर्दा साबिक कीर्तिपुर न.पा. वडा नं.

३ हाल कीर्तिपुर न.पा. वडा नं. १० को कित्ता नं. ३४ को क्षेत्रफल १०८-१४-२-३ जग्गा त्रि.वि. कीर्तिपुर बहुमुखी क्याम्पसका नाममा ज.ध. प्रमाणपूर्जा रहे भएको र यस समितिले लेबोरेटरी मा.बि.सँग पत्राचार गरी विद्यालयको नाममा रहेको भए सो ज.ध. प्रमाणपूर्जा उपलब्ध गराउन अनुरोध गरेकोमा सम्बन्धित विद्यालयले पेश गरेको जवाफ समेतमा ज.ध. प्रमाणपूर्जा प्रस्तुत गर्न नसकेको, केवल लामो अवधि (५५/६० वर्ष) विद्यालय त्यही स्थानमा सञ्चालन गरेकाले भोगाधिकार दर्ता तथा प्रतिकुल भोगअधिकारका आधारमा विद्यालय कै हुनुपर्ने भन्ने जिकिर पेश गरेको मात्र देखियो। साथै, उक्त विद्यालयको २०३४/०६/२५ को श्रीमान् रजिष्ट्रारज्यू, त्रि.वि. कीर्तिपुरलाई सम्बोधन गरी लेखेको पत्र "विद्यालयको जग्गा नभै त्रि.वि.को अधिग्रहण क्षेत्रभित्र रहेको भन्ने" उल्लेख भएको देखिँदा सो आधारमा पनि उक्त जग्गामा त्रि.वि.को स्वामित्व रही ज.ध. प्रमाणपूर्जा समेत भएकोले विद्यालयले भोगचलन गर्दै आएको जग्गा जमिन, भवन लगायत सम्पूर्ण भौतिक संरचनाहरू समेत सबै त्रि.वि.को हक स्वामित्वभित्रको रहेको समितिको निष्कर्ष रहेको छ।

२९. साथै, सो विद्यालयको हैसियत २०३७ अगाडि देखि नै स्पष्ट नभएको र वि.सं. २०५७ पछि शिक्षा मन्त्रालयले विद्यालय व्यवस्थापन हस्तान्तरण गरेबाट विद्यालय सरकारी स्वामित्वको भन्ने देखिने भएपनि पछि शैक्षिक सार्वजनिक गुठीमा लगेको देखिँदा यसमा विद्यालयको हैसियत स्पष्ट गर्न सकिएन।

३०. जग्गा, भवन र अन्य संरचना तथा सम्पत्तीको स्वामित्व, भोगाधिकारको कानूनी पक्ष बाहेक अन्य विषयका सम्बन्धमा परिच्छेद २ को प्रकरण २.३.१.१ को (क) मा उल्लेख भएको विवरण र ऐ.ऐ. प्रकरण बमोजिम बुँदा नं. ६ मा समितिको विश्लेषण निष्कर्ष खण्डमा उल्लेख भएको छ ।

३१. प्रतिवेदनको परिच्छेद तीनमा उल्लेख गरिए अनुसार बडाकाजी पुष्पराज राजभण्डारी समेत १२ जनाले काठमाडौं जिल्ला साविक नयाँ नैकाप भञ्ज्याङ्ग पञ्चायत वडा नं १, ५ र ६ (हाल चन्द्रागिरी न.पा. वडा नं १५) को काठमाडौं मालमा ल.नं. १८,१९ र २० मा दर्ता भएको साविका ५४ रोपनी हाल नापीबाट कायम भएको १२५ रोपनी जग्गा त्रिभुवन विश्वविद्यालयको नाममा अर्पण गरेको व्यहोरा तत्कालिन श्री ५ को सरकार, मं.प. को मिति २०२३/११/१५ मा निर्णय भएको विषय सम्बन्धमा तत्कालिन श्री ५ को सरकार (मं.प.) को मिति २०२३/११/१५ को निर्णय अनुसार मं.प.को निर्णय सदर/स्वीकृतिका लागि श्री ५ महाराजधिराजमा जाहेर भई सदर गरिदिनु भन्ने हुकुम बक्से बमोजिम २०२४/०१/१२ मा तत्कालिन मुख्य सचिवबाट प्रमाणित भएको निर्णय अनुसार (प्रतिवेदनको परिच्छेद ३ का विभिन्न प्रकरणमा उल्लेख भए बमोजिम) दाताको हितग्राही (Beneficiary) त्रिभुवन विश्वविद्यालय हुने देखियो।

३२. साविक वि.सं. २०२१ सालमा भएको नापीका समयमा उक्त अर्पण गरिएका जग्गाहरू कमाउने मोहीहरू र त्रि.वि.बिच भएको मोही निष्काशन मुद्दा ( मि.नं. २०३/०२६, मि.नं. २४०/०२८ र मि.नं. १३/०२९) मा भूमिसुधार कार्यालय, काठमाडौंद्वारा मिति २०४१/०३/२० मा भएको बाली दिलाउने तर मोही निष्काशन नहुने भन्ने फैसलालाई आधार मानी विश्वविद्यालयले तत् तत् जग्गाको जग्गाधनीको हैसियत प्राप्त गरी सकेको भनी सम्मानीत सर्बोच्च अदालतको मिति २०७४ भाद्र ७ को फैसला (०७१-WO-०६११) मा उल्लेख भैसकेको अवस्था रहेकोले उक्त जग्गाको जग्गाधनी त्रिभुवन विश्वविद्यालय

र मोहीका रूपमा २०२१ सालको नापीमा उल्लेख भई नियमानुसार भूमिसम्बन्धी ऐनले व्यवस्था गरेका प्रावधान र प्रक्रियाहरू पुरा गरेकाहरू नै वास्तविक मोही हुने देखियो।

३३. सम्मानित सर्वोच्च अदालतको मिति २०७४ भाद्र ७ को फैसला (०७१-WO-०६११) मा उल्लेख भएको ठहरका आधारमा मुलुकी देवानी संहिता, २०७४ को दफा ३१४ मा बर्णित गुठीसँग मिल्दो गुठी संस्थानको कानून बमोजिम संस्थापित हुने निकायमा त्रि.वि.ले निवेदन दिई गुठीका रूपमा राख्न पाउने देखियो।

३४. बडाकाजी पुष्पराज राजभण्डारी समेत १२ जनाले शिक्षाको कामका लागि त्रि.वि.लाई प्रदान (अर्पण) गरी आफ्नो हकछाडी सकेको जग्गामा दातामध्ये केहीले लगतकट्टाको कारबाही चली अन्तिम नभएको मौका छोपी लोभलालचमा परी आफ्नै रैकर सरह मानी स्वामित्व हस्तान्तरण गरेको कार्यलाई कानून सम्मत नभएको भनी सम्मानित सर्बोच्च अदालतको मिति २०७४ भाद्र ७ को फैसलामा (०७१-WO-०६११) ठहर भएको देखियो।

३५. दाताले जुन उद्देश्यबाट गुठी राखेका थिए सोही उद्देश्य बमोजिम गुठी संस्चालनको व्यवस्थापन गर्नुपर्ने र गुठी स्थापनाको मुख्य उद्देश्य नै गुठीको सम्पतिबाट हितग्राहीलाई लाभ दिनु भएकोमा प्रस्तुत विवादमा त्रिभुवन विश्वविद्यालय हितग्राही भई उक्त विश्वविद्यालयले लाभ प्राप्त गर्नुपर्ने भएको हुँदा हालसम्म उक्त संस्थाले लाभ समेत प्राप्त गरेको भन्ने नदेखिदा ती जग्गाहरूको विवरण अद्यावधिक गरी गराई त्यसबाट प्राप्त हुने आम्दानीको सुनिश्चितता प्रदान गर्नुपर्ने देखियो।

३६. सम्मानीत सर्वोच्च अदालतको फैसला अनुसार माथि उल्लेखित जग्गाको स्वामित्व राजभण्डारी परिवारबाट मिति २०२३/११/१५ को श्री ५ को सरकार (मं.प.) को निर्णयभएपछि त्रि.वि.मा सरी सकेको नेपाल सरकारको रकम खर्च गर्ने निकायलाई सरकारी निकायको रूपमा लिनुपर्ने हुँदा प्रस्तुत जग्गाको विषय सरकारी जग्गा भएको मान्नुपर्ने हुन आएकोले नेपाल सरकारको स्वामित्वमा आएको सरकारी जग्गा दुषित मनसाय लिई अपचलन गरेको देखियो।

३७. बागमती नदी किनारामा सुन्दरीघाट क्षेत्र नजिक त्रि.वि.को स्वामित्वमा रहेको कि.नं. ४१ को उत्तर दक्षिण फैलिएको ३५-४-२-३ जग्गासँग टाँसिएको बागमती नदीले छाडेको नदी उकास क्षेत्रमा करिब १५ रोपनी जग्गा श्री राधास्वामी सत्संग व्यास नेपालले उपभोग गरेको सम्बन्धमा प्राप्त सूचना, र विवरण विश्लेषण गर्दा उक्त जग्गा त्रिभुवन विश्वविद्यालयका लागि २०१३ सालमा अधिग्रहण गरेको बागमती नदीदेखि पश्चिमको सिमानाभित्र पर्ने जग्गा तत्कालीन श्री ५ को सरकारद्वारा अधिग्रहण गरिएकोमा कुनै विवाद छैन।

३७.१. साथै, साबिकको मुलुकी ऐन, २०२० जग्गा मिच्नेको २ नं. को कानूनी व्यवस्था अनुसार पनि साँधको नदीले आफ्नो बहाब बदली जग्गा नदी उकास भएमा जतापट्टी नदी उकास भएको छ उतै पट्टीको जग्गावालाले सो नदी उकास जग्गा भोगचलन गर्न पाउने देखिन्छ भन्ने व्यवस्था भएको देखियो। वि.सं. २०१३ सालमा विश्वविद्यालयको लागि अधिग्रहण गरिएको चार

किल्लाभित्र पर्ने जग्गा भएकोले र २०४० सालमा त्रि.वि.को नाममा नाप नक्सा भई कीर्तिपुर नगरपालिका वडा नं. १० कि.नं. ३ त्रि.वि.को नाममा कायम भईसकेको अवस्था देखियो।

३७.२. त्रि.वि.को लागि अधिग्रहण भएको जग्गाको पूर्वतर्फको सिमाना बागमती नदीसम्म कायम रहेको अवस्थामा बागमती नदीसम्मको जग्गा जमिन त्रि.वि.ले नै भोगचलन गर्न पाउने र ती जग्गा सरकारी सार्वजनिक जे भए पनि कोही कसैले अतिक्रमण वा कब्जा गर्न नहुने, गरेमा वा भोगचलन गर्न बाधा अवरोध गरेको अवस्थामा उक्त कार्य मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा १४७ को विपरित हुने र राष्ट्रिय तथा सार्वजनिक सम्पत्ति विरूद्धको कसूर हुने व्यवस्था रहेकाले सरकारी निकायले मात्र भोगचलन गर्न पाउने जग्गामा अन्य गैरसरकारी संस्थाले कब्जा अनधिकृत तथा गैरकानूनी तवरले नियन्त्रण गरेको विषयमा जो जसले उक्त कार्य गर्दछ सोही व्यक्ति वा संस्था कानून बमोजिम सजाय भागी हुने देखियो।

३७.३. काठमाडौं जिल्ला कीर्तिपुर न.पा. वडा नं. १३ वस्ने देवी कटुवाल समेत विपक्षी त्रिभुवन विश्वविद्यालय कीर्तिपुर बहुमुखी क्याम्पस भएको खिचोला मेटाई दर्ता बदर गरी हक कायम समेत भएको संवत् २०६२ सालको दे.पु.नं. ८५१२ मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसलामा वागमती नदी नै त्रि.वि.को पूर्वी सिमाना रहेको भनी व्याख्या भईसकेकोबाट पनि हालै राधास्वामी व्यास नेपाल भन्ने संस्थाको नाम कैफियत महलमा उल्लेख गरी तयार भएको फिल्डबुकको आधिकारीकता पाउने अवस्था देखिएन। त्यस्तो कागजात तयार गरी त्रि.वि. वा नेपाल सरकारको स्वामित्व कायम भएको जमिन हडप्ने कार्य कानून सम्मत छ भन्न मिलेन।

३७.४. नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार प्रदेश वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको सार्बजनिक संस्थाको नाममा रहेको घर वा जग्गा सम्बन्धित सरकार वा स्थानीय सरकार वा स्थानीय तहको पूर्व स्वीकृति विना दर्ता गरी वा नगरी आफ्नो बनाउन वा कुनै किसिमले कब्जा, आवाद वा अतिक्रमण गर्न वा त्यस्तो घर वा जग्गाको भोगचलन गर्नमा बाधा अवरोध गर्ने कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १४७ ले राष्ट्रिय तथा सार्वजनिक सम्पदा विरूद्धको कसूर हुने व्यवस्था भएकोले त्यस वापत सजाय समेत हुने कानूनी व्यवस्था रहेको छ। प्रस्तुत केशमा त्रि.वि.ले पटक पटक जग्गा खाली गर्न अनुरोध गरेकोमा पनि सरकारी निकायको स्वीकृति विना कब्जा, आवाद र अतिक्रमण गरी सरकारी जग्गाको भोगचलन गरेको देखियो।

३७.५. उक्त संस्थाले भोगचलन गर्नुपूर्व जग्गाको स्वामित्व रहेका संस्था वा नेपाल सरकारबाट भोगचलन/भोगाधिकारको स्वीकृति लिनुपर्नेमा सो प्रक्रिया समेत पूरा नगरी अनाधिकृत रूपमा सरकारी निकायको स्वामित्वभित्र पर्ने सरकारी जग्गा कब्जा/अतिक्रमण गरेको देखिन आयो।

३७.६. त्रि.वि.को स्वामित्वमा रहने ठहरिएको जग्गा उक्त संस्थाले भोगचलन मध्ये करिब १५ रोपनी जग्गा संस्थाकै नाममा दर्ता गरी ज.ध.प्रमाणपूर्जा पाउन मालपोत कार्यालय र नापी कार्यालयमा फिल्डबुक समेत तयार गरी जग्गा दर्ता गर्ने कारबाही प्रारम्भ गरेको देखियो। तसर्थ, अनधिकृत

कागजात तयार गरी त्रि.वि. वा नेपाल सरकारको स्वामित्व कायम भएको जमिन हडप्ने गैरकानूनी कार्यमा संलग्नहरू उपर प्रचलित कानून बमोजिम थप छानबिन गरी कारबाही अघि बढाउन उपयुक्त हुने देखियो।

३७.७. मालपोत ऐन, २०३४ को दफा २४ ले सरकारी, सार्वजनिक जग्गा नेपाल सरकारको स्वीकृति विना दर्ता वा आवाद गर्न गराउन हुँदैन र त्यसरी दर्ता भएको भए पनि स्वतः बदर हुने कानुनी व्यवस्था भएको साथै, मुलुकी देवानी संहिता, २०७४ ले पनि कसैले पनि सरकारी, सार्वजनिक सम्पत्ति आफ्नो नाममा दर्ता गर्न वा गराउन, च्यापी घुसाई वा अन्य तवरले आफ्नो कब्जामा राख्न नहुने र गरे गराएमा स्वतः बदर हुने, यस्तो कार्य भए गरेमा मालपोत कार्यालयले कारबाही गर्न सक्ने कानूनी व्यवस्था भएको देखिँदा उक्त कार्य बदर गर्दै र सोही कानून बमोजिम कारबाही हुन सक्ने अवस्था देखियो।

३८. त्रि.वि. परिसरभित्रको अन्य जग्गाहरूको भोगचलन एवं उपभोगको विषयमा परिच्छेद २, ३, ४ र ५ को विभिन्न खण्ड एवं प्रकरणहरूमा समितिको निष्कर्ष र सुझाव तत् तत् प्रकरणहरूमा उल्लेख गरिएको छ।

३९. समितिले कार्यक्षेत्रभित्र परेका विषयमा अध्ययन गर्ने क्रममा अनुभुत गरेको सबैभन्दा जटिल समस्या भनेको त्रि.वि. र अन्तर्गतका निकायमा मात्र नभई नेपाल सरकारका मन्त्रालय, कार्यालयहरूमा समेत अभिलेख व्यवस्थापन अद्यावधिक नभएको, अव्यवस्थित रूपले राखिएको, सुरक्षा र संरक्षणको उपायहरू कम उपयोग भएको हुनु नै देखियो/पाईयो।

४०. तत्कालीन शिक्षा मन्त्रालयको वि.सं. २०३३ वैशाख ७ गते प्रकाशित सूचनासँग सम्बन्धित सूचना, तथ्य र विवरण एवं सम्बन्धित फाईल, कागज पत्रहरू पटक पटक अनुरोध गरी पटक पटक माग गरिएकोमा पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाटै प्राप्त गर्न नसकिएको अवस्था र समय अभावका कारण कार्यसम्पादन हुन नसकेकोले निम्न कार्यहरूका विषयमा थप अध्ययन खोजबिन गर्नुपर्ने।

४०.१. वि.सं. २०१३ मार्ग १८ को नेपाल गजेटमा प्रकाशित सूचना अनुसार अधिग्रहण गरिएको यथार्थ विवरण खोजी गर्दै उक्त सूचना बमोजिम उल्लेखित चौहदी (बागमती नदीदेखि पश्चिम कीर्तिपुरबाट कालिमाटी पुग्ने (जाने) बाटो देखि पूर्व पाँगा जाने नयाँ बाटो भाजंगाल र कीर्तिपुर देखि उत्तर र बल्खुखोला देखि दक्षिण सिमाभित्रको सम्पूर्ण जग्गाको स्वामित्व किन कायम हुन नसकी खुम्चिन पुगेको विषय।

४०.२. वि.सं. २०१३ साल मार्ग १८ को नेपाल गजेटको सूचना बमोजिमको चार किल्लाभित्रको र त्रि.वि. अन्तर्गतका क्याम्पसका जग्गा जमिनको पूर्ण लगत तयार गर्ने कार्य पुरा गर्न निरन्तर प्रयास गर्दा गर्दै पनि त्रि.वि. सडक विभाग, नापी विभाग जिल्ला प्रशासन कार्यालय काठमाडौं, भूमिसुधार तथा मालपोत कार्यालय, काठमाडौं, चावहिल, कलङ्की र ललितपुर तथा नापी कार्यालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट जग्गा अधिग्रहण गर्न प्रकाशित नेपाल राजपत्रसँग सम्बन्धित र मुआब्जा वितरण, जग्गाको स्वामित्व प्राप्त श्रेष्ता, पूर्जा, फाइल र पत्रहरू प्राप्त हुन

नसकेकोले छानबिन कार्यमा "एक पाइला सार्न" नसकेकाले सो कार्य पुरा नभएको हुँदा सो सम्बन्धी कार्यको विषय।

४०.३. वि.सं. २०३३ साल वैशाख ७ गतेको सूचना प्रकाशन हुनु अघि २०१३ मार्ग १८ कै सूचनामा परिसरकै जग्गा मध्ये कुमारीक्लब क्षेत्र बाटोदेखि पश्चिम र त्यसको पूर्वी भाग बागमती नदीसम्म, गाङ्गखेल क्षेत्र र चक्रपथको उत्तर तर्फ बल्खु खोलासम्मको जग्गाहरूका को को जग्गाधनी एवं मोहीलाई मुआब्जा दिएर छोडियो, मुआब्जा दिइएको भए को कोबाट फिर्ता लिइयो वा ती क्षेत्रका जग्गा धनी तथा मोहीहरूलाई मुआब्जा नै दिन भ्याइएन वा त्यहाँका सम्पूर्ण बासिन्दाले मुआब्जा नै लिएनन बुझिलिएनन वा के कतिले मात्र मुआब्जा लिए वा के कति कसैले दोहोरो मुआब्जा लिए भन्ने विषयमा समेत तथ्यगत सूचना र विवरण प्राप्त गर्न समितिले निरन्तरको प्रयास गर्दा पनि यथार्थ रूपमा एकिन तथ्यगत सूचना विवरणहरू प्राप्त गर्न नसकेकाले सो बिषयमा।

४०.४. त्रि.वि. कीर्तिपुर परिसरको जग्गामा पश्चिम कीर्तिपुर तर्फ चिथुविहार पट्टि र उत्तरपट्टी कुमारी क्लव र गाङ्गखेल क्षेत्रमा त्रि.वि. गेटबाट पश्चिमतर्फ खोलेको बाटो बनाउदा के कति जग्गा छाडियो, के कति व्यक्तिगत जग्गामा त्रि.वि.को जग्गा घुस्ने घुसाउने कार्य भए भन्ने जस्ता प्रश्नको उत्तर खोज्न मालपोत कार्यालयका जनशक्ति र नापी कार्यालयका प्राविधिक जनशक्ति समेतलाई काजमा ल्याई प्रभावकारी ढंगबाट परिचालन गरी सेवा लिएर मात्र कार्य संभव बनाउन सकिनेमा समितिलाई दिईएको कार्यादेशभित्र त्यस प्रकारका जनशक्तिको सहयोग लिने, अन्य विज्ञहरूको सुझाव लिन बैठकमा आमन्त्रण गर्ने, काजमा लिएर परिचालन गर्ने जस्ता कार्यादेश र सोही बमोजिम बजेट खर्च गर्ने व्यवस्था समावेश नभएकोले र मन्त्रालयलाई सोको लागि अनुरोध गरेको तर त्यस्तो सहयोग प्राप्त हुन नसकेकाले ती कार्यहरू सम्पादन गर्न नसकिएको तर त्रि.वि.को जग्गा के कति अतिक्रमण भएको छ भनि जमिन खोजबिन गर्न यी विषयमा ध्यान दिनु अत्यावश्यक देखिएको हुँदा सो सम्बन्धी विषयमा।

४०.५. कीर्तिपुरदेखि कालिमाटी जाने पुरानो बाटो भन्दा पूर्वपट्टी हाल त्रि.वि.ले पर्खाल लगाएको त्रि.वि. कीर्तिपुर परिसरको पश्चिमपट्टी बाटोको क्षेत्रमा के कति त्रि.वि.को जग्गा व्यक्तिगत जग्गाहरूमा समावेश भयो वा भएन; के कति जग्गा छाडिएको छ एकिन गर्नुपर्ने विषयमा ।

४०.६. चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगंज क्याम्पस र महाराजगंज नर्सिङ्ग क्याम्पस सञ्चालनमा रहेको १६२ रोपनी जग्गा नेपाली सेनासँग सट्टा पट्टा गरी प्राप्त भएको र सेनाले शिक्षा मन्त्रालयलाई हस्तान्तरण गर्न खोजेको भन्ने देखिएता पनि हालसम्म रक्षा मन्त्रालय र शिक्षा मन्त्रालयबिच भएको पत्राचारबाट जग्गा हस्तान्तरण गर्ने कार्य पुरा नभएकाले उक्त कार्य एकिन गरी सम्पन्न गर्नुपर्ने विषय।

४०.७. समितिलाई प्राप्त कार्यादेश (TOR) का आधारमा त्रि.वि.को जग्गा जमिन खोजी गर्ने क्रममा (तत्कालिन श्री ५ जिजुमुमा बडामहारानी द्रयबाट दान स्वरूप प्राप्त भएको ललितपुर लुभु क्षेत्रको ३७५ रोपनी जग्गा) ललितपुर जिल्ला साविक लुभु पञ्चायत वडा नं ९ 'क' क्षेत्रमा केही

जग्गाहरू रहे भएको सम्म जानकारी समितिलाई प्राप्त हुन आएको छ। सम्पूर्ण जग्गाको खोजबिन गर्ने विषयमा समितिले केही खोजबिन गरेपनि पुरा हुन नसकेकाले थप खोजबिन गर्नुपर्ने देखियो।

४०.८. त्रि.वि.ले २०३२ सालमा इण्डो नेपाल कटनमीलको बारा जिल्ला, सिमरा पिपरा गा.पं. वडा नं. २ मा रहेको कि.नं. ५३, ५४, ५६, १९८ र २१३ को जम्मा क्षेत्रफल ५७ विगाह २ कठ्ठा र ८ धुर जग्गा मिति २०३९/१०/२४ मा सूर्य टोवाको कम्पनी प्रा.लि.लाई र.नं. १०७८ बाट राजिनामा गरी बिक्री गरेको देखियो। समय अभावले गर्दा यस विषयमा पनि गहन/विस्तृत अध्ययन गर्न नभ्याइएकोले यस विषयमा सम्बन्धित निकायहरूबाट थप अध्ययन अनुसन्धान गर्नुपर्ने अवस्था देखियो।

४१. समितिलाई फोनमा र पत्रपत्रिका मार्फत् सामान्य सूचना प्राप्त भए अनुसार निम्न बमोजिमका क्षेत्रमा पनि त्रि.वि.को जग्गा जमिन रहेको थियो खोजी गर्न पर्यो भन्ने जानकारी प्राप्त भएतापनि समितिले केही क्षेत्रमा खोजबिन कार्य प्रारम्भ गरे तापनि परिणाम प्राप्त हुन सकेन। तसर्थ, निम्न विषयमा त्रिभुवन विश्वविद्यालयले थप अध्ययन, अनुसन्धान र खोजबिन गरी सम्पादन गर्नुपर्नेः

- कपन, काठमाडौं।
- साँखु, काठमाडौं।
- चौतारा, सिन्धुपाल्चोक
- लैनचौर, काठमाडौ (त्रि-चन्द्र कलेजसँग सम्बन्धित)
- हात्तिगौंडा, काठमाडौं।
- टोखा, काठमाडौं।

४१.१. काठमाडौं उपत्यकाका क्याम्पसहरू मध्ये त्रि.वि.को स्वामित्व वा आंगिक क्याम्पस वा नेपाल सरकारको नाममा/स्वामित्वमा रहेका जग्गा जमिन तथा भवनको स्वामित्व ग्रहण, हस्तान्तरण, भोगाधिकारको अवस्था लगायतको अभिलेख अध्यावधिक गर्ने र क्षेत्रफल एकिन गर्ने कार्यहरूमा समस्या देखिन गएको पाईयो। सो सम्बन्धमा पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ने मुख्य रूपमा पहल गर्नुपर्ने र अन्य मुख्य सुझाव र सिफारिस खण्डमा उल्लेख गरिए बमोजिमका कार्यहरू नेपाल सरकारले पनि सम्पादन गर्नुपर्ने देखियो।

४१.२. चिकित्सा शास्त्र अध्ययन संस्थान त्रि.वि. शिक्षण अस्पताल महाराजगंजलाई काठमाडौं जिल्ला साविक चण्डेश्वरी टोखा गा.वि.स. वडा नं. ६ 'ख' कि.नं. ११५ हाल चण्डेश्वरी टोखा न.पा. वडा नं. २ मा रहेको कि.नं. ११५ को जग्गा क्षेत्रफल ६०-४-० (साठी रोपनी चार आना मात्र) मिति २०५८/११/२७ मा भोगाधिकार प्राप्त भएकोमा त्रि.वि.ले आफ्नो अधिनमा लिई भोगचलन गर्नुपर्नेमा उक्त जग्गामा बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयबाट चण्डेश्वरी टोखा अस्पताल भवन निर्माण गरी सञ्चालन भएको तर बाँकी करीब २५ रोपनी जग्गा देखिएकाले सो बाँकी रहेको जग्गाको उपयोग गर्ने विषयमा थप अध्ययन गर्नुपर्ने विषय।

४१.३. त्रि.वि. र त्रि.वि.का आंगिक क्याम्पसहरूले आफ्नो स्वामित्वको जग्गा जमिन भवनहरू धेरै वर्षदेखि भाडामा दिएको देखिएको तर प्रचलित बजार मुल्य, सम्बन्धित जिल्ला प्रशासनबाट

निर्धारण गरिएको भाडादरका मुल्याङ्कनका आधारमा सार्वजनिक खरिद ऐन र ऐ. नियमावली तथा त्रि.वि. अचल सम्पत्ति लिज वा भाडा वा बहालमा लिनेदिने सम्बन्धी विनियम, २०८० मा उल्लेखित विधि प्रक्रिया बमोजिम भए नभएको विषयमा अध्ययन गर्न समितिलाई समयाभाव र आर्थिक प्रशासन विज्ञको आवश्यकता पर्ने विषय भएको तर समितिमा उपलब्ध नभएकोले गहन विश्लेषण र छानबिन गर्ने कार्य सम्पन्न गर्न नसकिएकाले त्रि.वि.लाई जिम्मेवारी दिई सम्पन्न गर्दा स्वार्थको द्वन्द्व (Conflict of Interest) हुन सक्ने भएकाले सो विषयमा आर्थिक प्रशासन सम्बन्धी विज्ञ समावेश गरी सम्बन्धित अख्तियार प्राप्त निकायबाट थप छानबिन गर्नुपर्ने देखियो।

## ६.२. सुझाव तथा सिफारिसहरू

परिच्छेद दुई, तीन, चार र पाँचको विभिन्न प्रकरणहरूमा उल्लेख भएका तथ्यगत सूचना एवं विवरण तथा सोही आधारमा गरिएको विश्लेषण र निष्कर्ष समेतको आधारमा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, गुठी संस्थान, मालपोत कार्यालय र स्थानीय निकाय (नगरपालिकाहरू) तथा सम्बन्धित अन्य सरकारी निकायहरूको भूमिका र जिम्मेवारी महत्वपूर्ण देखिएको हुँदा निम्न बमोजिमका कार्यहरू तत् तत् निकायले गर्नुपर्ने भनि कानूनतः उल्लेख भए बमोजिम सम्पादन गर्न गराउन विभिन्न सुझाव सहित सिफारिस गरिएको छ।

### १. नेपाल सरकार, मन्त्रिपरिषद्ले गर्नुपर्ने कार्य र भूमिका

शासन सञ्चालनको उच्च प्रशासनिक निकाय (Apex Body) नै नेपाल सरकार, मंत्रीपरिषद् भएकाले सार्वजनिक प्रशासनको क्षेत्रमा गरिने सबै अन्तिम निर्णयहरू गर्ने अधिकार र जिम्मेवारी रहेको निकाय हो। त्यसैले निम्न विषयमा नेपाल सरकारबाट नै निर्णय हुनुपर्ने भएकाले देहाय बमोजिमको विषयमा देहाय बमोजिम सुझावहरू कार्यान्वयन हुन सिफारिस गरिएको छ।

**१.१. लेबोरेटरी माध्यमिक विद्यालयले भोगचलन गरेको जग्गाः**

१. लेबोरेटरी माध्यमिक विद्यालयले भोगचलन गरेको साबिक कीर्तिपुर न.पा. वडा नं. ३ हाल किर्तिपुर न.पा. वडा नं १० कित्ता नं ३४ को क्षेत्रफल १०८ रोपनी १४ आना ३ पैसा ३ दाम ज.ध. प्रमाणपूर्जा कीर्तिपुर बहुमुखी क्याम्पस, कीर्तिपुरको नाममा रहेको देखिँदा उक्त जग्गा त्रिभुवन विश्वविद्यालय लेबोरेटरी मा.वि.ले आफ्नो हक स्वामित्व नभएको जग्गामा त्रि.वि.ले पटक पटक खाली गरिदिन अनुरोध गरेको भए पनि खाली नगरी अटेर गरी जग्गाधनीको सहमति नलिई (प्राप्त नगरी) अनधिकृत कब्जा गरी भोगचलन (उपयोग) गर्न कानूनतः मिल्ने नदेखिएकाले सम्पूर्ण जग्गा जमिन र भौतिक संरचनाहरू समेत त्रिभुवन विश्वविद्यालयलाई यथाशिघ्र बुझाउने व्यवस्थाका लागि नेपाल सरकार मं.प.बाट आवश्यक निर्णय गरी तत्काल कार्यान्वयनमा लैजाने।

२. हाल उक्त विद्यालय सरकारी विद्यालय नै हो भने पनि नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अन्यत्र कतै सञ्चालनको व्यवस्था गर्ने वा जग्गा धनी त्रि.वि.ले भाडा वा लिजमा दिन सक्ने भएमा मात्र त्रि.वि.सँग समन्वय गरी त्रि.वि.सँग सम्बन्धित कानून बमोजिम भाडा वा लिजमा

जग्गा लिई विद्यालय सञ्चालन गर्ने व्यवस्था मिलाउने र त्रि.वि.लाई हानी नोक्सानी नहुने गरी भाडा उपलब्ध हुने व्यवस्था गर्ने गराउने निर्णय गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन दिने।

३. सरकारी विद्यालयलाई निजी स्रोत भनी गैरसरकारी संस्था नेपाल शिक्षा समाजसँग सम्झौता गरी (मिति २०५७/०४/१३) विद्यालयको व्यवस्थापन करारमा हस्तान्तरण दिने अर्कोतर्फ करार अवधि नसकिँदै मिति २०६२/०९/१७ मा लेबोरेटरी स्कूल सार्वजनिक शैक्षिक गुठी मार्फत सञ्चालन भएको विषय कानून सम्मत भए नभएको विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट थप छानबिन गर्न निर्देशन दिने।

४. निम्न विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल प्रहरीको CIB तथा अन्य सम्बन्धित निकायबाट थप छानबिन एवं अनुसन्धान हुन निर्देशन दिने।

   क. मिति २०५७/०४/१३ मा शिक्षा मन्त्रालय पक्ष भई सम्झौता गरेकोबाट सरकारी स्वामित्व देखिएको उक्त सरकारी विद्यालयलाई विभिन्न चरणमा नीति बनाई निर्णय गरी निजीकरण गरी मालपोत कार्यालयमा लगि त्रि.वि.को स्वामित्वको जग्गा विद्यालयको नाममा ल्याउने प्रयास गरेको देखिँदा र विद्यालय सञ्चालन गर्न गुठियारले भाडामा लगाई त्रि.वि.को जग्गा होइन भनी अनधिकृत ब्यहोराका कागज प्रमाण तयार गरी सरकारी स्वामित्वको जम्मा विद्यालयको नाममा कायम गर्न लागेको देखिँदा यस प्रकारको गैरकानूनी निर्णय प्रक्रियामा संलग्न तत्कालीन विद्यालय व्यवस्थापन, प्रिन्सीपल तथा कर्मचारी, जि.शि.का र क्षेत्रिय शिक्षा निर्देशनालय र तत्सम्बन्धमा वेवास्ता गरी बस्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका तात्कालिन र वेवास्ता गर्ने वर्तमान जिम्मेवार कर्मचारीहरू उपर पनि प्रचलित कानून बमोजिम छानबिन गर्ने।

   ख. मिति २०५७/०४/१३ मा निजी क्षेत्रको नेपाल शिक्षा समाजलाई त्रि.वि.को स्वामित्वको जग्गा भोगचलन गर्न दिने र विद्यालयले उक्त जग्गा बेचविखन गर्न पाउने छैन भनी सम्झौता गरी विद्यालय व्यवस्थापन हस्तान्तरण गरेको विषय कानून सम्मत नदेखिएकोले सम्झौता सम्बन्धी निर्णय प्रक्रियामा संलग्न पदाधिकारी उपर अख्तियार प्राप्त अधिकारीद्वारा थप छानबिन एवं अनुसन्धान हुनुपर्ने।

   ग. त्रि.वि.का लागी वि.सं. २०१३ सालमा अधिग्रहण गरी मुआब्जा दिई आफ्नो नाममा लालपूर्जा समेत लिइसकेको जग्गा भोगचलन गरेको आधारमा भोगाधिकार र जग्गा दर्ता प्रक्रियामा लगेको देखिँदा गलत/दुषित मनशाय राखी उच्च पदस्थ सम्मानित व्यक्तिहरू समावेश भएको विद्यालय व्यवस्थापन समितिबाट त्रिभुवन विश्वविद्यालय कीर्तिपुर बहुमुखी क्याम्पसको नामको जग्गा अपचलन गर्ने मनशायले विद्यालयको नाममा दर्ता गर्ने प्रयास भएको देखिँदा सो सम्बन्धमा फौजदारी कानून आकर्षित हुने विषय देखिएकाले अख्तियार प्राप्त निकाय CIB र अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट त्यस्तो निर्णयमा संलग्न

उपर थप छानबिन एवं व्यवस्थापन समितिका पदाधिकारीहरू समेत उपर पनि अनुसन्धान गरी प्रचलित कानून बमोजिम कारबाही हुनुपर्ने।

घ. प्रतिवेदनको परिच्छेद २, ३ र ४ को सुझाव खण्डमा उल्लेख गरिएका अन्य सुझावहरू समेतलाई कार्यान्वयन गर्न आवश्यक निर्देशन दिन तथा कार्यान्वयन गर्ने।

१.२. **श्री राधास्वामी सत्संग ब्यास नेपालले भोगचलन गरेको जग्गाः**

१. यस प्रतिवेदनको परिच्छेद दुईमा उल्लेखित राधास्वामी सत्संग व्यास नेपालले अनाधिकृत रूपमा जबरजस्ती कब्जा गरी वि.सं. २०४७/४८ देखि कीर्तिपुर न.पा. वडा नं सुन्दरीघाट नजिक त्रि.वि.को स्वामित्वमा रहेको कि.नं. ४१ को ३५-४-२-३ जग्गासँग टाँसिएको बागमती नदिले छाडेको नदी उकासको भोगचलन गरेको करिब १५ रोपनी जग्गा वि.सं. २०१३ सालको त्रिभुवन विश्वविद्यालयका लागि अधिग्रहण भएको चारकिल्लाभित्रको जग्गा भएको र अधिग्रहणको पूर्वतर्फ बागमती नदीसम्मको जग्गा त्रि.वि.को क्षेत्रमा पर्ने भएकाले बागमती नदी नै विश्वविद्यालयको पूर्वपट्टीको सिमाना हो भन्नेमा विवाद नहुँदा साबिकको मुलुकी ऐन, २०२० को जग्गा मिच्नेको महल २ नं. को कानूनी व्यवस्था अनुसार र हाल प्रचलनमा रहेको मुलुकी देवानी संहिता, २०७४ बमोजिम साँधको नदीले बहाब परिवर्तन गरी (बदली गरी) नदी उकास भएमा जतापट्टी नदी उकास भएको छ उतैपट्टीका जग्गावालाले सो नदीउकास जग्गा भोगचलन गर्न पाउने देखिँदा राधास्वामी सत्संग व्यास नेपालले तत्कालै खाली गरी उक्त जग्गा त्रि.वि.लाई बुझाउनु पर्ने र सो कार्य कार्यान्वयन गर्न गराउन नेपाल सरकारले समन्वय गरिदिनुपर्ने।

२. मालपोत ऐन, २०३४ को दफा २४ ले सरकारी, सार्वजनिक जग्गा नेपाल सरकारको स्वीकृति विना दर्ता वा आवाद गर्न गराउन हुँदैन र त्यसरी दर्ता भएको भए पनि स्वतः बदर हुने कानुनी व्यवस्था भएको साथै, मुलुकी देवानी संहिता, २०७४ ले पनि कसैले पनि सरकारी, सार्वजनिक सम्पत्ति आफ्नो नाममा दर्ता गर्न वा गराउन च्यापी घुसाई वा अन्य तवरले आफ्नो कब्जामा राख्न नहुने र गरे गराएमा स्वतः बदर हुने, यस्तो कार्य भए गरेमा मालपोत कार्यालयले कारबाही गर्न सक्ने कानूनी व्यवस्था भएको देखिँदा उक्त कार्य बदर गर्दै सोही बमोजिम कारबाही गर्नुपर्ने ।

३. त्रि.वि.को जग्गा भएकाले भए जग्गा भोगचलन गर्नुपूर्व त्रि.वि. वा सरकारी जग्गा हो भन्ने एकिन भएमा नेपाल सरकारबाट भोगाधिकारको स्वीकृति लिनुपर्नेमा सो प्रक्रिया समेत पूरा नगरी अनाधिकृत रूपमा सरकारी जग्गा कब्जा/अतिक्रमण गरेको देखिएकाले तत्कालै विना शर्त खाली गरिदिनु भनी निर्णय गरी तत्काल कार्यान्वय गर्ने गराउने।

४. वि.सं. २०१३ सालमा भएको अधिग्रहणको सिमानाको आधार एवं प्रचलित कानूनमा भएको नदी उकासको जग्गा सम्बन्धमा भएको आधारमा त्रि.वि.ले उपभोग गर्न पाउनेमा राधास्वामी सत्संग ब्यास नेपालले गैरकानूनी तवरले उक्त जमिन कब्जामा लिई अतिक्रमण गर्ने र

अनधिकृतरूपमा स्वामित्व हत्याउने कार्यमा संलग्न भएको देखिँदा गैरकानूनी कार्यमा संलग्न हुने सबै उपर थप आवश्यक छानबिन एवं अनुसन्धान कारबाही अघि बढाउनुपर्ने देखिन्छ।

५. २०४० सालमा त्रि.वि.को नाममा नाप नक्सा भई कि.नं. ३ कायम भईसकेको जग्गालाई हाल नदी उकास जग्गा भनी स्वामित्वहिन अवस्था देखाई फिल्डबुकको विरह महलमा संस्थाको नाम उल्लेख गरेकै आधारमा संस्थाको नाममा जग्गाधनी प्रमाणपूर्जा तयार गर्ने गराउने जस्ता गैरकानूनी कारबाही अघि बढाएको भन्ने जानकारी हुन आएको हुँदा सो कार्यमा संलग्न उपर पनि सम्बन्धित निकायबाट थप छानबिन गरी कारबाही हुनुपर्ने।

**१.३. कृषि विभाग साविक कृषि बागबानी केन्द्रले उपभोग गरेको जग्गाः**

विश्वविद्यालय स्थापनार्थ वि.सं. २०१३ सालमा अधिग्रहण गरिएको चौहदीभित्र रहेको साविक कीर्तिपुर नपा वडा नं ३ हाल वडा नं १० मा पर्ने किनं २८ को २८१-१४-१-१ जग्गाहरूको जग्गाधनी त्रि.वि. कीर्तिपुर बहुमुखी क्याम्पस भएको निष्कर्ष समितिको रहेकाले उक्त जग्गा त्रि.वि.लाई फिर्ता गर्नुपर्ने तर्फ आवश्यक निर्णय हुनुपर्ने।

**१.४. नयाँ नैकाप भञ्ज्याङ्ग बडाकाजी पुष्पराज राजभण्डारी समेतले अर्पण गरेको साबिक ५४ रोपनी (नापी पश्चात् कायम भएको १२५ रोपनी) जग्गाः**

१. तत्कालिन सरकारको मिति २०२३/११/१५ मा भएको निर्णय अनुसार र सम्मानित सर्वोच्च अदालतको फैसलाका आधारमा साविक नयाँ नैकाप भञ्ज्याङ्ग गा.पं. (हाल चन्द्रागिरी न.पा.) को उक्त जग्गा दर्ता गरी हितग्राहीलाई लाभ हुने गरि प्रबन्ध गर्न सम्मानित सर्बोच्च अदालतको फैसलालाई समेत दृष्टिगत गरी नेपाल सरकार (मं.प.)ले आवश्यक निर्णय गरी गुठी संस्थानलाई निर्देशन गर्ने।

२. उल्लिखित साविक नयाँ नैकाप भञ्ज्याङ्ग वडा नं १,५ र ६ (बडाकाजी पुष्पराज भण्डारी समेत १२ जनाले आफ्नो हकछाडी त्रि.वि.लाई अर्पण गरेको जग्गा) हालको चन्द्रागिरी न.पा. वडा नं. १५ पर्ने जग्गाहरूको साबिकको लगत बमोजिमका जग्गाहरूको हाल कायम हुन आएका कि.नं. मोहीहरू समेतको विवरण तयार पारी गुठी संस्थानमा पेश गर्न त्रिभुवन विश्वविद्यालयलाई निर्देशन दिने र विश्वविद्यालयबाट पेश भएको विवरण बमोजिम गुठीका नाउँमा अद्यावधिक विवरण तयार पारी कुत असुल तहसिलको व्यवस्थापन गरी त्रिभुवन विश्वविद्यालयलाई उपलब्ध गराउने प्रबन्ध गर्न सम्मानित सर्बोच्च अदालतको फैसलालाई समेत दृष्टिगत गरी नेपाल सरकार (मं.प.)ले आवश्यक निर्णय गरी गुठी संस्थानमा निर्देशन सहित लेखि पठाउनुपर्ने।

३. सम्मानित सर्वोच्च अदालतको मिति २०७४ को फैसला बमोजिम उक्त गुठी मुलुकी देवानी संहिता, २०७४ को दफा ३१४ मा वर्णित प्रकृतिको गुठी रहेछ भन्ने स्पष्ट हुन आऊँछ सो बमोजिमको प्रक्रिया अवलम्बन गर्न सक्ने भन्ने समेत उल्लेख हुँदा सो गुठीको अचल सम्पति आम्दानी र खर्चको विवरण स्पष्ट देखिने गरी छुट्टै रुपमा लगत खडा गरी अभिलेख राख्नेसम्मको व्यवस्था मिलाउन गुठी संस्थानमा निर्देशनसहित लेखि पठाउने।

४. गुठी जुन उद्देश्य र प्रयोजनका लागी संस्थापना भएको थियो सोही उद्देश्य र प्रयोजनका लागी पूर्ववत् रुपमा व्यवस्थापन र सञ्चालन गर्नुपर्ने र सोही बमोजिमको उद्देश्य र प्रयोजन पूरा गरी बाँकी रहेको सम्पति वा आम्दानी भोगचलन गर्न वा धितोबन्धक राख्न सकिने गुठीको उद्देश्य र प्रयोजनमा प्रतिकूल असर नपर्ने गरी प्रचलित कानूनको अधिनमा रही उक्त जग्गाको मोहीले मोहीयानी हक खरिद बिक्रि गर्न सकिने र खरिद गरि लिने व्यक्तिले जुन प्रयोजनार्थ गुठी स्थापना भएको हो सोही उद्देश्य र प्रयोजनार्थ प्रयोग गरी समयमा कुत तथा अन्य सेवा शुल्क दिनुपर्ने व्यवस्था मिलाउन गुठी संस्थानलाई निर्देशन हुनुपर्ने।

५. त्रिभुवन विश्वविद्यालय आफु हितग्राही रहने गरी प्राप्त गरेको जग्गाको विषयमा लामो समयसम्म पनि बेखबर जस्तै भई बसी आफ्नो सम्पति प्रति उदासिन भएको देखिदा सो विषयमा सकृयरुपमा आफुलाई आयस्ता आउने जग्गाहरूको अद्यावधिक विवरण बनाई राख्ने; अन्य तबरबाट हिनामिना भएको देखिए प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्ने; दाताले दिएका लगत बमोजिमका जग्गाहरूको अद्यावधिक विवरण तयार पारी गुठी संस्थानमा पेश गर्नु र गुठी संस्थानबाट मोहीले बुझाएको कुत विश्वविद्यालयलाई प्राप्त भए नभएको एकिन गर्ने लगायतका कार्यहरू गर्न गराउन र आफ्ना चल अचल सम्पतिको विषयमा अभिलेख अद्यावधिक गर्ने कार्य त्रि.वि.बाट यथाशिघ्र ढिला नगरी गर्न गराउन निर्देशन हुनुपर्ने।

६. सम्मानीत सर्वोच्च अदालतको फैसला अनुसार माथि उल्लेखित जग्गाको स्वामित्व राजभण्डारी परिवारबाट मिति २०२३/११/१५ को श्री ५ को सरकार (मं.प.) को निर्णयभएपछि त्रि.वि.मा सरी सकेको र नेपाल सरकारको रकम खर्च गर्ने निकायलाई सरकारी निकायको रूपमा लिनुपर्ने हुँदा प्रस्तुत विषय पनि सरकारी जग्गासँग सम्बन्धित भएको मान्नुपर्ने हुन आएकोले नेपाल सरकारको स्वामित्वमा आएको सरकारी जग्गा दुषित मनसाय लिई खरिद बिक्री गरी लिने दिने कार्य गरी सरकारी जग्गा अपचलन गर्ने गराउने कार्यमा संलग्न ब्यक्तिहरू उपर थप छानबिन र अनुसन्धान गर्न सम्बन्धित निकायमा लेखि पठाउने।

७. मिति २०२३/११/१५ मा राजभण्डारी परिवारले जग्गाधनीको हक टुटाई त्रिभुवन विश्वविद्यालयलाई स्वामित्व हस्तान्तरण गरी सकेको समयमा नै प्रचलित भूमि सम्बन्धी कानून बमोजिम कायम रहीरहेको मोहीहरूले त्रि.वि.लाई बाली बुझाउन कबुलियतमा रहिरहेका मोहीहरूले त्रि.वि.लाई बाली बुझाउन कबुलियत गरेको तथा २०२८ सालमा नै बाली भराई मोही निष्काशन गरी पाउँ भन्ने समेत भूमि सुधार कार्यालयमा चलेको मुद्दाका प्रतिवादी बनी मोही निष्काशन नहुने भनी स्पष्ट रूपमा मोही कायम भएको जानकारी हुँदा हुँदै हालसम्म पनि त्रि.वि.लाई भूमि सम्बन्धी कानून बमोजिम बाली बुझाउने लगायतका विषयमा भएको प्रचलित कानूनी प्रावधानहरू र मोहीले पालन गर्नुपर्ने दायित्व पुरा नगरेको तथा उल्टै जग्गाधनीको स्वीकृति विना केही मोहीहरूले जग्गाधनी प्रमाण पूर्जा आफ्नो नाममा कायम गरेको समेत देखिँदा जग्गाधनी त्रि.वि. अर्थात् सरकारी निकायको सरकारी जग्गाको बाली नबुझाएको र

आफैं जग्गाधनी बन्ने जस्ता गैरकानूनी दुषित कार्य गरी सरकारी जग्गा अपचलन गरेको देखिन आएको हुँदा सो कार्यमा संलग्न व्यक्तिहरू उपर समेत थप छानबिन तथा अनुसन्धान गर्न अख्तियार प्राप्त निकायमा लेखि पठाउने।

८. प्रतिवेदनको परिच्छेद ३ मा उल्लेखित समितिको निष्कर्ष/सुझाव खण्डमा उल्लेखित अन्य सुझावहरूको सोही बमोजिम कार्यान्वयन गर्नुपर्ने।

१.५. **त्रि.वि.को जग्गा जमिन तथा अन्य अचल सम्पत्तिको संरक्षण, उपयोग र व्यवस्थापनको विषयः**

प्रतिवेदनको परिच्छेद-५ को प्रकरणको बुँदा नं. ६ मा उल्लेखित बुँदाहरू र त्रि.वि.को जग्गा जमिनको संरक्षण, उपयोग र व्यवस्थापनका सन्दर्भमा सुधार प्रस्तुत गरिएका लागि देहाय बमोजिम गर्न गराउनका प्रस्तुत गरिएका लागि सुझाव सहित सिफारिश गरिएको छः

१. त्रि.वि. राष्ट्रिय र अन्तर्राष्ट्रिय पहिचान एवं प्रतिष्ठित विश्वविद्यालय नेपालको पहिचान बोकेका पुरानो सार्वजनिक संस्था भएकाले उक्त संस्थाको सुदृढिकरण एवं पहिचान तथा प्रतिष्ठा समेत बढाउनका लागि पनि यसका सम्पत्ति जग्गा जमिनमा अनधिकृत तथा विना स्वीकृति कब्जा गर्न खोजेको विषयमा जिल्ला प्रशासन कार्यालय एवं जिल्ला प्रहरी कार्यालय र अन्य कार्यालयहरूले सुरक्षा प्रवन्ध मिलाउन सहयोग गर्नुपर्ने हुँदा नेपाल सरकारले ती संस्थाहरूलाई आवश्यक सहयोग गरी दिन निर्देशन दिनुपर्ने।

२. जे जुन कामका लागि जग्गा प्राप्त भएको हो, वा जे कामका लागि जनताको जग्गा अधिग्रहण गरिएको हो, त्यही कार्य नगरी संघ संस्थाहरूलाई वितरण गर्दै जानु र जाने कार्यलाई उचित नै हो भनी मान्न नसकिने हुँदा यस्ता अनुचित रूपमा जग्गा उपयोग गर्न, वितरण कार्य रोक्न र त्रि.वि. कार्यप्रणालीमा भएका नीति, र कानूनी व्यवस्थाको पुनरावलोकन गर्ने गराउने विषयमा त्रि.वि.लाई निर्देशन दिने।

३. त्रि.वि. कीर्तिपुर परिसरलाई शान्त र सौम्य वातावरणमा शैक्षिक प्राज्ञिक, अनुसन्धानात्मक कार्य सञ्चालन, सम्पादन र व्यवस्थापन गर्नुपर्ने क्षेत्र भएकाले विश्वविद्यालय क्याम्पस परिसरभित्र सामान्य स्तरको विश्वविद्यालयका विद्यार्थीहरू मात्र खेलकुद गर्ने रंगशाला हुनु उचित नै देखिने तर सो बाहेकका राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतियोगिता हुने वा हुनसक्ने क्रिकेट रंगशाला, कभर्डहल तथा फुटबल रंगशालामा सञ्चालन हुने कार्यक्रमहरूले त्रि.विको शैक्षिक प्राज्ञिक वातावरणलाई शान्त र सौम्य राख्न नसक्ने समितिको निष्कर्ष भएकाले ती कार्यहरू त्यहाँ नराखी हटाउनु पर्ने, त्यस प्रकारको अन्तर्राष्ट्रिय वा राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्न त्रि.वि.को स्विकृतीमा हुने व्यवस्था गर्ने अन्यथा बन्देज लगाउन आवश्यक व्यवस्था सहितको निर्णय गरिदिनुपर्ने।

४. परिच्छेद ५ को बुँदा नं ६ मा उल्लेखित बुँदाहरू मध्ये तत्कालीन र दीर्घकालीन सुधारका विषयमा उल्लेख गरिएका सुझाव र सिफारिशहरू कार्यान्वयन गर्न नेपाल सरकारले त्रि.वि. (कार्यकारी परिषद्) लाई निर्देशन दिने।

१.६. **त्रि.वि.को जग्गा जमिन तथा अन्य संस्था वा निकायहरूलाई उपभोग गर्न दिइएको विषयमाः**

त्रि.वि. को स्वामीत्वमा रहेका जग्गा जमिनलाई अन्य संघ संस्थाहरूलाई भोगचलन गर्न दिने कार्यमा संसदले वनाएको त्रि.वि. ऐन, २०४९ र अन्य कानूनलाई सम्मान दिदै त्रि.वि. स्वायत्त संस्था भएकाले स्वतन्त्रपूर्वक निर्णय गर्न छाडिदिने, कानूनको अधिकार र जिम्मेवारीको परिधी वाहिर निर्णय गर्न लाग्दा अनुगमन सुपरिवेक्षण गरी तथ्य बुझि होसीयारी तथा खवरदारी गर्न आवश्यक पर्ने निर्देशन दिने कार्यहरू मात्र गर्ने गराउने।

१.७. **प्रतिवेदनको परिच्छेद २, ३ र ४ को विभिन्न प्रकरणमा उल्लेखित सुझाव सम्बन्धित विषयः**

परिच्छेद २, ३ र ४ को विभिन्न खण्डहरूमा भएका समितिको विश्लेषण र निष्कर्ष खण्डमा उल्लेख गरिएका विभिन्न सिफारिसमा सोही अनुरुप अख्तियार प्राप्त निकाय जस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोग, CIB एवं अन्य नियामक निकायहरूबाट थप अनुसन्धान गरी गराई दोषी एवं कसूरदारलाई प्रचलित कानून बामोजिम कारबाही हुन गरेको सिफारिसको कार्यान्वयन गर्ने गराउने।

१.८. का त्रि.वि. र त्रि.वि.का आंगिक क्याम्पसहरूले आफ्नो स्वामित्वको जग्गा जमिन भवनहरू धेरै वर्षदेखि भाडामा दिएको देखिएको तर प्रचलित बजार मुल्य, सम्बन्धित जिल्ला प्रशासनबाट निर्धारण गरिएको भाडादरका मुल्यङ्कनका आधारमा सार्वजनिक खरिद ऐन र ऐ. नियमावली तथा त्रि.वि. अचल सम्पत्ति लिज वा भाडा वा बहालमा लिनेदिने सम्बन्धी विनियम, २०८० मा उल्लेखित विधि प्रक्रिया बमोजिम भए नभएको विषयमा अध्ययन गर्न समितिलाई समयाभाव र आर्थिक प्रशासन विज्ञको आवश्यकता पर्ने विषय भएको तर समितिमा उपलब्ध नभएकोले गहन विश्लेषण र छानबिन गर्ने कार्य सम्पन्न गर्न नसकिएकाले त्रि.वि.लाई जिम्मेवारी दिई सम्पन्न गर्दा स्वार्थको द्वन्द्व (Conflict of Interest) हुन सक्ने भएकाले सो विषयमा आर्थिक प्रशासन सम्बन्धी विज्ञ समावेश गरी सम्बन्धित अख्तियार प्राप्त निकायबाट थप छानबिन तथा अनुसन्धान गर्न सिफारिस गरिएको छ।

१.९. **अन्य प्रासांगिक विषयहरूः**

१. सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू अनुसार जुन कामका लागि कानूनले जुन निकाय वा पदाधिकारीलाई जे जस्तो जति अधिकार दिइएको हुन्छ सो कार्य सोही निकाय वा पदाधिकारी मात्र गर्नुपर्ने र त्यस्तो निकायको क्षेत्राधिकारमा हस्तक्षेप वा संकुचन हुने गरी अन्य निकाय वा पदाधिकारीले अधिकार प्रयोग गर्न नपाउने मान्यता रहेकाले सो विपरित हुने गरी वर्तमान सरकारले पद बहाली गरेकै दिन त्रि.वि.को कीर्तिपुर परिसरमा अन्तर्राष्ट्रिय स्तरको क्रिकेट खेलका लागि क्रिकेट- कभर्डहल बनाउने घोषणा भएकोलाई समितिले गम्भिरतापूर्वक लिई त्रि.वि.का पूर्व उपकुलपति लगायतका पदाधिकारीहरूको समेत राय बुझि विश्लेषण गर्दा त्रि.वि. त्यस्तो स्थान हो जहाँ शैक्षिक, प्राज्ञिक उन्नयनका लागि शान्त, सुमधुर एवं सौम्य (वेश सुन्दर) बातावरण आवश्यक पर्दछ त्यस्तो स्थानमा अन्तर्राष्ट्रिय क्रिकेट खेल सञ्चालन गर्दा त्यहाँको

शैक्षिक, प्राज्ञिक र अनुसन्धानात्मक कार्यसम्पादनमा नकारात्मक असर परि शैक्षिक एवं प्राज्ञिक वातावरण धुमिल हुन जाने देखिँदा नेपाल सरकारले उक्त निर्णय उपर पुनर्विचार गर्नुपर्ने।

२. त्रि.वि. प्राज्ञिक उन्नयनको उच्चबौद्धिक चिन्तन बहस गर्ने सर्वोच्च स्थान भएको ज्ञानभूमी, अनुसन्धान स्थल एवं आविष्कारको प्रयोगशाला भएकाले स्वार्थ संघर्षको स्तरलाई न्यून गर्दै विकसित स्तरमा राखी राख्न र यसको स्वामित्वमा रहेका जग्गा जमिनको उचित संरक्षण उपयोग र व्यवस्थापन गर्ने गराउने कार्यमा दत्तचित्त भई लगनशिल जिम्मेवार एवं उत्तरदायी हुनुपर्ने भएकाले निरन्तर रूपमा त्रि.वि.मा नै केन्द्रित रहनेगरी जिम्मेवार संस्था बनाउन Board of Trustee Model मा लैजान आवश्यक भएको विषयमा त्रि.वि.का पूर्व उपकुलपति लगायत विभिन्न व्यक्तिहरूसँगको छलफलमा राय प्राप्त भएकोले यस सम्बन्धमा पनि नेपाल सरकारबाट थप अध्ययन हुनुपर्ने देखिन्छ।

३. त्रि.वि.र आंगिक क्याम्पसहरूको आर्थिक स्रोतलाई मजबुत बनाउन सहयोग पुग्ने गरी व्यवसायिक दृष्टिबाट आर्थिक उत्पादनशिल कार्यमा उपभोग गर्न उपयुक्त देखिँदा त्रि.वि.ले कीर्तिपुर परिसरको र आंगिक क्याम्पसले क्याम्पसको जग्गा जमिनलाई तत्सम्बन्धमा आवश्यक पर्ने कानूनी व्यवस्थाहरूलाई अलि फराकिलो बनाउन त्रि.वि. ऐन, २०४९ मा परिमार्जन गर्नुपर्ने।

४. त्रि.वि., विश्वविद्यालय मात्र नभएर नेपालको उच्च शिक्षाको पद्दति र नेपालको पहिचान नै भएकाले त्रिभुवन विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक र अनुसन्धानको उत्कृष्टताको केन्द्र बनाउँदै परिमाणात्मक दृष्टिले सामर्थ्यवान् र गुणात्मक रूपमा सबल शैक्षिक, प्राज्ञिक एवं वातावरणीय दृष्टीले स्वच्छ, शान्त र सौम्य बनाउँदै राष्ट्रिय अन्तर्राष्ट्रिय पहिचान र साखः अभिवृद्धि गर्न र भैरहेको साखः खस्किन नदिन आउँदा दिनहरूमा विश्वका ५०० स्तरिय विश्वविद्यालयहरूको सूचिभित्र समाबेश गर्नका लागि आधारभुमी तयार गर्न अत्याधुनिक भवनहरूको निर्माण गर्न, जग्गा जमिनको संरक्षण उपयोग र प्रभावकारी व्यवस्थापन गर्न नेपाल सरकारले त्रि.वि.को बार्षिक बजेटमा पर्याप्त हुने गरी बजेट व्यवस्था गर्ने गर्नुपर्ने।

## २. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्नुपर्ने कार्य र भूमिका

सार्वजनिक प्रशासन सञ्चालन र व्यवस्थापन गर्ने सन्दर्भमा सार्वजनिक संस्थाहरूको कार्य सम्पादन एवं व्यवहारका सम्बन्धमा नेपाल सरकारसँग सम्बन्ध स्थापित गर्ने गराउने सम्पर्क मन्त्रालयका रूपमा रहेको हुँदा त्रि.वि.को काम, कर्तब्य र कार्य जिम्मेवारी क्षेत्र सम्बन्धित केही निर्णय गर्दा गराउँदा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको भूमिका र जिम्मेवारी रहने भएकाले देहाय बमोजिमका कार्यहरू सम्पादन गर्न गराउन सिफारिस गरिएको छः

२.१. प्रतिवेदनको विभिन्न बुँदाहरूमा उल्लेख भएको साबिकको ल्याब स्कूल हाताको लेबोरेटरी मा.वि.ले उपभोग गरेको त्रि.वि.को स्वामित्वको जग्गा त्रि.वि.लाई नै यथाशिघ्र हस्तान्तरण गरी बुझाउने व्यवस्था गर्ने, विद्यालयको लागि उक्त जग्गा नै आवश्यक भएमा तथा त्रि.वि.लाई तत्काल

आवश्यक नभएको अवस्थामा त्रि.वि.सँग पुनः सम्झौता गरी भाडामा लिनेदिने गर्न गराउनका लागि आवश्यक समन्वय गर्ने कार्य गर्ने गराउने।

२.२. यस प्रतिवेदनको परिच्छेद २ का विभिन्न प्रकरणमा उल्लेख गरिएका समितिको विश्लेषण र निष्कर्षका आधारमा गरिएको सुझावको कार्यान्वयनका लागि नेपाल सरकार (मं.प.) समक्ष प्रस्ताव पेश गरी कारबाही प्रारम्भ गर्ने।

२.३. समितिले काठमाडौं उपत्यकाभित्रका क्याम्पसहरूको जग्गाजमिन सम्बन्धमा खोजबिन गर्दा महेन्द्र रत्न क्याम्पस ताहाचलले भोगचलन गर्दै आएको जग्गाहरू केहीमा शिक्षा मन्त्रालय र नेपाल सरकारको नाममा स्वामित्व रहेको, यसैगरी सानोठीमी क्याम्पस, भक्तपुरले उपभोग गर्दै आइरहेको जग्गा साबिक भक्तपुर जिल्ला दिव्यश्वरी गाउँ पञ्चायत हाल मध्यपुर ठीमी न.पा. मा पर्ने जग्गाहरू शिक्षा मन्त्रालयको नाममा रहे भएकाले स्वामित्व हस्तान्तरण गर्ने वा भोगाधिकार दिई कार्य सञ्चालन व्यवस्थापन गर्ने गराउने कार्य सहज बनाइदिनुपर्ने। साथै चिकित्सा शास्त्र अध्ययन संस्थान, महाराजगंज क्याम्पस र महारागंज नर्सिङ्ग कलेज सञ्चालन भई आएको जग्गा १६२ रोपनी क्षेत्रफल नेपाली सेनाबाट हस्तान्तरण गरि लिई चिकित्सा शास्त्र अध्ययन संस्थान समेतलाई उपलब्ध गराउनुपर्ने।

२.४. प्रतिवेदनको परिच्छेद ५ मा उल्लेखित तत्कालीन र दीर्घकालीन सुधारका कार्यहरू सम्पादन गर्न गराउन आवश्यक पहल, समन्वय र नेतृत्वदायी भूमिका निर्वाह गर्ने गराउने।

२.५. शिक्षा, विज्ञान प्रविधि मन्त्रालयले उच्च शिक्षाका लागि स्थापना भएका विश्वविद्यालय एवं विद्यालय तहका विद्यालयहरूको जग्गा जमिनको संरक्षण एवं उपयोगका लागि अद्यावधिक अभिलेख राख्न लगाउने, संरक्षणका आवश्यक प्रवन्धहरूको व्यवस्था गर्ने र गर्न लगाउने त्यसैगरी, कसैले कब्जा गरेको अवस्था भएको भए तत्काल हटाउन आवश्यक पहल गर्ने, साथै विद्यालयको यथार्थ अवस्था लिने व्यवस्था गर्ने गराउने। उक्त कार्यका लागि मन्त्रालयमा रहेको सम्पत्ति संरक्षण कार्यसँग सम्बन्धित शाखालाई सक्रिय बनाई परिचालित गर्ने गराउने।

२.६. त्रि.वि.लाई वि.सं. २०१३ सालमा तत्कालीन श्री ५ मुमा बडामहारानीहरू द्वयबाट चन्दा स्वरूप प्राप्त ललितपुर इलाका लुभु क्षेत्रको (निजी विर्ता जग्गा) करिब ३७५ रोपनीको सम्बन्धमा समितिले गर्न नभ्याईएका कार्यहरुको थप खोजबिनका लागि आवश्यक व्यवस्था गर्ने गराउने।

२.७. शिक्षा मन्त्रालयकै नाममा उपत्यकाका केही जग्गाहरू रहेको देखिंदा कहाँ कति के कस्तो अवस्थामा शिक्षा मन्त्रालयको नाम र स्वामित्वमा जग्गा जमिन रहेको छ भनी अध्ययन अनुसन्धान र खोजबिन गरी यथार्थ अवस्थाको जानकारी राख्नुपर्ने ।

२.८. त्रि.वि.ले २०३२ सालमा इण्डो नेपाल कटनमीलको बारा जिल्ला, सिमरा पिपरा गा.पं. वडा नं. २ मा रहेको कि.नं. ५३, ५४, ५६, १९८ र २१३ को जम्मा क्षेत्रफल ५७ विगाह २ कठ्ठा र ८ धुर जग्गा मिति २०३९/१०/२४ मा सूर्य टोवाको कम्पनी प्रा.लि.लाई र.नं. १०७८ बाट राजिनामा गरी बिक्री गरेको देखियो। साथै, उक्त जग्गा शिक्षा तथा संस्कृति मन्त्रालय

केशरमहलको नाममा रही गुठी संस्थान विरगञ्जलाई बाली बुझाएको समेत देखिँदा उक्त विषयमा समेत गहन/विस्तृत अध्ययन गर्न नभ्याइएकोले यस विषयमा सम्बन्धित निकायहरूबाट थप छानबिन गर्नुपर्ने।

२.९. समितिले आफ्नो खोजबिनको कार्यसम्पादनको क्रममा मागेका विभिन्न विषयहरूसँग सम्वद्ध फाईल एवं अभिलेख प्राप्त गर्ने नसकेको तथ्यमा विचार गर्दाः

(क) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले त्रिभुवन विश्वविद्यालयको जग्गा जमिनको संरक्षणका सन्दर्भमा कार्य सम्पादन गरेका हरेक कागजात एवं अभिलेखहरू खोजी गर्दा तत्काल उपलब्ध हुन सक्ने गरी अभिलेख व्यवस्थापन कार्य गर्न गराउनु पर्ने।

(ख) नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अधिग्रहण गरेको र नेपाल सरकार, (तत्कालीन श्री ५ को सरकार) शिक्षा विभागको नाममा रही हाल विद्यालयहरूको र क्याम्पसहरूको उपभोग गरिरहेको जग्गा जमिनहरूको लगत/श्रेष्ता अद्यावधिक गर्ने, गराउने।

(ग) मुख्य मुख्य एवं महत्वपूर्ण विषयहरूका अभिलेखहरू कहिल्यै नधुल्याउने कागजपत्रहरूको डिजीटल प्रति तथा माईक्रोफिल्म बनाई राख्ने, राख्न लगाउने।

(घ) मुख्य तथा महत्वपूर्ण विषयहरूका एक प्रति अभिलेख संरक्षणका लागि अभिलेख संरक्षण विभागमा पठाउने।

## ३. त्रि.वि.ले सम्पादन गर्नुपर्ने कार्य र भूमिकाः

प्रस्तुत अध्ययन एवं खोजबिनका लागि त्रिभुवन विश्वविद्यालय पहिलो एवं प्राथमिक सरोकारवाला निकाय भएको र जग्गाको संरक्षण, उपयोग एवं व्यवस्थापन गर्ने समेतको काम, कर्तव्य र जिम्मेवारी रहेको संस्था पनि यही नै भएकोले यस निकायले गर्नुपर्ने कार्य र भूमिका देहाय बमोजिम उल्लेख गरिएको छ।

३.१. त्रि.वि.ले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय पहिचान, सम्बन्धन र हैसियत समेत प्राप्त गरी सकेको अवस्था हुँदा त्रि.वि.को आफ्नो साखःलाई बचाइराख्न राष्ट्रका लागि आवश्यक जनशक्ति उत्पादनको आवश्यकता पूर्ति गर्न त्रि.वि.को मानवीय पुँजी उत्पादन (दिक्षित हुनुपर्ने जनशक्ति प्रक्षेपण) को आधार र विश्वविद्यालय शिक्षाको अन्तर्राष्ट्रिय मापदण्डसँग मिल्ने गरी त्रि.वि.ले विभिन्न अध्ययन संकाय, अनुसन्धान केन्द्र र अन्य स्कूलहरूको व्यवस्था गर्नुपर्ने भएकोले सोही आधारमा जग्गा जमिन एबं अन्य अचल सम्पत्तिको उपयोग संरक्षण र व्यवस्थापनका लागि हाल भईरहेको नीति, योजना तथा कार्यक्रमहरूमा समेत यस प्रतिवेदनको परिच्छेद ५ मा उल्लेख गरिएका सुझाव अनुसार परिमार्जन गरी लागु गर्ने गराउने ।

३.२. त्रि.वि. कीर्तिपुर परिसरको जग्गा जमिन, भवन तथा अन्य अचल सम्पत्तिको अभिलेख व्यवस्थापनलाई अद्यावधिक गरी व्यवस्थित, गुणस्तरिय, आधुनिक डिजिटल प्रविधि उपयोग गरी अभिलेख व्यवस्थापन गर्ने कार्य र त्यसको उपयोग र सञ्चालन गर्न सकिने बनाउन त्रि.वि.ले

उच्च प्राथमिकताका साथ अविलम्ब अभियानका कार्यक्रम सञ्चालन गर्ने र यस कार्यलाई हरेक वर्ष निरन्तरता दिई अद्यावधिक गरिराख्ने।

३.३. त्रि.वि.ले आफ्नो शैक्षिक, प्राज्ञिक अनुसन्धानात्मक र नवप्रवर्तनात्मक कार्यको लक्ष्य हाँसिल गर्न दिगो रूपमा जग्गा जमिन संरक्षण उपयोगलाई व्यवस्थित गर्न प्रभावकारी नीति तथा योजना बनाई कार्यान्वयन गर्ने गराउने।

३.४. त्रि.वि.का लागि वि.सं. २०१३ सालमा अधिग्रहण गरि जग्गा प्राप्त भएपश्चात्का सम्पूर्ण जग्गा अधिग्रहण (राजपत्र/सूचना समेत), खरीद बिक्रीको अवस्था, भोगाधिकार लिज वा भाडामा दिईएको र फिर्ता गरिएको, रकम कलमको हरहिसाव, ले.प. प्रतिवेदन र बेरुजु भए सो विषयमा कार्य सम्पादन प्रतिवेदन, बाली, कुत उठ्न उठाउन पर्ने विवरण आदी सम्पूर्ण व्यहोरा देखिने गरी अभिलेख अध्यावधिक गरी कागजपत्रहरू सुरक्षित राख्ने, राख्न लगाउने व्यवस्था गर्ने।

३.५. त्रिभुवन विश्वविद्यालयले उपलब्ध साधन स्रोत र जग्गा जमिनको विशेष गरी व्यापारिक दृष्टिबाट महत्वपूर्ण स्थानमा रहेको जग्गा, जमिनलाई गुरूयोजनामा मिल्ने र आफ्नै कार्यक्रमहरूमा कुनै पनि रूपमा असर नपर्ने गरी जीवन्त मानवीय समुदाय रहने बस्ने, पढ्ने पढाउने र अध्ययन गर्ने थलोको (Great Livable Live, Work and Learn Place) रूपमा विकास गर्न सार्वजनिक-निजी साझेदारीताको अवधारणा अनुरूप परिचालन गर्ने तर्फ दीर्घकालीन नीति अख्तियार गर्नुपर्ने र सोही बमोजिम कार्य सम्पादन गर्दै जाने ।

३.६. त्रि.वि.ले जग्गा जमिनको संरक्षण, उपयोग र व्यवस्थापनका सम्बन्धमा हाल कार्यान्वयनमा रहेको विभिन्न कार्यविधि, कार्यप्रणाली र विनियमहरूलाई दीर्घकालीन सोच, नीति र गुरुयोजनासँग सापेक्ष हुने गरी आवश्यक परिमार्जन गरी कार्यान्वयनमा लैजाने।

३.७. यसैगरी, भूमि सम्बन्धी सूचना, तथ्यांक अभिलेख व्यवस्थापन र प्रशासनका लागि आवश्यक थप कानून तथा कार्यविधिहरू बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने अथवा भईरहेको कार्यविधि तथा विनियमहरू एकत्रित गरी एउटै विनियम बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने।

३.८. त्रि.वि.र आंगिक क्याम्पसहरूको आर्थिक स्रोतलाई मजबुद बनाउन सहयोग पुग्ने गरी व्यवसायिक दृष्टिबाट आर्थिक उत्पादनशील कार्यमा उपभोग गर्न उपयुक्त देखिँदा त्रि.वि.ले कीर्तिपुर परिसरको जग्गा जमिन र त्रि.वि.का आंगिक क्याम्पसको जग्गा त्रि.वि. स्वामित्वमा आउने (खोजबिन पछि), जमिनलाई तत्सम्बन्धी कार्यमा उपयोगमा आवश्यक पर्ने कानूनी व्यवस्थाहरूलाई अलि फराकिलो बनाउन त्रि.वि. ऐन, २०४९ लगायत अन्य नियमावली एवं कार्यविधिहरूमा आवश्यक संशोधन एवं गर्नुपर्ने।

३.९. त्रि.वि.ले बनाएको "त्रि.वि.को अचल सम्पत्ति लिज वा बहालमा लिनेदिने सम्बन्धी बिनियम, २०८० लाई विश्लेषण गर्दा यो विनियम लचिलो एवं धेरै फराकिलो बनाईएको देखिएकाले यसमा ३० वर्षसम्मको प्रावधान र प्रदेश र स्थानीय सरकारले अनुरोध गरेका सामाजिक कार्यका लागि पनि त्रि.वि.को जग्गा लिन/बहालमा दिने व्यवस्थाले त्रि.वि.लाई दीर्घकालमा हानी गर्ने संभावना

र संभवतः त्यसले त्रि.वि. र आंगिक क्याम्पसको जग्गाजमिन संरक्षणका दिशामा अस्त व्यस्ततामा सिर्जना गर्न सक्ने समितिको विश्लेषण र निष्कर्ष रहेकोले यसमा हाल सम्मको प्रयोगलाई पुनरावलोकन गरी परिमार्जन गर्नुपर्ने।

३.१०. त्रि.वि. कार्यकारी परिषद् समेतबाट विभिन्न मितिमा भएको निर्णयबाट विभिन्न निकाय, संघ संस्थाहरूलाई दिइएका जग्गा जमिनको उपभोग के कसरी भइरहेको छ? सो को समीक्षा गरी पहिलेको निर्णयमा पुनर्विचार गरी दिनै पर्नेलाई नवीकरण गर्ने र अन्यको हकमा सम्झौता रद्द गरी आफूले नै उपयोग गर्ने गराउने व्यवस्था गर्ने।

३.११. प्रतिवेदनको २, ३, ४ र ५ मा उल्लेख भएको विभिन्न समस्या समाधानका सन्दर्भमा तत् तत् प्रकरणहरूमा उल्लेख गरिएको समितिको निष्कर्ष खण्डमा उल्लेखित बुँदाहरू मध्ये त्रि.वि.बाट सम्पादन गर्न सकिने कार्यमा त्रि.वि. स्वयंले र नसकिनेमा सम्बन्धित मन्त्रालय तथा नेपाल सरकार समक्ष प्रस्तुत गरी कार्यान्वयन प्रक्रिया प्रारम्भ गर्ने।

३.१२. त्रि.वि. को जग्गा जमिन भवन तथा अन्य सम्पत्तिको लगत तयार गरी नियमित अद्यावाधिक गरी संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यका लागी अन्तर्राष्ट्रिय मान्यता अनुररुप Asset Management System का मूलभूत सिद्धान्त, मापदण्ड एवं कार्यविधिका आधारमा कार्य गर्ने गरी त्रि.वि. को संगठन संरचनाभित्र एउटा छुट्टै निकाय "सम्पत्ति व्यवस्थापन कार्यालय" (जो केही वर्ष अघि त्रि.वि.मा रहेको थियो।) सामान्य प्रशासन महाशाखा अन्तर्गत रहने गरी अलगै शाखा बनाई कार्य गर्ने गराउने व्यवस्था गर्ने।

३.१३. प्रतिवेदनको परिच्छेद ६ मा उल्लेखित अवस्थाहरू पुनः आफैंले गर्नुपर्ने कार्यहरूको फेहरिस्त तयार गरी नियमित कार्यन्वयन गर्दै जानुपर्ने।

३.१४. परिच्छेद ५ मा उल्लेख भएका तत्कालीन र दीर्घकालीन कार्यहरू मध्ये त्रि.वि. आफैले स्वतन्त्रपूर्वक कार्यसम्पादन गर्न सक्ने जतिको हकमा त्रि.वि.ले नै कार्यसम्पादन गर्ने र गराउने।

३.१५. सामान्यतः कुनै पनि संस्था वा निकायको निर्णय निर्माणमा मूल्यलाई भन्दा तथ्यलाई आधार मानि तथ्यपूर्ण, कानून सम्मत र विवेकपूर्ण रूपले हुनेगरी गर्नुपर्ने व्यवस्थापनको निर्णय निर्माण सिद्धान्त रहेकोमा त्रि.वि. कार्यकारी परिषद्ले हालसम्म गरेका जग्गा जमिनको संरक्षण, उपयोग र व्यवस्थापन सम्बन्धी अधिकांश निर्णयहरूमा त्यस्तो तथ्यगत विवरण राखी, कानूनी आधार लिइ निर्णय गरेको नदेखिँदा कसैको दबाब, प्रभाव र स्वार्थ प्रेरित भएर गरिएको देखिँदा त्यसरी निर्णय नगरी त्रि.वि.ले आफुले निर्माण गरेको कार्यविधि र गुरूयोजनामा आधारित भएर मात्र स्वतन्त्रपूर्वक निर्णय गर्ने परिपाटी अनिबार्य रूपमा अबलम्बन गर्ने गराउने।

३.१६. त्रि.वि.कार्यकारी परिषद्को निर्णय लेख्ने (Minute Writing) कर्मचारीहरूका लागि कम्तीमा एक हप्ताको निर्णय लेखन शीपको अनुशिक्षण (निर्णय लेखन शीपका वारेमा ज्ञान, शीप, व्यवहारिक अभ्यास) लिन दिन आवश्यक देखिएकाले सो सम्बन्धमा त्रि.वि. कार्यकारी परिषद्को ध्यानाकर्षण गरिएको छ ।

३.१७. सम्पत्तिको अभिलेख संरक्षण व्यवस्थित तथा बैज्ञानिक गर्न गराउन सो कार्यसँग सम्बन्धित जनशक्तिहरू र सुपरिवेक्षक समेतलाई अनुशिक्षण दिने।

३.१८. यस प्रतिवेदनको परिच्छेद दुईमा समितिको निष्कर्ष र सिफारिस खण्डमा उल्लेख गरिएका नेपाल प्राध्यापक संघ, त्रि.वि. कर्मचारी संघ, त्रि.वि. प्राध्यापक संघ, खानेपानी संस्थान कीर्तिपुर र न.पा. कार्यालय लगायत सबै निकायको विषयमा प्रतिवेदनको परिच्छेद दुईमा गरिएका सिफारिसहरूको तत्काल कार्यान्वयन गर्ने गराउने।

३.१९. नेपाल क्रिकेट संघले त्रि.वि. कीर्तिपुरको जग्गा उपभोग गरेको सम्बन्धमा परिच्छेद २ मा उल्लेखित सुझावहरू तत्काल कार्यान्वयन गर्नुपर्ने।

३.२०. मिति २०५७/०४/१३ देखि ल्याब स्कूल नेपाल शिक्षा समाजले विद्यालय व्यवस्थापन सञ्चालन गरेको भन्ने देखिँदा सोहि मितिदेखिको जग्गा एवं भवनको भाडा प्रत्येक वर्ष जिल्ला प्रशासन कार्यालयले निर्धारण गरेको भाडादर बमोजिम हुन आउने रकम हिसाव गरी सञ्चालन भए गरेको २४ वर्षको एकमुष्ट भाडा रकम त्रिभुवन विश्वविद्यालयलाई बुझाउनुपर्ने। साथै रकम नबुझाएमा सरकारी बाँकी सरह असुल उपर गर्न कानूनी कारबाही अघि बढाउनुपर्ने। अन्य विषयमा परिच्छेद २ मा उल्लेखित सुझावहरू कार्यान्वयन गर्नुपर्ने।

३.२१. प्रतिवेदनको परिच्छेद २, ३, ४ र ५ को विभिन्न प्रकरणमा लेखिएका अन्य सुझावहरूको पनि तत्काल कार्यान्वयन गर्ने गराउने।

३.२२. त्रि.वि. आफैंले जमिन तथा भवनहरू भाडा वा लिजमा दिएको विषय, त्रि.वि. अन्तर्गतका क्याम्पसहरूद्वारा क्याम्पसको स्वामित्वमा रहेको जग्गा, जमिन तथा भवनहरू लिज एवं भाडामा दिए लिएको विषय र त्रि.वि.ले विभिन्न निकाय एवं संस्थालाई विभिन्न प्रयोजनार्थ जग्गा जमिन उपयोग गर्न दिएको विषय संख्यात्मक हिसावले पनि धेरै भएको, भाडा वा लिज सम्बन्धी आर्थिक कारोबारको हिसाब किताव तथा गणना र विश्लेषण गर्ने विज्ञको अभावका कारण समितिले उक्त विषयमा प्रवेश गर्न समयको अभावले भ्याईएन। तसर्थ, त्रि.वि.ले नै उक्त विषयमा थप अध्ययन, अनुसन्धान एवं छानबिन गर्नु गराउनु पर्ने।

३.२३. नेपाल प्राध्यापक संघलाई भवन बनाउनका लागि दिइएको जग्गामा भवन निर्माण बाहेक अन्य प्रयोजन नर्सरी संचालनका लागि विमला तामाङ्ग बिच भएको २०७३/०७/१८ को सम्झौतामा कीर्तिपुर न.पा. वडा नं. १४ कित्ता नं ३८ र ३९ को करिब ८-०-३-० जग्गामा नर्सरी सञ्चालन गर्न सम्झौता भएको देखिँदा त्रि.वि. कार्यकारी परिषद्को निर्णय बिपरित देखिएकाले तुरुन्त हटाउनु पर्ने।

३.२४. गैरकानुनी तथा अनाधिकृत रूपमा त्रि.वि.को स्वामित्वको जग्गा संघको स्वामित्व हो भन्ने बनाई तेस्रो पक्षसँग सम्झौता गरी गैरकानुनी रूपमा बढी जग्गा उपभोग गर्ने गराउने र भाडामा लगाउने कार्यमा संलग्न तत्कालीन जिम्मेवार पदाधिकारीहरू उपर ठगी तथा अन्य कसूरमा प्रचलित कानून बमोजिम कारबाहीको लागि थप छानबिन हुनुपर्ने देखिन्छ।

३.२५. सर्वोच्च अदालतको मिति २०७४/०५/०७ को फैसलामा त्रि.वि.का पदाधिकारीहरूको सम्बन्धमा औंल्याईएका अकर्मण्यता उपर पनि तत् तत् समयका तत् तत् निकायका जिम्मेवार पदाधिकारी माथि सरकारबाट छानबिन हुनुपर्ने।

३.२६. साविक कीर्तिपुरका स्थानिय जनतालाई आवत जावत गर्न सहज हुने गरी त्रि.वि.को मूलगेटबाट सार्वजनिक यातायात सञ्चालन गर्न दिईदै आएकोमा त्रिभुवन विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक वातावरण शान्त, सौम्य र स्वच्छ बनाइ राख्नुपर्ने हुँदापछि कीर्तिपुर जानका लागि त्रि.वि. कै परिसरभित्रकै कृषि बागबानी केन्द्र हुँदै नयाँ बजार जाने नयाँ बाटो खोलि सकेको हुँदा साविकको त्रि.वि.को मूलगेटबाट सार्वजनिक सवारी साधनहरूलाई नयाँबाटोको मात्र उपयोग गर्ने र साविकको मार्ग विश्वविद्यालय क्याम्पससँग सम्बन्धितले मात्र उपयोग गर्ने व्यवस्था गर्नुपर्ने।

## ४. गुठी संस्थान

यस प्रतिवेदनको परिच्छेद दुईको प्रकरण नं. २.१.२ (क) को बुँदा नं. ५ मा साबिक नयाँ नैकाप भञ्ज्याङ्ग हाल चन्द्रागिरी न.पा. वडा नं. १० मा पर्ने तत्कालीन वडाकाजी पुष्पराज राजभण्डारीले शिक्षाको कामका त्रिभुवन विश्वविद्यालयलाई अर्पण गरेको जग्गाको विषयमा प्रस्तुत गरेको सुझावको तत्काल कार्यान्वयन गर्ने गराउने।

## ५. मालपोत कार्यालय तथा नापी कार्यालय

सार्वजनिक निकायको जग्गा जमिनको संरक्षण गर्ने कर्तव्य र जिम्मेवारी कानूनले नै मालपोत तथा नापी कार्यालयहरूलाई (मालपोत ऐन, २०३४ अनुसार) तोकेको हुँदा नेपाल सरकारले अधिग्रहण गरिदिई मुआब्जा समेत वितरण गरेको त्रि.वि.को स्वामित्वमा आएको जग्गा जमिनको अभिलेख अद्यावधिक गर्न, जग्गा जमिनको क्षेत्रफल एकीन गर्ने र संरक्षण गर्न आवश्यक सहयोग गर्ने गराउने।

## ६. स्थानीय तह (किर्तिपुर नगरपालिका)

- नगरपालिकाद्वारा अतिक्रमण गरेको जग्गा छाड्न र त्रि.वि.लाई तत्कालै हस्तान्तरण गर्नका लागि नेपाल सरकार (मं.प.) ले संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत किर्तिपुर न.पा.लाई निर्देशन दिनुपर्ने।
- आवश्यक परेमा गृहमन्त्रालयलाई समेत जग्गा छुटाउन त्रि.वि.लाई सहयोग गर्न निर्देशन दिनुपर्ने।
- त्रि.वि. परिसर कीर्तिपुरको कीर्तिपुर न.पा. वडा नं. १० क्षेत्रमा त्रि.वि. परिसरको पश्चिम दक्षिण क्षेत्रमा रहेको कीर्तिपुर न.पा.को नयाँ बजार क्षेत्र नजिक कीर्तिपुर नगरपालिकाले भोगचलन गर्दै आएका जग्गा जमिन, भौतिक संरचनाहरू सबै त्रि.वि.लाई तत्काल विनाशर्त हस्तान्तरण गर्नुपर्ने,
- नगरपालिकाले हालसम्म उपभोग गरे वापत दुबै पक्षबसी क्षतिपूर्ति निर्धारण गरी क्षतिपूर्ति वापतको रकम त्रि.वि.लाई दिनुपर्ने।
- नगरपालिकाले अटेर गरी जग्गा छाड्न नमानेमा क्षतिपूर्ति र फीर्ता लिन लाग्ने रकम त्रि.वि.ले क्षतिपूर्ति भराई समेत लिने गरी कानूनी उपचारको प्रक्रियामा जानुपर्ने।

## ७. त्रि.वि. अन्तगर्तका आंगिक क्याम्पसहरूले सम्पादन गर्नुपर्ने कार्य र भूमिकाः

त्रि.वि. अन्तर्गत उपत्यकामा रहेका क्याम्पसहरूको स्वामित्वमा रहेका जग्गाजमिनको संरक्षण, उपयोग, संरक्षण र व्यवस्थापन गर्ने प्राथमिक जिम्मेवारी र दायित्व क्याम्पस एवं क्याम्पस व्यवस्थापन समितिको भएकाले निम्न सुझावहरू कार्यान्वयन गर्न आवश्यक र निर्देशन हुनुपर्नेः

- प्रतिवेदनको परिच्छेद ५ मा उल्लेख गरिएको तत्कालिन र दीर्घकालिन सुधारका लागि प्रस्ताव गरिएका सुझावहरूमा उल्लेख भएका अभिलेख अद्यावधिक गर्ने लगायत जग्गा जमिनको भौतिक रूपले संरक्षण गर्ने र अन्य विविध कार्यसँग सम्बन्धित सुझावहरू कार्यान्वयन गर्ने।
- क्याम्पसहरूले तत्काल आफ्नो भोगचलन, स्वामित्व भएको जग्गाको नापनक्सा गर्ने गराउने।
- सम्बन्धित जिल्ला नापी कार्यालयसँग सम्पर्क, समन्वय गरी हाल साविक गराउने।
- मोहियानी, गुठी छुटाउन र लगतकट्टा गर्न बाँकी भए ती कार्यहरू तत्काल गर्ने गराउने।
- जग्गा जमीनसँगको लगत नियमित अद्यावधिक गरी अभिलेख व्यवस्थापनलाई यथार्थ बनाउने।
- अभिलेख व्यवस्थापनमा प्रविधि मैत्री बनाउने।
- जग्गा जमिनको संरक्षण र सुरक्षाका लागि सकेसम्म सांध सिमाना छुट्याई पर्खाल लगाउने संभव नभए तारबार लगाउने।
- कहिँ कतै अतिक्रमण भएको पाईएमा नियमानुसार प्रचलित कानून बमोजिम न्याय निरोपणको लागि कारबाही प्रक्रिया अगाडि बढाउने।
- क्याम्पसको जग्गा भवन भाडामा दिँदा लिँदा प्रचलित कानूनी प्रक्रिया पुरा गरी पारदर्शी रूपमा क्याम्पसको हित हुने गरी मात्र दिने लिने व्यवस्था गर्ने।
- प्रचलित कानून बमोजिम विभिन्न समयमा सम्मानित अदालतहरूमा न्याय निरोपणका लागि गरिएको कारबाही प्रक्रियामा अदालतबाट भएका फैसला बमोजिम कार्यान्वयन गर्न पर्ने विषयहरूमा तत्काल कार्यान्वयनमा लैजानुपर्ने।

| सुशीला अधिकारी | प्रा.डा. प्रेम सागर चापागाई | जानकी बल्लभ अधिकारी | महेन्द्र कुमार थापा |
|---|---|---|---|
| सदस्य सचिव | सदस्य | सदस्य | संयोजक |

**सन्दर्भ सामाग्री**

१. कार्की, प्रा.डा. गोविन्दमान सिंह, नेपालको उच्च, शिक्षा र त्रि-चन्द्र कलेज-"त्रिचन्द्र कलेज सय वर्ष" प्रकाशक, त्रिचन्द्र कलेज, काठमाडौं, २०७५

२. गौतम, प्रा.डा. कृष्ण प्र., प्रा.डा. रामकृष्ण तिवारी, प्रा. बुद्धराज खनिया प्रा. राजेन्द्र खनाल, त्रिभुवन विश्वविद्यालयको छ दशकः योगदान, उपलब्धी र संभावना, त्रिभुवन विश्वविद्यालय, २०७६

३. नविन शिक्षा मासिक, वर्ष २ अंक १, २०१५ वैशाख, पृष्ठ १९-२९

४. ऐ.ऐ. पत्रिका वर्ष २ अंक ७ २०१५ साल कार्तिक पृष्ठ २६-२७

५. पंगेनी, भवेश्वर, त्रिभुवन विश्वविद्यालयको इतिहास, भाग १ (२०१६-२०३९), २०७६

६. बराल, केशरजंग, त्रि.वि.को संचालन र व्यवस्थापन सम्बन्धी सोचपत्र, २०८१ (अप्रकाशित)(website)

७. बैद्य, दामिनी (संकलक) त्रिभुवन विश्वविद्यालय दिक्षान्त भाषणहरूको संग्रह (२०१७-२०७४), त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, २०७५ वैशाख, त्रि.वि. छापाखाना

८. प्रा. अनुप कुमार श्रेष्ठ, (संयोजक), त्रि.वि.को सम्पत्ति संचालन, संरक्षण तथा व्यवस्थापन इकाईको प्रतिवेदन, २०७४, (२७४/१२/०७ को प्रतिवेदन)

९. श्रेष्ठ, प्रा.डा. प्रकाशमान समेत "लेबोरेटरी उच्च माध्यमिक विद्यालयले उपयोग गरेको त्रि.वि.को जग्गा र भवन प्रयोगका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न गठित समितिको प्रतिवेदन

१०. त्रि.वि.सँग सम्बन्धित ऐन कानूनहरू

१०.१. त्रिभुवन विश्वविद्यालय ऐन, २०१६

१०.२. त्रिभुवन विश्वविद्यालय ऐन, २०२८

१०.३. त्रिभुवन विश्वविद्यालय ऐन, २०४९

१०.४. त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५०

१०.५. त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम, २०५०

१०.६. त्रि.वि. कीर्तिपुर सम्पत्ति व्यवस्थापन कार्यप्रणाली, २०५५

१०.७. त्रि.वि. घर जग्गा लिजमा वा बहालमा दिने सम्बन्धी कार्य व्यवस्थापन कार्यप्रणाली, २०५६

१०.८. त्रि.वि. घर जग्गा लिजमा वा बहालमा दिने सम्बन्धी कार्य व्यवस्थापन कार्यप्रणाली, २०८०

११. त्रि.वि. बुलेटिन वर्ष १ अंक, सम्पादकीय २०२३ फाल्गुण ७ त्रि.वि. छापाखाना कीर्तिपुर, काठमाडौं

१२. सर्वोच्च अदालतका फैसलाहरू

१२.१. निवेदक तुलसीराम पौडेल र कुन्दन गिरी प्रतिबादी नेपाल सरकार शिक्षा मन्त्रालय, त्रि.वि. समेत भएको उत्प्रेषण समेतको मुद्दा (०७१-WO-०६११) सम्मानित सर्वोच्च अदालतबाट मिति २०७४ भाद्र महिना ७ गतेको फैसला।

१२.२. निवेदक कीर्तिपुर न.पा. वडा नं. १३ बस्ने देवी कटुवाल, प्रतिवादी त्रि.वि. समेत भएको मुद्दा संवत २०६२ दे.पु.नं. ८५१२ मा सम्मानित सर्वोच्च अदालतबाट २०६५ साल वैशाख ३ गते भएको फैसला।

१२.३. नयाँ नैकाप गा.वि.स. वडा नं. १ बस्ने कान्छा महर्जन समेत विरूद्ध त्रिभुवन विश्वविद्यालय समेत भएको उत्प्रेषण समेतका लागि संवत् २०७१-WO-०५३३ को पुनरावेदन अदालत पाटन (इजलास नं. ५)बाट मिति २०७२ भाद्र १६ मा भएको फैसला।

१२.४. पुनरावेदन का.म.न.पा. वडा नं. ३३ बस्ने विश्वराज रेग्मी विपक्षी मालपोत विभाग, त्रि.वि. समेत र मालपोत कार्यालय समेत भएको संवत् २०५३ सालको दे.पु.नं. २६५६ को मुद्दामा सम्मानीत सर्वोच्च अदालतको संयुक्त इजलासबाट मिति २०५५ आश्विन २९ मा भएको फैसला।

१२.५. निवेदक डिल्लीराज खड्गी विरूद्ध शिक्षा तथा खेलकुद मन्त्रालय समेत भएको मुद्दा नं. ०६३-WO-०९६६ मा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसला।

# अनुसूची अनुक्रमणिका

## परिच्छेदः एक

१.१. नेपाल सरकार (मं.प.) को मिति २०८१/०२/१७ को निर्णयानुसार त्रिभुवन विश्वविद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन समितिको गठन सम्बन्धी पत्र।

१.२. उक्त समितिको म्याद २०८१/०५/३१ देखि २ महिना थप भएको र संयोजक तोकेको पत्र।

१.३. समितिको म्याद २०८१/०८/१५ सम्म थप भएको पत्र।

१.४.समितिले अबलम्बन गरेको कार्यविधि, "त्रिभुवन विश्वविद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन समितिको कार्यविधि, २०८१" - ३ पाना।

१.५. समितिले सर्वसाधारण आमनागरिकहरूसँग जानकारी माग गरेको विषयमा मिति २०८१/०३/०५ गो.प.को प्रकाशित सूचना।

१.६. समितिको सचिवालयमा विभिन्न व्यक्तिहरूलाई बोलाई आमन्त्रण गरी तथा बाहिर वहाँहरूकै कार्यालयमा पुगी भेटघाट एवं छलफल गरिएको विवरण - २ पाना।

१.७. त्रि.वि.का जग्गाको विषयमा उपलब्ध भएसम्मका विगत र वर्तमान उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार र अन्य सम्बन्धित पदाधिकारीहरूसँगको भेटघाट गरेको विवरण।

१.८.त्रि.वि. कीर्तिपुर परिसर तथा काठमाडौं उपत्यकाका क्याम्पसहरू समेतमा स्थलगत अवलोकन गरी भेटघाट र छलफल गरेको विवरण।

१.९. विभिन्न कार्यालयहरूमा गई अभिलेख, फाइल एवं कागजपत्रहरू अध्ययन तथा खोजबिन गरिएको विवरण।

## परिच्छेदः दुई

२.१. त्रि.वि.का लागि जग्गा अधिग्रहण सम्बन्धी मिति २०१३ साल मार्ग १८ को नेपाल गजेट - पाना दुई मात्र।

२.२. त्रि.वि.का लागि थप जग्गा अधिग्रहण सम्बन्धी शिक्षा मन्त्रालयको सूचना मिति २०३३ साल वैशाख ७ गतेको नेपाल गजेट — १३ पाना सूचना।

२.३. त्रि.वि.का लागि थप ३५ कित्ता जग्गा अधिग्रहण सम्बन्धी शिक्षा तथा संस्कृति मन्त्रालयको सूचनाका रूपमा गो.प.मा मिति २०४१/०१/१५ मा प्रकाशित सूचना।

२.४. त्रि.वि. कीर्तिपुर परिसरभित्रको जग्गा जमिनको विवरण।

२.५. त्रि.वि. परिसर कीर्तिपुरमा विश्वविद्यालयको मातहतमा रहेका भवनहरूको विवरण।

२.६. त्रि.वि. कीर्तिपुर परिसरभित्र त्रि.वि.बाट विभिन्न निकाय, संघसंस्थाहरूलाई भोगचलन एवं उपयोग गर्न दिईएको जग्गा जमिनको त्रि.वि.ले समितिलाई उपलब्ध गराइएको विवरण।

२.७. लेबोरेटरी मा.वि.ले त्रि.वि.का रजिष्ट्रारलाई सम्बोधन गरी लेखेको मिति २०३४/६/२५ को पत्र।

२.८. जि.शि.शाखा, गणबहाल काठमाडौंको मिति २०३८/०३/१४ को लेबोरेटरी मा.वि. कीर्तिपुरलाई लेखेको पत्र।

२.९. शिक्षा मन्त्रालयबाट २०५६/०८/१७ मा मं.प.मा पेश गरेको नीति प्रस्ताव।

२.१०. मन्त्रिपरिषद् कार्यालयको प.सं. ४९५/०५६ मिति २०५६/०८/२१ को शिक्षा मन्त्रालयलाई पठाएको पत्र।

२.११. शिक्षा मन्त्रालयले अर्थ मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई च.नं. ११०० मिति २०५६/०९/०६ पत्राचार गरेको पत्र पाना-२।

२.१२. शिक्षा मन्त्रालयका सचिवले मं.प. सचिवालयमा प्रस्ताव पेश गरिदिन अनुरोध गरेको च.नं. १४१० मिति २०५६/१०/१२ को पत्र।

२.१३. सरकारी विद्यालयसँग रहेको भौतिक पूर्वाधार शिक्षक विद्यार्थी सहितको दायित्व सम्हालेर निजी क्षेत्रका संस्थालाई विद्यालय व्यवस्थापन मात्र हस्तान्तरण गर्ने नीति तय भएकोले लेबोरेटरी मा.वि. र नेपाल शिक्षा समाजलाई शिक्षा मन्त्रालयले मिति २०५६/११/२५ मा लेखेको पत्र।

२.१४. विद्यालय व्यवस्थापन हस्तान्तरण गरीलिन लेबोरेटरी मा.वि.को विद्यालय व्यवस्थापन समिति राजी भएको पत्र (पाना-३)।

२.१५. विद्यालय व्यवस्थापन हस्तान्तरण गरिदिन नेपाल शिक्षा समाजले मिति २०५३/११/१६ मा शिक्षा मन्त्रालयलाई अनुरोध गरेको पत्र पाना-२।

२.१६. शिक्षा तथा खेलकुद मन्त्रालय र नेपाल शिक्षा समाज बिच मिति २०५७/०४/१३ मा भएको सम्झौताको प्रतिलिपि पाना-२।

२.१७. लेबोरेटरी मा.वि.ले च.नं. ८६/०८१ मिति २०८१/०३/१२ मा त्रि.वि. सामान्य प्रशासन महाशाखालाई लेखी समितिलाई बोधार्थ दिई लेखेको पत्र पाना-४।

२.१८. लेबोरेटरी मा.वि.ले भोगाधिकार दर्ताका लागि निवेदन दिईएको सम्बन्धमा मालपोत कार्यालय कलङ्कीले त्रि.वि.सँग प्रतिक्रिया माग गरेको च.नं. ४१४ मिति २०७१/०४/१८ को पत्र र त्रि.वि.ले मालपोत कार्यालय कलङ्कीलाई प्रतिक्रिया पठाएको पत्र।

२.१९. लेबोरेटरी मा.वि.ले समितिको च.नं. १४१ मिति २०८१/०७/०१ पत्रको जवाफ दिँदै समितिलाई पत्राचार गरेको च.नं. ०७/०८१ मिति २०८१/०७/१४ को पत्रको प्रतिलिपि (भोगाधिकार)।

२.२०. त्रि.वि.ले समितिलाई उपलब्ध गराएको उक्त जग्गाको जग्गाधनी प्रमाण पूर्जा, फिल्डबुकको प्रतिलिपि।

२.२१. राधास्वामी सत्संग व्यास नेपालले च.नं. ३५०/७२ मिति २०८०/०२/३१ मा त्रि.वि. रजिष्ट्रारको कार्यालयलाई लेखि समितिलाई उपलब्ध गराएको बोधार्थ तथा कार्यार्थ पत्र।

२.२२. राधास्वामी सत्संग व्यास नेपालले भोगचलन गरेको नदी उकास जग्गा भोगाधिकार दर्ता गर्न प्रक्रिया अगाडि पठाएको कागजपत्रहरूको प्रतिलिपि पाना (फिल्डबुक समेत)

२.२३. मिति २०७३/०७/१८ मा श्री विमला तामाङ्ग र नेपाल प्राध्यापक संघबिच भएको सम्झौता।

२.२४. त्रि.वि. सामान्य प्रशासन महाशाखाका प्रमुखले २०५५/०८/३१ मा आयल निगमलाई पम्प राख्न स्वीकृति दिएको पत्र।

२.२५. त्रि.वि. र नेपाल क्रिकेट संघबिच मिति २०५४/०१/२० मा भएको सम्झौता पत्र।

२.२६. त्रि.वि. र नेपाल क्रिकेट संघ बिच मिति २०५९/०९/२४ मा भएको सम्झौता पत्र।

२.२७. त्रि.वि. र खानेपानी व्यवस्थापन बोर्ड आयोजना निर्देशनालय र काठमाडौं उपत्यका खानेपानी लिमिटेड बिच २०८० कार्तिक १४ गते भएको सम्झौता।

२.२८. त्रि.वि. सामान्य प्रशासन महाशाखाको च.नं. ९७८० मिति २०८१/०३/०२ को पत्रसाथ समितिलाई उपलब्ध भएको ज.ध.प्र.पूर्जाको प्रतिलिपि।

२.२९. कृषि विभागबाट समितिलाई प्राप्त च.नं. ३८ मिति २०८१/०४/१८ को पत्र।

२.३०. कृषि विभाग च.नं. ७३ मिति २०८१/०५/२० को अधिग्रहण गरिएको राजपत्र र मुआब्जा वितरण गरेको र ज.ध.प्र. पूर्जा नभेटिएको भन्ने व्यहोराको पत्र।

२.३१. कीर्तिपुर वितरण केन्द्रको च.नं. १०५ मिति २०८१/०५/२७ को पत्र साथ संलग्न कीर्तिपुर न.पा.को मिति २०७५/०३/१८ को पत्र।

२.३२. त्रि.वि.लाई श्री ५ जिजुमुमा बडामहारानीहरूबाट लुभु क्षेत्रको ३७५ रोपनी जग्गा दान भएको मिति २०१३ आषाढ १९ गतेको गो.प. दैनिकमा प्रकाशित विवरण।

२.३३. भूमिसुधार तथा मालपोत कार्यालय, कलैया, बाराको च.नं. ५८३२ मिति २०८१/०८/१० को पत्र सोसँग प्राप्त त्रि.वि.को मिति २०३९/१०/२० को वारेसनामा पत्र, मालपोत कार्यालयको रजिष्ट्रेसन पारित कागज र मालपोत कार्यालय सिमरा बाराको च.नं. १३४१ मिति २०८१/०८/०७ को समितिलाई प्राप्त पत्र समेत पाना-७।

**<u>परिच्छेदः तीन</u>**

साबिक नयाँ नैकाप वडा नं १, ५ र ६ मा पर्ने ५४ रोपनी जग्गा वडाकाजी पुष्पराज राजभण्डारी समेतले त्रि.वि.लाई अर्पण गरेको सम्बन्धमाः

३.१. अर्थ मन्त्रालय मालपोत विभागले त्रि.वि.लाई मिति २०२३/०८/२६ मा लेखेको सरस्वती गुठी नामले जग्गा दिने सम्बन्धी पत्र।

३.२. त्रि.वि.ले मिति २०२३/०९/०४ मा मालपोत विभागलाई त्रि.वि.को स्वीकृति भएको भनी लेखेको पत्र।

३.३. तत्कालीन श्री ५ को सरकार मं.प.को मिति २०२३/११/१५ को निर्णय

३.४. भूमि प्रशासन विभागबाट काठमाडौं भूमि प्रशासन कार्यालयलाई लेखि त्रिभुवन विश्वविद्यालयलाई बोधार्थ पठाएको पत्र।

३.५. मालपोत धरौटी स्वरूप भूमी प्रशासनमा कार्यालयमा बुझाएको भन्ने मिति २०२५/०३/१४ को रजिष्ट्रारको कार्यालयको पत्र।

३.६. मोहीहरूको नाम सहितको फाँटबारी पेश गर्न बडाकाजी पुष्पराज राजभण्डारीलाई लेखेको मिति २०२४/०५/०८ को पत्र।

३.७. त्रि.वि. रजिष्ट्रारको कार्यालयबाट मिति २०२५/०५/२६ मा मालपोत विभागलाई ज.ध.प्र.पूर्जा दिलाई दिन लेखेको पत्र।

३.८. अधिकार सम्पन्न ट्रिबुनल गठन भएको पत्र।

३.९. गुठी लगत तहबिल कार्यालयलाई मालपोत विभागले २०३३/०२/०१ मा लेखेको पत्र।

३.१०. त्रि.वि.का रजिष्ट्रार श्री सुरेन्द्र सिं के.सी.ले भूमि प्रशासन कार्यालय काठमाडौंमा दायर गर्नुभएको बाली भराई मोही निष्काशन गरी पाऊँ भन्ने विषयको २०२६, २०२८ र २०२९ मा दायर गरेको मुद्दाको भूमिसुधार कार्यालय काठमाडौंबाट भएको फैसला।

३.११. त्रि.वि.ले जग्गा रोक्काको लागि मालपोत कार्यालय कलङ्की समेतलाई मिति २०६१/०९/१२ मा लेखेको पत्र।

३.१२. तुलसीराम पौडेल विरूद्ध त्रिभुवन विश्वविद्यालय समेत भएको उत्प्रेषण मुद्दाको मिति २०७४/०५/०७ को फैसला पाना १५।

३.१३. भूमि सम्बन्धी कानून बमोजिम कायम रही रहेको मोहीहरूले त्रि.वि.लाई बाली बुझाउन कबुलियत गरेको कागजातहरू।

**परिच्छेदः चार**

४.१. त्रि.वि. अन्तर्गत काठमाडौं उपत्यकामा सञ्चालनमा रहेका क्याम्पसहरूको जग्गा जमिन र भवनहरू सम्बन्धि विवरण सूची पाना-११।

४.२. त्रि.वि. अन्तर्गत काठमाडौं उपत्यका बाहिर सञ्चालनमा रहेका क्याम्पसहरूको जग्गा जमिन र भवनहरू सम्बन्धि विवरण सूची पाना-१०।

४.३. ऐ.ऐ. को जग्गा जमिन र भवन सम्बन्धी विवरण प्राप्त हुन नआएका क्याम्पसहरूको सूची।